संविधानसभा निर्वाचन

२०७०

अनुगमन प्रतिवेदन

इन्सेक
Insec

संविधानसभा निर्वाचन २०७० : केही झलकहरू

प्रमुख निर्वाचन आयुक्तलाई आचारसंहिता उल्लङ्घन प्रतिवेदन बुझाउँदै स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका संयोजक

रेडियोकर्मीहरूलाई मतदाता शिक्षा तालिममा सहजीकरण गर्दै इन्सेकका कार्यसमिति सदस्य कुन्दन अर्याल

निर्वाचन पर्यवेक्षण अभिमुखीकरण तालिममा सहजीकरण गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम

नागरिक सम्वाद कार्यक्रममा सहभागी अधिकारकर्मीहरू कनकमणि दीक्षित, सुबोधराज प्याकुरेल र खडकराज जोशी

पोखरामा आयोजित नागरिक सम्वाद कार्यक्रममा आफ्नो भनाइ राख्दै स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका संयोजक

रेडियोकर्मीहरूका लागि आयोजित मतदाता शिक्षा तालिमका अतिथिहरू

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा छलफल गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम

संविधानसभा निर्वाचन २०७०

अनुगमन प्रतिवेदन

सल्लाहकार

सुबोधराज प्याकुरेल
विजयराज गौतम

संयोजक

सुशील चौधरी

सम्पादक

गणेश भण्डारी

तथ्याङ्क प्रशोधन

प्रमीन घिमिरे
अनुज के.सी.

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान

सचिवालय

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार
पोस्ट बक्स २७२६, काठमाडौँ, नेपाल
फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; www.inseconline.org

संविधानसभा निर्वाचन २०७०

अनुगमन प्रतिवेदन

प्रकाशन मिति
२०७०, माघ

सङ्ख्या
पाँच सय प्रति

सर्वाधिकार
इन्सेकमा सुरक्षित

फोटो
विमलचन्द्र शर्मा र सम्बन्धित जिल्लाका इन्सेक प्रतिनिधिहरू

मुद्रक
ड्रिम ग्राफिक प्रेस, थापाथली, काठमाडौँ

भूमिका

नेपाली जनताले ०७० मङ्सिर ४ गते पुन:संविधानसभा सदस्यका लागि मतदान गरे। यो मतदान सरकार निर्माण वा स्थानीय स्वशासनका लागि भएको थिएन। ०६४ सालमा दिएको मतदान व्यर्थ गएका कारण पूरकको रूपमा गरिएको मतदान थियो। अघिल्लो मतदान स्वच्छ तवरले निर्भयतापूर्वक सम्पन्न हुन नसकेकोमा दुई मत नहोला। यही दुखानुभूतिले नागरिक समाजलाई झकझक्यायो- संविधानसभा निर्वाचन हरतरहले स्वच्छ हुनपर्छ। यसैको परिणामस्वरूप जन्म लियो - स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले।

यस अभियानले निर्वाचनको बृहत् अनुगमन मात्र गरेन, मतदाताको सामुन्ने गएर स्वच्छ निर्वाचनको महत्त्व सुनायो, उम्मेदवारको विगत र उसको सामाजिक सम्मानको कसीमा घोटेर मात्र तिनलाई मत दिन सिकाउँदै हिँड्यो। अभियानले कुनै पक्षको डर, त्रास, धम्की, आर्थिक प्रलोभनमा नपरी मतदान गर्न तथा भ्रष्टाचारी वा अन्य अपराधमा सजाय पाएका व्यक्ति वा तिनका सहयोगीका रूपमा उम्मेदवार हुनेहरूलाई मतदान नगर्न र इमान्दार उम्मेदवारलाई मात्र मत दिन नागरिक आन्दोलन नै चलाएको थियो।

अभियानका कार्यकर्ताहरू राजधानी र सहरमा मात्र खुम्चिएनन्, स्थानीय तहमा नागरिक बहस, रेडियो कार्यक्रम, स्थानीय टेलीभिजनमार्फत् मतदाताहरूलाई अँध्यारोबाट उज्यालोतिर जाने बाटो देखाउँदै हिँडे। यतिबेला आधुनिक सञ्चारमाध्यमको यथेष्ट प्रयोग गरिएको थियो। जुनसुकै घटना पनि निमेषभरमै प्रसारण गर्न सकिने गरी निर्वाचन केन्द्रदेखि अभियानको सचिवालयलाई स्काई प्रो (इभिडियो) फोनले जोडेको थियो । हाम्रो अभियान देशभर झण्डै एक करोड जनतामाझ पुगेको प्रतिवेदनले जनाएको छ। सामान्य स्रोतसाधनको भरमा नागरिक समाजको एउटा पहल यति सार्थक हुन सक्यो भने सरकारले चाहेमा आगामी दिनमा बायोमेट्रिक प्रणालीबाट निर्वाचन सम्पन्न गर्न सक्नेरहेछ भन्ने निष्कर्षमा हामी पुगेका छौँ।

अपेक्षाकृत ०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचन भन्दा यो निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको सबै क्षेत्रबाट अनुभव भएको छ। निर्वाचन आचारसंहिता उल्लङ्घन र धाँधलीका केही घटना सार्वजनिक नभएका पनि होइनन्। निर्वाचन आयोगले त्यस्ता कामलाई हतोत्साही तुल्याउन सकेजति प्रयास गरेको हामीले पाएका छौँ।

विधिको शासनको सम्मान गर्न नचाहने वा नगर्ने, रातारात अकूत सम्पति जोडेर राजसी जीवनयापन गर्ने, अपराध कर्ममा लिप्त भएर जनताको जिउधनमाथि आक्रमण गर्ने कैयौँ आपराधिक चरित्रलाई जनताले पहिचान गर्न सकेको, उनीहरूसँग नडराएको कुरा निर्वाचन परिणामले प्रमाणित गरेको छ। यसले स्वच्छ संविधान निर्माणका लागि नागरिक अभियानको खाँचो पनि औँल्याएको छ।

अन्त्यमा, सिङ्गो अभियानका सहकर्मी, आमजनता, मतदाता, सञ्चारजगत, यस प्रतिवेदनको सम्पादनमा सहयोग पुऱ्याउने इन्सेकका योगीश खरेललगायत सबै साथीहरूलाई धन्यवाद व्यक्त गर्दछु।

सुबोधराज प्याकुरेल
संयोजक
स्वच्छ निर्वाचनका लागि नागरिक अभियान, २०७०

विषय-सूची

प्रतिवेदनको सारसंक्षेप १

भाग एक

नेपालमा संविधानसभा : ऐतिहासिक पृष्ठभूमि ५

भाग दुई

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान ११

१. परिचय ११

२. अभियानका प्रमुख क्रियाकलापहरू १२

भाग तीन

संविधानसभा निर्वाचन २०७० को नागरिक अनुगमन/पर्यवेक्षण २८

(क) निर्वाचन पूर्वका पर्यवेक्षण गतिविधि २८

(ख) निर्वाचन क्रम : निर्वाचन पर्यवेक्षण ८६

(ग) निर्वाचन पश्चात्का गतिविधि १००

भाग चार

सुझावहरू १०३

भाग पाँच

अनुसूचीहरू

१. संविधानसभा निर्वाचन २०७० का लागि निर्वाचन आयोगद्वारा व्यवस्था भएका आचारसंहिता तथा ऐन कानुनहरू १०५

२. पहिलो हुने निर्वाचित हुने निर्वाचनमा निर्वाचित उम्मेदवारहरूको विवरण १४५

३. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत दलगत निर्वाचित संविधानसभाका सदस्यहरू १५८

४. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा निर्वाचन क्षेत्र अनुसार सदर मत र बदर मत १६८

५. समानुपातिक निर्वाचनको मत गणनाको अन्तिम परिणाम १७४

६. समानुपातिक र पहिलो निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम १७७

७. स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सहकर्मी संस्था तथा व्यक्तिहरू १७९

८. संविधानसभा निर्वाचन २०७० आचारसंहिता उल्लङ्घन घटना सङ्ख्या विवरण १८०

९. निर्वाचन आयोगमा बुझाइएको संविधानसभा निर्वाचन २०७० को संक्षिप्त पर्यवेक्षण प्रतिवेदन १८१

१०. संविधानसभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षणमा संलग्न पर्यवेक्षकहरूको नामावली १८३

११. संविधानसभा निर्वाचन सम्पन्न भएपछि जारी गरिएका प्रेस वक्तव्यहरू १९०

१२. स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालयले दैनिक प्रकाशन गर्ने प्रतिवेदनको नमुना २०८

१३. स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा क्रियाशील अभियानकर्मीहरू २१०

१४. मतदान केन्द्र पर्यवेक्षण फारम २११

प्रतिवेदनको सारसङ्क्षेप

संविधानसभा निर्वाचन ०७० मङ्सिर ४ गते सम्पन्न भई प्रत्यक्ष तथा समानुपातिक तर्फको समेत परिणाम सार्वजनिक हुनुका साथै संविधानसभाको पहिलो बैठक सम्पन्न भइसकेको छ। संविधानसभा निर्वाचनको स्वच्छता कायम गराउने हेतुले गठित स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले निर्वाचनपूर्व, निर्वाचन भएको दिन र निर्वाचनपश्चात्को अवस्था अनुगमन गरेको थियो।

अभियानले मतदाता सचेतना, उम्मेदवारहरूको सार्वजनिक सम्परीक्षण, सार्वजनिक सभा, अन्तरक्रियाहरू केन्द्र, क्षेत्र, जिल्ला र गाविस तहसम्म सञ्चालन गरेको थियो। यस्ता कार्यक्रमहरूमा १० हजार भन्दा बढी नागरिकहरूको सहभागिता रहेको थियो। आमसञ्चार माध्यमहरू, मुख्यगरी सामुदायिक रेडियो, मोफसलका सामुदायिक टेलीभिजनहरू, पत्रपत्रिकाहरूको समेत सक्रियता र सहयोगका कारण स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका सन्देशहरूबाट श्रोता, दर्शक र पाठकहरूको ठूलो सङ्ख्याले सुसूचित र सचेत हुने अवसर प्राप्त गरे। ती सञ्चारमाध्यमको पहुँचको आधारमा यस्तो सङ्ख्या एक करोडसम्म हुन सक्ने आँकलन गरिएको छ।

अभियानका ३ सय १ जना पर्यवेक्षकहरूले निर्वाचान आयोगको पर्यवेक्षण अनुमति प्राप्त गरेका थिए। ती पर्यवेक्षकहरूलाई स्थानीय सञ्जाल, मानवअधिकार रेडियो श्रोता क्लबका २० हजार सदस्य एवम् इन्सेकका स्थानीय कार्यकर्ताहरूले सूचना सङ्कलन गर्न सहयोग पुऱ्याएका कारण २ सय ४० निर्वाचन क्षेत्रका प्रायः सबै निर्वाचन केन्द्रबाट सूचना प्राप्त गर्न अभियान सक्षम भएको थियो।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानअन्तर्गत अनुगमन तथा पर्यवेक्षण र अभिलेखीकरणलाई प्रभावकारी प्रसारणका लागि नयाँ वेबसाइट निर्माण गरी सुचारू गरिएको थियो। *www.cleanelection.org* नामको यस वेबपेज एक महिनाको अवधिमा ३६ ओटा मुलुकका ४ हजार १ सय ८ जनाले हेरेका थिए। सञ्चार प्रक्रियालाई प्रभावकारीरूपमा स्थापित गर्नका लागि नेपाल टेलिकमको टिडिएमए स्काइप डाटा ७५ वटै जिल्लाका इन्सेक प्रतिनिधिहरूलाई उपलब्ध गराइएको थियो। उक्त उपकरणको प्रयोगबाट प्रतिनिधिहरूले आफूलाई प्राप्त सूचना यथाशीघ्र अभियानको सचिवालयमा प्रेषित गरेपछि यस्ता सूचना वेबसाइट र अन्य सञ्चारमाध्यम र आवश्यकताअनुसार निर्वाचन आयोगलाई समेत जानकारी गराइएको थियो। सञ्चारक्षेत्रमा भइरहेको नवीनतम स्रोत साधन उपयोग गर्न सकेमा आगामी निर्वाचन बायोमेट्रिक प्रणालीबाट नेपालमा संभव हुने अभियानको निष्कर्ष छ।

अघिल्लो र पुनः भएको संविधानसभा निर्वाचनको परिस्थिति र राजनीतिक परिवेशमा रहेका भिन्नताको प्रभाव यस निर्वाचनमा परेको देखियो। निर्वाचन अघिदेखि नै हत्या, अपहरण, ज्यान लिने प्रयास, कुटपिट, धम्कीका घटनाहरू अनियन्त्रित तवरले भएका कारण ०६४ को निर्वाचनलाई भयपूर्ण अवस्थामा भएको शान्तिपूर्ण निर्वाचनको रूपमा अर्थ्याइएको थियो भने पछिल्लो निर्वाचन धेरै हदसम्म शान्तिपूर्ण रहेको पाइयो। निर्वाचनमा अपनाइएका सावधानी र प्रक्रियाहरूका कारण पनि यो निर्वाचन भरपर्दो र स्वच्छ हुन सकेको छ, तथापि सुधारका गुञ्जायस अझै पनि प्रशस्त छन्।

फोटोसहितको मतदाता परिचयपत्रको प्रावधान र मतदानका लागि परिचयपत्रको अनिवार्यताका कारण फर्जी मतदानको अभ्यास हतोत्साही भएको पाइयो। विदेशमा रहेका कारण फोटोसहितको मतदाता नामावली सङ्कलनमा समावेश नभएका मतदाताहरू भने निर्वाचनमा सहभागी हुन सकेनन्। श्रम तथा रोजगार मन्त्रालयका अनुसार ०६९-०७० सालसम्ममा २९ लाख १९ हजार ५ सय १५ जना वैदेशिक रोजगारमा गएका छन्। भारतमा रोजगारका लागि जाने युवाहरूको तथ्याङ्क राखिने अभ्यास नभएका कारण त्यहाँ जाने युवाहरूको सङ्ख्या यकिन गर्न सकिने अवस्था नभए पनि ४० लाखको हाराहारीमा रहेको आँकलन विज्ञहरूले गरेका छन्। यसरी लगभग ७० लाख नेपाली मतदाता विदेशमा रहने गरेको देखिन्छ। ५६ प्रतिशत घरधुरीमा विप्रेषण भित्रिने गरेको सरकारी आँकडाले पनि यो तथ्याङ्कको पुष्टि हुन्छ। यस आधारमा विश्लेषण गर्ने हो भने झण्डै ७० लाख नेपाली मतदाताहरू आवधिक निर्वाचनहरूमा भाग लिनका लगि निर्वाचन केन्द्रसम्म पुग्न संभव हुँदैन। यति ठूलो मतदाताको अनुपस्थितिमा भएको निर्वाचन प्राविधिक दृष्टिकोणले उत्तम मानिन सकिएला। तर, निर्वाचनको निहित उद्देश्य पूरा हुन नसक्ने भएकाले उनीहरूलाई विदेशी भूमिबाट पनि मतदानमा सहभागी गराउने उपायका लागि गृहकार्य आरम्भ गर्नु आवश्यक रहेको अभियानको निष्कर्ष छ।

नेपाल टेलिकमकको १५ जुलाई २०१३ सम्मको तथ्याङ्क अनुसार नेपालको जनसङ्ख्यामध्ये ८०.३१% प्रतिशतले टेलिफोनको प्रयोग गर्ने गरेका छन् भने ती मध्ये ७१ प्रतिशतले मोबाइल प्रयोग गरेका छन्। नेपालमा २६ प्रतिशतले इन्टरनेट प्रयोग गर्दछन्। सञ्चार माध्यमको विकास, उपयोग र पहुँचका आधारमा हेर्ने हो भने बायोमेट्रिक प्रणालीबाट निर्वाचन गराउन सम्भव रहेको देखिन्छ।

एक सय २२ दल सहभागी भएको यस निर्वाचनमा निर्वाचन आयोगका अनुसार ७८ प्रतिशत मतदातले आफ्नो मताधिकार प्रयोग गरेका थिए। दुई जना मात्र स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन परिणामले जनताको दलीय आस्थामा बृद्धि भएको सङ्केत गर्दछ। सयौँ दलमध्ये जनताले प्रत्यक्ष प्रणाली अन्तर्गत १० वटा र समानुपातिक प्रणालीबाट ३० वटा राजनीतिक दललाई मात्र संविधानसभामा पुग्ने अवसर प्रदान गरेका छन्।

यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने उम्मेदवार ६ सय ६७ जना महिला सहित ६ हजार १ सय २८ जना थिए, जसमध्ये १ हजार १ सय १५ जना स्वतन्त्र रहेका छन्। निर्वाचनमा स्रोतसाधनको दोहोरो उपयोग गर्ने मनसायका साथ कतिपय उम्मेदवारले आफ्ना परिवारका सदस्य एवम् आफ्ना नजिकका मानिस एवम् नातेदारलाई 'डमी' उम्मेदवार बनाएको पाइयो। त्यस्ता उम्मेदवारले प्राप्त गरेका मतले पनि यसको पुष्टि हुन्छ।

समानुपातिक तर्फ १ सय २२ दलका ११ हजार ११ जना उम्मेदवार रहेकोमा र ३ सय २ जना समानुपातिक उम्मेदवारको उम्मेदवारी निर्वाचन आयोगले खारेज गऱ्यो। फौजदारी अभियोग लागि सर्वस्वसहित जम्मकैद पाएका पूर्व सभासद् एवम् एकीकृत नेकपा माओवादीका नेता बालकृष्ण ढुङ्गेलको उम्मेदवारी निर्वाचन आयोगले ०७० कात्तिक २० गते खारेज गरेको थियो। सर्वस्वसहित जन्मकैदको सजाय पाएका ढुङ्गेललाई उम्मेदवारका लागि आयोग आफैले अयोग्य ठहऱ्याएको भने होइन। कानुनविपरीत उम्मेदवारी परेको दावी गर्दै उक्त उम्मेदवारी रद्द गरी पाऊँ भनी एमालेका समानुपातिक उम्मेदवार रामकुमारी झाँक्रीले निर्वाचन आयोगमा दावी विरोध गरेकी थिइन्। यसै सन्दर्भमा द्वन्द्वपीडित सावित्री श्रेष्ठले पनि निर्वाचन आयोगमा उजुरी दिएकी थिइन्। यसैगरी एमाओवादीकै अर्का समानुपातिक उम्मेदवार राष्ट्रिय मुस्लीम आयोगकी सदस्य उषा साह फकिरको उम्मेदवारी पनि लाभको पदमा बहाल रहेसम्म निर्वाचन उम्मेदवार हुन नपाउने भनी २०७० कात्तिक २० गते आयोगले रद्द गरेको थियो।

संविधानसभा निर्वाचन २०७० मा जम्मा मतदाता सङ्ख्या १ करोड २१ लाख ४७ हजार ८ सय ६५

	समानुपातिक तर्फ	प्रतिशत	प्रत्यक्षतर्फ	प्रतिशत
जम्मा खसेको मत	९७७७७३	८०.४८	९५१७७२४	७८.३४
जम्मा बदर मत	३१२८४१	३.१९	४७१८२६	४.९५
जम्मा सदर मत	९४६३८६२	९६.८०	९०४४८९८	९५.०४

स्रोत : निर्वाचन आयोग

संविधानसभा सदस्य निर्वाचन, २०७० मा कूल २ सय ४० निर्वाचन क्षेत्रमा कूल १० हजार १२ मतदान स्थल र १८ हजार ४ सय ५७ मदतान केन्द्रहरू रहेका थिए । जसमध्ये इन्सेकका ३ सय १ निर्वाचन पर्यवेक्षकहरूले कूल ३ सय १४ मतदान केन्द्रको पर्यवेक्षण गरेका थिए । २०७० मङ्सिर ४ गते सम्पन्न मतदानका दिन सबै पर्यवेक्षकहरूले आफूले पर्यवेक्षण गरेका मतदान केन्द्रहरूको विवरण तोकिएको फारम भरेका थिए । त्यस अनुरूप मतदान केन्द्रको वरिपरिको वातावरण, मतदान शुरु हुनुभन्दा पहिलेको अवस्था, मतदान प्रक्रिया, मतदान पश्चात्को अवस्था र मतदानको समग्र प्रक्रियाको लेखाजोखा सहितको विवरण लिइएको थियो।

कूल पर्यवेक्षक मध्ये २ सय ९२ जनाले मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको लेखाजोखा गरे । मतदान वरिपरिको वातावरणको सन्दर्भमा मतदान केन्द्र अपायक स्थानमा रहेको भनी २० वटा सूचना प्राप्त भए भने मतदान स्थल वरिवरि प्रचार सामग्री टाँसिएको ३१ जनाले जनाए । ४९ वटामा मतदान केन्द्र वरिपरि मतदानमा असर पर्ने गरी गतिविधि गरिएको जानकारी प्राप्त भयो । पर्यवेक्षकहरूलाई मतदान केन्द्र भित्र प्रवेश गर्न नदिएको १४ ओटा घटना अभिलेख भयो।

मतदान केन्द्र ७ बजे सुरु नभएका केन्द्र सङ्ख्या १३ वटा पाइए भने महिला पुरुषको छुट्टै लाइनको व्यवस्था नभएकोमा १४ वटा उत्तर पाइयो । निर्वाचन आयोगले ४९ वटा मतदान केन्द्र अपाङ्गमैत्री बनाइएको र अन्यत्र पनि अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने भनिए पनि पर्यवेक्षण गरिएका कूल ३ सय १४ मध्ये १ सय १ वटा मतदान केन्द्रमा अपाङ्गमैत्री भएको अभिलेख गरियो ।

मतदान प्रक्रिया सामन्यतया नियमित तथा शान्तिपूर्ण रहेको पाइयो । अनाधिकृत मानिसहरू प्रवेश गरेकोमा ३०, मतदान केन्द्रमा प्रवेश सहजमा ३ सय २, निविदा मतपत्र ४५ रहेको पाइयो । ५ बजे पछि पनि आएर मतदान गरेकोमा १९ ओटा घटना अभियानको सचिवालयमा अभिलेख भयो।

निर्वाचनमा प्रत्यक्षतर्फ ४.९६ प्रतिशत र समानुपातिकतर्फ ३.२ प्रतिशत मत बदर भएको देखिन्छ। २०६४ सालको निर्वाचन भन्दा जम्मा ०.३३ प्रतिशत सुधार भएको देखिन्छ। यस वर्ष निर्वाचन अयोगले गरेको कूल खर्च चार अर्ब ८४ करोड मध्ये मतदाता शिक्षामा मात्र ९२ करोड रूपैयाँ खर्च भए पनि मतदाताको सचेतना वृद्धि हुन नसकेको कुरा बदर मतको सङ्ख्याले स्पष्ट पारेको छ। निर्वाचनको तयारी समय न्यून हुनु, मतदाता शिक्षणसामग्रीहरू प्रभावकारी नहुनु र मतदानको प्राविधिक पक्षतर्फ दलका कार्यकर्ताहरूको न्यून रूचीको कारण बदर मत बढ्न गएको अभियानको ठहर छ। यसका साथै निर्वाचन बहिष्कार गरी यसलाई असफल बनाउने घोषणा गर्दै बन्दलगायतको आन्दोलन गर्ने नेकपा-माओवादीको नेतृत्वको मोर्चाका कारण पनि मतदाताशिक्षाको प्रभावकारितामा प्रतिकूल असर पारेको थियो।

संविधानसभा निर्वाचनमा सहभागी प्रमुख राजनीतिक दलहरूबीच निर्वाचन आचारसंहिताको विषयमा सहमति भयो। तर, समानुमातिक प्रणाली र राष्ट्रिय मान्यता प्राप्त दल हुनका लागि केही मापदण्ड तोक्ने विषयमा उनीहरूबीच सहमति नहुँदा निर्वाचन आयोगले राजनीतिक दललाई बेलगाम छाडि थियो। निर्वाचन आयोगले आयोजना गरेको छलफलमा नेपाली काङ्ग्रेस र नेकपा एमालेले केही निश्चित मापदण्ड "थ्रेसहोल्ड" राख्ने विषयमा कुरा राखेका भए पनि एमाओवादी लगायत साना दलको विरोधका कारण सो कुरा लागु गर्न निर्वाचन आयोगले सकेन।

अन्तराष्ट्रिय प्रचलन र मान्यता अनुरुप मिश्रित निर्वाचन अन्तरगत समानुपातिक प्रणालीमा समानुपातिक पदको लाभ पाउन निश्चित प्रतिशत मत राजनीतिक दलले ल्याउनुपर्ने व्यवस्था हुन नसक्दा ०.२१ प्रतिशत मात्र मत ल्याउने दलले पनि समानुपातिक तर्फ संविधानसभा सदस्यको एक सिट प्राप्त गरे। यसले गर्दा संविधानसभा निर्वाचनको प्रत्यक्ष तर्फ १० ओटा राजनीतिक दलमात्र विजय भए पनि संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सङ्ख्या ३० पुग्यो।

यसैगरी, जुनसुकै फौजदारी अभियोग लागेका वा सर्वोच्च अदालतबाट यसको अपराधमा अन्तिम निर्णय भई अपराध ठहर नभएकाले पनि उम्मेदवार हुने पाउने, उम्मेदवारले सम्पति विवरण दिनु नपर्ने, उम्मेदवारले निर्वाचन आयोगमा राख्ने धरौटी नबढाउन लगायतका अलोकप्रिय निर्णयका साथ संविधानसभा निर्वाचन सम्पन्न भयो।

निर्वाचन संविधानसभाका लागि गरिए तापनि दलहरूका घोषणापत्र र प्रतिबद्धतापत्रहरू संविधान निर्माणमा मात्र केन्द्रित रहेको थिएन। विकास निर्माणका सवालहरू पनि यथेष्ट समावेश गरिएका थिए। निर्वाचन प्रचारप्रसारको क्रममा पनि स्थानीय विकास निर्माणका मुद्दामा दलहरू र उम्मेदवारले प्राथमिकता दिएका थिए। संविधान निर्माणको मुद्दाको उठान कम माग गरेको पाइयो। स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले सञ्चालन गरेको सचेतना कार्यक्रमका सहभागी उम्मेदवार र मतदाता पनि स्थानीय विकासमा नै बढी सचेत रहेका थिए। प्राय: सबैजसो दलहरूले निर्वाचन सम्बन्धी घोषणापत्र र प्रतिबद्धताहरू ढिलो मात्र सार्वजनिक गरेकाले आम मतदाताहरू राजनीतिक दलका चुनावी प्रस्ताव र प्राथमिकताहरू बारे सुसूचित हुन पाएनन्, त्यसका लागि न दलहरूले नै तदारूकता देखाएको पाइयो।

एकीकृत माओवादीबाट विभाजित नेकपा-माओवादीलगायत २९ दलको संयुक्त मोर्चाले निर्वाचन बहिष्कारको घोषणा मात्रै गरेको थिएन निर्वाचनमा अवरोध पुऱ्याउन हरसम्भव प्रयास गरेको थियो। निर्वाचनपूर्व गरेको आमहड्तालको देशव्यापीरूपमा सामान्य प्रभाव पारेको थियो। सार्वजनिक सवारीसाधनमा आगजनी, विस्फोटन जस्ता हिंसात्मक गतिविधिबाट आमजनतालाई भयग्रस्त तुल्याई मतदानमा प्रतिकूल प्रभाव पार्ने मोर्चाको रणनीतिलाई जनताले नै निष्प्रभावी तुल्याए। यस्ता घटनामा घाइते भएका दुई जनाको उपचारको क्रममा मृत्यु भयो। सुरुमा यस्ता घटनाप्रति आफ्नो संलग्नता नरहेको दावी गर्ने नेकपा-मओवादीले पछिल्लो समयमा आएर ती सबै घटना आफूहरूबाट गराइएका दावी समेत गऱ्यो।

यसै क्रममा ०७० मङ्सिर ४ गते जुम्ला जिल्लाको देपालगाउँ गाविसको त्रिभुवन उमावि झारज्वालको 'क' र 'ख' मतदान केन्द्रबाट नेकपा-माओवादी काकार्यकर्ताले मतपेटिका कब्जा गरेर तिला नदीमा बगाएपछि स्थगन भएको मतदान कार्य ०७० मङ्सिर र ७ गते पुन: सम्पन्न भएको थियो। सप्तरी क्षेत्र नं २ को बर्साइन गाविस स्थित राजाजी रा. प्रा. वि, बनरझुलाको मतदान केन्द्रको मतपत्र सङ्ख्या फरक परेको भनेर उम्मेदवारहरूले विरोध जनाएकाले ०७० मङ्सिर ८ गते मतदान पुन: सम्पन्न भएको थियो। दुई क्षेत्रबाहेक अन्य क्षेत्रमा मङ्सिर ४ गते नै मतदान कार्य सम्पन्न भएको थियो।

निर्वाचन आयोगले निर्वाचन स्वच्छ, निस्पक्ष र धाँधलीरहित बनाउन ०७० साउन ७ साउनदेखि लागु हुने गरी आचारसंहिता जारी गरेको थियो। निर्वाचनको निस्पक्षतामा सरोकारवाला कुनै पनि पक्षले नकारात्मक प्रभाव नपारून् भनेर आयोगले आचारसंहिता जारी गरेको हो। निर्वाचन आयोग ऐनमा निर्वाचन हुनु एक सय २० दिनअघि आचारसंहिता लागु हुने व्यवस्था छ। सरकार, राजनीतिक दल, राजनीतिक नियुक्ति पाएका व्यक्ति, गैरसरकारी सङ्घ-संस्था, सञ्चारमाध्यम आदि सबैलाई आचारसंहिताको सीमाले बाँधेको छ। सरोकारवाला सबै पक्षले आचारसंहिताको पालना गरेमा निर्वाचनको निस्पक्षतामा कसैले प्रश्न गर्ने ठाउँ रहँदैन। आचारसंहिता अनुगमनका लागि आयोगका आयुक्त अयोधीप्रसाद यादवको संयोजकत्वमा समिति गठन गरिएको थियो।

निर्वाचन आयोगमा ५५ ओटा राष्ट्रिय/अन्तराष्ट्रिय संस्थाहरूले निर्वाचन आयोगबाट पर्यवेक्षणका लागि अनुमति लिएका थिए। अनुमति प्राप्त एउटा संस्थाले निर्वाचनमा पर्यवेक्षण गर्न असमर्थ रहेको जानकारी गराएको थियो। निर्वाचन आयोगबाट बाँकी ५४ ओटा संस्थाहरूले अनुमति लिने क्रममा संस्थाहरूले ७६ हजार २ सय १७ जना पर्यवेक्षक खटाउने भनी अनुमति माग गरे पनि धेरै जसो संस्थाहरूले मागबमोजिम पर्यवेक्षकका लागि आवेदन गरेनन्। तसर्थ निर्वाचन आयोगबाट जम्मा ३१ हजार २ सय ४७ जनाले मात्र निर्वाचन पर्यवेक्षण अनुमति परिचयपत्र लिएका थिए। जसमा अन्तराष्ट्रि पर्यवेक्षकको सङ्ख्या २ सय ४९ जना थिए। अन्तर्राष्ट्रिय पर्यवेक्षणका लागि सरकारको पूर्व अनुमति नलिइकन पर्यवेक्षणमा सहभागी गराइएको विषय आलोचित भएका कारण आगामी निर्वाचनदेखि अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको विश्वसनीयता र उनीहरूको कार्ययोजना निर्वाचन पूर्व सरकारले प्राप्त गरेपछि मात्र अनुमति दिनु पर्ने अभियानको निष्कर्ष छ।

अभियानले ०७० कात्तिक ४ गतेदेखि कार्यसम्पादन थालनी गरिएकोमा आचारसंहिता उल्लङ्घनका कूल ९ सय १२ सूचनाहरू अभिलेख गरेको थियो। स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले निर्वाचन आचारसंहिता पालना भए नभएको विषयमा तथ्य सङ्कलन गरी सार्वजनिक गरेर निर्वाचनलाई स्वच्छ बनाउन नागरिक पहल गरेको थियो। एमाओवादी, नेपाली काङ्ग्रेस, नेकपा एमाले जस्ता ठूला भनिएका दलहरूबाट नै आचारसंहिता बढी उल्लङ्घन भएको पाइयो। सबै नागरिकलाई समान तवरले लागु हुने भएकोले निर्वाचनमा सहभागी नभएको र निर्वाचन आयोगमा दर्ता समेत नभएको नेकपा-एमाओवादीबाट पनि आचारसंहिता उल्लङ्घन भएको थियो। उसका कैयन् गतिविधि निर्वाचन सम्बन्धी कसुर तथा सजाय ऐनको दायरामा पर्दछन्। एमाओवादीबाट आचारसंहिता उल्लङ्घनका घटना सबैभन्दा बढी भएको थियो। आयोगले उक्त दलका अध्यक्ष पुष्पकमल दाहाल र नेता डा बाबुराम भट्टराईसँग आचारसंहिता उल्लङ्घनको विषयमा सोधपुछ समेत गरेको थियो। कुनै पनि दलको प्रमुखसँग आयोगले स्पष्टीकरण माग गरेको यो मात्र घटना थियो। अघिल्लो निर्वाचनमा भने निर्वाचन आयोगले यस्तो सरोकार देखाएको थिएन। आचारसंहिता न्यूनीकरण गर्न आयोगको सक्रियता प्रशंसनीय देखियो भने दलहरू आचारसंहिता पालना गर्ने गराउनेतर्फ गम्भीर देखिएनन्। सरकार, निर्वाचन आयोग र राजनीतिक दलहरूलाई अभियानले दिएको सुझाव यसै प्रतिवेदनको भाग चारमा समावेश गरिएको छ।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका साझेदारहरू

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), राष्ट्रिय निर्वाचन अनुगमन समिति (नेमा), जवाफदेहिता निगरानी समिति, राष्ट्रिय अपाङ्ग महासङ्घ, अलायन्स फर सोसल डायलग, नीलहिरा समाज, नेत्रहीन सङ्घ, दलित गैरसरकारी संस्था महासङ्घ, तन्नेरी चासो, राष्ट्रिय युवा महासङ्घ, नेपाल, प्रजातान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार इन्स्टीच्युट, मानवअधिकार तथा शान्ति प्रवर्धन युवा, नेपाल, कालीकोट, मानवअधिकार रेडियो श्रोता क्लबहरू, स्वतन्त्र पत्रकार, लेखक, पत्रकार, कलाकारहरू, देशका ७५ जिल्लामा रहेका नागरिक समाजका सञ्जालका सदस्यहरूको सक्रियता नै अभियानको सबल पक्ष रहेको थियो। यसका साथै सञ्चार माध्यमहरूको जीवन्त सहयोग अभियानले प्राप्त गरेको थियो। स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयका तर्फबाट सबै सहकर्मीहरूप्रति आभार व्यक्त गर्दै भविष्यमा यस्तै सक्रिय सहकार्य गरिने विश्वास गर्दछु।

विजयराज गौतम

कार्यकारी निर्देशक, इन्सेक

सचिवालय, स्वच्छ निर्वाचनका लागि नागरिक अभियान

भाग
एक

नेपालमा संविधानसभा : ऐतिहासिक पृष्ठभूमि

विश्वमा प्रचलित संविधाननिर्माणका विधिमध्ये संविधानसभाबाट संविधान निर्माण गरिने प्रणालीलाई लोकतान्त्रिक मानिन्छ। जनताको प्रत्यक्ष अभिमत प्राप्त गरेको संविधानसभाद्वारा संविधान निर्माण गर्दा जनताको आकाङ्क्षा परिपूर्ति हुने भएकोले यो प्रक्रियालाई लोकतान्त्रिक मानिएको हो। आधुनिक नेपालको २ सय ४० वर्ष लामो इतिहास हेर्ने हो भने संवैधानिक अभ्यास आरम्भ भएको छ दशक नाघिसकेको छ।

एक सय चार वर्षको राणा शासनको अन्तिम दशकदेखि नेपाली जनतामा राजनीतिक परिवर्तनको चाहना बढदै गएको थियो। छिमेकको ब्रिटिश-भारतमा बेलायती शासन विरुद्ध चलिरहेको स्वतन्त्रता आन्दोलनको प्रभाव नेपालमा पनि पर्न थालेको थियो। वि.सं. १९९७ सालमा तत्कालीन राजनीतिक दल प्रजापरिषद्को अगुवाइमा राणा विरोधी राजनीतिक आन्दोलनको सूत्रपात भएको थियो। यसअघि पनि राणाशासन विरुद्ध छिटपुट विरोध भए तापनि त्यसले सङ्गठनात्मक आकार ग्रहण गर्न सकेको थिएन।

सात सालमा राजा त्रिभुवनले गद्दी त्याग गरी भारत सरकारको शरण लिन पुगेपछि नेपाली काङ्ग्रेसले सशस्त्र आन्दोलन आरम्भ गऱ्यो। राणा शासकको आन्दोलन दबाउने प्रयास असफल हुँदै गयो। आन्दोलनको दबाव र भारत सरकारको प्रस्ताव अनुसार २००७ साल पुस २४ गते मोहनशमशेरले देशवासीका नाममा एउटा घोषणा जारी गरे, जसमा "देशभरिका सम्पूर्ण बालिगहरूले आम चुनावद्वारा खडा गरेको एक वैधानिकसभा सकभर शीघ्रतासँग खडा गर्ने यो सभाको पहिलो बैठक २००९ सालभित्र गरिनेछ, भनी घोषणामा उल्लेख भएको थियो। यसको प्रमुख कार्य देशको भावी संविधान तयार गर्नु[१]" भनिएको थियो। नेपालमा संविधानसभाको चर्चा त्यसैबेलादेखि आरम्भ भएको मान्न सकिन्छ।

मोहन समशेरले उपरोक्त घोषणा गरेको भोलिपल्ट पुस २५ गते राजा त्रिभुवनले त्यसको स्वागत गरे। पुस २६ गते नेपाली काङ्ग्रेसको गोरखपुरमा बसेको बैठकले उक्त घोषणाको विरोध गरेर सशस्त्र आन्दोलन जारी राख्ने निर्णय गऱ्यो। यसपछि भारत सरकारले वीपी. कोइराला, सुवर्णशमशेर र मातृकाप्रसाद कोइरालालाई दिल्लीमा बोलाई कुरा गरेपछि मात्र २००७ साल माघ १ गते नेपाली काङ्ग्रेसका अध्यक्ष मातृकाप्रसाद कोइरालाले युद्धविरामको घोषणा गरेका थिए। भारतीय नेताहरूको रोहबरमा राजा त्रिभुवन, राजनीतिका दलका प्रतिनिधिहरू र राणाहरूबीच त्रिपक्षीय दिल्ली सम्झौता भयो। यस सम्झौतामा पनि संविधानसभाको निर्वाचनद्वारा गणतन्त्रसम्म जान सकिने वचनबद्धता गरिएको थियो।

तत्कालीन राजा त्रिभुवनबाट ००७ साल फागुन ७ गते भएको घोषणामा "हाम्रा प्रजाको शासन गणतन्त्रात्मक संविधानअनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले[२]" भनी संविधानसभा तथा गणतन्त्रात्मक संविधानको समेत उल्लेख थियो।

यो घोषणापछि राणा र नेपाली काङ्ग्रेसको अन्तरिम सरकारले संविधानसभाबाट संविधान निर्माण नहुँदासम्मका लागि "अन्तरिम शासन विधान २००७" निर्माण गऱ्यो। यस विधानलाई २००७ साल चैत २९ गतेदेखि लागु गरियो। दिल्ली सम्झौताविरुद्धको आन्दोलन भने मुलुकमा जारी नै रहेको थियो। आन्दोलनकै क्रममा २००८ साल कात्तिक २० गते राज्यपक्षबाट प्रहार गरिएको गोलीद्वारा चिनिया काजीको मृत्यु भयो। फलस्वरूप कात्तिक २६ गते अन्तरिम मन्त्रिमण्डलको विघटन भयो। मन्त्रिमण्डलको विघटनसँगै २००९ सालभित्र संविधानसभाको चुनाव गराइसक्नु पर्ने अन्तरिम सरकारको जिम्मेवारी पनि ओझेलमा पऱ्यो।

अन्तरिम मन्त्रिमण्डलको विघटनपछि राजा त्रिभुवनले मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा २००८ साल मङ्सिर १ गते नयाँ मन्त्रिमण्डल गठन गरे। मन्त्रिमण्डलको गठनपछि फागुन ६ गते विधानपरिषद्को

---

१. देवकोटा, गृष्मबहादुर : नेपालको राजनीतिक दर्पण भाग १, तृतीय संस्करण २०५८, पृष्ठ ८७

२. देवकोटा, गृष्मबहादुर : नेपालको राजनीतिक दर्पण, पूर्ववत्, पृष्ठ ९६

निर्वाचनको विषयमा "इश्तिहार" जारी भयो। त्यो इश्तिहारमा विधानपरिषद्को निर्वाचन हुनका लागि प्रारम्भिक कार्य सुरु भएको र मतदाताहरूको नामावली दर्ताका लागि खटिएका कर्मचारीहरूलाई सहयोग गर्न जनतासमक्ष अपिलसमेत गरिएको थियो। त्यो सूचनाअनुसार राजाले आफ्नो जिम्मेवारी बहन गरेनन्। त्यसैले आफ्नो शासनकालभर समय-समयमा संविधानसभाको चुनाव गराउने प्रतिबद्धता जाहेर गरे तापनि चुनाव गराउने कार्यमा भने उनले कहिल्यै पहल गरेनन्।[3]

दरबारले संविधानसभा निर्वाचन गराउनुको अर्थ राजतन्त्रको अस्तित्वमा खतरा मोल्नु हुन्थ्यो। आफ्नो अस्तित्व समाप्त हुने गरी दरबार खतरा मोल्न चाहँदैनथ्यो। त्यसैले संविधानसभाको चुनावविरुद्ध योजनाबद्ध रूपमा षड्यन्त्रहरू सुरु गरियो। वास्तवमा राजा अधिकार आफ्नो हातमा कायम राखी जनतालाई विधान बनाउनबाट रोक्न चाहन्थे। त्यसैले २००९ सालमा गरिने भनिएको संविधानसभाको निर्वाचन गरिएन।[4] प्रजातन्त्रको स्थापना भएको दुई वर्ष बितिसक्दा पनि संविधानसभा निर्वाचनको वातावरण तयार नभइरहेकै बेला नेपाल कम्युनिस्ट पार्टीले २०१० सालको प्रथम अधिवेशनमा संसद्को सार्वभौमिकता र संविधानसभाको निर्वाचन हुनुपर्ने नारा प्रस्तुत गरेको थियो। दोस्रो अधिवेशनले भने यस सभाको मागलाई अस्वीकार गऱ्यो। २०११ चैत १ गते राज्यारोहण भएपछि राजा महेन्द्रबाट समेत संविधानसभाको निर्वाचन गराउने अभिव्यक्ति सार्वजनिक भएको थियो।

२०१२ साल माघ महिनामा नेपाल प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्य नेपालका प्रधानमन्त्री भए। वीरगञ्जको आमसभामा उनले "नेपालमा आगामी हुने आम चुनाव संविधानसभा वा संसद्कै लागि हुने हो, त्यो कुरा निर्णय भएको छैन, एउटै देशमा राजा र जनता दुईथरि संप्रभु हुन सक्दैनन्। नेपाली जनता पूर्ण प्रजातन्त्रको उपयोग गर्न सक्ने भइसकेका छैनन्, संवैधानिक प्रभुसत्ता राजामा नै रहनु उचित हुने"[5] भनेपछि सरकार र राजा संविधानसभा निर्वाचनको पक्षमा नरहेको स्पष्ट भयो। दलहरू संसद्को चुनावको विपक्षमा र संविधानसभाको चुनावको पक्षमा चौतर्फी दबाब मात्र बढेन न्यायिक उपचारको खोजी पनि भयो।

वीपी कोइरालाले "हाम्राउपर राजाको मर्जीले विधान लादिएपछि हामी त्यस विधानका कठपुतली हुन्छौं र राजाबाट अवैधानिक तरिकाले बनाएको विधानका अनुयायी हुन्छौं, जो प्रजातान्त्रिक प्रणालीको बिल्कुल विपरीत हुन जान्छ। पार्लियामेन्ट जनताप्रति बफादार नरही राजाप्रति मात्र बफादार रहन्छ। यदि यो चर्चा जो राजकयि क्षेत्रमा सुनिन थालिएको छ, साँचो हो भने जनतालाई चुनाव सम्बन्धमा छक्याउने षड्यन्त्र हुँदैछ। कथम् कदाचित राजाबाट यस्तो अदूरदर्शी कदम उठ्न गयो भने नेपाली काङ्ग्रेसले चुनाव बहिष्कार गर्नेछ "[6] भनेर प्रतिक्रिया व्यक्त गरेका थिए।

यसैबेला 'चुनाव सम्पूर्ण संप्रभुतासम्पन्न विधानसभाका लागि हुनुपर्दछ। सप्रभुसत्तानिहित राजालाई कदापि मान्न सकिँदैन। प्रजातान्त्रिक प्रणालीको नाम लिनेबित्तिकै प्रभुसत्ता जनतामा निहित हुन्छ भन्ने कुरा निर्विवाद छ। प्रजातन्त्रमा राजसंस्था राख्ने वा नराख्ने भन्ने कुराको पूर्ण जिम्मेवारी जनतालाई नै हुन्छ' भनी नेपाली राष्ट्रिय काङ्ग्रेसको तर्फबाट डा. डिल्लीरमण रेग्मीले आफ्नो धारणा व्यक्त गरेका थिए। यसैगरी डा. केशरजङ्ग रायमाझीले 'नेपालमा कम्युनिस्ट पार्टी सार्वभौमसत्तासम्पन्न विधानपरिषद् चाहन्छ' भन्ने विचार व्यक्त गरेका थिए। यसरी आ-आफ्नातर्फबाट विचार व्यक्त गरिसकेपछि २०१४ सालमा डा. डिल्लीरमण रेग्मी, गणेशमान सिंह र पुष्पलाल समेतले एक मत भई 'आज देशमा प्रतिक्रियावादीहरूको शक्ति बढिरहेको छ। अत: यस्तो परिस्थितिमा देशका समस्त प्रजातान्त्रिक तत्वहरू एक हुनुपर्छ। हाम्रो एकताको मुख्य आधार आउँदो आम

---

३. श्रेष्ठ, मुक्ता : नेपालमा संविधानसभाको इतिहास, राष्ट्रिय संकट र संविधानसभा (काठमाडौं : मूल्याङ्कन प्रकाशन शृङ्खला, २०६०), पृष्ठ १८-१९

४. नेपाल, केशव : संविधानसभा नै किन ? (ललितपुर : सहश्राब्दी प्रकाशन, २०६०), पृष्ठ १७

५. अधिकारी, डा. सूर्यमणि : नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास (नयाँ दिल्ली : निराला पब्लिकेशन, २०५५), पृष्ठ १४३

६. देवकोटा, गृष्मबहादुर : नेपालको राजनीतिक दर्पण, पूर्ववत, पृष्ठ ५७७

चुनाव सर्वाधिकारसम्पन्न विधानसभाका लागि हुनुपर्दछ भन्दै संयुक्त घोषणा जारी गरेका थिए।'[७] तोकिएको निर्वाचन विधानसभाका लागि हुनु पर्छ, संसद्का लागि हैन भन्ने मनसायका साथ प्रायः सबैजसो प्रमुख पार्टीहरूले दबाब दिइरहेको अवस्थामा घोषित मितिमा आम चुनाव गर्न नसक्ने अर्को शाही घोषणा २०१४ साल मार्गमा राजा महेन्द्रबाट जारी गरियो। त्यस घोषणाको विरोधमा दलहरू मिलेर २०१४ मार्ग २२ गते भद्र अवज्ञा आन्दोलन सुरु गरेका थिए। त्यस आन्दोलनको दबाबका कारण २०१५ साल फागुन ७ गते आम चुनाव गर्ने भनेर शाही घोषणा गरियो। यो आम निर्वाचन संविधानसभाका लागि नभई संसद्का लागि गरिएको थियो। विधानसभाको पक्षमा आफ्नो अभिमत राख्दै आएका दलहरू २०१५ साल माघ १९ गतेको शाही घोषणापछि पहिलेका सबै अडान र चर्का नाराहरूलाई बिर्सेर संसदीय चुनाव सम्पन्न गर्न सहमत भए। नेकपा जसले संविधानसभाको मागलाई मुद्दा बनाएको थियो र काङ्ग्रेस जसले संविधानसभा निर्वाचनका लागि अदालतसम्म पुगेको थियो, दुवै राजनीतिक शक्ति संविधानसभाको मागलाई थाती राखेर संसद्को निर्वाचनमा सहभागी भए।

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा बहुदलीय व्यवस्था खारेज गरेर संपूर्ण शक्ति आफ्नो हातमा लिएपछि पुन संविधानसभाको चर्चा आरम्भ भयो। नेपाली कम्युनिस्ट पार्टीको दरभङ्गा प्लेनमले संविधानसभाको प्रस्ताव बहुमतले पारित गरेको थियो। सो प्रस्ताव मोहनविक्रम सिंहको थियो र त्यसलाई मोहनचन्द्र अधिकारीले पेस गरेका थिए। राजाबाट संविधानसभाको निर्वाचन पन्छाइएको कारणले गर्दा नै संसद्को विघटन हुन सकेको हो। अतः संविधानसभाको निर्वाचनको पक्ष लिनुपर्छ भन्ने मोहनविक्रम पक्षको तर्क थियो।[८] केन्द्रीय समितिको बैठकले सो नारालाई अनुमोदन नगरे तापनि संविधानसभाको नारा नेपाली कम्युनिस्ट पार्टीको एउटा धार नेकपा चौथो महाधिवेशनले निरन्तर उठाइरह्यो।

कम्युनिस्ट पार्टीमात्र होइन नेपाली काङ्ग्रेसले पनि संविधानसभालाई आफ्नो कार्यसूचिमा राखेको थियो। २०२३ सालमा सुवर्णशमशेरको अध्यक्षतामा बसेको नेपाली काङ्ग्रेस केन्द्रीय कार्य समितिको बैठकले संविधानसभाको आवश्यकता बारे आवाज उठाएको थियो। तर त्यस समयमा लोकतन्त्रका लागि आन्दोलन भइरहेको र लोकतन्त्रको स्थापनापछि मात्रै संविधानसभाको कुरा उठ्ने भएकाले त्यस सम्बन्धमा त्यति महत्वका साथ कुरा अगाडि आउन नसकेको[९] मानिन्छ।

नेकपा चौथो महाधिवेशनले २०४३ सालमा पनि संविधानसभाको कुरा उठाएको थियो। यसै वर्ष नेकपा चौमले पञ्चायती चुनावको उपयोग गर्ने नीति लिएर राष्ट्रिय पञ्चायतको चुनावमा भाग लिँदा "मागेर अधिकार पाइदैन, मारूनी प्रजातन्त्र चाहिँदैन र चुनिएको विधानसभा हुनैपर्छ" भनी नारा दिएको थियो। २०४६ सालको जनआन्दोलनमा समेत तत्कालीन चौमका महामन्त्री निर्मल लामाले संविधानसभाका लागि आन्दोलन हुनुपर्छ भन्ने कुरा पार्टीभित्र राखेका थिए। संविधानसभाको मागमा पञ्चायतविरुद्ध संयुक्त आन्दोलन उठ्न सक्ने अवस्था नभएको हुँदा उनले उठाएको संविधानसभाको मागलाई केन्द्रीय समितिको बहुमतले अस्वीकृत गरेको थियो। *वर्षपुस्तक २००४ कोट गर्ने ।*

२०४६ सालको संयुक्त जनआन्दोलन सफल भएपछि नेकपा मसालले जनताको सहभागिता भएको संविधानसभाबाट नयाँ संविधान बन्नुपर्छ भन्ने माग राखेको थियो। त्यस समय उसको मागले कतैबाट पनि समर्थन पाएन। राजाले गठन गरेको संविधान आयोगबाट नयाँ संविधानको निर्माण भयो। नेकपा मसालले त्यसलाई कालो संविधानको नाम दिएर २०४८ साल कात्तिक २३ गते खुलामञ्चमा जलायो। यही कुरा उठाएर २०४८ को आम निर्वाचनलाई बहिष्कार समेत गरेको थियो। नेकपा मसालको महाधिवेशनमा मोहनविक्रम सिंहले प्रस्तुत गरेको प्रतिवेदनको तत्कालीन कार्यनीति अन्तर्गत आन्दोलन सुरु गर्नका लागि राखिएका मागहरूमध्ये "संविधानसभाको चुनाव हुनुपर्छ" भन्ने एक प्रमुख माग पनि थियो। त्यस समय त्यो माग नेकपा

७. पूर्ववत्

८. रावल, भीम : नेपालमा साम्यवादी आन्दोलनको उद्भव र विकास, पृष्ठ ५३-५४

९. आचार्य, नरहरि, मूल्याङ्कन मासिक, पूर्णाङ्क १०३, पृष्ठ ३९

मसालबाहेक अरू कुनै पनि पार्टीले नउठाएको हुँदा यसले कतैबाट पनि समर्थन पाएन। त्यो त्यत्तिकै सेलाएर गयो, प्रखररूपमा राजनीतिक कार्यसूचिको रूपमा संविधानसभाको मागले विस्तारित रूप पाएन।

नेपाल अधिराज्यको संविधान,२०४७ जारी भइसकेपछि तत्कालीन नेकपा मालेको धारणा थियो- "हिंसात्मक स्थितिमा पुगिसकेको त्यो आन्दोलनको अवस्थामा अब राजनीतिक पार्टीहरूले या त सम्झौताको कार्यविधि अपनाउनु पर्थ्यो या त उनीहरूले राजतन्त्रलाई अन्त्य गर्ने आफ्ना कार्यक्रम र नाराहरूलाई अपरेट गरेर लैजानु पर्थ्यो। बीचमा कुनै पनि बाटो थिएन। यो स्थितिमा कुनै पनि राजनीतिक शक्तिले त्यो ढङ्गले तत्काल राजतन्त्रको उन्मूलन गरेर गणतन्त्रको स्थापना गर्ने कुरा नारा र मागको साथमा आफ्नो तात्कालिक आन्दोलनको कार्यक्रमलाई अगाडि ल्याएका थिएनन्। र, त्यसको निम्ति खासगरी संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेस पनि तयार थिएनन्। यो स्थितिमा सम्झौताको कार्यनीति अपनाउनु आवश्यक थियो। र, हाम्रो पार्टीले सम्झौताको कार्यनीति अपनाउनु बिल्कुल आवश्यक छ भन्ने आधारमा फैसला गरेको थियो।"[१०] मदन भण्डारीको उपरोक्त भनाइले उनको दल राजतन्त्र उन्मूलनका लागि प्रतिबद्ध रहेको तर उपयुक्त समयको पर्खाइमा रहेको बुझ्न सकिन्छ।

अठचालिस सालको आम निर्वाचनमा भाग लिई संसद्मा तेस्रो ठूलो दल भएको समूह जनमोर्चा नेपाल चार वर्षपछि नेकपा माओवादीमा परिणत भई २०५२ साल फागुन १ गतेदेखि सशस्त्र विद्रोहमा उत्र्यो। माओवादीको ४० सूत्रीय मागमा संविधानसभाको माग थिँदा पनि थिएन। उसले क्रान्तिबाटै नया जनवाद स्थापना गर्ने लक्ष्य लिएको थियो। नेकपा (माओवादी) को ०५७ साल माघ-फागुनको दोस्रो राष्ट्रिय सम्मेलनले अन्तरिम सरकार र नयाँ संविधानको निर्माण जस्ता कार्यनीति आधिकारिक रूपमा अघि सारेको थियो।

२०५८ असोज ७ गते तत्कालीन संयुक्त जनमोर्चा र त्यसपछि नेकपा एकता केन्द्रले संविधानसभाको निर्वाचन हुनुपर्ने माग गरेका थिए। २०५८ कात्तिक २९ नेकपा माओवादीले तत्काललाई गणतन्त्रको एजेण्डालाई स्थगित गरी संविधानसभामा जान सकिने धारणा सार्वजनिक गरेको थियो। सरकारसँग पहिलो पटक वार्ता हुँदा भने यसले संविधानसभाको माग अगाडि सारेको थियो। ०५८ साल कात्तिक २८ गते सम्पन्न सरकार-माओवादी बीचको तेस्रो चरणको वार्ताका क्रममा उनीहरूले गणतन्त्रको नारालाई परित्याग गरी संविधानसभाको माग अघि सारेका थिए। माओवादीद्वारा घोषित संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालका संयोजकका हैसियतले डा बाबुराम भट्टराईद्वारा ०५८ सालमा जारी प्रेस वक्तव्यमा तत्कालीन नाराहरू शीर्षकमा एउटा बुँदामा भनिएको थियो- "वर्तमान संविधान र सरकार विघटन गर। अन्तरिम सरकार र संविधानसभाको निर्वाचन गर।"

०५९ वैशाख २७ गते र असारमा प्रचण्डका नामबाट जारी प्रेस विज्ञप्तिमा संविधानसभाको चुनाव मात्र हुनसक्ने कुरालाई प्रमुखताका साथ उठाइएको थियो भने ०५९ साल असार २९ गते नेकपा माओवादीको संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालका संयोजकका हैसियतले डा. बाबुराम भट्टराईद्वारा जारी गरिएको अर्को वक्तव्यमा भनिएको थियो "त्यस्तो न्यूनतम अग्रगामी निकास भनेको नेकपा (माओवादी) ले अघि सारेको र बहुसङ्ख्यक बौद्धिक जमात तथा जनसमुदायले अनुमोदन गर्दै आइरहेको अन्तरिम सरकार, संविधानसभाको निर्वाचन र गणतन्त्रको संस्थागत विकासभन्दा अर्को कुनै हुनै सक्दैन।"

नेकपा (एमाले) ले ०५९ असोज १८ गतेपछि पनि माओवादीद्वारा उठाइएको संविधानसम्बन्धी विवादको अन्त्य गर्न "जनादेशको कुरा गर्ने हो भने हाम्रो पार्टी जनमत सङ्ग्रहका लागि समेत तयार छ" भन्ने प्रस्ताव अघि सार्‍यो।[११] ०५९ पुस ४ गते पार्टी केन्द्रीय कमिटीको बत्तीसौँ बैठकमा एमाले महासचिव माधवकुमार नेपालले त्यो प्रस्तावलाई शर्तसहित दोहोर्‍याएका थिए- "माओवादीहरू वार्तामा आएर शान्तिपूर्ण रूपले राजनीतिक समाधान खोज्न तयार हुन्छन् भने हाम्रो पार्टी संविधानसभा वा संविधानमा अग्रगामी संशोधन भन्ने विषयमा जनमत सङ्ग्रह गराउन तयार रहेको छ।" नेकपा एमाले जनादेशमार्फत वैधानिक तवरले संविधानसभामा जान उत्सुक रहेको उपरोक्त भनाइबाट स्पष्ट हुन्छ।

---

१०. भण्डारी, मदन, श्वेत शार्दूलको गर्जन, भाषण सङ्ग्रह- १

११. नेपाल, माधवकुमार, ०५९ मङ्सिर ३ गते, राष्ट्रिय कार्यकर्ता भेला, मानवअधिकार वर्षपुस्तक २००४,

समयान्तरमा यसरी ओझेलमा परेको संविधानसभाको प्रसङ्ग बहुदलीय व्यवस्था स्थापना भएको एक दशकभित्र पुनः विस्तारित हुँदै गएको पाइन्छ।

तत्कालीन राजाबाट ०५९ असोज १८ मा जनताको कार्यकारी अधिकार खोसी संविधानको धारा १२७ लाई प्रयोग गरेर जथाभावी सक्रिय शासन सञ्चालन गर्न थालेपछि सबै राजनीतिक शक्तिको ध्यान संविधानसभातर्फ आकृष्ट हुन थाल्यो। ०६१ माघ १९ गते राजाले आफ्नो अध्यक्षतामा पूर्व पञ्चहरूलाई सम्मिलित गराई सरकार गठन गरेपछि नेकपा एमाले लगायतका अन्य दलहरूले समेत संविधानसभाको निर्वाचन हुनुपर्ने कुरामा ऐक्यबद्धता प्रकट गरे। नेकपा एमालेले ०५९ माघमा जनकपुरमा भएको महाधिवेशनबाट पहिलो पटक पार्टीभित्र संविधानसभाको बहसलाई खुला राख्ने निर्णय गरेको थियो।

यसै गरी नेपाली काङ्ग्रेस पनि राजाको कदमको कडा आलोचक बन्यो। ०५९ कात्तिक ५ गते बसेको यस दलको बैठकमा संवैधानिक राजतन्त्रको भूमिकाबारे पुनर्मूल्याङ्कन हुनुपर्ने र संविधानसभाको विकल्पतर्फ जानुपर्ने प्रस्ताव छलफल भयो। ०६१ जेठ २४ गतेको केन्द्रीय कार्य समितिको बैठकले पार्टीभित्र संविधानसभाको पक्षमा बढेको दबाबलाई दृष्टिगत गरी राय पेस गर्न महामन्त्री सुशील कोइरालाको संयोजकत्वमा रामचन्द्र पौडेल, चक्र बास्तोला, महेश आचार्य र कृष्ण सिटौला सम्मिलित पाँच सदस्यीय समिति गठन गऱ्यो। समितिले पार्टीका नेता तथा कार्यकर्ताहरूसँग छलफल गरी विकल्पका रूपमा संविधान संशोधन, जनमतसङ्ग्रह र संविधानसभा तीन उपाय अघि सारेको थियो। साथै २२ साउन २०६१ को नेपाली काङ्ग्रेसको बैठकले माओवादी समस्या समाधानका लागि संविधानसभामा समेत जान सकिने विकल्पसहितको प्रस्ताव पारित गरेको थियो।

सात राजनीतिक दलले ०६२ वैशाख २५ गते दोस्रो संयुक्त जनआन्दोलनको घोषणा गर्दा पूर्ण प्रजातन्त्रका लागि सुरुमा संसद् पुर्नस्थापना, सर्वदलीय सरकारको व्यवस्था र त्यसपछि संविधानसभामा जान सकिने विचार व्यक्त गरेका थिए। तत्काल नेकपा माओवादीका अध्यक्ष प्रचण्डबाट सात दलको एजेन्डालाई अग्रगामी कदम भन्दै आफ्नातर्फबाट यथासम्भव सहयोग गर्ने आश्वासन प्रप्त भयो। पुनः ०६२ असार ५ गते प्रचण्डले अर्को वक्तव्य प्रकाशित गरी सात दलको पूर्ण प्रजातन्त्र र संविधानसभाको निर्वाचनमा जान सक्ने निर्णय भनी प्रशंसा गरे। यसपछि नेकपा माओवादीले सात दलको अनुरोधमा ०६२ भदौबाट चार महिना र पछि एक महिनासमेत गरी पाँच महिना एकतर्फी युद्धविराम गऱ्यो। सात दल र नेकपा माओवादीबीच २०६२ मङ्सिरमा १२ बुँदे समझदारी भएपछि मात्र राजनीतिक पार्टीहरूबीच संविधानसभाका विषयमा आम सहमति बन्दै गएको थियो। झण्डै १० वर्षअघि सशस्त्र क्रान्तिबाट जनवाद स्थापनाको लक्ष्य लिएर हतियार समाउने 'माओवादीले वुर्जुवा गणतन्त्र स्थापनासमेत नहुने देखे अनि बिसौनीका रूपमा संविधानसभालाई'[१२] अघि सारेका थिए।

सात राजनीतिक दलले २०६२ चैत २४ गतेबाट निर्णायक जनआन्दोलनको सुरुवात गरेपछि लोकतन्त्र बहालीका लागि संविधानसभाको आवश्यकता टडकारो रूपमा महसुस हुन थाल्यो। यसैगरी २०६३ वैशाख ९ गते सात दलका विभिन्न घटक एवम् सात दलको संयुक्त बैठकले संसद् पुनर्स्थापित गर्ने, आन्तरिक सरकार गठन र संविधानसभाको निर्वाचनमा जाने निर्णय गरेका थिए। यसरी नेकपा एमाले, नेपाली काङ्ग्रेसलगायत अन्य दलहरूको समेत प्रमुख कार्यसूचिको रूपमा संविधानसभा स्थापित भयो। सशस्त्र क्रान्तिबाट नयाँ जनवाद स्थापना गर्ने लक्ष्यसाथ 'जनयुद्ध' घोषणा गर्ने एमाओवादीले संविधानसभा निर्वाचनलाई आफ्नो माग र उपलब्धि घोषित गर्दै सुरक्षित सहज राजनीतिक अवतरण गऱ्यो।

२०६३ वैशाख ११ गते जनआन्दोलनको परिणामस्वरूप संसद्को पुनर्स्थापना भयो। २०६३ वैशाख १६ गते बसेको प्रतिनिधिसभाको बैठकले नयाँ संविधान निर्माणका लागि संविधानसभाको निर्वाचन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो। यसैगरी २०६३ जेठ ४ गते बसेको प्रतिनिधिसभाको बैठकले आफ्नो घोषणाद्वारा राजाका अधिकारहरू व्यापकरूपमा कटौती गऱ्यो। २०६३ जेठ १२ गते नेपाल सरकार र नेकपा माओवादीका तर्फबाट युद्धविराम आचारसंहिता जारी गरियो।[१३] यसरी नै २०६३ असार २ गते सात दलको सरकार र

१२. शर्मा, सुधीर, प्रयोगशाला, पृष्ठ २१२

१३. कान्तिपुर, १३ जेठ २०६३

माओवादी पार्टीबीच ८ बुँदे समझदारीपत्रमा हस्ताक्षर भयो।[१४] यो विषयले विस्तृत शान्ति समझौता र नेपालको अन्तरिम संविधानमा प्रवेश पाएपछि संविधानसभा निर्वाचन सुनिश्चित भई ०६४ सालमा यसको निर्वाचन सम्पन्न भएको थियो। माओवादीको दशबर्से सशस्त्र द्वन्द्व शुरु हुनुअघिको माग रहेको संविधानसभाको निर्वाचन त्यतिखेर संभव भयो, जब नेपाली काङ्ग्रेस, एमालेलगायत सात दलले समेत यसको पक्षमा जनाधार तयार गरे र आन्दोलनमा जनतालाई समाहित गरे।

"यो संविधानसभाले मुलुक र जनताको स्वतन्त्रता तथा जनताको सर्वोच्चताबाहेक अरू कुनै विषय र संस्था अपरिवर्तनीय हुन सक्दैन भन्ने लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित भएर नयाँ संविधानको निर्माण र घोषणा गर्नुपर्ने "[१५] भए पनि दुई वर्षभित्रै नयाँ संविधान निर्माण गर्नुपर्ने संवैधानिक कार्यादेशसहित ०६४ चैत २८ गते सम्पन्न नेपालको पहिलो संविधानसभाले चार वर्षसम्म पनि संविधान निर्माण गर्न सकेन। एमाओवादी नेता डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारले ०६९ जेठ १४ गते संविधानसभा विघटन गर्दै ०६९ मङ्सिर ७ गते संविधानसभा निर्वाचन गर्न घोषणा गरे पनि आवश्यक संविधान संशोधन र राजनीतिक सहमतिको अभावमा घोषित मितिमा निर्वाचन हुन सकेन। त्यसपछि भट्टराईले वैशाखमा निर्वाचन हुने भने तापनि संभव भएन। संविधानसभा निर्वाचनको प्रयोजनका लागि सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा २०६९ चैत ३० गते गैरराजनीतिक प्रकृतिको चुनावी मन्त्रिपरिषद् गठन भएपछि निर्वाचन सम्पन्न गर्ने वातावरण तयार भएको थियो। निर्वाचन आयोगले कात्तिक २८ -२९ गते चुनाव गर्न उपयुक्त हुने सुझाव दिए पनि मन्त्रिपरिषदको जेठ ३० गते बसेको बैठकले गरेको निर्णयबमोजिम मङ्सिर ४ गतेसंविधानसभा निर्वाचन सम्पन्न भयो।

१४. नेपाल समाचारपत्र, ३ असार २०६३

१५. आचार्य, नरहरि : आन्दोलनको एजेन्डा संविधानसभाको निर्वाचन, कान्तिपुर, ४ असार २०६१

भाग
दुई

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान

परिचय

लोकतान्त्रिक व्यवस्थामा निर्वाचन लोकमत अभिव्यक्त गर्ने एक सर्वोत्तम विधि मानिन्छ। निर्वाचनका माध्यमबाट जनताले दिएको जनादेश आवधिक रूपमा शासन गर्ने अधिकार निर्वाचित प्रतिनिधिहरूलाई प्राप्त हुन्छ। सार्वभौम जनताको अभिमतका आधारमा शासन हुनु भनेको लोकतान्त्रिक प्रणालीको उत्कृष्ट अभ्यास पनि हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१ मा देशको शासन व्यवस्थामा स्वतन्त्र चुनावबाट चुनिन पाउने, सर्वव्यापी समान मताधिकारद्वारा निस्पक्ष, स्वतन्त्र र गोप्य मतदानमा भाग लिने अधिकार सबै नागरिकलाई रहेको उल्लेख छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा २५ मा प्रत्येक नागरिक प्रत्यक्षरूपमा वा छानिएका प्रतिनिधिहरूमार्फत् सार्वजनिक जीवन सञ्चालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार र गोप्य मतदानबाट निर्वाचकहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने शुद्ध आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकार रहेको उल्लेख छ। यो प्रावधान संविधानसभा निर्वाचनमा पनि उत्तिकै सान्दर्भिक हुने गर्दछ।

जनताको यो अधिकार यथार्थमा परिणत हुन निर्वाचन स्वच्छ, निस्पक्ष र भयरहित हुनु आवश्यक छ। पञ्चायतकालमा भएका निर्वाचनदेखि नै नेपालका अधिकारकर्मी र नागरिक समाजले निर्वाचनहरूको पर्यवेक्षण गर्दै आएका छन्। त्यसबेला र ०४६ सालमा बहुदलीय व्यवस्था स्थापित भएपछि सम्पन्न भएका निर्वाचनलगत्तै निर्वाचन आयोगमा बुझाइएका पर्यवेक्षण प्रतिवेदन र सिफारिसलाई निर्वाचन आयोग र सरकारले लागु गरेको उदाहरण छैन। प्रजातन्त्र स्थापना भएपछि ०४८ सालमा सम्पन्न पहिलो बहुदलीय निर्वाचनको समयमा मतदाता सचेतना कार्यक्रम सञ्चालन गरिएको उत्साहप्रद् अनुभव सँगालेको नागरिक समाजले ०५२ को मध्यावधि निर्वाचन उम्मेदवारहरूको संम्परीक्षण गर्ने समेत जमर्को गरेको थियो। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नेमा) ले ०६४ सालमा सम्पन्न संविधानसभाको निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा निर्वाचनका विसङ्गति बारे

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले गरेका विविध कार्यक्रमहरू



पेश गरेको भए पनि त्यस प्रतिवेदनउपर कुनै सुनुवाइ भएन।

२०७० मङ्सिर ४ गते पुन: भएको संविधानसभा सदस्य निर्वाचनलाई ऐतिहासिक र फलदायी बनाउन नागरिक तहबाट जनसचेतना, सार्वजनिक सम्परीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभियप्रायले आम नागरिक समाजको सहकार्यमा ***स्वच्छ निर्वाचनका लागि नागरिक अभियान*** सञ्चालन भयो। स्वयंसेवीरूपमा नागरिक सङ्गठन र अगुवाहरू अहोरात्र यस अभियानमा संलग्न भए। निर्वाचन आयोगलाई सतर्क, राजनीतिक दल र तिनका उम्मेदवारहरूलाई जबाफदेही र आम मतदाताहरूलाई जागरूक बनाउन देशभरि नागरिक अभियान सञ्चालन गरिएको थियो।

मुलुकमा व्याप्त दण्डहीनता, अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण, मुलुकमा दिनानुदिन बढ्दै गएको भ्रष्टाचार र यसलाई संस्थागत गरिँदै गएको अभ्यासका परिणामले लोकतन्त्रमा आघात पुग्नसक्ने भएकोले उम्मेदवारहरूको सम्परीक्षण गर्ने र आममतदातालाई सचेत गराउने अभीष्टका साथ यो अभियान सञ्चालन गरिएको थियो। असल, व्यवहारिक, मानवअधिकार र कानुनको शासनको सम्मान गर्ने, अर्काको इज्जत गर्ने, भरपर्दा तथा उदाहरणीय उम्मेदवारहरूलाई आम जनताले पहिचान गर्दै तिनलाई निर्वाचित गरून भन्ने यसको लक्ष्य रहेको थियो।

अभियानले निर्वाचन आरम्भ हुनुपूर्वको अनुगमन मात्रै गरेन, विभिन्न तहमा नागरिक सचेतना अभिवृद्धि कार्यक्रम पनि सञ्चालन गऱ्यो। आम मतदातासँग प्रत्यक्ष संवाद, रेडियो संवाद, टेलीभिजनमार्फत जनताको अभिमत प्रसारण जस्ता कार्यक्रम यथासम्भव व्यापक परिधि समेट्ने प्रयासका साथ सम्पन्न गरिएको थियो।

पाँच वटै क्षेत्र र ७५ वटै जिल्लामा नागरिक समाज सञ्जाल गठन तथा परिचालन गरिएका कारण यस अभियानले राष्ट्रिय आकार ग्रहण गर्न सफलता प्राप्त गऱ्यो।

अभियानका प्रमुख क्रियाकलाप

मतदाता शिक्षाका लागि रेडियोकर्मीहरूका लागि तालिम

रेडियोकर्मीहरूका लागि मतदाता शिक्षा तालिम २०७० असोज ८ देखि १३ गतेसम्म बुढानिलकण्ठको पार्क भिलेजमा सम्पन्न भयो। तालिममा इन्सेकद्वारा उत्पादित मानवअधिकार शिक्षा रेडियो कार्यक्रम प्रसारण गर्ने २० वटा रेडियोहरू र थप पाँच वटा सामुदायिक रेडियोका प्रतिनिधि र दुई जना इन्सेक रेडियो टीमका सदस्य गरी २७ जनाको सहभागिता रहेको थियो। तालिममा मतदाता शिक्षाको आश्यकता, औचित्य, संविधानसभामा नागरिकको दायित्व, संविधानसभा निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, आचारसंहिता बारे छलफल गरिएको थियो। तालिममा रेडियो रिर्पोटिङ्ग, अन्तर्वार्ता, फिचर, रेडियो संवाद सीप बारे अभ्यास गराइएको थियो। यसका साथै तालिममा संविधानसभा निर्वाचनको सन्दर्भमा मानवअधिकारका सवालहरू, सार्वजनिक सम्परीक्षण, सञ्चार सीप जस्ता विषयमा पनि छलफल गरिएको थियो।

रेडियोकर्मीहरूका लागि मतदाता शिक्षा तालिममा इन्सेक अध्यक्ष लगायतका अतिथिहरू

तालिमका क्रममा सहभागीहरूले रेडियो कार्यक्रम उत्पादन गरेर प्रस्तुत पनि गरेका थिए। तालिममा आमसञ्चार क्षेत्रका वरिष्ठ व्यक्तित्वहरूले सहजीकरण गरेका थिए। राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त एवम् इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल, नेपाल बार एशोसिएशनका उपाध्यक्ष एवम् इन्सेक कार्यसमिति सदस्य अधिवक्ता टीकाराम

अभियानमा संलग्न रेडियोहरू

रेडियो प्रसारणको नाम	प्रसारण क्षेत्र	कार्यक्रममा प्रसारण गरिएका जिङ्गल
मेरो एफएम ९३ दशमलव ५ मेगाहर्ज	काठमाडौँ	
भिजन एफएम	झापा	
पूर्वेली आवाज	मोरङ	
रेडियो परिवर्तन	मोरङ	
रेडियो परिवर्तन	सुनसरी	
रेडियो समग्र	सिरहा	
रेडियो तीनलाल	रामेछाप	
रेडियो चितवन	चितवन	
गण्डकी एफएम	कास्की	
रेडियो तनहुँ	तनहुँ	
रेडियो स्काइ	गुल्मी	
कृष्णसार एफएम	बाँके	
रेडियो भेरी, सुखेत	सुर्खेत	
शैलेश्वरी एफएम	डोटी	
रेडियो परिवर्तन	सुनसरी	
रेडियो समग्र	सिरहा	
रेडियो तीनलाल	रामेछाप	
सेती एफएम	बझाङ	
गण्डकी एफएम	कास्की	
रेडियो तनहुँ	तनहुँ	
रेडियो स्काइ	गुल्मी	
कृष्णार एफएम	बाँके	
रेडियो भेरी, सुर्खेत	सुर्खेत	
सौगात एफएम	बैतडी	
अमरगढी एफएम	डडेल्धुरा	
खप्तड एफ एम	कैलाली	
शुक्लाफाँटा एफएम	कञ्चनपुर	

भोजभतेर

आउनुहोस् आउनुहोस् आउनुहोस्, चर्चित उम्मेदवार श्री धम्कीरामज्यूको चुनावी भोज भतेर समारोहमा आउनुहोस्। आज टन्न पेट भर्नुहोस्, भोलि नुनको सोझो गर्नुहोस्।

जाने हो त अङ्कल ?

१२ वर्ष नियोक पढायो लेखायो जाने हो त अङकल ? हेर हाम्रो अमूल्य मत एक छाक खान्कीमा सत्यानास गर्नुहुन्न नानी। सचेत मतदाताले नुनको सोझो होइन। गुनको सोझो गर्नुपर्छ।

मतलब

भ्रष्टाचारी, अपराधी र चरित्रहीन उम्मेदवार बहिष्कार। नैतिकवान,

इमान्दार र चरित्रवान उम्मेदवार जयजयकार।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालय इन्सेक

दुई

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालय इन्सेकको अनुरोध

भोट माग्न आउनेलाई सोध्नुहोस्, महाशय तपाईंलाई नै भोट किन दिने ? चित्त बुझ्दो जवाफ पाएपछि मात्र भोट दिने नदिने निर्क्योल गर्नुहो।

गोप्य तरिकाले गरिएको मतदान पनि पछि थाहा पाएर तपाईं असुरक्षित हुनुहुन्छ भन्ने कुरा सरासर गलत हो। यस्तो पत्ता लगाउने मेशिन अहिलेसम्म संसारमा कतै बनेकै छैन।

सामाजिक र साँस्कृतिक रूपले गनाएका व्यक्तिहरूलाई पटक्कै भोट नहाल्नुहोस्। तपाईंको भोट अनैतिकहरूलाई शक्तिमा पुऱ्याउने सिँढी नबनोस्।

तपाईंले एक भोट नहाल्दमा केही पनि हुँदैन भन्ने नठान्नुहोस्। याद राख्नुहोस् उच्च पदस्थ व्यक्तिदेखि तपाईं आम नागरिकसम्म सबैको एक भोटको बराबरी महत्व हुन्छ।

भोट माग्दखेरि धाकधम्की र आतङ्क सिर्जना गर्नेले जितेपछि झन् के गर्ला ? हिम्मत गर्नुहोस्। न्यायपूर्ण समाजको निर्माणका लागि सही उम्मेदवार चयन गर्नुहोस्।

२०७० कात्तिक ८ गतेदेखि २०७० मङ्सिर ८ गतेसम्म रेडियोबाट प्रसारित कार्यक्रम

क्र.सं.	मिति	विषयवस्तु	अन्तर्वार्ता	कैफियत
१	कात्तिक ८	स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको गठन र यसले निर्वाचन लक्षित गर्ने काम	इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल	
२	कात्तिक ९	अपराध प्रमाणित भएको व्यक्तिलाई कानुन विपरीत निर्वाचनमा उम्मेदवार बनाएका	द्वन्द्वपीडित सावित्री श्रेष्ठ	रिपोर्ट
३	कात्तिक १०	आइतबार बिहान तीन रेडियोबाट मानवअधिकार शिक्षा रेडियो कार्यक्रम आधा घण्टा प्रसारण		
४	कात्तिक ११	स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको वेबसाइड सार्वजनिक कार्यक्रम		रिपोर्ट
५	कात्तिक १२	संविधान र संविधानसभा	संविधानविद् डा. विपिन अधिकारी	
६	कात्तिक १३	स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले बुटवलमा गरेको कार्यक्रम		रिपोर्ट
७	कात्तिक १४	मतदाताको सुरक्षा	रमेशप्रसाद खरेल, प्रमुख वाग्मती अञ्चल कार्यालय, नेपाल प्रहरी	जनआवाज
८	कात्तिक १५	निर्वाचन पर्यवेक्षण र बढ्दो आचारसंहिता उल्लङ्घन	राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति नियोकका अध्यक्ष एवम् निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त सूर्यप्रसाद श्रेष्ठ	जनआवाज
९	कात्तिक १६	निर्वाचन आचारसंहिता	निर्वाचन आयोगका प्रवक्ता वीरबहादुर राई	जनआवाज
१०	कात्तिक १७	आइतबार बिहान तीन रेडियोबाट मानवअधिकार शिक्षा रेडियो कार्यक्रम आधा घण्टा प्रशारण		
११	कात्तिक १८	मतदाता शिक्षा		जनआवाज
१२	कात्तिक १९	मतदाता शिक्षा		रिपोर्ट
१३	कात्तिक २०	अल्पसङ्ख्यकको अधिकार		रिपोर्ट
१४	कात्तिक २१	अपाङ्गता भएका नागरिकहरूका अधिकार	सुदर्शन सुवेदी, अध्यक्ष राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपालका	
१५	कात्तिक २२	संविधानसभामा दलित समुदायको प्रतिनिधित्व	गजाधर सुनार, अध्यक्ष, दलित गैसस महासङ्घ र सुशीला श्रीपाइली, अध्यक्ष दलित आयोग	
१६	कात्तिक २३	स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको गतिविधि	सुशील चौधरी, प्रमीन घिमिरे, गणेश भण्डारी, अभियान सचिवालय	
१७	कात्तिक २५	बन्द र यसको असर	पम्फा भुसाल माओवादी नेतृ र स्वच्छ निर्वाचनका लागि नागरिक अभियानकर्ता डा. त्रिलोचन उप्रेती	रिपोर्ट
१८	कात्तिक २६	निर्वाचनमा बालबालिकाको प्रयोग	तारक धिताल, कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति	रिपोर्ट

क्र.सं.	मिति	विषयवस्तु	अन्तर्वार्ता	कैफियत
१९	कात्तिक २७	निर्वाचन आचारंहिता उल्लङ्घन र मानवअधिकारको सवाल	अध्यक्ष सुबोधराज प्याकुरेल, अध्यक्ष इन्सेक र वेदप्रसाद भट्टराई, कामु सचिव राष्ट्रिय मानवअधिकार आयोग	
२०	कात्तिक २८	संविधानसभामा युवा सहभागिता र युवाका मुद्दा	देवराज भारद्धाज, अध्यक्ष आयोन र सन्तोष आचार्य, अध्यक्ष युवा अभियान	रिपोर्ट
२१	कात्तिक २९	संविधानसभामा महिला सहभागिता र महिलाका सवाल	निर्मला शर्मा, अध्यक्ष सञ्चारिका समूह	
२२	मङ्सिर १	संविधानसभामा सामाजिक सुरक्षाका कार्यक्रम	हरि तिमल्सिना, सामाजिक कार्यकर्ता	रिपोर्ट
२३	मङ्सिर ३	निर्वाचनमा पर्यवेक्षण गर्ने पर्यवेक्षकहरूको आचारसंहिता		
२४	मङ्सिर ४	विगतको संविधानसभाबाट सिक्नैपर्ने पाठहरू र देशभर निर्वाचन कसरी सम्पन्न भयो ?	सुबोधराज प्याकुरेल, अध्यक्ष, इन्सेक	
२५	मङ्सिर ५	सम्पन्न संविधानसभा निर्वाचनको सन्देश र शान्ति सम्झौताको सात वर्ष	डाक्टर सुरेन्द्र केसी, राजनीतिक विश्लेषक	
२६	मङ्सिर ६	एमाओवादीले निर्वाचन परिणाम अस्वीकार गर्ने विषयमा नागरिक अगुवाहरूको असहमति	प्राध्यापक अमुदा श्रेष्ठ र वीरबहादुर राई, प्रवक्ता, निर्वाचन आयोगका	रिपोर्ट
२७	मङ्सिर ७	निर्वाचनको परिणाम र त्यसपछिको संवैधानिक जटिलता	डा. चन्द्रकान्त ज्ञवाली, संविधानविद	रिपोर्ट
२८	मङ्सिर ८	आफ्नै कुरा: एक महिनाको कार्यक्रम सम्पन्न	सुबोधराज प्याकुरेल, अध्यक्ष, स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालय इन्सेक	

भट्टराई, त्रिभुवन विश्वविद्यालय पत्रकारिता विभागका उपप्राध्यापक तथा स्वतन्त्र पत्रकार एवम् इन्सेक कार्यसमिति सदस्य कुन्दन अर्याल, पत्रकारद्वय सुरेश आचार्य, तीर्थ कोइराला लगायतका व्यक्तित्वहरूले सहजीकरण गरेका थिए। तालिमको उद्घाटन र समापनसत्रमा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको आवश्यकता र औचित्य बारेमा गम्भीरतापूर्वक चर्चा गरेका थिए।

निर्वाचन पर्यवेक्षण अभिमुखीकरण तालिममा सहजीकरण गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम

निर्वाचन पर्यवेक्षण अभिमुखीकरण तालिम

निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरूलाई निर्वाचन आचारसंहिता सम्बन्धमा प्रशिक्षक प्रशिक्षण तालिम उपलब्ध गराई तत् संस्थाहरूले पनि आफ्ना मातहतका पर्यवेक्षकहरूलाई अभिमुखीकरण तालिम उपलब्ध गराएरमात्र पर्यवेक्षणमा पठाउन निर्देश गरेको थियो ।

यस विषयमा संविधानसभा निर्वाचन २०७० को पर्यवेक्षणका लागि अनुमति प्राप्त इन्सेकले निर्वाचन पर्यवेक्षणमा सहभागी पर्यवेक्षकहरूलाई

निर्वाचन पर्यवेक्षण अभिमुखीकरण कार्यक्रम

क्षेत्रगत आधारमा पाँचै विकास क्षेत्रमा पाँचओटा दुई दिवसीय पर्यवेक्षण अभिमुखीकरण तालिम सञ्चालन गरेको थियो । इन्सेकले निर्वाचन पर्यवेक्षणमा पठाएका पचहत्तरै जिल्लाका ३ सय १ जना पर्यवेक्षकलाई अभिमुखीकरण तालिम दिएको थियो । तालिममा निर्वाचन आयोगका प्रतिनिधि, नेपाल प्रहरीका प्रतिनिधि, कानुनवीदलगायतले निर्वाचन आचारसंहिता, पर्यवेक्षण गर्ने संस्था र व्यक्तिको आचारसंहितालगायतका विषयमा सहभागीहरूलाई सहजकरण गरेका थिए । यसका साथै पर्यवेक्षणमा इन्सेकको भूमिका, स्वस्छ निर्वाचनका लागि नागरिक अभियान, स्वच्छ निर्वाच्नका लागि नागरिक सम्वाद, जिल्ला तहमा हुने स्वच्छ निर्वाचनका लागि नागरिक अभियान लगायतका विषयमा छलफल भएको थियो । यसैगरी, इन्सेक केन्द्रीय कार्यालयमा पनि निर्वाचन पर्यवेक्षण अभिमुखीकरण तालिम सम्पन्न भएको थियो ।

प्रभावकारी सञ्चार

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानअन्तर्गत अनुगमन, पर्यवेक्षण र अभिलेखीकरणलाई व्यवस्थित बनाउनका लागि प्रभावकारी सञ्चारका लागि नयाँ वेबपेज निर्माण गरी सुचारू गरियो। नयाँ वेबपेज *www.cleanelection.org* विधिवत रूपमा २०७० असोज २५ गते पाटन ढोकाको यलमाया केन्द्रमा सार्वजनिक गरिएको थियो। इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, वरिष्ठ पत्रकार दीक्षित र नेपाल सरकारका पूर्व सचिव डा. त्रिलोचन उप्रेतीले संयुक्तरूपमा उद्घाटन गरेको उक्त वेब साइटमा समेटिने विषयहरूका बारेमा इन्सेकका प्रमीन घिमिरेले प्रकाश पारेका थिए। यसैगरी हास्य कलाकार मनोज गजुरेलले अभियानका लागि १० भाषामा उत्पादन गरिएका सार्वजनिक सूचना (पिएस्ए) सार्वजनिक गरेका थिए। त्यस वेबसाइट सार्वजनिकीकरण कार्यक्रममा मानवअधिकार रक्षकहरू, पर्यवेक्षक, पत्रकार, नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको बेवसाइट सार्वजनीकरण कार्यक्रम

सूचना र सञ्चार प्रक्रियालाई प्रभावकारीरूपमा स्थापित गर्नका लागि नेपाल टेलिकमबाट बजारमा ल्याएको टिडिएमए स्काइप डाटा १०० को सङ्ख्यामा लिई ७५ वटै जिल्लाका जिल्ला प्रतिनिधिहरूलाई उपलब्ध गराइयो। बाँकी २५ वटा स्काइप डाटाकेबलहरू केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयका कर्मचारीहरू जो प्रत्यक्षरूपमा अभिलेखीकरणमा जिम्मेवार थिए, उनीहरूलाई उपलब्ध गराइएको थियो। यसबाट वेबसाइटमा दैनिकरूपमा समाचार पठाउन सहज भयो। उपलब्ध समाचार र सूचनाहरू प्रसोधन गरी वेबपेजमा अपलोड गरियो। वेबपेजहरूमा आपतकालीन सूचनाहरू थाहा पाउन दुई वटा एस्एमएस् नम्बरहरू ***(९८१८४१७४२२ र ९८४३४९३८१०)*** पनि सार्वजनिक गरिएको थियो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा २०५१ साल माघ ७ गतेबाट सञ्चालित मानवअधिकार शिक्षा रेडियो कार्यक्रमका साथै यस कार्यक्रमको प्रभावस्वरूप मानवअधिकार शिक्षा क्लब (रिलेक नेपाल) जसमा २० हजारभन्दा बढी युवा आबद्ध छन्, यसको पनि मतदाता सचेतनाका सक्रिय संलग्नता रह्यो। इन्सेकद्वारा उत्पादित र प्रसारित मानवअधिकार शिक्षा रेडियो कार्यक्रम रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रम

मध्ये दोस्रो लोकप्रिय कार्यक्रमको रूपमा एक अध्ययनले बताएको छ। यसै अनुभवका आधारमा *स्वच्छ निर्वाचनका लागि नागरिक अभियान* ले रेडियोमार्फत मतदाता सचेतना कार्यक्रम अघि बढाएको थियो।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको रेडियो कार्यक्रमको उत्पादन कक्ष

मानवअधिकार शिक्षा रेडियो कार्यक्रमको **संविधानसभा विशेष कार्यक्रम**को एक महिने अभियान संविधान र संविधानसभाका विविध सवालहरूमा केन्द्रित रह्यो। कार्यक्रममा स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको वेबसाइट, जनसचेतनासम्बन्धी सूचनाहरू, सञ्चार सम्पर्क र समन्वयमा नागरिकलाई जोड्ने विषय तथा स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले देशका विभिन्न क्षेत्रका क्रियाकलापहरूलाई समेटिएको थियो। त्यसैगरी सार्वजनिक सम्परीक्षणअन्तर्गत कस्ता उम्मेदवारलाई मत दिने र कस्तालाई नदिने, भोट किन दिने जस्ता विषयहरूमा मतदातालाई सचेत बनाउने किसिमका रेडियो कार्यक्रम विभिन्न भाषामा उत्पादन गरी प्रसारण गरिएको थियो। मतदाताको सुरक्षा, निर्वाचन पर्यवेक्षण र निर्वाचन आचारसंहिताजस्ता विषयमा आम नागरिकलाई सुसूचित गर्न यो कायक्रम प्रभावशाली रहेको थियो।

२०७० कात्तिक ८ गतेबाट मङ्सिर ८ गतेसम्म सञ्चालन गरिएको मानवअधिकार शिक्षा रेडियो कार्यक्रमको संविधानसभा विशेष आइतबार बाहेक हरेक दिन साँझ साँढे आठ बजे र आइतबार बिहान साँढे ७ बजे निम्नानुसारका सामुदायिक रेडियोहरूद्वारा प्रसारण भएको थियो। ती सामग्रीहरू नेपाली, मैथिली, भोजपुरी, गुरुङ, लिम्बू, मगर, तामाङ, नेवार, राई र थारू भाषामा प्रसारित थियो।

यसका साथसाथै काठमाडौँकै उज्यालो नाइन्टी नेटवर्कबाट र रेडियो वाणी नेटवर्क अन्तर्गत सिजेएमसी रेडियोबाट पनि आइतबार बिहानबाहेक प्रत्येक दिन साँझको कार्यक्रम प्रसारण गरिएको थियो। रेडियो धादिङले पनि २०७० कात्तिक २५ देखि मङ्सिर २ गते सम्म एक हप्ता १५ मिनेटको कार्यक्रम प्रसारण गरेको थियो। यो कार्यक्रम *www.cleanelection.org.np* र *www.nepalmediaonline.com* बाट प्रत्यक्ष सुन्न र डाउनलोड गरेर सुन्न सक्ने गरी राखिएको थियो। कार्यक्रममा विभिन्न भाषामा मतदाता शिक्षाका लागि तयार पारिएका सचेतना सामग्री प्रसारण गरिएका थिए।

निर्वाचन पर्यवेक्षण

निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचनपछि प्रभावकारी पर्यवेक्षण तथा अनुगमन गर्नका लागि अभियानका तर्फबाट २ सय ७० जना राष्ट्रिय पर्यवेक्षकहरूको अनुमति लिए पनि पछि थप ३१ जना गरी ३ सय १ जना पर्यवेक्षकहरूको अनुमति प्राप्त भएको थियो। अनुमति प्राप्त पर्यवेक्षकहरूको कूल सङ्ख्यामा ८२ (२७%) जना रहेका थिए। सात जना दीर्घकालीन र २ सय ९४ अल्पकालीन पर्यवेक्षकहरू सहभागी भएका थिए। त्यस अनुरूप देशभरी हिमाल, पहाड र तराईका ७५ वटै जिल्लाका कम्तिमा ३ सय ओटा मतदान केन्द्रहरूको प्रभावकारी पर्यवेक्षण तथा अनुगमन गर्ने योजना बनेको थियो। त्यसअनुरूप हरेक जिल्लामा निर्वाचन आचारसंहिता उल्लङ्घन र निर्वाचनसम्बन्धी गतिविधिहरूको अभिलेखीकरण

निर्वाचन पर्यवेक्षणको क्रममा मतदान प्रक्रियाको अवलोकन गर्दै इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल

गर्न स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका लागि छुट्टै सचिवालयको व्यवस्था गरिएको थियो। साउथ एसिएन फोरम फर ह्युमनराइट्स् (साफर)को धोबीघाट, ललितपुर स्थित कार्यालयमा सचिवालय स्थापना गरी यावत् कार्य सम्पादन गरिएको थियो। सचिवालयले दैनिकरूपमा जिल्लाहरूबाट आउने समाचारहरू नेपाली र अङ्ग्रेजी भाषामा तयार गरेर www.cleanelection.org मार्फत् विद्युतीय माध्यमबाट प्रसारण गर्ने कार्य गऱ्यो। २०७० कात्तिक १ गते देखि कार्य सम्पादन थालनी गरिएकोमा कूल ९ सय १२ ओटा आचारसंहिता उल्लङ्घनका सूचनाहरू अभिलेखीकरण एवम् प्रसारित भए।

देशभरीका कूल १८ हजार ४ सय ५७ मदतान केन्द्र मध्ये हिमाल, पहाड र तराईका सबै ७५ वटै जिल्लाका छानिएका ३ सय १४ वटा मतदान केन्द्रहरूको पर्यवेक्षण गरियो। कूल पर्यवेक्षकहरू मध्ये ६१ जना महिला सहित २ सय ५८ जना पर्यवेक्षकहरूले पर्यवेक्षण सम्बन्धी तालिम लिएका थिए। पर्यवेक्षकहरूका लागि पूर्वाञ्चलको विराटनगर, मध्यमाञ्चलको चितवन, पश्चिमाञ्चलको पोखरा, मध्यपश्चिमाञ्चलको नेपालगञ्ज र सुदूरपश्चिमाञ्चलको धनगढीमा तालिम सम्पन्न भएको थियो। त्यसैगरी इन्सेक केन्द्रीय कार्यालयका कर्मचारीहरू र काठमाडौँ उपत्यकामा रहेका पर्यवेक्षकहरूका लागि केन्द्रीय कार्यालयमा नै अनुशिक्षणको आयोजना गरिएको थियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा पर्यवेक्षकहरूलाई निर्वाचनको दिन पर्यवेक्षण गर्ने पर्यवेक्षण फारम, ज्याकेट र निर्वाचन आयोगले उपलब्ध गराएको परिचयपत्र उपलब्ध गराइएको थियो।

टेलिभिजन संवाद

स्थानीय श्रोत साधनको समुचित उपयोग गरी जनतालाई सुसूचित गर्ने क्रममा स्थानीय सामुदायिक रेडियोहरू, मोफसलका पत्रपत्रिकाहरू र टेलिभिजन च्यानलहरूको सहयोग अभियानले प्राप्त गरेको थियो। न्यून लगानीमा स्थानीय टेलिभिजनहरूसँगको सहकार्यमा सार्वजनिक संवादहरू आयोजना भए। यस क्रममा चार वटा टेलिभिजन संवादहरू विराटनगरको मकालु टेलिभिजन, चितवन भरतपुरको अभियान टेलिभिजन, रूपन्देही बुटवलको लुम्बिनी सामुदायिक टेलिभिजन र बाँके नेपालगन्जको भिजन टेलिभिजनसँग सहकार्य गरिएको थियो। स्थानीय नागरिक समुदायको क्रियाशीलता, टेलिभिजनहरूको सहयोग, राजनीतिक दलका जिम्मेवार उमेद्वार र नेताहरूको उपथितिका साथै नागरिक अभियन्ताहरूको सहजीकरणले कार्यक्रम अत्यन्त फलदायी रहे। अभियन्ता सुबोधराज प्याकुरेल, कनकमणि दिक्षित, डा. त्रिलोचन उप्रेति र चरण प्रसाईहरूको उपस्थितिले आमनागरिकको आकर्षण बढेको थियो।

टेलिभिजन सम्वाद कार्यक्रममा राजनीतिक दलका उम्मेदवार, इन्सेक पूर्वाञ्चल क्षेत्रीय संयोजक सोमराज थापा तथा कार्यक्रमका सहभागीहरू

पूर्वाञ्चलको मोरङ जिल्लाको विराटनगरमा मकालु टेलिभिजनले मङ्सिर १ गते मोरङ क्षेत्र नम्बर-९ संविधानसभाको निर्वाचनका उम्मेदवारहरूको सम्परीक्षणसम्बन्धी सार्वजनिक सुनुवाइ टेलिभिजन सम्वाद कार्यक्रम उर्लाबारी गाविसस्थित हाम्रो वचत तथा ऋणि सहकारी संस्थाको सभाहलमा सम्पन्न भएको थियो।

कार्यक्रमको अध्यक्षता तथा उद्देश्यका बारेमा इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापा र सञ्चालन मकालु टेलिभिजनका धर्मराज ढकालले गरेका थिए। सहभागीहरूको प्रश्नावली सङ्कलन गरेर सञ्चालकले क्रमशः उम्मेदवारहरूलाई प्रश्न गरेका थिए। सो कार्यक्रममा एकीकृत माओवादीका उम्मेदवार वर्षमान पुन, नेकपा एमालेका उम्मेदवार घनश्याम खतिवडा, राप्रपा नेपालका उम्मेदवार होम गौतम र खस समावेशी राष्ट्रिय

टेलिभिजन सम्वाद कार्यक्रम

क्र.सं.	टेलिभिजन	मिति र समय	स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका प्रतिनिधि	उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधि
१.	मकालु टेलिभिजन, उर्लाबारी मोरङ	०७० मङ्सिर १	सोमराज थापा, क्षेत्रीय संयोजक, इन्सेक, विराटनगर	वर्षमान पुन- उम्मेदवार एमाओवादी क्षेत्र नं. ९, घनश्याम खतिवडा- उम्मेदवार नेकपा एमाले, होम गौतम- उम्मेदवार राप्रपा नेपाल, दुर्गामणि सुवेदी- उम्मेदवार खस समावेशी पार्टी
२.	अभियान टेलिभिजन, भरतपुर, चितवन	०७० कात्तिक २८	सुबोधराज प्याकुरेल- संयोजक स्वच्छ निर्वाचनका लागि नागरिक अभियान तथा अध्यक्ष इन्सेक र चरण प्रसाईं- नेपाल मानवअधिकार संगठनका पूर्व सभापति एवम् मानवअधिकार संयुक्त मञ्चका संयोजक	रमेश रेग्मी- जिल्ला सेक्रेटरी एमाओवादी, सुनिल श्रेष्ठ- सचिव नेपाली काङ्ग्रेस, जगन्नाथ थपलिया- जिल्ला अध्यक्ष नेकपा एमाले, रामहरि कँडेल- अध्यक्ष राप्रपा चितवन र अमरबहादुर क्षेत्री- उपाध्यक्ष राष्ट्रिय जनमोर्चा चितवन
३.	लुम्बिनी सामुदायिक टेलिभिजन, बुटवल	०७० कात्तिक २९		भोजप्रसाद श्रेष्ठ- अध्यक्ष नेकपा एमाले रूपन्देही, अब्दुल रज्जाक- अध्यक्ष नेपाली काङ्ग्रेस रूपन्देही, यज्ञ पोखरेल- सेक्रेटरी एमाओवादी रूपन्देही, बद्री आलम- अध्यक्ष जनमोर्चा रूपन्देही
४.	भिजन टेलिभिजन, नेपालगञ्ज	०७० कात्तिक २६	भोला महत- क्षेत्रीय संयोजक इन्सेक नेपालगञ्ज	डा. सुरेशकुमार कनौडिया- नेपाली काङग्रेका समानुपातिक उम्मेदवार, शान्ति ढकाल- नेकपा एमालेका समानुपातिक उम्मेदवार, पशुपतिदयाल मिश्र- तमलोपाका प्रत्यक्ष उम्मेदवार, डा. जितेन्द्र महोठ- सद्भावना पार्टी (राजेन्द्र महतो) उम्मेदवार, ललनप्राद श्रीवास्तव- राष्ट्रिय मधेस एकता पाटीका उम्मेदवार, विजयकुमार गुप्ता- तमलोपाका मानुपातिक उम्मेदवार

पार्टीका उम्मेदवार दुर्गामणि सुवेदी सहभागी रहेका थिए। सहभागी चारै जना उम्मेदवारलाई सभाहलमा उपस्थित मतदाता तथा नागरिकहरूले राजनीतिक घोषणापत्र, विकास निर्माण, संविधान निर्माण, आचारसंहिता उल्लङ्घनलगायतका विषयमा लिखित रूपमा प्रश्नहरू सोधेका थिए। ती प्रश्नहरूको जवाफ चारै जना उम्मेदवारहरूले पालैपालो दिएका थिए। सहभागीहरूले द्वन्द्वपीडित तथा बेपत्ताका विषयमा समेत प्रश्न गरेका थिए। विकास निर्माणका क्षेत्रमा बाटोघाटो, पुलपुलेसा, पर्यटन, कृषिऔजार, मलबीउ, सिञ्चाइ, पिउने पानीलगायतका विषयमा सहभागीहरूले उम्मेदवारलाई प्रश्नहरू गरेका थिए।

टेलिभिजन सम्वाद कार्यक्रममा राजनीतिक दलका उम्मेदवार र इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल

स्वच्छ निर्वाचनको लागि नागरिक अभियान समयन्वय समिति, चितवन र अभियान टेलिभिजन भरतपुरको संयुक्त आयोजनामा ०७० कात्तिक २८ गते नागरिक सम्वाद कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका प्रमुख वक्ता इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले नागरिक अभियानको आवश्यकता सम्बन्धमा उल्लेख गर्दै कानुनी शासनको पालना भाषणमा मात्र नभएर व्यवहारमा देखाउन सक्ने उम्मेदवारलाई संविधानसभा सदस्यमा छनौट गर्नुपर्ने आवश्यकता औँलयाएका थिए। हिंसाको अन्त्य गरी मानवअधिकारमैत्री राष्ट्र निर्माणको लागि उम्मेदवारहरूको संपरीक्षण गर्नुपर्ने बताएका थिए।

रूपन्देहीको बुटवलमा २०७० कात्तिक २९ गते लुम्बिनी सामुदायिक टेलीभिजनसँगको सहकार्यमा "राजनीतिक दलसँग जनताका गुनासा" कार्यक्रम सञ्चालन भयो जसको सह-आयोजन क्रियाशील पत्रकार महिला रूपन्देही शाखाले गरेको थियो। भोजप्रसाद श्रेष्ठ, अध्यक्ष नेकपा एमाले रूपन्देही, अब्दुल रज्जाक, अध्यक्ष नेपाली काङ्ग्रेस रूपन्देही, यज्ञ पोखरेल-सेक्रेटरी एनेकपा माओवादी रूपन्देही र बद्रे आलम, अध्यक्ष जनमोर्चा रूपन्देही वक्ताका रूपमा आमन्त्रित थिए। दीपक ज्ञवाली, अध्यक्ष नेपाल पत्रकार महासङ्घ रूपन्देही-गोविन्द खनाल, केन्द्रीय सदस्य मानवधिकार तथा शान्ति समाज, पुरुषोत्तम घिमिरे , अध्यक्ष फोसाड, रूपन्देही, भगवती पाण्डे अध्यक्ष क्रियाशील पत्रकार महिला रूपन्देही पत्रकारहरू, नागरिक समाजका अगुवाहरू महिला अधिकारकर्मीहरू तथा अन्य मतदाताहरूले पनि वक्ताहरूसँग जिज्ञासा राखेका थिए। राजनीतिक दलका प्रतिनिधिहरूले आप्नो पार्टीको घोषणापत्रको बारेमा चर्चा गर्दै मतदाताले सोधेका प्रश्नहरूको उत्तर दिएका थिए।

बाँकेको नेपालगञ्जमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालय इन्सेक नेपालगञ्ज र भिजन टेलीभिजनको संयुक्त आयोजनामा ०७० कात्तिक २६ गते उक्त कार्यक्रम नेपालगञ्ज नपा-१६ बेलासपुरस्थित भिजन टेलिभिजन कार्यालयको परिसरभित्र गरिएको थियो। पश्चिम नेपालको एकमात्र टेलिभिजन भिजन नेपालका समाचारप्रमुख ओभीराज आचार्यले कार्यक्रमको सञ्चालन गरेका थिए। कार्यक्रममा संविधानसभा सदस्य २०७० का बाँके जिल्लाका प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारहरू अतिथि रहेका थिए। रेडर्क गरिएको उक्त कार्यक्रम कात्तिक २६ गते देखि २९ गतेसम्म प्रसारण गरिएको थियो। सञ्चारकर्मी, कानुनव्यवसायी, अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका कार्यकर्ता तथा आममतदाता समेत करिब एक सय जनाको सहभागिता रहेको थियो। टेलिभिजन संवादमा नेपाली काङ्ग्रेसका समानुपातिक उम्मेदवार डा. सुरेश कुमार कनोडिया , नेकपा एमालेका समानुपातिक उम्मेदवार शान्ति ढकाल र तराई मधेस लोकतान्त्रिक पार्टीका क्षेत्र नं ३ का प्रत्यक्ष उम्मेदवार पशुपति दयाल मिश्र वक्ताका रूपमा सहभागी भएका थिए। यसैगरी सदभावना पार्टी (राजेन्द्र महतो) क्षेत्र नं ३ का प्रत्यक्ष उम्मेदवार डा. जीतेन्द्र महासेठ, राष्ट्रिय मधेस एकता पार्टी नेपालका क्षेत्र नं ३ का प्रत्यक्ष उम्मेदवार लल्लनप्रसाद श्रीवास्तव र तराई मधेस लोकतान्त्रिक पार्टीका समानुपातिक उम्मेदवार कुमार गुप्ता पनि संवादमा सहभागी भएका थिए। इन्सेक क्षेत्रीय कार्यालयका संयोजक भोला महतले कार्यक्रम बारे प्रकाश पारेका थिए।

नेपालगञ्जमा भएको टेलिभिजन सम्वाद कार्यक्रममा राजनीतिक दलका उम्मेदवार तथा सहभागीहरू

कार्यक्रम सञ्चालकले अतिथिलाई यस प्रकारका प्रतिबद्धता विगतका निर्वाचनमा पनि गर्नु भएको थियो कार्यान्वयन भएन संविधान पनि बनेन अब किन तपाईको पार्टीलाई मतदान गर्ने जनतालाई कसरी विश्वस्त पार्नु हुन्छ ? प्रष्ट पार्न लगाइएको थियो। कार्यक्रम करिब १.३० घण्टा सञ्चालन गरिएको थियो।

क्षेत्रीय तहमा खुला सचेतना सभा

स्वच्छ निर्वाचका लागि नागरिक अभियानका बारेमा प्रचार-प्रसार गर्ने, मतदाता शिक्षा बढाउने उद्देश्यले देशका सबै क्षेत्रमा कम्तिमा एक-एक पटक सार्वजनिक सभा गर्ने क्रममा पूर्वाञ्चलको झापा, मोरङ, सिरहा र सप्तरीमा गरी चार ठाउँमा सार्वजनिक सभाहरू सम्पन्न भए। ती सभाहरूमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका संयोजक तथा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलको उपस्थिति रहेको थियो। कार्यक्रममा नागरिक समाज, मानवअधिकरकर्मी, वकिल, पत्रकार, पेशागत सङ्गठनका प्रतिनिधिहरू, शिक्षक, बुद्धिजीवीहरू र आम जनसमुदाय गरी पाँच सय जनाको सहभागिता रहेको थियो।

सार्वजनिक सभा कार्यक्रम

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान–२०७० र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराको आयोजनामा ०७० कात्तिक २९ गते, पोखरामा नागरिक संवाद कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान – २०७० का संयोजक तथा इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेलको प्रमुख आतिथ्य, स्वच्छ निर्वाचनका लागि नागरिक अभियान, कास्कीका

सार्वजनिक सुनुवाइ कार्यक्रममा संविधानसभा सदस्य उम्मेदवार तथा स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका प्रतिनिधिहरू

सार्वजनिक सभाका सहभागी सङ्ख्या

क.सं.	क्षेत्र	जिल्ला र स्थान	मिति	सहभागी सङ्ख्या
१.	पूर्वाञ्चल	मोरङ, विराटनगर	२०७० कात्तिक ५	५०
		झापा, वितामोड	२०७० कात्तिक ६	३७
		सप्तरी, राजविराज	२०७० कात्तिक ७	४०
		सिरहा, लाहान	२०७० कात्तिक ८	३८
२.	पश्चिमाञ्चल	कास्की, पोखरा	२०७० कात्तिक २९	९९
३.	मध्यपश्चिमाञ्चल	जुम्ला, खलङ्गा	२०७० कात्तिक २२	५००
४.	सुदूरपश्चिमाञ्चल	कैलाली, कञ्चनपुर, डोटी, दार्चुला र डडेल्धुरा	२०७० कात्तिक ५ देखि २९ गतेसम्म	२५०
			जम्मा सहभागी सङ्ख्या	१०१४

अध्यक्ष तिलक आचार्यको सभाध्यक्षता, पत्रकार दीक्षितको विशेष आतिथ्यामा वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बराल, नवदत्त ढुंगाना, राष्ट्रिय मानवअधिकार आयोगका पश्चिमाञ्चल प्रमुख यज्ञ प्रसाद अधिकारी, महिला मानवअधिकार रक्षक सञ्जाल कास्कीका अध्यक्ष सरलाकुमारी पाण्डे, कोपिला नेपालका कार्यकारी निर्देशक वीना सिलवाल, मानअधिकारकर्मी खगराज आचार्य, प्राध्यापक डा. विश्वकल्याण पराजुलीलगायत नागरिक समाजका अगुवा, पत्रकार, मानवअधिकारकर्मी, संविधानसभा निर्वाचनका पर्यवेक्षकहरू, महिला अधिकारकर्मी, बुद्धिजीवी वर्गको सहभागिता रहेको थियो।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै: स्वच्छ निर्वाचनका लागि नागरिक अभियान २०७० का संयोजक तथा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले भने "पर्यवेक्षणलाई जहिले पनि त्रीपक्षीय सामूहिक प्रयासबाट हेरिनु पर्छ र यसले संवैधानिक अधिकार पाउने छ। हाम्रो देशमा राष्ट्रिय मानवअधिकार आयोग पनि छ। विगतको निर्वाचनहरू निर्वाचन स्वच्छ हुन सकेन। यद्यपी पर्यवेक्षण गर्ने संस्था कार्टर सेन्टरका जिम्मी कार्टर जस्ता व्यक्तिहरूले दिनको करिब १२ बजेको समयमा नै निर्वाचन स्वच्छ र भयरहित भयो भनेर घोषणा गरिदिनु भयो। यद्यपी पहिलाको निर्वाचनमा व्यापक धाँधली तथा निष्पक्ष मतदान हुन सकेको थिएन। हामी जातीय राज्यको विषयमा कुरा गर्दैछौं तर विदेशमा बस्ने नेपालीहरू धेरै जना एउटै कोठामा मिलेर बस्छन्। हाम्रो देशमा उम्मेदवारको संपरीक्षण हुँदैन। तर विदेशमा हुन्छ। यसबाट उम्मेदवारहरूको नैतिकता र मानवअधिकारको मापन हुन्छ। जनतासँगको सहकार्य सदैव हुन पनि जरुरी छ। आवधिक चिन्तनको बारेमा हाम्रो नेताहरू कत्तिको सचेत छन्, जम्मा मतदाताको एक प्रतिशत मत पनि आउन नसक्ने नेताहरू पनि छन्।"

मन्तव्यको क्रममा अभियान बारे प्रकाश पार्दै उनले भने "हाम्रो देशमा उग्रवादी, विखण्डनवादी र लम्पसारवादी तन्त्र अहिले हावी भएको छ। चेतनाको एउटा अभियान चलोस् भनेर हामीले स्वच्छ निर्वाचनको लागि नागरिक अभियान चलायौं। बाह्रवटा भाषाहरूमा रेडियोबाट जिल्लाहरू पनि बजिरहेको छ। यो अभियानले धेरै काम गरेको छ। यो धेरै प्रचारित पनि भएको छ। बुटवलमा एउटा एफएमको ३० लाखको हाराहारीमा श्रोता रहेका छन्। त्यस एफ एमबाट पनि जनतामा एउटा चेतना आएको छ। नराम्रा उम्मेदवारमध्ये पनि कम नराम्रालाई धोइपखाली गरेर पठाउन जरुरी छ। अब बायोमेट्रिक प्रणालीबाट मतदान हुन आवश्यक भइसकेको छ।"

अभियानका अभियन्ता एवम् वरिष्ठ पत्रकार कनममणि दीक्षितले संविधान सभाबाट देशको भविष्यको दस्तावेज बनाउने बताउँदै राष्ट्रियता विरोधी, भ्रष्ट बाहुबली, अपराधी र दण्डहीनतालाई प्रश्रय दिने र लोकतन्त्रको दोहलो काढ्नेलाई जनताले किन भोट दिने ?" भनेर प्रश्न गरे। कार्यक्रमको सञ्चालन इन्सेकका पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलले गरेका थिए।

जुम्ला

खलङ्गामा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालय इन्सेक, सेडा नेपाल, एचआरडिसी, हुरपान नेपाल र रेडियो कर्णाली एफएमको संयुक्त आयोजनामा २०७० कात्तिक २२ गते संविधानसभा सदस्य निर्वाचनका उम्मेदवारहरू बीच नागरिक संवाद कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा पूर्व वन मन्त्री तथा नेपाली काङ्ग्रेसका प्रतिनिधि भक्तबहादुर रोकायले आगामी एकवर्ष भित्र संविधान बनाउने र उक्त समयमा बनाउन नसके जनमत संग्रहमा जाने पार्टीको धारणा रहेको बताए। एमाले सचिवालय सदस्य गोविन्द अधिकारीले निर्वाचन आचारसंहिताको आफ्नो पार्टीले पूर्ण पालना गरेको बताए। नेमकिपाका प्रत्यक्ष उम्मेदवार जयबहादुर शाहीले ठूला पार्टीले देश बेचेको आरोप लगाउदै निर्वाचनका क्रममा भोज भतेर, टिर्सट, रिचार्जकार्ड अन्य दलका उम्मेदवारले बाडेको आरोप लगाए। यसैगरी नेकपा मालेका समानुपातिक उम्मेदवार हरिशरण आचार्यले कुन दलका नेताको व्यवहार के छ ? मतदाता प्रष्ट छन भन्दै असल उम्मेदवारलाई मतदान गर्न आग्रह गरे। राप्रपा नेपालका प्रत्यक्ष उम्मेदार रतिमान विष्टले कर्मचारीहरू सरकारी साधनको दुरूप्रयोग गरी प्रचारप्रसारमा हिडेको आरोप लगाए। राप्रपाका प्रत्यक्ष उम्मेदवार भवानीप्रसाद न्यौपानेले ठूला दलका नेताहरूमा इमान्दारीता खाचो भएको औल्याए। राष्ट्रिय जनमोर्चाका समानुपातिक उम्मेदवार गौरीलाल कार्कीले निर्वाचन स्वच्छ र

धनगढीमा आयोजित नागरिक सम्वाद कार्यक्रममा सहभागी कनकमणि दीक्षित, इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल र इन्सेक क्षेत्रीय संयोजक खड्कराज जोशी

भयरहित वातावरणमा हुनुपर्ने बताउदै आफ्नो पार्टी र उम्मेदवारले आचारसंहिताको पूर्णपालना गर्ने प्रतिवद्धता जनाए।

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जका कार्यक्रम संयोजक नारायण सुवेदीले आसन्न संविधानसभाको निर्वाचनमा मानवअधिकारको सम्मान गर्ने असल र योग्य उम्मेदवारलाई विजय गराउन मतदातालाई अनुरोध गरे। राजनीतिक दलहरूमा उग्रवादी, विखण्डनवादी र लम्पसारबादी प्रवृति रहेको औल्याउदै सुवेदीले दलहरूलाई यी प्रवृतिबाट टाढा रहन सुझाव दिए। कार्यक्रममा मतदाताहरूले दलहरूलाई निर्वाचन प्रचारप्रसारका क्रममा बालबालिकाको प्रयोग गरेको, भोज भतेर लगाएको, बढी रकम खर्च गरेको आरोप लगाएका थिए। कार्यक्रमको प्रत्यक्ष प्रसारण रेडियो कर्णाली एफएमले गरेको थियो। एचआरडिसीका अध्यक्ष राजेन्द्र महतको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन अभियानकर्ता लोकेन्द्र शाही र रेडियो कर्णाली एफएमका कार्यक्रम संयोजक विनोद शर्माले गरेका थिए भने स्वागत सेडा नेपालका मेघराज बुढाले गरेका थिए। कार्यक्रममा करिव पाँच सय जनाको सहभागिता रहेको थियो।

कञ्चनपुर

इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशीको नेतृत्वमा २०७० साल कात्तिक १२ कञ्चनपुर जिल्लाका भीमदत्त नगरपालिका, सुडा, बेलडाँडी, कलकत्ता, बेलौरी, लक्ष्मीपुर, आइबिआरडी, बाइसेबिचवा, भिमबस्ती, अम्मर बस्ती लगायतका स्थानहरूको अनुगमन गरियो। अनुगमनका क्रममा सुरक्षा निकायका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका नेता तथा कार्यकर्तासँग छलफल र स्थलगत भ्रमण गरिएको थियो। संविधान सभाको निर्वाचन सफल पार्नको लागि नागरिक समाज, पत्रकार सरोकारवाल पक्ष सबै सकारात्मक सोचका साथ लाग्नु पर्ने र जिल्लास्तरमा निर्वाचनको समयमा घटने घटना कम गर्नको सुरक्षाको व्यावस्था कडा गरिएको कन्चनपुर जिल्ला प्रहरी कार्यालयका एसपी राजेन्द्र चौधरीले जानकारी गराएका थिए।

कैलाली

इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशीको नेतृत्वमा २०७० साल कात्तिक १३ गते धनगढी नगरपालिका, गेटा , अत्तरिया, चौमाला, सुखड, बौनिया, चुवा, बलिया, लम्की, पथरैया दुगौली, टिकापुर नगरपालिका, मुनुवा, प्रतापपुर थापापुर, जोशीपुर, भजनी, दरख लगायतका स्थानहरूका सरोकारवालाहरूसँग भेटघाट, छलफल गरी स्वच्छ निर्वाचनका छलफल चलाइएको थियो।

इन्सेक क्षेत्रीय कार्यालय, धनगढीको आयोजनामा ०७० कात्तिक ५ गते सात सदस्यीय स्वच्छ निर्वाचनका लागि नागरिक सञ्जाल धनगढीमा गठन गरिएको थियो। मङ्सिर ४ गते हुन गइरहेको निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन र नागरिक सङ्घसंस्थाहरूको भूमिकालाई थप प्रभावकारी बनाउनका लागि नागरिक सञ्जाल निर्माण गर्ने उद्देश्यले इन्सेक क्षेत्रीय कार्यालय, धनगढीले उक्त छलफल कार्यक्रमको आयोजना गरेको थियो। सञ्जालको सचिवालय इन्सेक क्षेत्रीय कार्यालयमा रहने गरी नियोकका देवी खनाल, फाया नेपालका अध्यक्ष धनपति ढुङ्गेल, मानव अधिकारका लागि एकल महिला सञ्जालकी भगवती हमाल, गैरसरकारी संस्था महासङ्घका जिल्ला अध्यक्ष गणेश पार्की, एड-जसका अध्यक्ष चित्र पनेरु र राष्ट्रिय दलित नेटवर्कका राजेन्द्र रैका सञ्जालमा सदस्य रहेका थिए। छलफलमा जिल्ला स्थित गैरसरकारी कार्यालयहरू, राष्ट्रिय मानव अधिकार आयोग र जिल्ला बार इकाइ लगायत सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो।

०७० कात्तिक २८, २९ र मङ्सिर १ गते कैलाली सहजपुर, मालाखेतिमा छलफल चलाइएको थियो। डोटी जिल्लाका बुडवर, छतिबन, गैरा, गोपघाट, दिपायल, सिलगडी र डडेल्धुरा जिल्लाको भातकाँडा, स्याउले,

अम्मरगढी नगरपालिकामा अनुगमन गरिएको थियो। अभियानका क्रममा डोटी र डडेल्धुरा जिल्लामा नागरिक समाजका प्रतिनिधि, निर्वाचन कार्यालयका अधिकृतहरूसँग छलफल गरिएको थियो।

दार्चुला

जिल्लामा कात्तिक १४ गते नागरिक सञ्जाल समिति गठन भएको थियो। सरोकार राख्ने विभिन्न निकायहरूको बैठकले चुनावलाई स्वच्छ र निस्पक्ष बनाउन नागरिक समाजको भूमिका महत्वपूर्ण हुने भन्दै समिति गठन गरिएको थियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) दार्चुला र जिल्ला बाल कल्याण समितिको संयुक्त आयोजनामा भएको बैठकले नागरिक सञ्जाल समिति र जिल्ला बाल अधिकार समिति गठन गरिएको थियो। इन्सेक जिल्ला प्रतिनिधि नरेन्द्रसिह कार्कीलाई सञ्जाल समितिको संयोजक तथा जिल्ला बाल अधिकार समितिको सम्पर्क व्यक्तिको जिम्मेवारी दिइएको थियो। सदस्यहरूमा जिल्ला बार एसोसियसनका गगनसिह धामी, पत्रकार महासङ्घका केशवदत्त भट्ट, अपाङ्ग सङ्घ दार्चुलाका बीरसिह बिष्ट, नेपाल राष्ट्रिय दलित समाज कल्याण समितिका प्रेम चुनारा, गैरसरकारी संस्थाका दीपेन्द्रसिह सामन्त र सोभा अवस्थी सदस्य रहेका थिए। यसैगरी एकल महिला सञ्जालका गौरी अवस्थी, महिला सञ्जालका गोदावरी अवस्थी र जिल्ला बाल कल्याण समितिका मनोरथ जोशी सदस्य रहेका थिए। समन्वय समितिले जिल्लाका विभिन्न स्थानमा हुने आचारसंहिता उल्लङ्घन र बालबालिकाको प्रयोग सम्बन्धमा अनुगमन गरेको थियो। बैठकले निर्वाचन आचारसंहिता अनुगमन र बालबालिकाको प्रयोग सम्बन्धमा अनुगमन गर्न घुम्ती क्याम्प गर्न बास्केट फण्ड निर्माण गर्ने निर्णय गरेको थियो। समग्रमा देशभरीमा ११ जिल्लामा जिल्लागत र गाविस स्तरीय सार्वजनिक सभा सम्पन्न भएका थिए। अभियानको दौरानमा हजार बढी अगुवाहरू वीच समन्वय र सहकार्य गरिएको थियो।

७. स्थानीय तहमा संवाद

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका माध्यमबाट नागरिक संवाद स्थानीय तहसम्म पुऱ्याउने उद्देश्यले क्षेत्रीय र जिल्ला तहसम्म स्थानीय संवाद कार्यक्रम सम्पन्न गरियो। क्षेत्रमा इन्सेक क्षेत्रीय कार्यालय र जिल्लामा जिल्ला प्रतिनिधिहरूको सहजीकरण र समन्वयमा संवाद अभियान सञ्चालन भएका थिए। देशका ७५ वटै जिल्लामा स्वच्छ निर्वाचनका लागि नागरिक अभियन समन्वय समितिहरू गठन र परिचालन भएका थिए। समितिमा जिल्लामा क्रियाशील नागरिक अगुवाहरू, मानवअधिकारकर्मीहरू, पत्रकार, पर्यवेक्षकहरूको सहभागिता रहेको थियो। कूल १ हजार ५ सय बढी नागरिक अगुवाहरू नागरिक अभियानमा सङ्गठित भएर मतदाता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरेका थिए। समन्वय समितिहरूले निर्वाचन आचारसंहिता अनुगमन, निर्वाचन पर्यवेक्षण गर्नुका साथै जिल्लाको सुरक्षा अवस्था बारे चासो देखाएका थिए। कतिपय जिल्लाहरूमा आचारसंहिता उल्लङ्घन रोक्न निर्वाचन आयोगलाई ज्ञापनपत्र बुझाउने र प्रेस विज्ञप्ति मार्फत् सरोकारवालाहरूलाई सचेत पार्ने कार्य गरेका थिए। स्वयंसेवी रूपमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गर्ने समन्वय समितिमा आबद्ध नागरिक अगुवाहरूको सिर्जनशील र सक्रिय भूमिकाले स्वच्छ निर्वाचनका लागि वातावरण निर्माणमा ठूलो सहयोग पुगेको थियो।

सुदूरपश्चिमाञ्चल क्षेत्रमा आयोजित स्थानीय सम्वाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालय अन्तर्गतका इन्सेक जिल्ला प्रतिनिधिको पहलमा जिल्लाका सरोकारवाला निकाय तथा नागरिक समाजका प्रतिनिधिहरूसँग समन्व गरी नागरिक अभियान

गठन गरियो। धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछाप, दोलखा, रौतहट, बारा, पर्सा, चितवन, मकवानपुर, ललितपुर, काभ्रे, भक्तपुर, काठमाडौँ, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट र रसुवा गरी १९ ओटै जिल्ला प्रतिनिधिको पहलमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान गठन भएको थियो।

जिल्लामा गठित स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले नागरिक शिक्षा र मतदातालाई मानवअधिकारप्रति प्रतिबद्ध, इमान्दार र स्वच्छ उम्मेदवारलाई विजयी गराउने अभियान अन्तर्गत पोस्टर टाँस्ने तथा मतदाता शिक्षा र आचारसंहिताका विषयमा मतदातालाई सचेत तुल्याउनका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी सम्पन्न गऱ्यो।

नागरिक अभियानका प्रतिनिधिहरूले निर्वाचन आचारसंहिता उल्लङ्घन नगर्न विभिन्न कार्यक्रम तथा प्रेस विज्ञप्ति जारी गरी ध्यानाकर्षण गराउनुका साथै राजनीतिक दलहरूद्वारा निर्वाचन आचारसंहिता विपरीत झुन्ड्याइएका तुल ब्यानर, झण्डा, हटाउन मद्दत पुऱ्याएको थियो। सार्वजनिक चोक, सञ्चारमाध्यम, चिया पसल, सार्वजनिक कार्यक्रममा आचारसंहिताका उल्लङ्घनका घटना रोक्न र स्वच्छ निर्वाचनको वातावरण तयार गर्न रचनात्मक भूमिका निर्वाह गरियो। इन्सेकको पलमा गठित नागरिक अभियानले संविधासभा निर्वाचन निस्पक्ष, स्वतन्त्र र धाँधलीरहित रूपमा सम्पन्न भएको जनाएको छ।

पश्चिमाञ्चल विकास क्षेत्रमा १६ ओटै जिल्ला (कास्की, स्याङ्जा, गुल्मी, तनहुँ, गोरखा, बाग्लुङ, पर्वत, मुस्ताङ, मनाङ, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, रूपन्देही, नवलपरासी, लमजुङ र म्याग्दी) मा इन्सेकका प्रतिनिधिको संयोजनमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान समन्वय समिति गठन भए। समितिले नागरिक स्तरबाट संविधानसभा निर्वाचनको बारेमा सचेतना फैल्याउने, नागरिक स्तरबाट सम्वाद तथा बहस गर्ने, निर्वाचनको अनुगमन गर्ने र प्राप्त सूचनालाई सार्वजनिक गर्ने कार्य नागरिक समितिबाट भए। समितिमा जिल्लास्थित क्रियाशील संस्थाहरू सहित नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी, द्वन्द्वपीडित, अपाङ्ग, महिला, जनजाति, दलित, मधेसी लगायतको सहभागिता रहेको थियो।

मध्यपश्चिम क्षेत्रका बाँके, बर्दिया, सुर्खेत, दाङ, प्युठान, रोल्पा, रूकुम, सल्यान, जाजरकोट, जुम्ला, मुगु, डोल्पा लगायत १२ वटा जिल्लामा स्थानीय संवाद कार्यक्रम सम्पन्न भए। कार्यक्रममा स्वच्छ निर्वाचनका लागि नागरिक समिति गठन भएका थिए। दैलेख, कालीकोट र हुम्ला जिल्लामा जिल्ला प्रतिनिधिहरूद्वारा स्थानीय सरोकारवालाहरूसँग समन्वय र सहकार्य भए पनि विशेष कार्यक्रम भने हुन सकेनन्। कार्यक्रममा स्थानीय अधिकारी, निर्वाचन अधिकृत, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक अगुवाहरू, पर्यवेक्षक संस्थाहरू र आम मतदाताहरू बीच संवाद भएको थियो।

सुदूरपश्चिम क्षेत्रका नौ वटै जिल्लाहरू कैलाली, कञ्चनपुर, डोटी, अछाम, बझाङ, बाजुरा, डडेल्धुरा, बैतडी र दार्चुलामा स्थानीय संवाद कार्यक्रम सम्पन्न भए। त्यस क्रममा जिल्लामा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान समन्वय समितिहरू पनि गठन भए। जिल्लाका नागरिक अगुवाहरूको सहकार्य रहेको उक्त समितिहरूले सक्रियतापूर्वक नागरिक सचेतना अभियान सञ्चालन गरेका थिए। जिल्लामा अस्थित्वमा रहेमा सामाजिक संस्था, नागरिक अगुवा, वकिल पत्रकार सबैको अभियानमा सहकार्य रह्यो। स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालयद्वारा प्रकाशन गरिएका पोस्टर, हाते पर्चाहरू वितरण गर्ने, निर्वाचनको अवस्था बारे संयुक्त रूपमा अनुगमन र पर्यवेक्षण गर्नेकार्य यी साझा मञ्चहरूले गरेका थिए। क्षेत्रगत रूपमा अभियानको प्रचार प्रसार गर्न यस्ता गतिविधिहरूले सघाएका थिए।

अभियानको दौरानमा दर्जन बढी सामुदायिक एफ.एम. रेडियोहरू, मकालु टेलिभिजन, लुम्बिनी सामुदायिक टेलिभिजन, नेपालगन्जको भिजन टेलिभिजनहरूमा अभियन्ताहरू इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल, वरिष्ठ पत्रकार दीक्षित, अधिकारकर्मी चरण प्रसाई र नेपाल सरकारका पूर्व सचिव त्रिलोचन उप्रेतिले स्वच्छ निर्वाचनका लागि नागरिक अभियान बारेमा अन्तरवार्ता दिनु भयो। रेडियोहरूले कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गरेका थिए।

रेडियो जिङ्गल (Radio Jingles)

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानलाई प्रभावकारी बनाउन रेडियो जिङ्गलहरू तयार गरेर देशभरिका रेडियो तथा सामुदायिक रेडियोहरूबाट प्रसारण गरियो। नेपाली, मैथिली, भोजपुरी, मगर, थारू, तामाङ, राई, लिम्बू, नेवार र गुरुङ गरी १० भाषामा सार्वजनिक सूचनाहरू उत्पादन गरी प्रसारण गरिएको थियो। देशभरिका ५० भन्दा बढी रेडियोहरूबाट यी जिङ्गलहरू प्रसारण भएका थिए। २०७० कात्तिक ५ गतेदेखि निरन्तर जिङ्गलहरू प्रसारित भएका थिए। उज्यालो ९० नेटवर्कबाट समेत उत्पादित रेयिडयो जिङ्गलहरू प्रसारण गरिएका थिए। आम रूपमा सूचना, शिक्षा र सञ्चार सामग्रीको रूपमा प्रयोग होस् भनेर स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको वेब साइट *www.cleanelection.org* मा पनि राखिएको छ।

हाते पर्चा

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको परिचय सहितको पोस्टर छपाई गरी देशभरि वितरण गरिएको थियो। पर्चामा नागरिका कर्तव्य, मतदान गर्दा ध्यान दिनुपर्ने कुरा लगायतका विषयवस्तुहरू समेटिएका थिए। कूल २५ हजार हातेपर्चाहरू वितरण गरिएको थियो। संविधानसभा सदस्य निर्वाचनको तयारी अवधिको न्यूनताका कारण अन्य विविध स्थानीय भाषामा पनि प्रकाशन र वितरण गर्ने कार्य गर्न सम्भव भएन। क्षेत्रगत आधारमा पाँच हजारका दरले पोस्टरहरू वितरण गरिएको थियो। क्षेत्रहरू र जिल्लामा सम्पन्न भएका सभा, अन्तरक्रिया र अभियानका गतिविधिहरूका क्रममा पोस्टरहरू वितरण गरिएका थिए।



पोस्टर

"मानवअधिकार सम्मान गर्नेलाई मतदान गरौं, न्यायपूर्ण समाज निर्माणमा योगदान गरौं" लेखिएको नारा सहितको पोस्टर छपाई गरी देशभरी वितरण गरिएको थियो। कूल २५ हजार पोस्टरहरू वितरण गरिएको थियो। संविधानसभा सदस्य निर्वाचनको तयारी अवधिको न्यूनताका कारण अन्य विविध स्थानीय भाषामा पनि प्रकाशन र वितरण गर्ने कार्य गर्न सम्भव भएन। क्षेत्रगत आधारमा पाँच हजारका दरले पोस्टरहरू वितरण गरिएको थियो। क्षेत्रहरू र जिल्लामा सम्पन्न भएका सभा, अन्तरक्रिया र अभियानका गतिविधिहरूका क्रममा पोस्टरहरू वितरण गरिएका थिए।

संविधानसभा निर्वाचन, २०७० अनुगमन प्रतिवेदन

(क) निर्वाचन पूर्वका पर्यवेक्षण गतिविधि

संविधानसभा निर्वाचन २०७० मा आचारसंहिता उल्लङ्घन

आचारसंहिता उल्लङ्घन बुँदा नं	घटना सङ्ख्या
३०	३४९
२९	१३५
१२	५९
३५	५२
२०	४५
४८	४१
१०	३८
३२	३७
१५	३२
२१	२६
३९	१५
१४	९
३८	९
४७	८
११	६
२७	५
३४	५
७	४
२४	४
४६	४
२६	३
३३	३
३६	३
६५	३
७८	३
८४	३
१७	२
४४	२
४९	२
१९	१
२८	१
४५	१
७९	१
८७	१
जम्मा	९१२

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानअन्तर्गत संविधानसभा निर्वाचन, २०७० को अनुगमन तथा पर्यवेक्षण गर्ने क्रममा निर्वाचन आचारसंहिताको अनुगमन एक प्रमुख कार्य थियो। निर्वाचनको स्वच्छताका लागि निर्वाचन आचारसंहिता पालना भए नभएको आधारमा त्यसलाई मापन गर्ने एक पाटो मानिन्छ।

निर्वाचन ऐन, २०६३ को परिच्छेद ५, दफा २८ र २९ ले निर्वाचन आचारसंहिता बारमा व्यवस्था गरेको छ। ऐनको दफा २८ को उपदफा १ ले आयोगले निर्वाचन स्वच्छ, निस्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरण कायम राख्न नेपाल सरकार, सराकारी तथा अर्धसरकारी संस्थाका कार्यालय तथा कर्मचारी निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल, उम्मेदवार तथा उनीहरूसँग सम्बन्धत व्यक्तिहरू, सरकारी तथा निजी क्षेत्रका सञ्चारमाध्यमले पालना गर्नेपर्ने आचारसंहिता बनाई लागु गर्न सक्ने र यसरी आचारसंहिता बनाउँदा सम्बन्धित सरोकारवालाहरूसँग परामर्श गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी आचारसंहिता बनाउँदा तर्जुमा तथा कार्यान्वयन, जनशक्ति तथा स्रोत साधनहरूको परिचालन तथा सरकारी सञ्चारमाध्यमहरूको प्रयोग गर्न नपाउने गरी आचारसंहिता बनाउन सक्ने व्यवस्था रहेको छ। यसरी बनाएका आचारसंहिता नेपाल राजपत्रका प्रकाशित गर्नुपर्ने र यसको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने कानुनी व्यवस्था छ।

निर्वाचन स्वच्छ तथा निस्पक्ष रूपमा होस् भन्ने हेतुले स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले आचारसंहिता पालना भए नभएको सम्बन्धमा ७५ ओटै जिल्लाका इन्सेक प्रतिनिधि, पाँचओटा क्षेत्रीय कार्यालय र यस अभियानका सहकर्मी संस्थाका प्रतिनिधिमार्फत् अनुगमन गरेको थियो। यस अभियान अन्तर्गत कात्तिक १ गतेदेखि मतदानको दिन मङ्सिर ४ गतेसम्म नियमित अनुगमन गरिएको थियो।

यस अवधिमा संविधानसभा निर्वाचनको बहिष्कार तथा यसको विरोधमा सक्रिय



आचारसंहिता बुँदा नं. ३० को उल्लङ्घनमा राजनीतिक दलको संलग्नता र घटना सङ्ख्या



भइरहेको नेकपा-माओवादी लगायतको मोर्चाले चुनाव विरोधी क्रियाकलाप गरेका थियो। त्यसलाई पनि संविधानसभा निर्वाचन अवरोध गर्न एक मुख्य शक्तिको रूपमा लिई त्यसका गतिविधिलाई पनि आचारसंहिता उल्लङ्घनको मापदण्डमा राखी अनुगमन गरिएको थियो।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लङ्घनका जम्मा ९ सय १२ ओटा घटना अभिलेख भएका थिए। जसमा सबैभन्दा बढी आचारसंहिता उल्लङ्घन बुँदा नं. ३० ले व्यवस्था गरेको "अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, बैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा वा बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पऱ्याउनु हुँदैन" भन्ने भएको थिए। यस बुँदा विपरीत ३ सय ४९ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएका थिए। यसैगरी, बुँदा नं. २९ ले हात-हतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गराउन हुँदैन भन्ने व्यवस्था भए पनि यस विपरीत १ सय ३५ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएका थिए। आचारसंहिता विपरीतका ५९ ओटा घटना भने बुँदा नं. १२ मा व्यवस्था भएको "भित्ते लेखन गर्न, तुल, व्यानर प्रयोग गर्न वा गराउन हुँदैन" को भएको थियो।

सबैभन्दा बढी निर्वाचन आचारसंहिता उल्लङ्घनमा संलग्न निर्वाचनमा सहभागी भएका सात राजनीतिक दल र घटना सङ्ख्या



अनुगमनमा पाइएका १० बन्दा भढी आचारसंहिता उल्लङ्घन भएका अन्य

घटनाहरूमा आचारसंहिताको बुँदा नं. ३५ को विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्क, लगायतका निर्वाचन प्रचारका काम गर्नु हुँदैन भन्ने व्यवस्था विपरीतका ५२ ओटा कार्यहरू भएका छन्। यसैगरी, आचारसंहिताको बुँदा नं. २० को निर्वाचन आयोगद्वारा विपरीत मतदाता शिक्षा सम्बन्धी प्रचार सामग्री वा सूचनालाई बिगार्ने, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन भन्ने आचारसंहिता विपरीतका ४५ ओटा, बुँदा नं. ४८ को मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराने अभिप्रायले कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्नु वा गराउनु हुँदैन भन्ने विपरीतका कार्य ४१ ओटा, ३८ ओटा आचारसंहिता उल्लङ्घनका घटना आचारसंहिताको बुँदा नं. १० को धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन भन्ने व्यवस्था विपरीत भएका थिए। ३७ ओटा आचारसंहिता उल्लङ्घनका घटना भने बालबालिकालाई जुलुस, च्याली, आमसभा, बैठक वा भेलामा सहयमागी गराउन तथा निर्वाचन प्रचार-प्रचार र निर्वाचनसँग सम्बन्धित अन्य कुनै काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन भन्ने बुँदा ३२ विपरीतका कार्य भएको पाइएको थियो।

आचारसंहिता उल्लङ्घनका ३२ ओटा घटना बुँदा नं. १५ को कुनै राजनीतिक दल वा उम्मेदवारले टाँस गरेको वा त्यस्तो दल वा उम्मेदवारको तर्फबाट टाँस भएको पर्चा वा निर्वाच्न चिह्नलाई केरमेट गर्न उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँन वा टाँस्न लगाउन हुँदैन भन्ने विपरीत थिए भने बुँदा नं. २१ को मतदातालाई प्रभाव पार्ने उद्देश्यले नगद, जिन्सी र अन्य कुनै पनि सामग्री विरण गर्न वा प्रदान गर्न वा भोज भतेरको आयोजना गर्नु वा गराउनु हुँदैन विपरीतका २६ ओटा र बुँदा नं. ३९ को राजनीतिक दलले निर्वाच्न प्रचारका लागि एउटा जिल्लामा बढीमा दुई ओटा हलुका सवारीसाधन प्रयोग गर्न सक्नेछ भन्ने विपरीतका कार्य १५ ओटा भएका थिए।

आचारसंहिता उल्लङ्घनका पक्षहरू

निर्वाचनलाई बहिष्कार गर्ने रणनीति लिएका दलहरूलाई समेत यो आचारसंहिता लागु हुने निर्वाचन आयोगले जनाएको थियो। आचारसंहिताको २९ नं. बुँदा विपरीत बहिष्कार अभियानलाई तीव्रता दिएको नेकपा-माओवादी लगायतको समूहले विभिन्न स्थानमा विस्फोटक पदार्थ राख्ने र स्थानीय बासिन्दालाई त्रसित पार्ने

सबैभन्दा बढी निर्वाचन आचारसंहिता उल्लङ्घन भएका ११ जिल्ला र घटना सङ्ख्या



कार्य गरेको थियो। विस्फोटक पदार्थ पाइएको ठाउँमा प्रहरी वा सेनाको बम डिस्पोजल टोलीले यस्ता सामग्रीहरू निस्क्रिय पारेको थियो।

संविधानसभा निर्वाचनमा सहभागी राजनीतिक दलहरूले स्वच्छ र निस्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्न आफूहरूलाई बनाएको संविधानसभा निर्वाचन आचारसंहिता उल्लङ्घन गर्न भने बाँकी राखेनन्। यसमा नेकपा-माओवादी र निर्वाचन बहिष्कारमा संलग्न मोर्चाबाट भएका आचारसंहिता बाहेक निर्वाचनमा संलग्न २६ ओटा राजनीतिक दलले आचारसंहिता उल्लङ्घन गरेको पाइयो। तीबाट आचारसंहिता उल्लङ्घनका ७ सय १० ओटा घटना भएका थिए। एकीकृत नेकपा माओवादीले २ सय २३ ओटा, नेपाली काङ्ग्रेसले १ सय २८ ओटा, नेकपा एमालेले ७६ ओटा, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) र राप्रपाले १३/१३ ओटा, राप्रपा नेपालले १२ ओटा, सङ्घीय समाजवादी पार्टीले ११ ओटा र मधेसी जनअधिकार फोरम नेपालले १० ओटा आचारसंहिता उल्लङ्घनका कार्य भएका थिए।

एमाओवादीले २ सय २३ ओटा आचारसंहिता उल्लङ्घनका घटना गरेकोमा ९४ ओटा घटना आचारसंहिताको बुँदा नं. ३० उल्लङ्घन गरेको थियो। नेपाली काङ्ग्रेसले १२८ ओटा आचारसंहिता उल्लङ्घन गरकोमा सबै भन्दा बढी ४१ ओटा घटना बुँदा नं. ३० बुँदा विपरीतको कार्य गरेको पाइयो। यसैगरी, नेकपा एमालेले ७६ ओटा घटनामा ३० नं. बुँदामा २४ ओटा आचारसंहिता विपरीतको कार्य गरेको थियो।

निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीलाई आचारसंहिता उल्लङ्घनका घटनाको प्रतिवेदन बुझाउँदै स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका संयोजक तथा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल

निर्वाचन आचारसंहिता उल्लङ्घनमा संलग्न राजनीतिक दल र घटना सङ्ख्या

एकीकृत नेकपा (माओवादी)	२२३
अन्य	२०२
नेकपा-माओवादी	१९२
नेपाली काङ्ग्रेस	१२८
नेकपा (एमाले)	७६
मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)	१३
राष्ट्रिय प्रजातन्त्र पार्टी	१३
राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल	१२
सङ्घीय माजवादी पार्टी	११
मधेशी जनअधिकार फोरम, नेपाल	१०
मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्	९
तराई-मधेस लोकतान्त्रिक पार्टी	४
राष्ट्रिय जनमोर्चा	४
लिम्बूवान राज्य परिषद्	२
अखण्ड नेपाल पार्टी	१
अखण्ड सुदूरपश्चिम पार्टी	१
गरिब जनताको क्रान्ति पार्टी	१
जनमोर्चा नेपाल	१
तराई मधेस सद्भावना पार्टी	१
नेकपा (माले)	१
नेपाल परिवार दल	१
नेपाल मजदुर किसान पार्टी	१
मङ्गोल नेशनल अगनाइजेशन	१
राष्ट्रिय यथार्थवादी पार्टी	१
राष्ट्रिय स्वाभिमान पार्टी	१
सङ्घीय गणतान्त्रिक माजवादी पार्टी	१
सद्भावना पार्टी	१
जम्मा	९१२

क्षेत्रगत आधारमा आचारसंहिता उल्लङ्घन

आचारसंहिता उल्लङ्घन र क्षेत्रगत अवस्था

यस स्वच्छ निर्वाचनका लागि नागरिक अभियन अन्तर्गत संविधानसभा निर्वाचन २०७० को अनुगमन तथा पर्यवेक्षण गर्ने क्रममा पूर्वाञ्चल क्षेत्रमा सबै भन्दा बढी निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको पाइएको छ। क्षेत्रगत आधारमा पूर्वाञ्चल क्षेत्रमा २ सय ६८ ओटा, मध्यमाञ्चल क्षेत्रमा २ सय २६ ओटा, पश्चिमाञ्चल क्षेत्रमा १ सय ३९ ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा २ सय १२ ओटा, सुदूरपश्चिमाञ्चल क्षेत्रमा ६७ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएको पाइएको थियो।

क्षेत्रगत आधारमा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना सङ्ख्या



आचारसंहिता उल्लङ्घनको जिल्लागत अवस्था

यस स्वच्छ निर्वाचनका लागि नागरिक अभियानमा ७२ ओटा जिल्लामा भएका आचारसंहिता उल्लङ्घनका घटनाको अभिलेख गरिएको थियो। सचिवालयमा प्राप्त अभिलेख अनुसार ९ सय १२ ओटा आचारसंहिता उल्लङ्घनका घटना घएकोमा सबै भन्दा बढी आचारसंहिता उल्लङ्घन ४९ ओटा बर्दिया जिल्लामा भयो भने सोलखुम्बु मुस्ताङ र हुम्लामा एउटा पनि आचारसंहिता उल्लङ्घन भएका घटनाको सूचना प्राप्त भएन।

जिल्लागत आधारमा बर्दियापछि धादिङमा ४३, चितवन, खोटाङ, धनकुटा र रूकममा २९/२९ ओटा, इलाममा २७ ओटा, गोरखा र पाँचधर २४/२४ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएको अभिलेख स्वच्छ निर्वाचनको लागि नागरिक अभियानको सचिवालयमा प्राप्त भएको थियो।

पूर्वाञ्चल क्षेत्र

आचारसंहिता उल्लङ्घनको अवस्था

यस सचिवालयमा प्राप्त अभिलेख अनुसार, यस क्षेत्रमा संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लङ्घनका २ सय ६८ ओटा घटना मध्ये सबै भन्दा बढी धनकुटा र खोटाङ् जिल्लामा २९/२९ ओटा भएका थिए। यसैगरी इलाममा २७ ओटा, पाँचथरमा २४, तेह्रथुममा २३ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएका थिए। यस क्षेत्रका १६ जिल्लामध्ये सोलुखुम्बुमा कुनै पनि आचारसंहिता उल्लङ्घन भएको घटना सचिवालयमा अभिलेख भएन।

यस क्षेत्रमा नेकपा-माओवादी ५८ ओटा, नेपाली काङ्ग्रेस ३८ ओटा, एमाओवादी ३७ ओटा र एमाले

२८ ओटा आचारसंहिता उल्लङ्घनका घटनामा संलग्न भएको पाइयो।

पूर्वाञ्चलबाट प्राप्त अभिलेख अनुसार जम्मा २ सय ६८ ओटा घटना भएका थिए जसमा सबैभन्दा बढी आचारसंहिता उल्लङ्घन बुँदा नं. ३० ले व्यवस्था गरेको "अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, बैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा वा बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन" भन्ने बुँदा विपरीत ८३ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएका थिए

यसैगरी, बुँदा नं. २९ ले हातहतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गराउन हुँदैन भन्ने व्यवस्था भए पनि यस विपरीत ३८ ओटा आचारसंहिता उल्लङ्घनका घटना भएका छन्। आचारसंहिता विपरीतका १९ ओटा घटना भने बुँदा नं. १२ मा व्यवस्था भएको "भित्ते लेखन गर्न, तुल, व्यानर प्रयोग गर्न वा गराउन हुँदैन" र बालबालिकालाई जुलुस, च्याली, आमसभा, बैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रचार र निर्वाचनसँग सम्बन्धित अन्य कुनै काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन भन्ने बुँदा ३२ विपरीतका कार्य भएको पाइयो।

आचारसंहिता उल्लङ्घनका प्रतिनिधिमूलक घटना

झापा

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले बन्द हड्ताल, बम र बिस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। अवरोध पुऱ्याउने माओवादीका जिल्लास्तरीय कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक मुद्दाअन्तर्गत कारबाही चलाएको थियो। उनीहरूलाई निर्वाचन सकिएपछि धरौटीमा रिहा गरिएको छ।

नेकपा मालेका झापा क्षेत्र नं. ३ का प्रत्यक्ष तर्फका उम्मेदवार नवराज खरेललाई कात्तिक २५ गते बिहान जलथला गाविस-३ स्थित आफ्नै घरबाट अज्ञात समूहले अपहरण गरी १० घण्टा पछि मुक्त गऱ्यो । त्यसैगरी सतासीधामको माइधारबाट कात्तिक २६ गते अपराह्न आमा नेपाल पार्टीका तर्फबाट क्षेत्र नं ५ की प्रत्यक्ष उम्मेदवार चिन्तादेवी ढुङ्गाना पनि अपहरणमा परि २४ घण्टापछि मुक्त भइन् । सोही दिन साँझ सङ्घीय लिम्बूवान राज्य परिषदका झापा क्षेत्र नं. ३ र इलाम क्षेत्र नं. १ बाट प्रत्यक्ष उम्मेदवारी दिएका गोपाल थेवे पनि बिर्तामोढबाट अपहरणमा परे । उनी २० घण्टापछि मुक्त भए । यसरी क्रमश अपहरण हुँदै मुक्त हुने तीनै जनालाई अपहरणमा संलग्न समूहले केही समय नियन्त्रणमा राखि "उम्मेदवारी फिर्ता" लिने सहमतिमा छाडेको थियो ।

इलाम

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले इलाम बजार, मेची राजमार्ग, एमाले उम्मेदवार सुवासचन्द्र नेम्वाङको आमसभास्थलमा बिस्फोटक पदार्थ राखेर निर्वाचन प्रचारप्रसार र मानिसको आवतजावतमा अवरोध पुऱ्याएको थियो। अवरोध पुऱ्याउने माओवादीका जिल्लास्तरीय कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक मुद्दाअन्तर्गत कारबाही चलाएको थियो। उनीहरूलाई निर्वाचन सकिएपछि धरौटीमा रिहा भए।

पाँचथर

निर्वाचनपूर्व नेकपा माओवादीको नेतृत्वको मोर्चाले विशेष गरेर ग्रामीण क्षेत्रमा निर्वाचनमा सहभागी नेकाँ, एमाले, राप्रपा नेपाललाई सभा, जुलसजस्ता प्रचारप्रसारका कार्यक्रम गर्न अवरोध पुऱ्याएको थियो। जिल्ला सदरमुकाममै राप्रपा नेपाललाई सभा र च्याली गर्न रोक लगाउँदै सङ्घीय लिम्बूवान राज्य परिषदका कार्यकर्ताहरूले झण्डा ब्यानर खोसेर अवरोध गरेका थिए। नेका र एमालेले गर्ने भनिएका केही आमसभास्थलमा विस्फोटक पदार्थ राखेर निर्वाचन प्रचारप्रसार र मानिसको आवतजावतमा अवरोध पुऱ्याइएको थियो। अवरोध पुऱ्याउने माओवादीका जिल्लास्तरीय कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक मुद्दाअन्तर्गत कारबाही

नेकपा–माओवादीले आक्रमण गरी घाइते बनाइएका एमाओवादीका उम्मेदवार सन्चमान मादेन

चलाएको थियो। उनीहरूलाई निर्वाचन सकिएपछि धरौटीमा रिहा गरिएको छ। यस अवधिमा १५ ठाउँमा बम बिस्फोट भयो। तर निर्वाचनको दिन डर र त्रासले गर्दा लुङरूपा गाविस-९ फेजुङस्थित सिदेश्वर माबि फेजुङमा नौसय ४६ रहेकोमा प्रत्यक्षतर्फ ६१ मत खसेको र समानुपातिकतर्फ ९२ जनाले मतदान गरेका थिए भने अन्य स्थानमा सामान्य रूपमा मतदाताहरूले मत हालेका थिए।

ताप्लेजुङ

निर्वाचनपूर्व नेकपा माओवादीको नेतृत्वको मोर्चाका कार्यकर्ताले एमाओवादीका उम्मेदवार सञ्चमान मादेनलाई प्रचारप्रसारको क्रममा आक्रमण गरेर घाइते बनाएका थिए। एमालेको आमसभास्थलमा मोर्चाका कार्यकर्ताहरूले सकेट बम बिस्फोट गराउँदा एक बालकसहित सात जना घाइते भएका थिए। मोर्चाका केही कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक मुद्दा लगाएको थियो। उम्मेदवार यदाकदा मतदाताहरूलाई त्रसित पार्न फायरिङ गर्ने तथा शङ्कास्पद बस्तु राखी मतदाता रोक्ने प्रयास गरेपनि सफल हुन सकेन। तर निर्वाचनका दिन सहज रूपमा मतदान सम्पन्न भएकोथियो।

मतगणनाको निरीक्षण गर्दै पूर्वाञ्चल क्षेत्रीय संयोजक सोमराज थापा

मोरङ

पूर्व नेकपा माओवादीका चार जना जिल्लास्तरीय कार्यकर्ताहरू गिरफ्तार गरेर सार्वजनिक मुद्दमा कारवाही गरेको थियो। निर्वाचनको दिन अज्ञात समूहले पथरी गाविस-१ स्थित पथरी बजारमा र पथरी बहुमुखी क्याम्पसअगाडि (जहाँ निर्वाचनको मतदान केन्द्र पनि थियो) क्रमश: सकेट र सुतली बम राखेर जनजीवन प्रभावित बनाएको थियो। त्यस्तै कसेनी गाविस-५ स्थित कसेनी बजार र डाँगीहाट गाविस-५ स्थित लक्ष्मीमार्गमा कुकरमा बालुवा राखेर तामाको तार जोडी खतरा लेखेर राखेको पाइएको थियो। माथि उल्लिखित बम र शकास्पद बस्तु नेपाली सेनाको टोलीले हटाएको थियो। केही घटनाहरू छिटपुट रूपमा भए पनि निर्वाचनको दिन सहजरूपमा मतदान सम्पन्न भएको थियो। तर निर्वाचनपश्चात् मतगणनाको पहिलो दिन एमाओवादीले र दोस्रो दिन मधेसी जनअधिकार फोरम नेपाल र लोकतान्त्रिकले धाँधली भएको भन्दै बहिस्कार गरेका थिए। बहिस्कारपछि रोकिएको मतगणना कार्य इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापाको नेतृत्वमा पर्यवेक्षकहरूको सहभागितामा र रोहबरमा पुन: मतगणना भएको थियो।

सुनसरी

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले बन्द हड्ताल, बम र बिस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। एमालेका उम्मेदवार भीमप्रसाद आचार्यको घरमा शंकास्पद वस्तु राखेर त्रसित पारिएको थियो। एमाले उम्मेदवार भगवती चौधरीको निर्वाचन प्रचारप्रसारमा प्रयोग भएको सवारी आगजनी गरिएको थियो।



धनकुटाको बसन्तटारमा जलाएको गाडी

धनकुटा

निर्वाचनपूर्व चुनाव प्रचारप्रसारमा प्रयोग भएको नेकाको सावरीमा आगजनी भयो। राप्रापाकाको चुनाव प्रचारप्रसारमा एमालेका कार्यकर्ताहरूले अवरोध गरेका थिए। एमाओवादीको नवर्निमित कार्यालय भवनको छतमा विस्फोटक पदार्थ विस्फोट गराइएको थियो। निर्वाचनको दिन दुई ठाउँमा बम फेला परेको थियो। निर्वाचनपश्चात जिल्ला शान्तिपूर्ण रह्यो।

भोजपुर

निर्वाचनको दिन मूलपानी गाविस दिङ्लास्थित कृषि विकास भवनमा र कुदाकाउले गाविसस्थित सडकमा फेला परेको सकेट बम सेनाको डिस्पोजल टोलीले सोही दिन निष्कृय पारेको थियो। जिल्ला प्रहरी प्रमुख डीएसपी नातीराज गुरुङका अनुसार अज्ञात समूहले मतदातालाई मतदान गर्नबाट रोक्न कुदाकाउले गाविसमा बाटो छेक्ने गरी रूखमा झुण्डयाएर राखेको बम सेनाको टोलीले निष्कृय पारेको थियो। त्यस्तै धोर्लेपानी राखिएको सकेट बम पनि सेनाको टोलीले निष्कृय पारेको थियो। एमालेका उम्मेदवार कृपासुर शर्पासहितको चुनाव प्रचारप्रसार टोलीमाथि पहाडको भीरबाट ढुङ्गा लडाएर आक्रमण गरिएको थियो।

तेह्थुम

एकीकृत नेकपा माओवादीको जिल्लास्तरीय आमसभालाई ०७० कात्तिक ७ गते नेकपा-माओवादीका जिल्लास्तरीय कार्यकर्ताले निर्वाचन प्रचारप्रसार कार्यक्रमलाई वाटोमा रूख लडाएर अवरोध पुऱ्याए। सिम्ले गाविस- २ मा मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले २०७० कात्तिक ९ गते जिल्ला निर्वाचन कार्यलयको मतदात शिक्षाका लागि ल्याइएको सामान कर्मचारीबाट खोसेर आगजानी गरेका थिए। चुनावमा भाग लिएका नेपाली काङ्ग्रेस, एमाले र एमाओवादीका कार्यकर्ताहरूबीच केही ठाउँमा झडप र कुटपिटजस्ता घटनामा सहभागी भएका थिए।

सङ्खुवासभा

जलजला गाविस-३ को तोरीबारीमा एकीकृत नेकपा (माओवादी) का उम्मेदवार राजेन्द्रप्रसाद किराँतीलाई कात्तिक २३ गते साँझ अज्ञात समूहबाट बाटो छेकेर आक्रमण प्रयास भयो। अज्ञात समूहले जलजला गाविस-२ याङसिजुङको कालिका माविमा कार्यक्रम गर्न खोज्दा स्थानीय युवाहरूले ढुङ्गामुढा गरी लखेटेपछि किराँती भागेर जाने क्रममा जलजला गाविस-३ को तोरीबारीमा अर्को अज्ञात समूहले आक्रमण प्रयास गरेको थियो। निर्वाचन शान्तिपूर्ण सम्पन्न भएको थियो। एक ठाउँमा जङ्गलमा हवाइ फायरिङ भयो र एसएलआर फेला परेको थियो।

सप्तरी

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले बन्द हड्ताल, बम र बिस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। अवरोध गर्ने नेकपा-माओवादी जिल्ला इन्चार्ज देवनाथ यादवलाई प्रसवनी गाविस-बनौलीबाट मङ्सिर ४ गते विहान, जिल्ला सचिव दिपेन्द्र माझीलाई कात्तिक २४ गते, क्षेत्र नम्बर २ का एरिया इञ्चार्ज बच्चेलाल सरदार, दलित राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला उपाध्यक्ष फरेबी सदा र भोलाप्रसाद यादवलाई मङ्सिर २ गते प्रहरीले गिरफ्तार गरेको थियो। मालेका उम्मेदवारलाई अज्ञात समूहले घरैमा गई कुटपिट गरेको थियो। निर्वाचनको दिन राजविराजलगायत केही ठाउँमा विस्फोटक पदार्थ फेला परे पनि कुनै अप्रिय घटना भएन।

सिरहा

निर्वाचनपूर्व नेकपा माओवादीको मोर्चाले बन्द हड्ताल, बम र बिस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। गोलबजारमा विस्फोटक पदार्थ फेला परेकोमा सेनाले निष्कृय पारेको थियो। क्षेत्र नम्बर ५ मा

सिरहाको जमदह गाविसमा राखिएको सकेट बम

एमावोवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड कात्तिक ८ गते घर दैलो कार्यक्रममा कार्यकर्तासँग भेटघाटको लागि आउनु पूर्व जम्दह गाविस र मुक्सार गाविसमा अज्ञात समूहले बम राखेको थियो। जसलाई नेपाली सेनाको टोलिले निष्कृय बनाएको थियो। मानविय क्षति भएन। चुनावमा भाग लिएका नेकाँ, एमाले, एमाओवादी,,फोरम लोकतान्त्रिक, फोरम नेपाल, सद्भावना राजनीतिक दलबीच छिटफुट झडप, कुटपिटका घटनाहरू भएका थिए। निर्वाचको दिन क्षेत्र नम्बर-५ मा एमाओवादीले बुथ कब्जा गरेको एमालेलगायतका मधेसवादी दलले आरोप लगाएर पुन: निर्वाचन गर्न माग गरे पनि निर्वाचन कार्यालयले सुनुवाइ गरेन।

उदयपुर

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले बन्द हड्ताल, बम र विस्फोटक पदार्थ राखेर अवरोध पुऱ्याएका थिए। विभिन्न स्थानमा अज्ञात समूहले बम विस्फोट गराएर सर्वसाधारणलाई त्रसित पारेको थियो। जिपमा पेट्रोल बम प्रहार गर्ने बेल्टार गाविस-९ घरभई नेकपा-एकीकृतका किराँत राज्य समिति सदस्य ५४ वर्षीय बाबुराम सुवेदीलाई इलाका प्रहरी कार्यालय बेल्टारले गिरफ्तार गरेको थियो। एकीकृत नेकपा माओबादीले रौता गाविस-९ मा आयोजना गरेको चुनावी सभालाई लक्षित गर्दै बजारमा ग्रिनेट फालेको थियो।

खोटाङ

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले बन्द हड्ताल, बम र विस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। अवरोध गर्ने माओवादीका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक मुद्दामा कारबाही चलाएको थियो। एमाओवादी, नेपाली काङ्गेस, एमाले, सङ्घीय समाजवादी पार्टीहरूबीच प्रचारप्रसारको क्रममा केही ठाउँमा सामान्य झडप, कुटपिट, प्रचारप्रसारमा रोक लगाउने जस्ता घटनाहरू भएका थिए। निर्वाचनको दिन कुनै अप्रिय घटना भएन। निर्वाचनपश्चात वातावरण शान्तिपूर्ण रह्यो।

नेपाली काङ्ग्रेस कार्यकर्ताएको खुकुरी प्रहारबाट घाइते भएका खोटाङका एमाले कार्यकर्ता नरसिंबहादुर खड्का

ओखलढुङ्गा

निर्वाचनपूर्व नेकपा माओवादीको ३३ दलीय मोर्चाले बन्द हड्ताल, बम र विस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। अवरोध गर्ने माओवादीका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक मुद्दामा कारबाही चलाएको थियो। एकीकृत नेकपा माओवादीले आफ्ना मतदाता मतदान केन्द्रमा ओसार्न सवारी प्रयोग गरेको थियो। पोखरे गाविसको खानीभञ्ज्याङ्गबाट कालिका निमावि पोखरे-४ मा रहेको मतदान केन्द्रमा ०७० मङ्सिर ४ गते बिहान बा२च ५२१२ नम्बरको बस प्रयोग गरेको पाइएको थियो। राष्ट्रिय मानवअधिकार आयोगको अनुगमन टोलीले गरेको अनुगमनमा बस प्रयोग गरेको पाइएपछि प्रहरी टोलीले बस नियन्त्रणमा लिइएको थियो। अन्य दिन सामान्य झडपका घटना भए पनि मतदान दिनभर शान्तिपूर्ण भएको थियो। निर्वाचनपछि एमाले, नेपाली काङ्ग्रेस र एमाओवादीका कार्यकर्ताबीच केही ठाउँमा सामान्य कुटपिटका घटनाहरू भएका थिए। निर्वाचनको दिन कुनै अप्रिय घटना भएन। निर्वाचनपश्चात वातावरण शान्तिपूर्ण रह्यो।

सोलुखुम्बू

निर्वाचनपूर्व नेकपा माओवादीको मोर्चाले बन्द, हड्ताल, बम र विस्फोटक पदार्थ राखेर अवरोध गरेका थिए। केही ठाउँमा एमाले, नेकाँ र एमाओवादीका कार्यकर्ताबीच सामान्य झडपका घटना भएका थिए।

मध्यमाञ्चल क्षेत्र

आचारसंहिता उल्लङ्घनको अवस्था

मध्यमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचन २०७० को आचारसंहिता उल्लङ्घनका २ सय २६ ओटा घटना यस सचिवालयमा अभिलेख भए। जसमा सबै भन्दा बढी धादिङमा ४३ ओटा, चितवनमा २९ ओटा, काठमाडौँमा २७ ओटा, र रामेछापमा २० ओटा आचारसंहिता उल्लङ्घनका घटना अभिलेख भए। यस क्षेत्रका १९ जिल्ला मध्ये सबैभन्दा थोरै भक्तपुर र पर्सामा २/२ ओटा आचारसंहिता उल्लङ्घनका घटना अभिलेख भएका छन्।

यस क्षेत्रमा संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लङ्घनका २ सय २६ ओटा घटना मध्ये एमाओवादी ८४ ओटा, नेपाली काङ्ग्रेस ३४ ओटा, नेकपा-माओवादी ३३ ओटा र एमाले ११ ओटा आचारसंहिता उल्लङ्घनका घटनामा संलग्न भएको पाइयो।

मार्ने धम्कीका घटना सङ्ख्या

क्र.सं.	जिल्ला	पीडित सङ्ख्या
१.	ललितपुर	२
२.	सिन्धुपाल्चोक	२
३.	नुवाकोट	१
४.	धादिङ	१
५.	पर्सा	१

बम तथा विस्फोटक पदार्थको घटना विवरण

क्र.सं.	जिल्ला	विस्फोटक पदार्थ सङ्ख्या	निस्कृय
१.	धनुषा	३	३
२.	रौतहट	१	१
३.	मकवानपुर	४	४
४.	चितवन	९	४
५.	धादिङ	३	२
६.	ललितपुर	१	१
७.	भक्तपुर	१	१
८.	सिन्धुपाल्चोक	३	३
९.	काभ्रे	३	३
१०.	दोलखा	७	७
११.	महोत्तरी	३	३
१२.	सर्लाही	२	२
१३.	काठमाडौँ	१	१
	जम्मा	४१	३५

मध्यमाञ्चल क्षेत्रमा सबैभन्दा बढी आचारसंहिता उल्लङ्घन बुँदा नं. ३० ले व्यवस्था गरेको "अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, बैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा वा बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन" भन्ने बुँदा विपरीत ७४ ओटा घटना भएका थिए।

यसैगरी, आचारसंहिताका ३७ ओटा उल्लङ्घनका घटना बुँदा नं. २९ ले हात हतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गराउन हुँदैन भन्ने व्यवस्था विपरीतका कार्य भएको सचिवालयमा अभिलेख छ। आचारसंहिता विपरीतका २३ ओटा घटना भने बुँदा नं. १२ मा व्यवस्था

विस्फोटक पदार्थ तथा गोली प्रहारबाट मृत्यु भएको सङ्ख्या

क्र.सं.	जिल्ला	सङ्ख्या
१.	मकवानपुर	१
२.	बारा	२
	जम्मा	३

झडप तथा विस्फोटनबाट घाइते सङ्ख्या

क्र.सं.	जिल्ला	घाइते सङ्ख्या
१.	धनुषा	३
२.	सर्लाही	२१
३.	सिन्धुली	११
४.	बारा	२५
५.	पर्सा	१
६.	रौतहट	७
७.	मकवानपुर	११
८	चितवन	१७
९.	धादिङ	२४
१०.	काठमाडौँ	१८
११.	ललितपुर	१
१२.	सिन्धुपाल्चोक	१२
१३.	काभ्रे	२
१४.	दोलखा	१२
१५.	नुवाकोट	१२
१६.	रसुवा	१
१७.	रामेछाप	४
	जम्मा	१७३

गोली प्रहार गरी हत्या गरिएका बारा क्षेत्र नं. ४ का एमाले उम्मेदवार मोहम्मद आलम

भएको "भित्ते लेखन गर्न, तुल, व्यानर प्रयोग गर्न वा गराउन हुँदैन" विपरीतका कार्य भएका छन्। १६ ओटा आचारसंहिता उल्लङ्घनका घटना आचारसंहिताको बुँदा नं. १० को धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन भन्ने व्यवस्था विपरीत भएका छन्।

संविधानसभा निर्वाचन पूर्व मध्यमाञ्चल क्षेत्र अन्तर्गतका जिल्लाहरूमा राजनीतिक दल, निर्वाचन बहिस्कारमा लागेका नेकपा-मओवादी लगायत ३३ दलीय मोर्चाबाट निर्वाचन आचारसंहिता तथा मानवअधिकार उल्लङ्घनका घटना भएका थिए।

निर्वाचन आयोगले जारी गरेको संविधानसभा निर्वाचन २०७० आचारसंहिता विपरीत चुनावी प्रचार प्रसार गरेको, राजनीतिक दलहरूबीच झडप, आक्रमण, कुटपिट, आगजनी, यात्रु बोकेको गाडिमा प्रेट्रौल बम प्रहार गर्ने, जनतालाई त्रसित गर्न बम तथा विस्फोटक पदार्थ विभिन्न ठाउँमा राख्ने लगायतका निर्वाचनसँग सम्बन्धित उल्लङ्घनका घटनाहरू भएका छन्।

निर्वाचनका क्रममा मध्यमाञ्चल क्षेत्र अन्तर्गतका बारा जिल्लाका ४ नम्बर क्षेत्रका उम्मेदवार मोहम्मद आलमको असोज १८ गते गोली प्रहार भएकोमा उपचारको क्रममा काठमाडौँस्थित त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा मृत्यु भयो भने गुडिरहेको यात्रुवाहक बसमा कात्तिक २८ गते मकवानपुरको बासामाडी गाविस २ मा अज्ञात समूहबाट गरिएको पट्रोल बम प्रहारबाट कलैया नपा-७ का सहचालक १७ वर्षीय राकेश यादवको मृत्यु भयो। उक्त घटनामा १२ जना घाइते भएका थिए।

एमाओवादी कार्यकर्ताले आगो लगाई घाइते बनाइएकी रसुवाकी लक्ष्मी आचार्य

त्यसैगरी बन्दको क्रममा पुर्वपश्चिम रामार्गको वारा जिल्लाको पथलैया-निजगढ सडकमा अज्ञात समूहले पेट्रोल प्रहार गर्दा घाइते भएका निजगढ गाविस-७ का ट्रक चालक राजु देउजा क्षेत्रीका मृत्यु भयो भने सोही घटनामा परि सोही ठाउँका ट्रक धनी ४५ वर्षीय हरि प्रसाई घाइते भएका थिए।

यसैगरी अज्ञात समूहले काठमाडौंको सामाखुसीमा माइक्रोबसमा पेट्रोल बम प्रहार गर्दा माइक्रोमा यात्रा गरिरहेका आठ जना यात्रु घाइते भए। त्यसैगरी लगनखेलबाट रत्नपार्क चल्ने माइक्रो बसमा कुमारीपाटीमा पेट्रोल बम प्रहारबाट चार वर्षीय बालक अभिषेक लामा घाइते भए। त्यस्तै काठमाडौँको सतुंगलमा अज्ञात व्यक्तिहरूले पेट्रोल बम प्रहार गर्दा एक जना बालिका सहित नौँ जना घाइते भएका थिए।

रसुवा लहरेपौवा गाविस-३ बनुवाका ३५ वर्षीया लक्ष्मी आचार्यलाई एमाओवादी कार्यकर्ताहरूले आगो लगाएर घाइते बनाए।

मध्यमाञ्चल क्षेत्र अन्तर्गतका जिल्लाहरूमा राजनीतिक दलका कार्यकर्ताबीच भएको झडप तथा निर्वाचन बहिस्कारमा लागेका दल र समूहहरूले गराएको विस्फोट, आक्रमणमा परि १ सय ७३ जना घाइते भए।

निर्वाचन बहिस्कारमा लागेका दल तथा समूहले मध्यमाञ्चलका १० जिल्लामा ४१ बम तथा विस्फोटक पदार्थ राखेकोमा नेपाली सेनाको बम डिस्पोजल टोलीले ३५ विस्फोटक पदार्थलाई निष्कृय बनाएको थियो। निर्वाचनमा जनतालाई त्रसित गर्न तथा निर्वाचन प्रचार प्रसारलाई प्रभावित पार्ने उद्देश्ले बम राखिएको थियो।

त्यसैगरी निर्वाचनका क्रममा निर्वाचन बहिस्कारमा लागेका दल तथा समूहले सवारी साधानहरूमा आगजनी तथा तोडफोड गर्ने कार्य गरे। यसरी आगजनी तथा तोडफोडका २२ घटनामा २१ मोटसाइकलसहित २३ ओटा गाडीमा क्षति पुगेको घटना अभिलेख छ।

निर्वाचन आचारसंहिता उल्लङ्घन तथा घटना विवरण

चितवन

संविधानसभा निर्वाचनको प्रचार प्रसारका क्रममा चितवनको क्षेत्र नं ४ मा काङ्ग्रेसले निर्वाचन आचारसंहिता विपरीत तुल तथा तोरण सडकमा दोहोरो रूपमा लगाएको भनि कात्तिक ५ गते वाईसीएलका केन्द्रीय सदस्य प्रकाश सुवेदीले निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिए।

एमाओवादी निकट वाईसीएलका कार्यकर्ताले कात्तिक ८ गते निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै एमाओवादीको चुनाव चिह्न अङ्कित झण्डा भएको रातो ज्याकेट लगाएर मुख्य निर्वाचन अधिकृतको कार्यालयमा नै पुगेको भन्दै एमालेका कार्यकर्ताद्वारा सोही दिन लिखित उजुरी दिएको निर्वाचान क्षेत्र नंबर ३ का सहायक निर्वाचन अधिकृत राजकुमार श्रेष्ठले बताए। त्यस्तै गरी नेपाल परिवार दलका कार्यकर्ताले कात्तिक ८ गते निर्वाचन क्षेत्र नंबर ३ का आफ्ना उम्मेदवार त्रिभुवन पौडेलको पक्षमा भोट माग्दै माइकिङ्ग गरिरहेको अवस्थामा मुख्य निर्वाचन अधिकृत सहितको टोलीले कुरिनटारमा भेटेपछि माइक निकाली दिएर त्यस्ता कार्य नगर्न निर्देशन समेत दिएको अनुगमन अधिकृत श्रीकृष्ण नेपालले जानकारी दिए।

चितवनमा अज्ञात समूहले मीनि ट्रकमा गरेको पेट्रोल बम प्रहारबाट घाइते भएका चालक अस्मीन गुरुङ

माडीको अयोध्यापुरी गाविसमा घरदैलो कार्यक्रम सकेर फर्कदै गरेका एमालेका कार्यकर्तामाथि कात्तिक ९ गते एमाओवादीका कार्यकर्ताले आक्रमण गर्दा आफ्ना १५ जना घाइते भएको एमालेले जनायो। लाठी र ढुङ्गाले आक्रमण गर्दा ६७ वर्षीया पवित्रा वाग्ले, घनश्याम अधिकारी, उदय पौडेल, भविश्वर ढकाल, दिव्य आचार्य, नारायण अधिकारी लगायत घाइते भए। घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भयो। एमाले क्षेत्र नंबर ५ का उम्मेदवार दानबहादुर तामाङ लगायत जिल्ला तथा स्थानीय स्तरका नेताहरूलाई माडी अयोध्यापुरीको बनकट्टाबाट बगइसम्म पुऱ्याएर फर्कदै गर्दा बाटोमा एमाओवादीका कार्यकर्ता, वाईसीएलका युवाहरूले एमाले कार्यकर्तामाथि आक्रमण गरेका थिए।

चितवनको क्षेत्र नं ५ अन्तर्गत पश्चिम चितवनको शुक्रनगर गाविसमा कात्तिक १० गते बिहानको २ बजे अज्ञात समूहले ताला फोरेर हलभित्र रहेको मतदाता शिक्षण सामग्री जलाएको प्रहरीले जनायो।

एमाओवादीको चितवन क्षेत्र नम्वर ५ का प्रत्यक्षतर्फका उम्मेदवार अमिक शेरचनको चुनावी प्रचारको क्रममा गएको बेला दिब्यनगर गाविस-७ ज्योतिनगरमा रोकिराखेको बा ९ च ७६३६ नम्वरको स्कोरपियो गाडीमा अज्ञात समूहले कात्तिक २० गते साँझ पेट्रोल छर्केर आगो लगाएको जिल्ला प्रहरी कार्यालयले जनायो।

मेची-महाकाली जागरण अभियानको नाममा संविधान सभा सदस्य निर्बाचन आचारसंहिता २०७० को परिच्छेद २ को २६ को उल्लङ्घन गर्दै कात्तिक २३ गते चितवनको रत्ननगर टाँडी बजार, खैरहनी पर्सा बजार र भरतपुरको केन्द्रीय बस टर्मिनल अगाडि एमाओवादीको सभा गर्दा सडक अबरुद्ध भई यातायात ठप्प भएको थियो।

नारायणगढ-मुग्लिन सडक खण्डको कविलास गाविस-१ देवीटारमा राति सर्लाहीबाट काठमाडौँतर्फ जाँदै गरेको ना. ४ ख ४७३४ नम्बरको यात्रुबाहक बसमा अज्ञात समूहले कात्तिक २५ गते आगजनी गऱ्यो। यात्रु सवार बसमा डाँडाबाट बसको छतमा आगो फ्याकिदिँदा बस जलेर पूर्ण क्षति भयो भने यात्रुहरू भने हाम फालेर ज्यान जोगाएको जिल्ला प्रहरी कार्यालयले जनायो। बन्दका क्रममा घटना भएकोले नेकपा-माओवादीले घटना गराएको आशङ्का गरिएको थियो। तर, नेकपा-माओवादीले सो घटना आफूहरूले नगराएको जिल्ला सेक्रेटेरी मधुर नेपाल (बिप्लव) ले जानकारी गराए।

चितवनमा अज्ञात समूहबाट आगजनी गरिएको गाडी

नेकपा-माओवादी नेतृत्वको मोर्चाले आह्वान गरेको आम हड्ताल कारण कात्तिक २५ गते बिहानैदेखि जिल्लामा पूर्ण रूपमा प्रभाव परेको थियो। बन्द प्रभावकारी बनाउन नेकपा-माओवादीले जिल्लाका विभिन्न स्थानमा खतरा लेखेर राखेका शंकास्पद वस्तु प्रहरी र नेपाली सेनाका टोलीले हटाएको थियो। पूर्वी चितवनको रत्ननगर नपा- २ टाँडी बजार नजिकै गएराति २ बजे सानो सिलिण्डर बम विस्फोट भएको ईलाका प्रहरी कार्यालय रत्ननगरका इन्स्पेक्टर केदार पन्तले जानकारी दिए। सानो सिलिण्डरमा राखिएको बम पड्कँदा कुनै मानवीय तथा भौतिक क्षति भएन।

पीठूवा गाविस भवनको चौरमा कात्तिक २७ गते राति सिलिण्डर बम विस्फोट हुँदा गाविस भवनमा क्षति पुगेको छ। गाविसको चौरमा बम विस्फोट हुँदा गाविस झ्यालका सिसा फुटेको प्रहरीले जनायो। रातिको समय भएकोले कार्यालयमा मानिस नभएकोले मानवीय क्षति भने नभएको बताइएको छ। त्यस्तै गरी, रत्ननगर नपा-२ मा रहेको नेपाल उमाविको चौरमा पनि कात्तिक २७ गते राति करिब १० बजेको समयमा सिलिण्डर बम विस्फोट भएको इलाका प्रहरी कार्यालय टाँडीका डीएसपी नकुल पोखरेलले बताए। बम बिस्फोट भएपछि थाहा भएको र कुनै मानवीय क्षती भने नभएको उनले जानकारी दिए।

एमाओवादीले नारायणगढमा कात्तिक २८ गते आयोजना गरेको च्यालीमा आचारसंहिता विपरीत बालबालिकाहरूको प्रयोग भएको पाइयो। एमाओवादीलाई जिताउन भन्दै एमाओवादीले क्षेत्र नंबर ३ मा गरेको महिला च्यालीमा बालबालिकालाई प्रयोग गरिएको थियो। एमाओवादी क्षेत्र नंबर ३ का उम्मेदवार नारायण दाहाल र समानुपातिक तर्फकी उम्मेदवार उषा न्यौपाने नै उपस्थित भएको सो च्यालीमा बालबालिकाहरूले चुनाव चिह्न भएको झण्डा बोकी च्यालीमा नारावाजी गरेका थिए।

चितवनमा बेवारिसे अवस्थामा फेला परेको बम निस्क्रिय पार्दै नेपाली सेना

माडीको कल्याणपुर गाविस-४ मा मङ्सिर १ गते राति एमाओवादी समर्थक वाईसीएल र एमाले समर्थक युथफोर्सका युवाहरूबीच झडप घटनामा १९ ओटा मोटरसाइकलमा तोडफोड भएको प्रहरीले जनायो। झडपका क्रममा दुवै पक्षका कार्यकर्ता सामान्य घाइते भए तापनि अप्रिय घटना भएन। तोडफोड भएका मोटरसाइकल इलाका प्रहरी कार्यालयमा राखिएको र हालसम्म कुनै पनि पार्टीले मोटरसाइकल हाम्रो हो भन्न नआएकोले कसको कती क्षति भएको भन्न नसकिने प्रहरीले जनायो।

एमाओवादीका समर्थक वाईसीएलका युवाहरूले मङ्सिर १ गते नेकपा एमालेका कार्यकर्ताहरूको मोटरसाइकलमा तोडफोड गरे। भरतपुरको चौबिस कोठी नजिकै एमाले कार्यकर्ताहरू च्याली सकेर खाजा खान रोकिराखेका चार वटा मोटरसाईकलमा वाईसीएलका युवाहरूले साँझ पाँच बजेतिर तोडफोड गरेका एमालेका कार्यकर्ताले बताए। मोटरसाईकल च्याली सकेर फर्कदै गरेका एमाओवादीका कार्यकर्ताले सूर्य अङ्कित झण्डा राखिएका मोटरसाईकल तोडफोड गरेका थिए।

भरतपुर नपा-७ मा रहेको एमाले जिल्ला कार्यालयमा मङ्सिर २ गते राति ८ बजेको समयमा चुनाव प्रचारप्रसार सम्पर्क कार्यालय भरतपुर नपा-८, ११ र १२ मा बम विस्फोट भयो। मोटरसाइकलमा आएका तीन जना नचिनेका व्यक्तिले जिल्ला कार्यालयमा पेट्रोल बम प्रहार गरेको बताइएको छ। बम विस्फोटबाट कार्यालयका फर्निचरहरूमा क्षति भएको एमाले जिल्ला अध्यक्ष जगन्नाथ थपलियाले बताए। बम विस्फोट हुँदा कार्यकर्ताहरू पार्टी कार्यालयभित्र नै रहेको र घटनाका कारण उनीहरूमा त्रास फैलिएको उनले जानकारी दिए। एमाओवादीले नियतबस बम विस्फोट गराएको अध्यक्ष थपलियाको आरोप थियो।

भरतपुर नपा-४, नारायणगढको न्यूरोडमा मङ्सिर २ गते बिहान करिब ११ बजेको समयमा

मोटरसाइकलमा आएका दुई जनाको सङ्ख्यामा रहेका अज्ञात समूहले बाह्रघरेबाट नारायणगढ आउँदै गरेको बा १ ख ९५५४ नम्बरको पानी बोक्ने मिनी ट्रकमा पेट्रोल बम प्रहार गऱ्यो। बम प्रहारबाट गोरखाको तान्द्राङ घर भएका ३० वर्षीय सोही ट्रकका चालक अस्मिन गुरुङ गम्भीर घाइते भए। जलेर पूर्ण रूपमा क्षति भएको ट्रकका चालक अस्मिन गुरुङलाई कलेज अफ मेडिकल साईन्सेज भरतपुरमा प्राथमिक उपचारपछि थप उपचारको लागि काठमाडौँ लगिएको थियो। घटनामा संलग्नहरूको बारेमा अनुसन्धान भइरहेको प्रहरीले जनायो।

भरतपुर नपा-१०, मालपोत चोकमा मङ्सिर २ गते बेवारिसे अवस्थामा भेटिएको प्रेसर कुकर बम नेपाली सेनाको बम डिस्पोजल टोलीले सुरक्षित रूपमा विस्फोट गराएको थियो। बिहान करिब ११ बजे तिर मोटरसाइकलमा आएका व्यक्तिले फलफूलको ठेला नजिकै छाडेर गएको बताइएको थियो। शङ्कास्पद झोला देखेपछि स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरेका थिए।

निर्वाचन क्षेत्र नम्बर ३ का एमाओवादीका उम्मेदवार नारायण दाहालको रोकि राखेको गाडीमा मङ्सिर २ गते साँझ तोडफोड भयो। भरतपुर नपा-३, बेलटाँडीमा आफन्त भेट्न गएको समयमा दाहालको दुई ओटा गाडी तोडफोड भएको थियो। आफन्तसँग भेट्न घरमाथि रहेका दाहालको घर अगाडि रोकिराखेको बा ८ च ६४२५ र बा ६ च ८४९६ नम्बरका गाडीमा नचिनेका व्यक्तिले तोडफोड गरेको प्रहरीले जनायो। तोडफोडबाट उम्मेदवार दाहालको दुई ओटै गाडीको अगाडि पछाडि दुवै तिरका सिसा फुटेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता एवम् डिएसपी सञ्जयबहादुर राउतले बताए।

पूर्वी चितवनको पिप्ले गाविस-७ मा एमाओवादी र एमालेका कार्यकर्ताबीच मङ्सिर ३ गते दिउँसो झडप भयो। घटनास्थलबाट प्रहरीले एमाओवादीका चार जना कार्यकर्तालाई गिरफ्तार गऱ्यो। मोटरसाइकलमा रहेका एमाले कार्यकर्ता मोहन श्रेष्ठलाई एमाओवादी कार्यकर्ताले बाटो छेकेर घेरा हाली कुटपिट गरेपछि दुवै पक्षबीच वादविवाद भई झडप भएको थियो।

महोत्तरी

कात्तिक २७ गते बर्दिवासकै औरही रोडस्थित वडानं. ९ को मसानघाट नजिक सडकमा राखेको बम नेपाली सेनाले निष्कृय पारेको थियो।

महोत्तरीको बर्दिवास ९ मा ०७० मङ्सिर ३ गते फेला परेको पाइप बम नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पाऱ्यो। बिहान फेला परेको पाइप बम गौरीवासस्थित सेनाको बम डिस्पोजल टोलीले निष्कृय पारेको थियो। कालो प्लास्टिक पाइपमा बेरिएर राखेको र जनमुक्ति लेखिएको रातो कपडा भेटिएको सेनाले जनायो।

धादिङ

धादिङ क्षेत्र नं. ३ स्थित नौबिसे गाविसको खानीखोला स्थित मछिन्द्र उच्च मावि खानीखोलामा ०७० असोज २२ गते एनेकपा माओवादीले कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा ठूलठूला झण्डाको प्रयोग गरिएको थियो भने विद्यालय भित्रै कार्यक्रम गरिएको थियो। कार्यक्रममा उम्मेदवार शालिकराम जम्मरकट्टेल पनि सहभागी थिए।

संविधानसभा सदस्य निर्वाचन आचारसंहिता विपरीत ०७० असोज २४ गते सदरमुकाम स्थित एनेकपा माओवादीले जिल्ला पार्टी कार्यालयमा चियापान कार्याक्रमको आयोजना गऱ्यो। धादिङ क्षेत्र नं. २ संविधानसभा सदस्यको प्रत्यासी कल्पना धमलाले हस्ताक्षर गरी रङ्गिन निमन्त्रण कार्ड बाँडेर

एमाओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भएका धादिङका दुर्गाबहादुर तामाङ र राजु तामाङ

अज्ञात समूहद्वारा धादिङमा आगजनी गरिएको गाडी

बजारबासीलाई चियापान कार्यक्रममा आमन्त्रण गरिएको थियो।

संविधानसभा निर्वाचन आचारसंहिता विपरीत एमाओवादीले निर्वाचनलाई लक्षित गरी कात्तिक ३ गतेदेखि बैरेनी गाविस-५ मा रहेको शंखादेवी सामुदायिक भवनमा राखेको वाईसीएलको क्याम्प प्रहरीले कात्तिक ६ गतेबाट हटायो। इन्सेक अनलाइनमा समाचार प्रकाशन भएको सूचनाको आधारमा प्रहरीको एक टोलीले सो क्षेत्रमा पुगेर वाईसीएल क्याम्प हटाएको थियो। वाइसीएलले क्याम्प राखेर दैनिक तालिम गराउने गरेको थियो। सोही स्थानमा आचारसंहिता विपरीत पुऱ्याइएको पाइप भने प्रहरीले केही गरेन।

काङ्ग्रेस कार्यकर्ता र प्रहरीबीच ०७० कात्तिक ६ गते राति झण्डाको विषयमा विवाद भएपछि नौविसे गाविस-९ नौबिसेमा झडप हुँदा नौविसे गाविस-९ निवासी काङ्ग्रेस जिल्ला कार्य समितिका सहसचिव ४३ वर्षीय अर्जुन उप्रेती गम्भीर घाइते भए। उप्रेतीको कलङ्कीस्थित सहिद मेमोरियल अस्पतालमा उपचार भयो। काङ्ग्रेस कार्यकर्ताले प्रयोग गरेको झण्डा ठूलो भएपछि प्रहरीले निकाल्न अनुरोध गरेको र नमानेपछि प्रहरीले जबरजस्ती गाडीबाट झण्डा झिक्न लाग्दा झडप भएको थियो।

कल्लेरी गाविस–६ बसेरी निवासी एमाले कार्यकर्ता ६५ वर्षीय नाउबहादुर दर्लामी मगरलाई कात्तिक १४ गते साँझ काङ्ग्रेस कार्यकर्ता ४४ वर्षीय लाललबहादुर गरजामगरले ढुङ्गा प्रहार गरी गम्भीर घाइते बनाए। घाइतेको स्थानीय स्वास्थ्य केनद्रमा उपचार हुन नसकी काठमाडौँ स्थित मनमोहन मेमोरियल भयो।

सदरमुकाम धादिङबेसीबाट क्षेत्र नं. १ का लागि एमाओवादीको प्रचार सामग्री लिएर जाँदै गरेको बा १ ज २३१८ नम्बरको गाडीलाई नेकपा-माओवादीले ०७० कात्तिक १५ गते दिउँसो ४ बजे बाटोमा रोकेर जलाइ दिए।

गोरखाको घरदैलो कार्यक्रमपछि मोटरसाइकललमा पेट्रोल हाल्नका लागि धादिङको जोगिमारा आइपुगेको एमाले कार्यकर्ता गोरखा जिल्ला घ्यालचोक गाविसका दिनेश नेपाली र विवेक रेग्मीलाई ०७० कात्तिक १५ गते राति जोगिमारा गाविस–९ मझिमटारमा एमाओवादी कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। लठ्ठी लिएर आएका माओवादी कार्यकर्ताले एमाले झण्डा भएको मोटरसाइकलामा सवारहरूलाई एक्कासि आक्रमण गरिएको थियो। घटनापछि जानकारी पाएर घटनास्थल पुगेको प्रहरी टोलीले लाठी प्रहार गर्दा एमाओवादी कार्यकर्ता जोगिमारा गाविस–९ निवासी कृष्ण डल्लाकोटी घाइते भएका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

एमाओवादीले संविधानसभा निर्वाचन आचारसंहिता विपरीत ०७० कात्तिक २० गते किराञ्चोक गाविस-५ मा रहेको थुम्कीडाँडा निमाविमा कार्यक्रमको आयोजना गरेको थियो। एमाओवादी उम्मेदवार शालिकराम जम्मरकट्टेलले सम्बोधन गरेको कार्यक्रम विद्यालयमा आयोजना गरिएको थियो। विद्यालयको पढाइ बन्द गरेर कार्यक्रम आयोजना गरिएको थियो। थुम्की डाडा निमाविमा एमाओवादीले केही समयअघिदेखि युवाहरूको क्याम्प राखेर विद्यालयमा नै खाना पकाएर खाने र विद्यालयको चौरमा तालिम गर्ने गरेको विद्यालयले जनायो। क्याम्पको कात्तिक २० गते जम्मरकट्टेलले पनि निरीक्षण गरेका थिए।

पृथ्वीराजमार्ग अतरगत ३ नं. निर्वाचन क्षेत्रको गजुरी गाविस–१ मा पर्ने शिव मन्दिरमा एमाओवादी, राप्रपा नेपाल, राप्रपाले मन्दिरमा पोस्टर टाँसेको निर्वाचन पर्यवेक्षणको क्रममा पाइयो। पिडा गाविस–२, गलौदीमा रहेको इलाका बन रेन्ज पोष्टमा पर्ने एक भवनमा एमाओवादीले पोस्टर टाँसेको थियो। पार्टीले पोस्टर टाँसेकोले आफूहरूले हटाउन नसक्ने बन रेन्जपोस्टले जानकारी दियो। गजुरी बजारमा रहेको अर्को एक मन्दिरमा राप्रपा, एमाओवादी र एमालेले चुनावी पोटर टाँसेका थिए। काङ्ग्रेस २ नं. क्षेत्रका गाविसहरूमा रङ्गिन क्यालेण्डर वितरण गरिएको थियो। एमाओवादीले २ नं. निर्वाचन क्षेत्रमा रहेको खाल्टे र चैनपुर गाविसमा रङ्गिन व्यानर टाँसेर चुनाव प्रचार गरिरहेको भेटिएको थियो।

चुनावी प्रचारको सिलसिलामा एमालेको चुनावी सभामा सहभागी हुन जानलागेका पिडा गाविस–९ गैरीगाउँ निवासी ६७ वर्षीय दुर्गाबहादुर तामाङ, ३९ वर्षीय राजु तामाङ र गान्टे चेपाङलाई एमाओवादी

कार्यकर्ताले ०७० कात्तिक २३ गते पिडा गाविस–४ लिस्नुफेदीमा बाटो ढुकेर रड, ढुङ्गा, र लठ्ठीले आक्रमण गर्दा गम्भीर घाइते भए। घाइतेहरूको गजुरी अस्पतालमा उपचार भयो।

एनेकपा माओवादीले ०७० कात्तिक २५ गते एमालेको चुनावी कार्यक्रमलाई अवरोध गर्न एमाओवादी कार्यकर्ताले हानेको ढुङ्गाले लागेर भुमेस्थान गाविस–६ निवासी २० शिव दहाल घाइते भए। एमालेले सोही गाविस–३ अमर्खु नजिकै आयोजना गर्न लागेको चुनावी सभामा जान लागेका एमाले नेता तथा समर्थकलाई जान नदिनका लागि एमाओवादी कार्यकर्ताले सडकमा खाडल खनेर बाटो रोक्न लागेको बेला प्रहरीले एमाओवादी कार्यकर्ताहरू हटाएको थियो। अमर्खुमा एमालेले चुनावी सभा गर्न लाग्दा नजिकै जिल्ला बाहिरबाट समेत आएका वाईसीएलले माइकबाट कार्यक्रम नगर्न चेतावनी दिँदै कार्यक्रम गरेमा आक्रमण गर्ने धम्की दिएको थियो।

नेपाली काङ्ग्रेसका कार्यकर्ताको कुटपिटबाट घाइते भएका धादिङका नाउबहादुर गन्द्रमा मगर

निर्वाचन प्रचारप्रसारको क्रममा एमाले र एमाओवादी कार्यकर्ताबीच ०७० कात्तिक २६ गते साँझ झडप हुँदा एमाओवादी भूमेस्थान गाविसका सहइन्चार्ज सोही गाविस–६ निवासी जयराम रिजाल घाइते भए। घाइतेको काठमाण्डौस्थित शिक्षण अस्पतालमा भर्ना गरिएको थियो। दुईपक्षबीच झडप भएपछि दुई पार्टीका जिल्ला तहका नेताहरू बसेर आगामी दिनमा झडन नगर्ने सहमति गरेका थिए।

धादिङको मैदी गाविस–१ एखुबारीमा एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच ०७० कात्तिक २७ गते झडप काङ्ग्रेस कार्यकर्ताले प्रहार गरेको तरबार लागेर मैदी गाविस–६ पदेलीका २५ वर्षीय शिवराज श्रेष्ठ गम्भीर घाइते भए। एमाओवादी कार्यकर्ताहरू मोटरसाइकलमा यात्रा गरिरहेको बेला काङ्ग्रेस कार्यकर्ता पनि सडकमा च्याली गरिरहेको बेला झडप भएको थियो। पीडितको तर्फबाट श्रेष्ठले कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालयमा मदी काङ्ग्रेसका सभापति रणबहादुर साही सहितका आठ जना विरुद्ध किटानी जाहेरी दिए। घटनामा संलग्नहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो।

प्रचण्डको चुनावी सभा र बन्दलाई प्रभावित पार्नका लागि ०७० कात्तिक २८ गते बिहान नेकपा माओवादीले दुई ठाउँमा राखेको बम नेपाली सेनाले निष्क्रिय पारे भने एक बम माओवादी कार्यकर्ताले विस्फोट गराएका थिए। थाक्रे गाविस–५ स्थित राजमार्गमा एक बम विस्फोट गराइएको थियो भने पृथ्वीराजमार्गको सोही स्थान नजिकै आडकिलो भन्ने ठाउँमा दुई ओटा बम फेला परेको थियो। एक सुतली बम र एक गाग्री बम सडकमा राखिएको थियो। सो क्षेत्रमा बम राखिएको जानकारी पाएर घटनास्थल पुगेको सुरक्षाकर्मीको टोलीले बिहान दुइओटा बमलाई निष्कृय पारेको प्रहरीले जानकारी दिए। नेकपा माओवादीले बम विस्फोट गराएपछि केहीबेर अवरुद्ध भएको राजमार्ग नेपाली सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरीले गाडी स्कटिङ गरेर सुचारू गराएको जनायो।

पोस्टर च्यातेको निहुँमा विवाद हुँदा ०७० कात्तिक २८ गते राति एमाओवादी कार्यकर्ताले लाठी र रडले प्रहार गर्दा खाल्टे गाविस–९ काउलेछाप निवासी २६ वर्षीय सोमलाल तामाङ गम्भीर घाइते भए। खाल्टे गाविस–८ कुसुन्दामा घटना भएपछि स्थानीयले घाइतेको उद्धार गरी जिल्ला अस्पताल पुऱ्याएका थिए। घाइतेको टाउको र दाहिले हातमा चोट लागको थियो। घटनाका सम्बन्धमा सम्लग्न भएकोले कारबाहीको माग गर्दै पीडित तामाङले दुई जना काङ्ग्रेस कार्यकर्ता विरुद्ध जाहेरी दिए। पीडकहरूलाई कुनै कारबाही भएन।

बसिरहेको अवस्थामा काङ्ग्रेस कार्यकर्ताले कल्लेरी गाविस-४ बरभञ्ज्याङमा ०७० कात्तिक २९ गते राति आक्रमण गर्दा तीन जना एमाले कार्यकर्ता घाइते भए। बसिरहेको स्थानमा काङ्ग्रेस कार्यकर्ताले तरबार प्रहार गर्दा सेही गाविस-४ बरभञ्ज्याङका ५५ वर्षीय नरबहादुर गन्द्रमा, २५ वर्षीय दीपक लामिछाने र एकबहादुर लामिछाने घाइते भए। आक्रमणमा घाइते भएका नरबहादुर र दीपकको काठमाडौँस्थित बीर अस्पतालमा उपचार भएको थियो।

मोटरसाइकल च्याली गरिरहेका एमाओवादी समर्थित वाईसीएलले ०७० कात्तिक २९ गते साँझ बाटोमा

भेटिएका एमाले कार्यकर्तामाथी आक्रण गर्दा गम्भीर घाइते भए। नलाङ गाविस–३ सुन्दरीपानी निवासी एमाले कार्यकर्ता उमेश अर्याललाई मोटरसाइकलमा आएका वाईसीएलका कार्यकर्ताले तरबार हानी गम्भीर घाइते बनाएको एमालेले जनायो। घाइतेको स्थानीयले उद्धार गरी जिल्ला अस्पतालमा पुऱ्याइएको थियो।

एमालेले पृथ्वीराजमार्गमा निकालेको ऱ्यालीमा एमाओवादी कार्यकर्ताले ०७० कात्तिक २९ गते दिउँसो आक्रमण गर्दा सात जना एमाले कार्यकर्ता घाइते भए। एमालेको ऱ्यालीमा धुषा गाविस–१ चरौँदीमा पुगेपछि आक्रण गरिएको थियो। आक्रमणबाट महादेवस्थान गाविस–५ निवासी २१ वर्षीय रामेश्वर रावल, बेनिघाट गाविस–३ का २६ वर्षीय सुरेन्द्र श्रेष्ठ, बैरेनी गाविस–८ का २४ वर्षीया बिमला घिमिरे, गजुरी गाविस–२ का २५ वर्षीय आयुष तामाङ, पिडा गाविस–२ का २५ वर्षीय गोकर्ण न्यौपाने, बेनिघाटका विशाल श्रेष्ठ र सोही गाविस- २ का ५० वर्षीय चुलबहादुर ठकुरी रहेका थिए। घाइतेहरूको मलेखुस्थित राजमार्ग सामुदायिक अस्पताल र बेनीघाट स्वास्थ्य चौकीमा उपचार भयो। एमाओवादीले सडकमाथि बसेर ढुङ्गा र लाठी हानेर आक्रमण गरेर भागेका थिए।

धादिङबेसी सल्यानटार सडक अन्तरगत मुरलीभञ्ज्याङ गाविस–२ स्थित बगैचामा ०७० मङ्सिर १ गते बेलुका भेटिएको बम नेपाली सेनाले राति निष्कृय पाऱ्यो। एकजना व्यक्तिले सडकमा सकेट बम राखेको र भाग्नलाग्दा सशस्त्र प्रहरीले जानकारी पाएपछि सो क्षेत्रलाई नियन्त्रणमा लिएर सेनाको टोलीले निष्कृय पारेको थियो।

पसलमा चिया खान बोलाएर एमाओवादी कार्यकर्ताले मैदी गाविस–४ सातदोबाटोमा ०७० मङ्सिर १ गते नेपाली काङ्ग्रेसका कार्यकर्तालाई आक्रमण गर्दा एक जना गम्भीर घाइते भए। एक जना एमाओवादी कार्यकर्ताले बोलाएर लगी दुई ओटा बोतलले प्रहार गर्दा नेपाल तरुण दल मैदीका उपाध्यक्ष रमेश पाठक घाइते भए। घाइते पाठकको जिल्ला अस्पतालमा उपचार भयो। उनको दाहिनेपट्टिको कानमा गहिरो चोट लागेको थियो।

एमाले उम्मेदवार राजेन्द्रप्रसाद पाण्डे चढेको गाडीलाई पृथ्वीराजमार्गको बेनीघाट गाविस-९ मा छ ओटा मोटरसाइकलले बाटो छेकेर ०७० मङ्सिर २ गते एमाओवादी कार्यकर्ताले आक्रमणको प्रयास गरेपछि भएको झडपमा एमाओवादी कार्यकर्ता र एमाले कार्यकर्ता दुई जना घाइते भए। सडकमा मोटरसाइकलले छेकेर खुकुरी प्रहार गर्न लाग्दा एमाले उम्मेदवारलाई निजी सुरक्षाकर्मीहरूले बचाएपछि आक्रमणकारी एमाओवादी कार्यकर्ता गजुरी गाविस-२ निवासी सन्तोष लोहनीलाई एमाले कार्यकर्ताले नियन्त्रणमा लिएर प्रहरीलाई जिम्मा लगाएका थिए। लोहनीसहित अर्का एक जनालाई पनि प्रहरीले गिरफ्तार गरेको थियो। आक्रमणकारीको साथबाट एक थान पेस्तोल, म्यागजिन र खुकरी समेत प्रहरीले बरामद गरेको थियो। आक्रमणमा प्रयोग गरिएको छ ओटा मोटरसाइकल समेत प्रहरीले नियनत्रणमा लिएर इलाका प्रहरी कार्यालय गजुरीमा राखेको थियो।

केही पर्यवेक्षक र सञ्चारकर्मीलाई ०७० मङ्सिर २ गते सार्वजनिक रूपमा एमाओवादी कार्यकर्ताले आक्रमण गर्ने धम्की दिए। प्रमुख निर्वाचन अधिकृतको कार्यालय अगाडि नै सार्वजनिक रूपमा एमाओवादी कार्यकर्ता सुदीप विक सहितको टोलीले मतदानको दिनसम्म आक्रमण गर्ने धम्की दिएका थिए। एमाओवादी पार्टीले भने अनुसार नमानेको हुनाले आक्रमणको धम्की दिएको सञ्चारकर्मीहरूले जनाए। उनीहरूले नियोकका केशव अधिकारी, इन्सेकका सीताराम अधिकारी, सञ्चारकर्मी राजेन्द्र बस्नेत, राजाराम शर्मा, दामोदर अर्याल, शिव सिलवाल, नवराज छत्कुली लगायतलाई धम्की दिएका थिए। धम्की आएको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद पोखेल र अन्य सुरक्षा प्रमुखहरूलाई समेत जानकारी गराइएको थियो।

मौन अवधिमा ०७० मङ्सिर ३ गते बिहान किरान्चोक कार्कीडाँडा माविको मतदान स्थानको निषेधित क्षेत्र तोकिएको स्थानमै एमाओवादीले खसी काटेर भोजको अयोजना गऱ्यो। भोजमा एमाओवादी उम्मेदवार शालिकराम जम्मरकट्टेल नै सहभागी भएका थिए। जम्मरकट्टेल सोही गाविसको विर्ताडाँमा रहेको मतदान स्थललमा पुगेर भोट माग्दै हिँडेका थिए। घटनाका सम्बन्धमा प्रहरीले नै जिल्लास्थित प्रहरीलाई जानकारी गराएको थियो। तर, कुनै पनि कारवाही भएन।

काठमाडौँ

काठमाडौँ निर्वाचन क्षेत्र नम्बर ३ मा एमालेले आयोजना गरेको चुनावीसभामा सहभागी हुन जानेक्रममा जोरपाटीस्थित जुवी पेट्रोल पम्प अगाडि बसिरहेका काङ्ग्रेसका कार्यकर्ताले कात्तिक ९ गते एमाले क्षेत्रीय कमिटी सदस्य सीता लुईटेललाई आक्रमण गरे। टाउको फुटेकी लुईटेलको बौद्धस्थित स्टुफा अस्पतालमा प्रारम्भिक उपचार गरी अत्तरखेलस्थित नेपाल मेडिकल कलेज रिफर गरिएकोमा उपचार हुन नसकेपछि लुईटेललाई बाँसबारीस्थित न्यूरो अस्पतालमा रिफर गरिएको थियो।

अज्ञात समूहले काङ्ग्रेस काठमाडौँ क्षेत्र नम्बर ५ का उम्मेदवार नरहरी आर्चाय र एमाले धादिङ क्षेत्र नम्बर ३ का उम्मेदवार राजेन्द्र पाण्डेको गाडी कात्तिक ११ गते बिहान आगजनी प्रयास गरे। बिहान ५ बजेर २५ मिनेट जाँदा काठमाडौँ मनपा-२ लाजिम्पाटस्थित निल सरस्वती ग्यारेजमा पार्किङ गरेर राखिएको अवस्थामा दुई वटा पल्सर मोटरसाईकलमा आएका चारदेखि पाँच जनाको समूहले राजेन्द्र पाण्डेको बा.३च.२६२ नम्बरको निशान गाडीमाथि पेट्रोल छर्कि आगजनी प्रयास गरेको थियो। त्यसैगरी निर्वाचन प्रचारप्रसारका लागि नरहरी आर्चायले प्रयोग गर्दै आएको बा.६च.४१९ नम्बरको जिपमाथि बिहान ९ बजेर २० मिनेट जाँदा आगजनी भयो। दुई वटा पल्सर मोटरसाईकलमा आएका चारदेखि पाँच जनाको समूहले धापासी कृष्णमन्दिर नजिकै पार्किङ गरेर राखिएको आचार्यको गाडीमाथि पेट्रोल छर्की आगजनी गरेको थियो।

बम विस्फोटनमा परी घाइते भएका काठमाडौँका समीर खड्गी

काठमाडौँ क्षेत्र नम्बर ९ का एमाओवादी उम्मेदवार देवेन्द्र पौडेलको चुनावी प्रचारप्रसार निर्वाचन आचारसहिंता विपरीत संविधानसभाको निर्वाचनको प्रचारप्रसार गर्न उम्मेदवार पौडेलको फोटोसहित चार भन्दा बढी रङ्गमा रङ्गीन भित्ते पात्रो निकाली निर्वाचन आचारसहिंताको उल्लङ्घन गरेको पाइयो। साथै कामनपा १४ स्युचाटार जाने बाटोमा रहेको क्षेत्र नम्बर ९ को एमाओवादी क्षेत्रीय निवार्चन परिचालन कार्यलय अगाडि आचारसहिंता विपरीत ठूलो आकारको फ्लेक्स बोर्ड राखिएको थियो।

काठमाडौँ मनपा- ३५ सुविधानगरस्थित टिटन कलेजको प्रवेशद्वार अगाडि मूल सडकमा पार्किङ गरिराखिएको बा ४ च २४३२ नम्बरकाो स्यान्टो गाडीमा अज्ञात व्यक्तिले कात्तिक २४ गते राति आजगनी गरे। त्यसैगरी सुविधानगरकै एपोलो स्कुल नजिक पार्किङ. गरिराखिएको बा ३ च ७८२७ र बा ६ च ५५११ नम्बरको गाडिमा पनि अज्ञात व्यक्तिले गए राति नै तोडफोड गरी क्षति पुऱ्याएको महानगरीय प्रहरी वृत नयाँ वानेश्वर प्रहरीले जनायो।

काठमाडौँको साँखुमा रहेको महादेव ढोकामा राखिएको प्रेसर कुकर बम नेपाली सेनाको बम डिस्पोजल टोलीले कात्तिक २५ गते बिहान निष्कृय पारेको महानगरीय प्रहरी प्रभाग साँखुका इन्स्पेक्टर गोविन्द अधिकारीले जानकारी दिए। बिहान बम देखेपछि स्थानीयवासीले सुरक्षाकर्मीलाई खबर गरेका थिए। केही दिनअघि लप्सेफेदीस्थित कालीकाशरण उच्च माविमा राखेको बम पनि सेनाले निष्क्रिय पारेको थियो।

कालोपुलमा अज्ञात समूहले बा १ ज ४१३५ नम्बरको ट्याक्सीमा कात्तिक २७ गते आगजनी गरेको प्रहरीले जनायो। त्यसैगरी नेवि सङ्घका पूर्व केन्द्रीय सदस्य जयकृष्ण महर्जनका घरमा राखिएको बा २८ प ६६८० र बा १२ प ५८३ मम्बरका मोटरसाइकल कात्तिक २७ गते अज्ञात समूहले जलाएको थियो।

मोटरसाइकलमा आएको अज्ञात समूहले कात्तिक २७ गते साँझ काठमाडौंको सामाखुसीमा बा १ ज ९८९१ नम्बरको माइक्रोबसमा पेट्रोल बम प्रहार गर्दा माईक्रोमा यात्रा गरिरहेका आठ जना यात्रु घाइते भए। घाइते हुनेमा ध्वजसिंह विष्ट, सवारी चालक रामबहादुर थापा, विनोदबहादु चन्द, मनोज पन्त, अप्सरा बस्नेत, मिठू श्रेष्ठ, मन्जु श्रेष्ठ र बालक सानुबाबु बस्नेत रहेका थिए। घाइते उनीहरूको धापासीस्थित ग्राण्डी अस्पतालमा उपचार भयो।

एमाओवादी काठमाडौँ क्षेत्र नम्बर ९ को आयोजनामा कात्तिक २९ गते कलङ्कीमा आयोजित चुनावी



काठमाडौँ स्थित सतुङ्गलमा रौतहटको गौरतर्फ जाँदै गरेको बसमा अज्ञात व्यक्तिहरूले प्रहार गरेको पेट्रोल बम लागी घाइते भएकाहरू

सभामा पूर्व प्रधानमन्त्री तथा एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले सम्बोधन गर्नुअघि निकालिएको च्यालीमा र सभामा बालबालिकाहरू एमाओवादीको चुनावचिह्न अङ्कित झण्डा बोकाएर सहभागी गराइएको अनुगमनमा पाइयो।

रौतहट जिल्ला जोखा गाविस-६ का १४ वर्षीय मोहमद तपरेज, ४५ वर्षीय कलाम दर्जी, पाँच वर्षीया प्राजुन खातुन, ३९ वर्षीय मोहमद मुन्ना, ३५ वर्षीया हसिना खातुन, २७ वर्षीय रामविश्वास साह, सर्लाहीकी २२ वर्षीया साखिला खातुन, ४२ वर्षीय जरिन खातुन मियाँ कवाडी, कासुम सात र काठमाडौँका २१ वर्षीय उमेश महर्जनको मङ्सिर १ गते काठमाडौँबाट रौतहटतर्फ जाँदै गरेको एक यात्रुबाहक बसमा अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा घाइते भए । घाइते उनीहरूको बागेश्वरी अस्पतालमा उपचार भयो । मोटरसाइकलमा आएका केही व्यक्तिको समूहले सतुङ्गल-९ स्थित सिप्रदी ट्रेडिङको कार्यालय अगाडी रोकिरहेको अवस्थामा बसमा तीन ओटा पेट्रोल बम प्रहार गरेका थिए । तीन मध्ये दुई ओटा बम विस्फोट भएको प्रहरीले जनायो । घटना लगत्तै शसस्त्र प्रहरीको टोलीले घाइतेहरूको उद्धार गरेका थिए । घाइते उनीहरूको टाउको, हात, खुट्टामा चोट लागेको थियो । प्रहरीले स्र्कटिङ गरेर लगिरहेको उक्त बस केही बेर रोकिँदा मोटरसाइकलमा आएका व्यक्तिले बम प्रहार गरेको प्रहरीको भनाइ थियो । नेकपा-माओवादीले बन्द आह्वान गरको बेलामा बस चलाएको कारण उनीहरूलेनै उक्त बम प्रहार गरेको हुनसक्ने प्रहरीले अनुमान गरेपनि यसवर्षको अन्त्यसम्म घटनामा संलग्न दोषीलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन ।

काठमाडौं क्षेत्र नम्बर ४ का एमाओवादी उम्मेदवार नन्दकिशोर पुनले निर्वाचन आचारसंहिता विपरीत ०७० मङ्सिर २ गते कपन गाविस १ को जोरधारामा आयोजना गरेको भोज कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेर कार्यक्रमलाई बीचैमा बन्द गरेको प्रहरीले जनायो।

मकवानपुर

एमाओवादी मकवानपुरका ३ नम्वर क्षेत्रका उम्मेदवार प्रल्हाद लामिछानेको प्रचार–प्रसारमा प्रयोग गरेको गाडीमा अज्ञात समूहले आगजनी गऱ्यो। लामिछानेले निर्वाचनमा प्रयोग गरेको बा ८ च ५९५६ नम्वरको गाडीमा ०७० कात्तिक ९ गते राति अज्ञात समूहले आगजनी गरेर क्षति पुऱ्याएका थियो। हेटौँडा नपा-५ सन्तोष सापकोटाको कम्पाउण्डमा राखेको गाडीमा आगो लगाइएको थियो।

मकवानपुरको पूर्वमा पर्ने छतिवन गाविसमा अज्ञात समूहले ०७० कात्तिक २७ गते वेलुका प्रहार गरेको बम लागेर काङ्ग्रेस मकवानपुरका सचिवसहित चार जना घाइते भए। फापरवारीको चुनावी सभा सकेर हेटौँडा फर्कने क्रममा छतिवन गाविस ५ गोठखोलामा जीपलाई लक्षित गरी प्रहार गरेको सकेट बमको छर्रा लागेर जीपभित्र बसेका पार्टी सचिव विष्णु दाहाल घाइते भए। उनको देब्रे हात र च्यापुमा छर्रा लागेको थियो। जीपमा रहेका शिक्षक सङ्घका नेता पिताम्वर बास्तोला, स्थानीय कार्यकर्ता भक्त थिङ र शंकर जिम्वा घाइते भए। उनीहरूको शरीरका विभिन्न भागमा छर्रा लागेको थियो। चार जनाको उपचार हेटौँडा अस्पतालमा भयो। फापरवारीको झुरझरेको सभा सकेर हेटौडातर्फ जीपमा फर्किरहेको अवस्था वेलुका ७ वजेतिर सकेट बम प्रहार गरिएको थियो। सकेट बम गाडीमा नलागेर भुइँमा ठोकेर गाडीमा बसेकाहरूलाई छर्रा लागेको थियो।

बम विस्फोटनमा परी घाइते भएका नेपाली काङ्ग्रेस मकवानपुरका सचिव विष्णु दाहाल

नेपाल बन्दको क्रममा गुडिरहेको बसमा कात्तिक २८ गते अज्ञात

अज्ञात समूहले मकवानपुरमा आगजनी गरेको गाडी

समूहबाट गरिएको पट्रोल बम प्रहारबाट जलेर घाइते भई काठमाडौंको महाराजगञ्ज शिक्षण अस्पतालमा उपचार गराइरहेका कलैया नगरपालिका- ७ का सहचालक १७ वर्षीय राकेश यादवको मङ्सिर ११ गते मृत्यु भयो। संविधानसभा चुनाव बिथोल्ने उद्देश्यले गरिएको बन्दको क्रममा कलैयाबाट काठमाडौं जाँदै गरेको ना ४ ख ९८३६ नम्बरको अनमोल रात्री बसमा मकवानपुरको बासामाडी गाविस-२ मा पट्रोल बम प्रहार गरिएको थियो। उनीसितै घाइते भएका कलैया नगरपालिका- ७ कै ४० वर्षीय बस चालक भोला साहको सोही अस्पतालमा गम्भीर अवस्थामा उपचार भयो। बम प्रहारले १२ जना घाइते भएका थिए। घाइतेहरूमा सनत रेग्मी, उमा रेग्मी, धनबहादुर लामा, रामबहादुर लामा, उमेश पण्डित, राजा खान, मन्जु खनाल, मनोज राई, सिता लामा छन्। घाइते उनीहरूको हेटौंडा अस्पतालमा उपचार भएको छ।

चुनाव बिथोल्न निर्वाचन वहिष्कार गर्ने समूहले ०७० मङ्सिर १ गते मकवानपुरको काकडा गाविस ५ सिलाधुनी मतदान केन्द्रतर्फ मतपेटिकाहरू बोकेर लगिरहेको अवस्थामा ६, ७ जनाको एक समूहले लुटेको थियो। मतदान केन्द्र पुग्न २० मिनेट अगावै म्यादी प्रहरीले बोकेर लगिरहेका मतपेटिका अज्ञात व्यक्तिहरूले लुटे। उक्त मतदान केन्द्रका निम्ति दुई ओटा मतपेटिका लगिएको थियो। मतपेटिका लुटेको खबर सदरमुकाममा आउने बितिक्कै प्रहरी नायब उपरीक्षक मुकुन्द मरासिनीको नेतृत्वमा घटनास्थलमा ०७० मङ्सिर १ गते राति नै प्रहरी टोली पठाएको थियो। प्रहरी टोली घटनास्थलमा पुगेर खोजतलास गर्ने क्रममा आइतबार बिहान जङ्गलको खोल्सीमा फालेको अवस्थामा मतपेटिका फेला परेको प्रहरी उपरीक्षक गणेशबहादुर ऐरले बताए।

मकवानपुरको मनहरीमा यात्रु सवार बसमा गरिएको बम प्रहारबाट घाइते भएका रामबहादुर लामा

मकवानपुर पदमपोखरी गाविस ४ स्थित बुद्ध माविमा मतदान केन्द्रमा खटिएका कार्यालय सहायक सागरबहादुर गुरुङमाथि ०७० मङ्सिर २ गते साँझ साढे ४ बजेको समयमा आक्रमण भयो। धारिलो हतियारको आक्रमणबाट गुरुङको टाउकोमा गहिरो चोट लागेको थियो। घाइते गुरुङको हेटौंडा अस्पतालमा उपचार भयो। टिसिएनका कार्यालय सहायक गुरुङ साँझ हेटौंडा नगरपालिका -९ चौधघरेस्थित घर फर्कदै गर्ने क्रममा आक्रमणमा परेका थिए। सिग्रेनी र वनस्पती बीचको जङ्गलमा ५४ वर्षीय गुरुङमाथि आक्रमण भएको थियो। आक्रमण कसले र किन गऱ्यो भन्ने खुल्न सकेन।

रामेछाप

भटौली गाविसको सेतीदेवी प्राविको विद्यालय भवनमा एमाओवादीका प्रत्यक्ष तर्फका उम्मेदवार श्यामकुमार श्रेष्ठ र एमालेको उम्मेदवार कैलाश ढुङ्गेलको पोस्टर टाँसिएको पाइयो। जिल्ला सदरमुकाममा ०७० कात्तिक ५ गते भएको सर्वपक्षीय बैठकमा प्रमुख राजनीतिक दलहरूले आचारसंहिताको पूर्ण रूपमा पालना गर्ने प्रतिवद्धता जनाएका थिए।

खिम्ती बजारमा चुनाव बहिस्कारको पोस्टर टाँस्दै हिँडेका ताम्सालिङ राज्य समितिका सदस्य एवम् जिल्ला सहसेक्रेटरी इन्द्र श्रेष्ठ, कैलाश थापा, इन्द्र तामाङ छिरिङ, चुडा काकी र प्रेमबहादुर रम्तेललाई कात्तिक ७ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

एमाओवादीले ०७० कात्तिक १६ गते निर्वाचन आचारसंहिता विपरीत रामेछापको सदरमुकाम मन्थलीलमा साँझ ७ बजेपछि मोटरसाइकल ऱ्याली निकालेको थियो। साँझ चर्को आवाजमा हर्न बजाउँदै बजारमा

मोटरसाइकलहरू दौडाउँदा बजार क्षेत्र कोलाहलपूर्ण बनेको थियो। मोटर साइकल च्यालीले मन्थली बजार परिक्रमा गरेको थियो।

एमाओवादीले सदरमुकाम मन्थलीमा ०७० कात्तिक २१ गते निकालेको चुनावी च्यालीमा बालबालिकाको प्रयोग भएको पाइयो। मन्थली बजारमा एमाओवादीले निकालेको च्यालीमा १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई प्रयोग गरिएको थियो।

प्रिति स्थित चण्डेश्वरी युवा क्लव र रामेछाप-काठमाडौँ सम्पर्क समितिको संयुक्त आयोजनामा प्रितिमा ०७० कात्तिक २४ गतेदेखि हुने जिल्ला स्तरीय खुल्ला महिला भलिवल प्रतियोगिताको लागि प्रथम पुरस्कारको रकम काङ्ग्रेसका समानुपातिक तर्फका उम्मेदवार पूर्णबहादुर तामाङले प्रायोजन गर्न लागेको क्लवले जनायो। सो पुरस्कारको लागि तामाङले ५० हजार ५ सय रूपियाँ प्रदान गरेको आयोजक संस्थाले जनाएको थियो।

मझुवा गाविस-७ रायगाउँबाट कात्तिक २४ गते निर्वाचन अयोगको मतदाता शिक्षाका सामाग्रिहरू लुटिएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमकी सामाजिक परिचालक अभित मोक्तानले जानकारी दिइन्। मोक्तानका अनुसार उनी मतदाताहरूलाई निर्वाचनको महत्वको बारेमा जानकारी गराउने तथा मदतान कसरी गर्ने भन्ने बारेमा घरघरमा जानकारी गराउँदै जाँदा विहान ९.३० बजेतिर करिव १२ जनाको अज्ञात समूहले निर्वाचन सम्बन्धी हाते पुस्तिका, फ्लिप चार्ट, नमुना मतपत्र लगायतका सामानहरू लुटेर च्यातिदिएका थिए। उनलाई मतदाता शिक्षाको कार्यक्रम सञ्चालन नगर्न पनि उनीहरूले धम्की दिए।

गुन्सी गाविस-९ निवासी नेकपा-माओवादीका एरिया सदस्य ५५ वर्षीय ध्याम्सो लामालाई ०७० कात्तिक २७ गते साँझ एमाओवादीका जिल्ला कमिटी सदस्य बोधबहादुर घिसिङ लगायतका व्यक्तिहरूले लौराले कुटी टाउको फुटाई दिए। एमाओवादी र नेकपा-माओवादी कार्यकर्ताहरूबीचमा भएको विवादका क्रममा प्रहार गरेको लौरोले लागि उनको टाउकोमा चोट लागेको थियो। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। उनको टाउकोमा १७ ओटा टाँका लगाइएको थियो। सो घटनामा नेकपा माओवादीका गाउँ सदस्य टोपबहादुर घिसिङ र पाल्साङ घिसिङ पनि घाइते भएको नेकपा-माओवादीका जिल्ला सहइञ्चार्ज गणेशबहादुर खड्गीले जानकारी दिए। उनीहरूको हात भाच्चिनुका साथै शरीरका विभिन्न ठाउमा चोटपटक लागेको थियो। त्यसैगरी उक्त घटनामा एमाओवादीका पूर्णवहादुर विक घाइते भएको उक्त पार्टीले जनायो। चुनावी प्रचारका लागि घर दैलो गर्ने कार्यक्रममा पुगेका एमाओवादीका कार्यकर्ता माथि आक्रमण गरेपछि प्रतिकार झडपमा नेकपा माओवादी तर्फ पनि तीन जना घाइते भएका थिए।

नेकपा-माओवादीका रामेछापका जिल्ला सदस्य खिम्ति गाविस निवासी कैलाश थापा र मन्थली गाविस निवासी चुडावहादुर कार्कीलाई ०७० कात्तिक २९ गते प्रहरीले रामेछापको खिम्ति गाविसबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई निर्वाचन विरोधि क्रियाकलापमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो। उनीहरूका साथबाट नगद १० हजार २ सय, चन्दा असुल गर्ने रसिद प्याड, नेकपा-माओवादीको छाप र विभिन्न पुस्तकहरू पनि फेला परेको रामेछापका प्रहरी प्रवक्ता राजेन्द्र थापाले जानकारी दिए।

गुन्सी गाविस-९ निवासी नेकप-माओवादीका कार्यकर्ता नरबहादुर श्रेष्ठलाई ०७० मङ्सिर १ गते निर्वाचन विरोधी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको रामेछापका प्रहरी निरीक्षक राजेन्द्र थापाले जानकारी दिए। उनले निर्वाचन विरुद्ध कस्तो गतिविधि गरेका थिए भन्ने बारेमा प्रहरीले केही खुलाएन।

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिका पर्यवेक्षक लखनपुर गाविस-१ निवासी ३२ वर्षीय टङ्क गौतमलाई ०७० मङ्सिर १ गते टोकरपुर गाविस-९ को रजमनटारमा एमाओवादीका कार्यकर्ताहरूले कुटपिट गरे। निर्वाचन पर्यवेक्षणको लागि मन्थलीबाट लखनपुरतर्फ जाँदै गरेका गौतमलाई एमाओवादी कार्यकर्ता टोकरपुर-९ का हिरा श्रेष्ठ, मित्र श्रेष्ठ र लोकबहादुर श्रेष्ठले कुटपिट गरेका पीडितले बताए। रजमनटारमा पुगेका उनलाई एमाओवादी कार्यकर्ताले एमाओवादीलाई सहयोग गर्न आग्रह गरेका थिए। तर गौतमले आफू पर्यवेक्षणमा हिँडेकोले कुनै पनि दललाई सहयोग नगर्ने बताएपछि एमाओवादी कार्यकर्ताहरूले कुटपिट गरेका थिए। उनीहरूले घटना कतै सार्वजनिक नगर्न समेत धम्की दिएका थिए।

लखनपुर गाविस-२ निवासी एमाले कार्यकर्ता राजकुमार गौतमलाई ०७० मङ्सिर २ गते लखनपुर-२

को कालिका उमावि मतदान केन्द्रमा एमाओवादीका एरिया इञ्चार्ज लखनपुर गाविस निवासी अम्बिका गजुरेलको नेतृत्वमा रहेको टोलीले हातपात गऱ्यो। मतदान केन्द्रमा मतदाता परिचयपत्र वितरणको काम भइरहेको बेलामा एमाओवादी कार्यकर्ताहरूले उनीमाथि हातपात गरेको एमालेको आरोप थियो। दुईपक्षबीच सामान्य विवाद भएकोमा सुरक्षाकर्मी पुगेर विवाद साम्य पारेको रामेछापका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक राजेन्द्र थापाले बताए।

पर्सा

विहारको भागलपुरबाट सिमेन्टको क्लिन्कर बोकेर आएको भारतीय मालबाहक ट्रक जेएच ०२ पी ४५८४ नम्बरको ट्रकमा नेकपा-माओवादी कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै कात्तिक २५ गते विहान वीरगन्जको बाइपास रोडमा पेट्रोल बम प्रहार गरी आगजनी गरे। प्रहरीले आगजनीमा सङलग्न भएको आरोपमा वीरगञ्ज उमनपा-९ निवासी नेकपा-माओवादी निकट मधेसी मुक्ति मोर्चा जिल्ला उपाध्यक्ष ३५ वर्षीय गोविन्द साह र वीरगञ्ज उमनपा-१८ निवासी नेकपा-माओवादी निकट गणतान्त्रिक खेलकुद महासंघका केन्द्रीय सदस्य ३१ वर्षीय विमल खड्गीलाई नियन्त्रणमा लिएको थियो।

क्षेत्र नं ५ को निर्मलबस्ती ४ ब्रहमानगरमा एमाओवादीका स्थानीय कार्यकर्ताले नमुना मतपत्र लिएर छाप लगाउन सिकाउँदै हिँडेका एमाले कार्यकर्ता केशव विश्वकर्मालाई अपमानित गर्नुका साथै गाउँ निकाला गर्ने धम्की दिए। विश्वकर्मालाई एमाओवादीका स्थानीय कार्यकर्ता सूर्यलामाले अपमानित गर्दै गाउँबाट लखेट्ने धम्की दिएका थिए। सोही ठाउँका अमरबहादुर बुढाथोकीको घरमा नमुना मत पत्र देखाई छाप लगाउने तरिका बताउँदै गर्दा लामाले विश्वकर्मालाई "कामी डाङरा" भन्दै अपमानित गरेको पीडितले बताए।

मोहन वैद्यले नेतृत्व गरेको नेकपा माओवादी पर्साका सहसेक्रेटरी सन्तोष श्रेष्ठलाई श्रेष्ठलाई प्रहरीले कात्तिक २९ गते सिंसिया सुख्खाबन्दगाह क्षेत्रबाट गिरफ्तार गऱ्यो। पर्साका प्रहरी प्रमुख एसपी धीरजप्रताप सिंहले विस्फोटक, आगजनी जस्ता कार्यमा श्रेष्ठको संलग्नता देखिएकोले उनलाई गिरफ्तार गरिएको बताए।

बारा

लिपनीमाल गाविस निवासी बारा क्षेत्र नम्बर ४ का एमाले उम्मेदवार ५० वर्षीय महमुद आलम बा ३ च ७४२४ नम्बरको टाटा सुमोबाट बिहान साढे ११ बजे चुनावी प्रचारको क्रममा कार्याकर्तासाथ घर भन्दा १ किमीको दुरीमा (दक्षिणपट्टि) रहेको वीरगञ्ज-पथलैया औद्योगिक करिडोरको लिपनीमाल-८ स्थित चावासती खाद्य उद्योगमा गएका बखत सडकमा उभिएर मोबाइलमा कुरा गरिरहँदा भारतीय नम्बरको मोटरसाइकलमा आएका दुई जना नाकाबधारीले असोज १८ गते उनको टाउकोमा गोली प्रहार गरी वीरगञ्जतर्फ भागेका थिए। घटनामा प्रयोग भएको भारतीय बीआर ०६ एफ १०३२ नम्बरको मोटरसाइकल वीरगंजको एभरेस्ट होटल अगाडिबाट प्रहरीले बरामद गरेको थियो। गोली लागेर घाइते भएको आलमको ६ दिनपछि असोज २४ मा काठमाडौँको महाराजगञ्ज स्थित शिक्षण अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो। आलमको हत्याका आरोपमा प्रहरीले बन्जरिया गाविस ८ का एमाले पार्टीका पूर्व सभासद तथा राष्ट्रिय पार्षद् सदस्य ५० वर्षीय रामचन्द्र प्यासी (कुसवाहा), भारत अलीगढ घर भई वीरगञ्ज-४ लक्ष्मीटोल बसी व्यापार गर्दै आएका ४२ वर्षीय इन्जिनियर अतिक खान र भारत रक्सौल-४ डंकन रोडका ३८ वर्षीय राजु श्रीवास्तव 'वर्मा' लाई गिरफ्तार गरी कात्तिक १० गते सार्वजनिक गऱ्यो। पूर्व सभासद कुसवाहाको योजनामा आलमको हत्या भएको प्रहरीले जानकारी गराइयो।

एमाले र काङ्ग्रेस कार्यकर्ताबीच कात्तिक २३ र २४ गते भएको झडपमा कुडवा गाविस-३ की ४६ वर्षीया एतवरियादेवी यादव, छोरा २० वर्षीय दीपेन्द्र यादव, ४० वर्षीय रमेश यादव र १४ वर्षीय सरोजप्रसाद यादवको हात, खुट्टा, टाउको र छातीमा चोटपटक लागेको थियो।

बन्दको क्रममा गत कात्तिक २८ गते पूर्वपश्चिम राजमार्गको पथलैया-निजगढ सडक खण्डमा ना३ख ५६९७ नम्बरको ट्रक चलाइरहँदा पेट्रोल बम आक्रमणबाट घाइते भई काठमाडौँको त्रिवि शिक्षण अस्पतालमा

उपचारको क्रममा मृत्य भएका निजगढ गाविस-७ का ट्रक चालक राजु देउजा क्षेत्रीका परिवारलाई सरकारले १० लाख रूपियाँ राहत उपलब्ध गरायो। क्षेत्रीको मङ्सिर ३ गते राजधानीको पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको क्षेत्रीका आफन्त सहदेव दाहालले बताए। अज्ञात समूहको पट्रोल बम प्रहारबाट जलेर घाइते भई थप उपचारको क्रममा क्षेत्रीको काठमाडौंको महाराजगञ्ज शिक्षण अस्पतालमा ०७० मङ्सिर २ गते मृत्य भएको थियो। अर्का घाइते सोही ठाउँका ट्रक धनी ४५ वर्षीय हरि प्रसाई उपचारको क्रममा सोही अस्पतालमा छन्।

क्षेत्रनम्बर २ का काङ्ग्रेसका प्रत्यक्ष उम्मेदवार राधेचन्दप्रसाद यादवलाई लक्षित गरी राखिएको शक्तिशाली बम सेनाल कात्तिक २७ गते राति निष्क्रिय पारे। बरियारपुरबाट गञ्जभवानीपुर हुँदै दहियार गाविस- ९ को बगडमपुर गाउँमा चुनावी प्रचारको क्रममा पुगेर फर्किदा गञ्जभवानीपुर गाविस-९ को सडकमा पर्ने पुलमाथि अज्ञात समूद्वारा राखिएको शक्तिशाली बमबाट एक मिटरको दुरीले राखिएको उनी जोगिए।

मातृका यादव नेतृत्वका नेकपा माओवादीका जिल्ला सेक्रेटरी धर्मनगर गाविस २ निवासी ४५ वर्षीय सहीम हवारीलाई प्रहरीले कात्तिक २८ गते कलैयाबाट गिरफ्तार गरी सार्वजनिक मुद्दा चलायो। जिल्ला प्रहरी कार्यालयका मुद्दा फाँटका इन्स्पेक्टर रामनाथ घिमिरेका अनुसार निर्वाचन सुरक्षामा तथा अन्य सरकारी काममा बाधा अवरोध सृजना गरेकोले गिरफ्तार गरी मुद्दा चलाइएको थियो।

रौतहट

गम्हरीयावितर्ा गाविस-७ का एमालेका स्थानीय कार्यकर्ताहरूलाई काङ्ग्रेसका ६ नम्बर क्षेत्रीय सभापति सहितका कार्यकर्ताहरूले ०७० कात्तिक २ गते दिउँसो कुटपिट गर्दा एमालेका सात जना कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा गम्हरिया वितर्ा गाविस-७ का ५० वर्षीय सियाराम राय यादव, ७० वर्षीय किसुन महतो, ३३ वर्षीय रामकिसोर महतो, ३५ वर्षीय वीरेन्द्र यादव, ५५ वर्षीय रमन महतो, २१ वर्षीय सलामुद्धिन दर्जी, ५५ वर्षीय भदई पासवान थिए। गम्हरीया वितर्ा गाविस-७ स्थित बहुअरी टोलमा २ गते बिहान एमाले क्षेत्र नं ६ का उम्मेदवार रामकुमार भट्टराईले घरदैलो कार्यक्रम सकी एमालेका कार्यकर्ताहरू फर्किएपछि काङ्ग्रेस ६ नं क्षेत्रीय सभापति रामाज्ञा राय यादवको नेतृत्वमा आएका करिब ३० जना काङ्ग्रेस कार्यकर्ताहरूले हाम्रो गाउँमा एमालेको कार्यक्रममा हिँड्ने भन्दै एमाले कार्यकर्ताहरू माथि लाठी प्रहार गरी घाइते बनाएको घाइते सियाराम राय यादवले बताए। घाइतेहरूको चन्द्रनिगाहपुर स्थित जनता अस्पतालमा उपचार भयो।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल सहितको टोली सर्लाहीबाट रौतहटको कार्यक्रमलाई सम्वोधन गर्न आउने कार्यक्रम रहेकाले सो कार्यक्रमलाई अवरोध पुऱ्याउन अज्ञात समूहले ०७० कात्तिक २२ गते विहान पूर्व पश्चिम राजमार्ग अर्न्तगत रौतहटको लमाहा जङ्गलमा रूख ढालेर राजमार्ग अवरुद्ध बनाएको थियो। रूख ढालेर अवरुद्ध बनाइएको स्थानमा बम समेत राखिएको थियो। रूख ढालिएको ठाउँमा राखिएको बमलाई नेपाली सेनाको टोलिले निष्कृय बनाएर अवरोध हटाएपछि राजमार्ग सुचारू भएको थियो।

धनुषा

क्षेत्र नं. १ का एमाओवादीका उम्मेदवार रामचन्द्र झा तथा एमाओवादीकै बागी उम्मेदवार श्रवण यादवका कार्यकर्ताबीच कात्तिक ९ गते बालाबाखर गाविसको कुम्भकर्णमा झडप हुँदा झा समर्थित कार्यकर्ता बालाबाखरका भरत यादव, हरिनेका जीवछ सहलैता घाइते भए। टाउको फुटेका यादवको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो भने सहलैताको स्थानीय मेडिकलमा उपचार भयो। श्रवण यादवको गाउँ चोरा कोयलपुरमा चुनाव प्रचार प्रसारको लागि घरदैलो कार्यक्रम सकाएर कार्यकर्ता सहित फर्किरहेका झा र यादवका कार्यकर्ताबीच झडप भएको थियो।

सिन्धुपाल्चोक

संविधानसभा निर्वाचनको चुनाव प्रचार गर्ने क्रममा कात्तिक ९ गते दिउँसो एमाओवादी र राप्रपा बीच

साँगाचोक भण्ज्यङमा झडप हुँदा राप्रपा कार्यकर्ता साँगाचोक गाविस-८ का प्रकाश गिरी, सोही गाविस-४ का हेमकृष्ण गिरी र सोही ठाउँका रनबिर तामाङ घाइते भए। घाइतेको चौतारा अस्पतालमा उपचार भयो। एमाओवादी कार्यकताहरू साँगाचोक गाविस-५ स्थित जनज्वती निमाविमा चुनावी सभाको लागी जान लाग्दा साँगाचोक भण्ज्याङमा बसेका राप्रपा कार्यकर्तासँग भनाभन भएपछि झडप भएको स्थानीय बासिन्दाले बताए। क्षेत्र नं. २ का एमाओवादीका उम्मेदवार अग्नीप्रसाद सापकोटा र राप्रपाका उम्मेदवार विष्णुविक्रम थापा भने त्यहाँ नरहेको प्रहरीले जनायो।

संविधानसभा सदस्य निर्वाचनका लागि राप्रपाका सिन्धुपाल्चोक जिल्लाको क्षेत्र नं. २ का उम्मेदवार विष्णुविक्रम थापालाई कात्तिक १० गते एमाओवादीका कार्यकर्ताहरूले टेलिफोन गरी भोट माग्न गाउँमा गए मार्ने धम्की दिए। थापाले कात्तिक ११ गते साँझ थापाले पत्रकार सम्मेलन गरी सो कुरा सार्वजनिक गरेका थिए। नेता बिष्णुबिक्रम थापाले एमाओवादीका एक जिम्मेवार नेताबाटै मोबाइलबाट फोन गरी चुनावी अभियान लिएर गाउँ पसेमा मङ्सिर ४ गते अगाडि नै तिम्रो ज्यान मर्नेछ भन्दै आफूलाई धम्की दिएको पत्रकार सम्मेलनमा बताएका थिए।

संविधानसभा सदस्य निर्वाचनलाई लक्षित गरेर एमाओवादीले सिन्धुपाल्चोक जिल्लाबाट प्रकाशित भएको हाम्रो हसियाँ हथौडा दैनिक नाम गरेको मुखपत्रले निर्वाचन आचारसंहिता उल्लङ्घन गरी प्रकाशित गरेको भन्दै कात्तिक २१ गते पत्रिका विरुद्ध निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो।

एमाले क्षेत्र नं. २ का प्रत्यक्षतर्फका उम्मेदवार सुभाष कर्माचार्यको टोली चुनाव प्रचारको क्रममा ठूलोसिरुवार गाविसस्थित डडुवामा चुनावी सभा गरेर फर्कने क्रममा कात्तिक २२ गते बेलुकी ५ बजे एमाओवादीका कार्यकर्ताले डडुवामा आक्रमण गर्दा एमाले जिल्ला कमिटी सदस्य रामचन्द्र बस्नेत सहित चारजना घाइते भए। त्यसैगरी चुनावी प्रचार प्रसार गर्ने क्रममा एमाओवादीका कार्यकर्ता फुल्पीङकोट गाविस-६ स्थित च्यानडाँडाँ पुग्दा एमाले कार्यकर्तासँग जम्काभेट हुँदा कात्तिक २२ गते दिउँसो ३ बजे झडप हुँदा एमाओवादीका चारजना कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा हगाम गाविस घर भएका गणेश श्रेष्ठ, बराम्ची गाविसका तुलानाथ घिमिरे, सुकदेव पौड्याल, र रेशम सुन्दास रहेका थिए। घाइतेहरूको बाह्रबिसे अस्पतालमा उपचार भयो।

एमाओवादीका उम्मेदवार अग्नीप्रसाद सापकोटालाई चुनावी प्रचारको क्रममा क्षेत्र नं २ को सिंपालकाभ्रे गाविसमा काङ्ग्रेसका कार्यकर्ताहरूले कालो झण्डा देखाएर बिरोध प्रर्दशन गरे।

नेकपा-माओवादी लगायतका मोर्चाले संविधानसभा निर्वाचनलाई लक्षित गरी कात्तिक २५ गते गरेको आमहडतालका क्रममा यातायात बन्द गराउने उद्देश्यले अरनिको राजमार्गको विभिन्न ठाउँमा रूख काटेर तेर्साएर राखेपछि सार्वजनिक सवारीका साधनहरू चल्न सकेनन् भने अरनिको राजमार्ग गर्न्तगत माँखा गाविसको राडीचौर र जेठल गाविसको २१ किलोमा सकेट बम समेत राखेको प्रहरीले जनायो।

माँखा गाविस-६ स्थित खाडीचौर बजारमा रहेको जिरीजाने सडकको पुलमा कात्तिक २५ गते बिहान अज्ञात समूहद्वारा राखिएको बमलाई स्थानीयले देखेपछि तत्काल प्रहरीलाई खवर गरेका थिए। प्रहरीको सहयोगमा बाह्रबिसे सैनिक ब्यारेकबाट आएको डिस्पोजल टोलीले उक्त बम निस्कृय बनाएको थियो।

चुनाव प्रचार प्रसारको क्रममा एमालेका कार्यकर्ता गोल्चे गाविस- १ पुग्दा एमाओवादीका कार्यकर्ताले कात्तिक २८ गते बेलुका ७ बजे आक्रमण गरे। आक्रमणबाट एमालेका कार्यकर्ता गोल्चे गाविस- ७ घरभएका राज तामाङ घाइते भए। घाइतेको खाडीचौर अस्पतालमा उपचार भयो। घटनामा संलग्न एमाओवादी कार्यकर्ताहरू मध्य गोल्चे गाविस- १ का बिष्णुलाल दोङ र सोही ठाउँका आशाबहादुर दोङ विरुद्ध पीडितले कात्तिक २९ गते ज्यानमार्ने उद्योगमा जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरे पनि आरोपितलाई कुनै कारबाही भएन।

निर्वाचन गराउन ज्यामीरे गाविस पुगेको निर्वाचन टोलीलाई लक्षित गरी अज्ञात समूहले राखेको सकेट बम मङ्सिर १ गते दिउँसो नेपाली सेनाले निस्कृय बनायो। निर्वाचन बुथमा जाने बाटोमा बम राखेर अवरोध पुऱ्याएपछि निर्वाचनका लागि खटिएका कर्मचारीहरू मेलम्ची फर्केका थिए।

सिन्धुली

एमाले र एकीकृत माओवादीवीच ०७० कात्तिक ५ गते साँझ रतनचुरा गाविसको खनीयाखर्कमा सामान्य झडप भयो। रतनचुरा गाविसको खनीयाखर्कमा आयोजित एमालेको चुनावी सभा सकिएपछि उक्त झडप भएको थियो। एमाओवादी कार्यकर्ताहरू रतनचुरा गाविस-६ का रामकुमार थापा, सोही गाविस-१ का टेकबहादुर मगर, मेघबहादुर मगर, सोही गाविस-३ का सिताराम थापा लगायतलाई एमालेका कार्यकर्ताहरूले कुटपिट गरेको दाहालले जनाए। साँझ दुई पक्षवीच झडप हुन लागेपछि जिल्ला सदरमुकामबाट प्रहरी परिचालन गरी स्थिति सामान्य पारेकोले कुनै अप्रिय घटना नभएको डीएसपी नरेन्द्र उप्रेतीले बताए।

हर्षाही गाविस-५ का ३९ वर्षीय एमाले कार्यकर्ता राज किशोर अधिकारी दनुवारलाई ०७० कात्तिक २८ गते दिउँसो एमाओवादीका कार्यकर्ताले कुटपिट गरे। आफ्नै घरमा बसेको अवस्थामा पाँच जनाको सङ्ख्यामा आएका एमाओवादीका कार्यकर्ताले कुटपिट गरी गम्भीर घाइते बनाएको र उपचारका लागि एमकुलेन्सबाट मिर्चैया तर्फ लगिएको एमालेका स्थानीय नेता महेश कार्कीले बताए। निर्वाचनको विषयमा सामान्य विवाद हुँदा एमाओवादीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाएकोले उपचारका लागि एम्वुलेन्सबाट मिर्चैयातर्फ लगिएको प्रहरी इन्स्पेक्टर प्रधुन्न अधिकारीले जनाए।

सिन्धुली क्षेत्र नम्बर एकको दूधौली गाविसमा ०७० कात्तिक २९ गते दिउँसो एमाले र एमाओवादी कार्यकर्ताबीच झडप भयो। झडपमा क्षेत्र नम्बर १ का एमाओवादीका उम्मेदवार लेखनाथ दाहालका भाई ३५ वर्षीय हरि दाहाल र अर्का एक एमाओवादीका कार्यकर्ता घाइते भए। एमालेका क्षेत्र नंम्बर १ का उम्मेदवार गणेश पहाडी र एमालेका जिल्ला अध्यक्ष प्रदीप कटुवालले यसअघि भएका घटनाहरूको बारेमा बार्ता गर्न भनी उनीहरू बसेको ठाउँमा बोलाएकोले त्याहा गएर फर्किदा प्रहरीसहित आएको एमालेको टोलीले आक्रमण गरेको र घाइतेहरूको दुधौली अस्पतालमा उपचार भइरहेको एमाओवादीका उम्मेदवार लेखनाथ दाहालकी पत्नी दिपा बोहोराले बताइन्।

दोलखा

रेडियो भीमेश्वरले संविधानसभा निर्वाचन अभियानका क्रममा काङ्ग्रेस लगायतका दलहरूद्वारा आयोजित चुनावी सभाहरूका गतिविधि र ग्रामिण क्षेत्रको चुनावी चहलपहलका बारेमा प्रत्यक्ष प्रसारण गरेर आचारसंहिता उल्लङ्घन गरेको आरोप लगाउँदै कात्तिक ५ गते एमाओवादी नेतृ एवम् पूर्व संविधानसभा सदस्य देवी खड्काले निर्वाचन कार्यालयमा उजुरी गरिन्। मुख्य निर्वाचन अधिकृत ठाकुरप्रसाद शर्माले रेडियो भीमेश्वर विरुद्ध उजुरी परेकोले उजुरीलगतै रेडियो भीमेश्वरलाई पत्र लेखी प्रत्यक्ष प्रसारणको यथार्थ जानकारी पेस गर्न रेडियोलाई निर्देशन दिइएको जानकारी गराए।

जफे गाविस-९ गैराघर भन्ने स्थानमा काङ्ग्रेसका कार्यकर्ता र एमाले कार्यकर्तावीच भएको झडपमा पाँचजना एमाले कार्यकर्ता घाइते भए। एमाले कार्यकर्ता रामकृष्ण कार्कीलाई निर्वाचनको विषय लिएर नेपाली काङ्ग्रेसका कार्यकर्ता कुन्दन काफ्ले, चन्द्रगणेश काफ्ले लगायतले घरमै गई धम्की दिएकोले छलफलका लागि जाँदै गर्दा बाटोमा लुकी बसेका कुन्दन, चन्द्रगणेश, पूर्णवहादुर सार्की लगायतले बाँसका भाटा र ढुङ्गाले हिर्काई घाइते बनाएका थिए। कुटपिटवाट जफे गाविस-९ का मुकेश कार्की, सागर खड्का, विकास रम्तेल, विनोद ढकाल र सोही गाविस-८ का प्रभाकर कार्की घाइते भए।

दोलखामा नेपाली काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गरी घाइते बनाइएका मुकेश कार्की र सागर खड्का

घाइतेहरूको चरिकोटस्थित सामुदायिक अस्पतालमा उपचार भयो।

चरिकोट आयल स्टोर परिसरमा फेला परेको बम नेपाली सेनाको बर्दबहादुर गणबाट प्रमुख सेनानी विकास आचार्यको नेतृत्वमा खटिएको विशेष टोलीले कात्तिक २५ गते विहान निस्कृय पारेको थियो। त्यसैगरी मध्यरातमा दोलखाको पाखलती बजारमा पार्किङ गरी राखिएको अरनिको यातायातको बा.२ ख. ३५३४ र बा.३ प. १८०६ नम्बरको वसमा अज्ञात समूहले आगजनी गरेको थियो।

च्यामा गाविस-४ स्थित स्थित महेन्द्र उच्चमावि नजिक राखिएको घरेलु बम नेपाली सेनाको टोलीले कात्तिक २६ गते निष्क्रिय पाऱ्यो। त्यसैगरी सुनखानी गाविस र लामिडाँडा गाविसको वीचमा रहेको गुमुखोला पुलको छेउमा फेला परेको बम पनि सेनाले निष्क्रिय पारेको थियो। त्यस्तै सहरे गाविसको वडा नम्बर ६ मा रूख ढालेर अवरुद्ध गरेको बाटो नेपाली सेनाले खुलाएको थियो। मैनापोखरीको सीताकोथान नजिक फेला परेको बम नेपाली सेनाको टोलीले निष्कृय बनायो।

एमाले र एमाओवादीको चुनावीसभा विथोल्ने गरी झले गाविस-९ को विमिरे, जरेपानीको सडक बीचमा कात्तिक २७ गते राति राखिएको बोतल बम कात्तिक २८ गते वर्द बहादुर गण चरिकोटको नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पाऱ्यो। एमालेको जफे गाविस र एमाओवादीको माल गाविसमा चुनावीसभा गरिने तयारी रहेको थियो। उक्त चुनावीसभामा जाने भिरकोट-हावा सडक खण्डको जरेपानी भन्ने स्थानमा बोतल बम राखिएको भेटिएको थियो। सडकको बीचमा ढुङ्गा थुपारेर स्याउलाले छोपिएको र तार समेत विछ्याइएको अवस्थामा बोतल बम राखिएको थियो। साथै उक्त बोतल बम नजिकै नेकपा-माओवादी, खतरा लेखिएको पर्चा रहेको थियो।

लामिडाँडा गाविसमा कात्तिक २८ गते एमालेको चुनावी प्रचार अभियानमा वाईसीएल र एमाले कार्यकर्ताबीच भएको झडपमा तीन जना घाइते भए। चुनावी अभियान अन्तर्गत एमालेको घरदैलो कार्यक्रममा लामिडांडा गाविसको घ्याङडाँडा भन्ने स्थानमा लुकेर बसेका वाईसीएलले अवरोध खडा गर्दा एमाले कार्यकर्ता एक जना र वाईसीएल दुईजना सामान्य घाइते भएको एमालेका विनकुमार थामीले बताए। घाइतेहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

लादुक गाविस-८ माइथान जनिक सडकमा कात्तिक २९ गते विहान खतरा लेखिएको संकास्पद बस्तुलाई निष्कृय गर्न वर्दबहादुर गण चरिकोटबाट नेपाली सेनाको डिस्पोजल टोली निष्कृय बनायो। लादुक गाविसमा एमालेको चुनावी सभा रहेकोले त्यसलाई लक्षित गरी बम राखिएको एमाले जिल्ला सचिवाल सदस्य सुन्दर विश्वकर्माले बताए।

नुवाकोट

गाउँखर्क गाविस-१ हुङ्गको रोजलाल तामाङको घरमा काङ्ग्रेस जिल्ला सचिव रमेश महत सहित उनका कार्यकर्ता बास बसेको बेला ०७० कात्तिक १० गते राति एमाओवादीका वाईसीएल इन्चार्ज नकुल भन्ने राजन गौतम नेतृत्वको लगभग एक सय जनाको हुलले घर घेरा हाली महतलाई ज्यान मार्ने धम्की दिनुका साथै ०७० मङ्सिर ५ गतेसम्म समुन्द्रटार नकाट्नु काटेमा सफया हुने धम्की दिएको र त्यसको प्रतिकार गर्दा महत सँगै बसेका वेतिनी गाविस-५ का वुथ कमिटी सभापति नुरबहादुर तामाङ, नजामण्डप गाविसका सहदेव उप्रेती, राउतवेशी गाविस ८ का अचुत आर्चार्यलाई धारिलो हतियार प्रयोग गरी मार्न खोजेको रमेश महतले बताए। सो क्रममा वेतिनी- ३ का रूप लामा र वेतिनी- ५ का तेजेन्द्र सिहं तामाङ हराइरहेको महतले वताए। सो क्रममा तामाङ, उप्रेती र आर्चाय घाइते भएको महतले बताए। सो घटनालाई लिएर महतले जिल्ला निवार्चन कार्यलयमा एमाओवादी विरुद्ध उजुरी दिएका थिए।

सामरी गाविस-१ बस्ने एमाओवादीका जिल्ला सदस्य ४२ वर्षीय रामेश्वर खड्का र छोरा मछिन्द्रनाथ खड्कालाई ०७० कात्तिक २५ गते राति १२ बजे सामरी गाविस-६ स्थित पार्टी कार्यलयमा बैठक बसिरहेको अवस्थामा काङ्ग्रेस क्षेत्रीय सभापति जगतबहादुर तामाङ्गको नेतृत्वमा सोही गाविस-२ बस्ने आषा तामाङ्ग, सोही गाविस-३ बस्ने हरिकुमार तामाङ् सहित १५ जनाको समूहले खुकुरी तथा तरवार प्रहार गरी घाइते

बनाएको एमाओवादीका जिल्ला सदस्य नवराज ढुङ्गानाले बताए। घाइते दुबै जनालाई राति नै उपचारका लागि महराजगञ्जस्थित त्रिविवि शिक्षण अस्पतालमा लगिएको एमाओवादी जिल्ला सदस्य ढुङ्गानाले जनाए। उक्त घटना बारे काङ्ग्रेस जिल्ला सचिव लक्ष्मण श्रेष्ठले स्थानीय जनतावीच झडप भएको सुनिएको तर जानकारी नआएको बताए।

नेकपा-माओवादीले आयोजना गरेको बन्दको पहिलो दिन ०७० कात्तिक २५ गते विहान ६ वजे अज्ञात समूहले एमाओवादीको पाटी कार्यालय विदुर र विदुर नपा-४ वट्टार बजारस्थित नुवाकोट आदर्श वहुमुखी क्यापसमा राखिएको प्रेशर कुकर बम फस्ट राईफल गण देवीघाटका बम डिस्पोजल टोलीका सैनिकले निस्कृय पारेको जिल्ला प्रहरी कार्यलयका डीएसपी विपिन कर्मचार्यले बताए।

वाईसीएल कार्यकर्ताको खुकुरी प्रहारबाट घाइते भएका नुवाकोटका इन्द्रबहादुर लामा

सामरी गाविस-८ निवासी काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय रामबहादुर तमाङ, २० वर्षीय जीतबहादुर तमाङ, १८ वर्षीय आइतसिं तमाङ, २१ वर्षीय सन्तकुमार तमाङ, २६ वर्षीय जसविर तमाङ, १८ वर्षीय वुद्धिबहादुर तमाङ, विजय तमाङ, सोमबहादुर तमाङ, सामरी गाविस-७ बस्ने मेघबहादुर तमाङलाई ०७० कात्तिक २६ गते राति दाङसिङ गाविस-३ स्थित होमबहादुर तमाङको घरमा बसिरहेको बेला एमाओवादीका लगभग ५० जना कार्यकर्ताको समूहले घर घेरा हाली खुकुरी तथा लाठीले हिर्काइ घाइते बनाए। उनीहरूसँग रहेको नगद लगभग २५ हजार रूपियाँ, घडी आठ थान, नागरिकता, मोवाइल आठ थान र एक थान बा ५७ प ९६६६ नम्बरको निलो पल्सर मोटरसाइकल एमाओवादी कार्यकर्ताहरूले कब्जामा लिएको काङ्ग्रेसका जिल्ला सदस्य राजु थापाले बताए। एमाओवादी जिल्ला सदस्य नवराज ढुङ्गानाले यो काङ्ग्रेसको नाटक हो, उक्त घटना एमाओवादीले घटाएको होइन भनी जनाए।

काङ्ग्रेसको जिल्लास्तरीय सभामा भाग लिन ०७० कात्तिक २६ गते ककनी गाविसबाट सदरमुकाम विदुर तर्फ आएको बा ५ च ६२५३ नम्बरको पिकप भ्यान गाडिमा मदानपुर-८ जुरेथुम भन्ने ठाउँमा अज्ञात समूहले पेट्रोल बम प्रहार गरेको प्रहरीले जनायो। काङ्ग्रेस केन्द्रीय सदस्य तथा नुवाकोट निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार अर्जुननरसिंह केसी चढेको गाडी भन्दा पछाडि रहेको गाडिमा बम प्रहार भएको हुनाले नेता केसीलाई हानेको हुन सक्ने काङ्ग्रेसका जिल्ला सचिव लक्ष्मण श्रेष्ठले बताए।

लच्याङ्ग गाविस-७ का २५ वर्षीय इन्द्रबहादुर लामालाई कात्तिक २८ गते राति १२ बजे सोही गाविसका वाईसीएल कार्यकर्ता वीरबहादुर गोलेको अगुवाइमा आएको लगभग १० जनाको समूहले घर नजिकै खुकुरी चिरपट प्रहार गरी घाइते बनायो। टाउकोमा चोट लागी घाइते भएको लामाको सदरमुकाम विदुरमा उपचार भएको काङ्ग्रेस जिल्ला सचिव लक्ष्मण श्रेष्ठले बताए।

सर्लाही

गोडैता गाविस-७ का ३० वर्षीय मोहमद ऐजाजुल दर्जी, २३ वर्षीय मोहमद खुर्सीद दर्जी, ३५ वर्षीय महमद फिरोज दर्जी, ३५ वर्षीय अव्दुला दर्जी, ४० वर्षीया सकिला खातुन, ४५ वर्षीय महमद कलाम दर्जी, २५ वर्षीय मो. हारूल दर्जी, १२ वर्षीय मो. जुनेद आलम, १६ वर्षीय मो. इवरान, २० वर्षीया नुरजहान खातुन, ३० वर्षीया फरिदा खातुन, ७ वर्षीया बालिका नगमा खातुन, ३० वर्षीया ममताज खातुन, २० वर्षीय मो. जाकिर आलम, १२ वर्षीय रियाज दर्जी, ३५ वर्षीय मो. कलाम दर्जी र ३२ वर्षीय मो. तौकीर दर्जी ०७० असोज ३१ गते बिहान पर्चा च्यातेको विषयम तमलोपा र फोरम लोकतान्त्रिकका कार्यकर्ता बीच भएको झडपमा परी घाइते भए। घाइते मध्ये १२ जना तमलोपा समर्थक र पाँच जना फोरम लोकतान्त्रिकका कार्यकर्ता रहेका थिए। गम्भीर घाइते भएका मो. ऐजाजुल दर्जी र मो. खुर्सिद दर्जीलाई प्रारम्भिक उपचार जिल्ला अस्पताल मलङ्गवामा गराई

थप उपचारको लागि जनकपुर अञ्चल अस्पताल र नेशनल मेडिकल अस्पताल वीरगञ्ज लगिएको थियो भने १५ जना सामान्य घाइते भएकाहरूको जिल्ला अस्पताल मलङ्गवामा उपचार गरिएको थियो। गोडैता गाविस- ७ का मैतुन मंसुर र मुस्तफा दर्जीका १० देखि १२ वर्षीय छोराहरू बीच भएको झगडाले दुवै परिवारका महिला हुँदै राजनीतिक रूप लिएको थियो। झडपमा भाला, तरवार र फर्सा जस्ता धारिला घरेलु हतियारका प्रयोग भएको थियो।

सर्लाहीमा राजनीतिक दलहरूबीच भएको झडपमा परी घाइते भएका स्थानीय बासिन्दाहरू

तराई मधेस लोकतान्त्रिक पार्टी र तराई मधेस सदभावना पार्टीका कार्यकर्ताबीच ०७० कात्तिक ४ गते साँझ चुनावी पोस्टर च्यातेको विषयमा भएको झडपमा परी दुई जना बालबालिका सहित चार जना घाइते भए। घाइते हुनेहरूमा रामवन गाविस-५ मुसलमान टोलका २५ वर्षीय रौजन खातुन, १३ वर्षीय इनताज मन्सुर, ६५ वर्षीय सुरज सिंह राजपुत, सात वर्षीया बालिका सोसार खातुन छन्। घाइतेहरू तराई मधेस सद्भावना पार्टीका समर्थक कार्यकर्ता थिए। तराई मधेस लोकतान्त्रिक पार्टी र तराई मधेस सद्भावना पार्टीको चुनावी पोस्टर एक अर्कालेटाँसिएको ठाउँबाट च्यातेको विषयमा विवाद हुँदा दुवै पक्षका कार्यकर्ताबीच कुटपिट भएको थियो। कुटपिटका क्रममा ईटा, ढुङ्गा, भाला र फर्सा जस्ता धारिलो हतियार प्रयोग भएको थियो। घाइतेमध्ये रौजनको गोडामा, इनताजको टाउँको फुटेको थियो भने सुरजको अनुहारमा र सोसारको ढाँडमा चोटपटक लगेको थियो। घाइते सबैको स्थानीय स्वास्थ्य चौकी रामवनमा उपचार गरिएको थियो।

चुनावी घरदैलो कार्यक्रम सकेर घर तर्फ जादै गर्दा हरिवन गाविस ६ निवासी एमाले निकट युवासङ्घका जनकपुर अञ्चल कमिटी सदस्य शम्भु मैनालीको मोटरसाईकलमा ०७० कात्तिक २४ गते राति ९ बजे सोही गाविस-६ ताईवान टोलमा पाँचदेखि सात जनाको समूहमा रहेका नेकपा-माओवादी कार्यकर्ताले ढुङ्गा प्रहार गरी धारिलो हतियार देखाई मोटरसाईकलमा आगो लगाइ दिएका थिए। सि.वि जेड नामको ना .१४ प. ८३६५ नं. को मोटरसाईकल जलेर ध्वस्त भएको थियो। घटनामा संलग्न भएको आरोपमा तत्काल घटनास्थल पुगेको प्रहरीको टोलीले सोही ठाउँका एक जना माओवादी कार्यकर्तालाई अनुसन्धानको लागि गिरफतार गरेको थियो।

सङ्घीय समाजवादी पार्टी नेपालले चुनावी प्रचार प्रसारको लागि प्रयोग गरेको जीपमा कात्तिक २६ गते राति १ बजे अज्ञात समूहले आगजनी गर्‍यो। हरिवन गाविस-४ स्थित सडकमा टायर पम्चड भई बिग्रेको अवस्थामा रहेको वा.३ च. ६५५७ नम्बरको महेन्द्र जीपमा पेट्रोल छर्की आगजनी गरिएको थियो।

सर्लाहीस्थित पुर्वपश्चिम लोकमार्गका दुई स्थानमा राखिएको नक्कली बम पहिचान गरी ०७० कात्तिक २७ गते नेपाली सेनाले निष्कृय बनायो। नयाँरोड भन्दा पश्चिमको हरिवन खोला पुल र ढुंग्रेखोलाको मिलनचौक नजिक ढुंगा थुपारेर बम जस्तो सामग्री राखिए पछि राति केही घण्टा यातायात अवरुद्ध भई स्थानीय जनताहरू त्रसित भएका थिए। नेपाली सेनाको टोलीले राति नै घटनास्थलमा गएर उक्त पदार्थ हटाएको थियो।

एमाओवादीले सर्लाहीको क्षेत्र नं १ को गौरीशंकर गाविसमा स्थानीय बालबालिकालाई चुनावी प्रचार प्रसारमा झण्डा वोकाई नारावाजी गराएका थिए। क्षेत्र नं १ का एमाओवादी उम्मेदवार शम्भुलाल श्रेष्ठको चुनावी अभियानका क्रममा उनीहरूलाई प्रयोग गरिएको थियो। निर्वाचनमा बालबालिकाको प्रयोग निषेध भनिए पनि उम्मेदवारले उल्लङ्घन गरिएको थियो।

ललितपुर

संविधानसभाको निर्वाचनको मतगणना कार्य थालिएको करिब १२ घण्टापछि मध्यरातमा उक्त मतगणनालाई अस्वीकार गर्ने एनेकपा माओवादीको कदमप्रति नागरिक अगुवाहरूले मङ्सिर ६ गते प्रेस विज्ञप्ति जारी गरेर गम्भीर आपत्ति प्रकट गरे। एमाओवादीको कदमप्रति ध्यानाकर्षणसँगै मतगणना र परिणामको घोषणा प्रक्रियालाई सुचारू राख्ने निर्वाचन आयोग तथा नेपाल सरकारको प्रतिबद्धताको नागरिक अगुवाहरूले

समर्थन समेत गरे। एमाओवादीद्वारा मतगणना कार्यलाई बाधा पुऱ्याउन अघि सारिएको 'वार्ता' गर्ने लगायत सबै मागलाई अस्वीकार गर्दै मतगणनाको सम्पूर्ण प्रक्रिया जारी राख्न पनि नागरिक अगुवाहरूले जोडदार माग गरेका थिए। स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको तर्फबाट सुबोधराज प्याकुरेल, चरण प्रसाई, कनकमणि दिक्षित, चन्द्रकिशोर र अमुदा श्रेष्ठद्वारा संयुक्त रूपमा जारी विज्ञप्तिमा मङ्सिर ४ गते सम्पन्न संविधानसभाको निर्वाचनमा जनताको व्यापक चेतनशील प्रतिबद्ध सहभागिता रहेको उल्लेख गरिएको थियो। उनीहरूले निर्वाचनको व्यवस्थापन, सुरक्षा आदि विषय प्रशंसनीय रहेको कुरा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल र बाबुराम भट्टराईलगायतका नेताहरूले सार्वजनिकरूपमा व्यक्त गरिसकेको विज्ञप्तिमार्फत स्मरण गराईएको थियो। 'चुनावी मन्त्रिपरिषद्को गठनलगायत निर्वाचनका सम्पूर्ण प्रक्रिया र नियम बनाउनेदेखि निर्वाचन सम्पन्न गर्ने समेत प्रत्येक चरणको राजनीतिक नेतृत्व एमाओवादीले नै लिएको थियो। एमाओवादीद्वारा मतगणनाको सन्दर्भमा मध्यरातमा जारी वक्तव्य तथा ६ गते बिहान अध्यक्ष पुष्पकमल दाहालद्वारा व्यक्त धारणा विरोधाभासपूर्ण रहेको हाम्रो ठहर छ।'-विज्ञप्तिमा भनिएको थियो। विज्ञप्तिमार्फत सशस्त्र विद्रोहबाट शान्तिपूर्वक राजनीतिक अवतरण गरेको भनिएको एनेकपा माओवादीले लोकतान्त्रिक विधि प्रक्रियालाई अङ्गीकार गरोस् भन्ने नागरिकहरूले चाहना प्रकट गरेका थिए।

निर्वाचन आयोगले एविसी टेलिभिजनलाई निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भन्दै कात्तिक २२ गते २४ घन्टे स्पष्टीकरण सोधेको थियो। काङ्ग्रेसले कात्तिक २२ गते विभिन्न सञ्चारमाध्यम र निर्वाचन क्षेत्रमा भएका आचारसंहिता उल्लङ्घनका घटना तत्काल रोक्न ज्ञापनपत्र बुझाएपछि आयोगले एबिसी टेलिभिजनलाई स्पष्टिकरण सोधेको थियो।

ललितपुर क्षेत्र नं १ मा काङ्ग्रेस, एमाओवादी, राप्रपा नेपाल र एमालेलगायतका ठूला राजनीतिक दलहरूले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता विपरीत चापागाउँमा सडकको दायाँ बायाँ किनारामा रहेका पोलमा आफ्नो पार्टीको प्रचारका लागि निर्वाचन चिह्न र झण्डा टाँगेका थिए।

कात्तिक २४ गते ललितपुर क्षेत्र नं १ अन्तर्गत चापागाउँमा एमाओवादीको संविधानसभा निर्वाचन प्रचार च्यालीमा निर्वाचन आचारसंहिता विपरीत वाईसीएल कार्यकर्ताले टिसर्टको प्रयोग गरेको पाइएको थियो।

नेकपा-माओवादीसहितको मोर्चाले आह्वान गरेको आमहडतालका क्रममा सवारीसाधनमा तोडफोड र आगजनी र जबर्जस्ती बन्द गराउन खोज्ने ३४ जनालाई प्रहरीले कात्तिक २५ गते बिहान काठमाडौँ र ललितपुरबाट गिरफ्तार गऱ्यो। बन्दकर्ताले कोटेश्वरको भाटभटेनी सुपरमार्केट नजिक 'नागरिक' दैनिक पत्रिकाको बा४प ४८७२ नं को पत्रिका बोकेको गाडीमा तोडफोड गरेका थिए। अज्ञात व्यक्तिले कात्तिक २४ गते राति काठमाडौँ महानगरपालिका वडा नं ३५ सुविधानगरस्थित टिटन कलेजको प्रवेशद्वार अगाडि मूल सडकमा पार्किङ गरि राखिएको बा ४ च २४३२ नंको स्यान्ट्रो गाडीमा अज्ञात व्यक्तिले आगजनी गरे। त्यसैगरी सुविधानगरकै एपोलो स्कुल नजिक पार्किङ गरिराखिएको बा ३ च ७८२७ र बा ६ च ५५११ नंको गाडीमा पनि अज्ञात व्यक्तिले गए राति नै तोडफोड गरी क्षति पुऱ्याएको महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरले जनायो।

लगनखेलबाट रत्नपार्क चल्ने बा. १ ज. ६२८८ नम्बरको माइक्रो बसमा कात्तिक २६ गते बिहान कुमारीपाटीमा अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा चार वर्षीय बालक अभिषेक लामा सामान्य घाइते भए। घाइते बालक लामाको अल्का अस्पताल जावलाखेलमा उपचार भयो भने माइक्रोबसमा सामान्य क्षति पुगेको थियो।

काभ्रे

जैशीथोक गाविस-३ जैशीथोकका ४६ वर्षीय यज्ञप्रसाद न्यौपानेलाई ०७० कात्तिक ३ गते साँझ पाँचखाल गाविस-६ बोक्सेस्थित एक छाप्रो पसलमा सोही गाविस-९ तिमल्सिनागाउँका ३२ वर्षीय जयराम अधिकारीले कुटपिट गरे। एमालेका इलाकास्तरिय कार्यकर्ता न्यौपानेलाई एमाओवादीका कार्यकर्ता जयरामले फोन गरी बोक्सेस्थित छाप्रोपसलमा मदिरा खानका लागि बोलाएका थिए। दुवै व्यक्तिहरूले मदिरा सेवन गरेपछि चुनावी

नेपाल बन्दको क्रममा नेकपा-माओवादीसहितको मोर्चाका कार्यकर्ताले काभ्रेस्थित धुलिखेलमा आगजनी गरेको सवारी साधन

विषय निकालेर एमाओवादी कार्यकर्ता जयरामले न्यौपानेलाई दाँत झर्ने गरी कुटपिट गरेका थिए। न्यौपानेको काठमाडौँ उपचार भयो। आरोपितलाई साँझ नै गिरफ्तार गरी धुलिखेलस्थित जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको थियो।

टुकुचा नाला गाविस-३ घिमिरेगाउँ पुगेका काभ्रे क्षेत्र नम्बर-३ का राप्रपा नेपालका उम्मेदवार शैलेन्द्रबहादुर तामाङलाई घर दैलो कार्यक्रम गर्ने क्रममा ०७० कात्तिक ८ गते निर्वाचन सामग्रीसहित नेकपा माओवादी कार्यकर्ताले लखेटेका थिए। मत माग्न घरदैलो गर्ने क्रममा गाउँ पुगेका तामाङसहित उनका कार्यकर्तालाई 'तपाईंहरूले किन भोट माग्ने' भन्दै लखेटेको माओवादी क्रान्तिकारी विद्यार्थी सङ्गठन काभ्रेका अध्यक्ष सन्तोष घिमिरेले बताए। उम्मेदवारका कार्यकर्ताले टाँसेको पोस्टरसमेत उप्काएर माओवादी कार्यकर्ताले लखेटेपछि तामाङ वालुवापाटी देउपुर लागेका थिए।

काभ्रे निर्वाचन क्षेत्र नम्बर-१ अर्न्तगत पर्ने पोखरीचौरी गाविस-६ क्यौरिनीमा रहेको जागृति उच्च मावि परिसरमा निर्वाचनको प्रचारप्रसारका लागि लगिएको एमाओवादीका उम्मेदवार सूर्यमान दोङको निर्वाचन सामग्री कात्तिक १० गते विहान नेकपा-माओवादीका कार्यकर्ताहरूले जलाए।

काङ्ग्रेसबाट काभ्रेपलाञ्चोक जिल्ला क्षेत्र नम्बर ४ का उम्मेदवार कुमार लामिछाने चढ्ने भाडाको बा.९च ११२६ नम्बरको टाटासुमो गाडीमा कात्तिक २१ गते राति अज्ञात व्यक्तिहरूले आगजनी गरे। बनेपा नपा-१ घोकेचौरस्थित चालकको निवास अगाडी राखिएको उक्त गाडीमा आगो लगाएपछि कुकुर कराएका कारण उठेर हेर्दा आगो बलिरहेकाले तत्काल आगो निभाउन सफल भएको काभ्रे सिंम्थली घर भएका चालक गोपाल बुढाथोकीले बताए। उम्मेदवारको ब्यानर र पार्टीको झण्डा राखिएको उक्त गाडी चुनाव प्रचारको काम बकेर बेलुकी कोठा अगाडि राखिएको थियो।

सरमथली गाविसका एमाओवादीका कार्यकर्ता ४५ वर्षीय रेशमबहादुर तामाङलाई कात्तिक २२ गते राति नारायणस्थानस्थित होटलमा खाना खाइरहेको बेला काभ्रेको तिमाल अर्न्तगत पर्ने उक्त स्थानमा मोटरसाइकलमा आएका तीनजना अज्ञात व्यक्तिले कुटपिट गरी उनको बा. ५४ प. ९९१५ नंबरको मोटरसाइकलसमेत तोडफोड गरे। टाउको र हातमा चोट लागि घाइते भएका तामाङको धुलिखेल अस्पतालमा उपचार भयो।

ओखलढुङ्गाको घुर्मीबाट काठमाडौँ आइरहेको बा ३ ख २०३ नंबरको यात्रुसहितको बसमा पाल्लेखेत गाविस-८ डाँडागाउमा कात्तिक २५ गते बिहान नेकपा-माओवादीले पेट्रोल बम प्रहारगरी केही क्षति पुऱ्याए। चालकको झ्याल नजिकै फ्याँकिएको पेट्रोल बमले बसमा सामान्य क्षति पुगेको थियो।

नेकपा-माओवादीलगायतका मोर्चाले सर्वसाधारणलाई भय र त्रास फैलाउन कात्तिक २५ गते पाँचखाल गाविस-१ स्थित प्रतिभा निमाविको गेटमा दुईवटा, महादेवस्थान रायोबारीमा एक र देवभूमि बालुवास्थित आँपघारी सडकमा एक घरेलु निर्मित विस्फोटक पदार्थ राखेर बन्दकारीले जनजीवन आतंकित बनाएको पाइयो। सबै घरेलु निर्मित विस्फोटक पदार्थलाई सेनाले निष्क्रिय पाऱ्यो।

धनुषा

धनुषा जिल्ला क्षेत्र नम्बर १ का काङ्ग्रेस उम्मेदवार दिनेशप्रसाद परसैला यादवलाई लक्षित गरी खरिहानी गाविस-७ स्थित मुसरपट्टीमा कात्तिक २५ गते दिउँसो १ बजे राखिएको प्रेसर कुकर बम नेपाल सेनाको डिस्पोजल टोलीले निष्कृय गऱ्यो। त्यसैगरी क्षेत्र नम्बर ४ का एमाले उम्मेदवार श्रीप्रसाद साहको गाडीमा अज्ञात व्यक्तिहरूले कात्तिक २५ गते साँझ ढुङ्गामुढा गरे।

भक्तपुर

नेकपा माओवादी लगायतका मोर्चाले आह्वान गरेको आम हडतालको पहिलो दिन ०७० कात्तिक २५

गते भक्तपुरको खरिपाटीमा पार्किङ गरी राखिएको शान्ति मन्त्रालयको बा. १ भ. ७०८४ नम्बरको गाडीमा राति अज्ञात समूहले आगजनी गरे। त्यसैगरी दुई जनाको अज्ञात समूहले मध्यपुर थिमी नपा-११ बालुवा डिपोमा राखिएको ना ३ ख ३७११ नम्वरको वसमा विहान करिव साढे ३ वजे पेट्रोल छरी आगजनी गरे। सिन्धुपाल्चोकको मुढे-देउराली चल्ने सो वस जलेर नष्ट भयो।

रसुवा

लहरेपौवा गाविस -३ बनुवाका ३५ वर्षिया लक्ष्मी आचार्यलाई एमाओवादी कार्यकर्ताहरूले आगो लगाएर घाइते बनाए। बनुवास्थित आफ्नै पसलमा रहेकी आचार्यसँग नेकपा-माओवादी कार्यकर्ताहरूले एमाओवादीको निर्वाचन प्रचार सामग्री पोस्टर मागेपछि आचार्यले दिन नमानेपछि जबरजस्ती पोस्टर खोस्न लाग्दा नदिएपछि आचार्यलाई लछार पछार गरी मट्टीतेल खन्याएर पोस्टर जलाउँदा उनको अनुहार, दायाँ हात, पेट, घाटि जलेको थियो। घाइतेको उपचार पञ्चकन्या अस्पतालमा भएको प्रहरीले जनायो। नेकपा-माओवादी जिल्ला सचिव भीमबहादुर खडका ध्रुवको नेतृत्वमा रहेको टोलीले आगो लगाएको स्थानीयवासीले जानकारी गराए।

पश्चिमाञ्चल क्षेत्र

आचारसंहिता उल्लङ्घनको अवस्था

पश्चिमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचन २०७० को आचारसंहिता उल्लङ्घनका १ सय ३९ ओटा घटनामा सबै भन्दा बढी ३५ ओटा एमाओवादीबाट, ३३ ओटा नेकपा-माओवादीबाट, नेपाली काङ्ग्रेसबाट २२ ओटा र एमालेबाट ११ ओटा आचारसंहिता विपरीतका कार्य भए। जसमा गोरखामा २४ ओटा, कास्कीमा १५ ओटा, तनहुँमा १३ ओटा, स्याङ्जामा ११ ओटा र कपिलवस्तुमा १० ओटा संविधानसभा निर्वाचन २०७० विपरीतका कार्य भएका छन्। यस क्षेत्रमा मुस्ताङ जिल्लामा एउटा पनि आचारसंहिता उल्लङ्घनका घटना सचिवालयमा अभिलेख भएन।

क्र.सं.	जिल्ला	घाइते सङ्ख्या
१	गोरखा	२९
२	बाग्लुङ	१६
३	गुल्मी	७
४	कास्की	७
५	लम्जुङ	४
६	पर्वत	४
७	पाल्पा	२
८	म्याग्दी	२
९	तनहुँ	२
१०	अर्घाखाँची	२
	जम्मा	७५

यस क्षेत्रमा संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लङ्घनका १ सय ३९ ओटा घटनामध्ये आचारसंहिता उल्लङ्घन बुँदा नं. ३० ले व्यवस्था गरेको "अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, बैठक वा भेला बिथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा वा बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन" भन्ने बुँदा विपरीत ६१ ओटा आचारसंहिता उल्लङ्घनका घटना भए।

आचारसंहिताको बुँदा नं. २९ ले हातहतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गराउन हुँदैन भन्ने व्यवस्था विपरीतका २२ ओटा कार्य भएको सचिवालयमा अभिलेख भयो।

निर्वाचन पूर्वको पर्यवेक्षण

संविधानसभा निर्वाचन-२०७० व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्नका लागि निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताका सम्बन्धमा निरन्तर अनुगमन सम्पन्न गरियो। इन्सेक क्षेत्रीय कार्यालय र इन्सेक जिल्ला प्रतिनिधिले सम्बन्धित जिल्लामा भएका निर्वाचन आचारसंहिता विपरीत भएका गतिविधिहरूको स्वतन्त्र र निस्पक्ष रूपमा अनुगमन गरियो। अनुगमनका क्रममा तपसील बमोजिमका आचारसंहिता उल्लङ्घनका घटनाहरू भएको पाइयो।

बाग्लुङ

बोंगादोभान गाविस-८ निवासी तरुण दल गाउँ समितिका सदस्य २८ वर्षीय बालकुमार पुन ०७० कात्तिक ५ गते राति वाईसीएल कार्यकर्ताको आक्रमणबाट घाइते भए। एकीकृत माओवादीका कार्यकर्ताहरूले चुनाव प्रचारको विषयलाई लिएर खुकुरी प्रहार गर्दा पुन घाइते भएको नेपाली काङ्ग्रेस बागलुङले जनायो। टाउकोमा चोट लागेका पुनको बोंगादोभान उपस्वास्थ्य चौकीमा सामान्य उपचार पछि बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरिएको थियो। कात्तिक ५ गते दिउँसो चुनावको विषयमा सामान्य विबाद भएको र राति १० बजेको समयमा वाईसिएलका कार्यकर्ताले आफ्ना कार्यकर्तालाई आक्रमण गरी कुटपिट गर्दै खुकुरी प्रहार गरेको काङ्ग्रेसले जनायो।

नेकपा एमालेका जिल्ला सदस्य धुल्लुवास्कोट गाविस-३ निवासी बालिका केसीकी आमा ७० वर्षीया पार्वती जैसी, दाजु ३७ वर्षीय पूर्ण केसी, भाउजू ३५ वर्षीय माया केसी र भाइ १३ वर्षीय जीवन केसीलाई राजनीतिक प्रतिशोधका कारण राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले ०७० कात्तिक १० गते राति घरमै कुटपिट गरे। राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरू राङखानी-९ का सुनिल छन्त्याल, कुमार थापा, जनक श्रीस, छविलाल श्रीस, लालबहादुर श्रीस र राजकुमार श्रीस लगायत २५/३० जनाको समूहले केसीको घर गोठ तोडफोड गर्नुका साथै परिवारका सदस्यहरूलाई कुटपिट गरेको नेकपा एमाले जिल्ला सदस्य बालिका केसीले बताइन्। घाइतेहरूको बरेङ स्वास्थ्य चौकीमा उपचार भएको थियो।

राष्ट्रिय जनमोर्चाले निकालेको चुनावी च्यालीमा एमाओवादीका कार्यकर्ताले ०७० कात्तिक २९ गते हुग्दिशिर गाविसमा आक्रमण गर्दा समानुपातिक उम्मेदवार मीना पुन सहित चार जना घाइते भएका छन्। पूर्व सभासद तथा राजमोका समानुपातिक उम्मेदवार मिना पुनको नेतृत्वमा निस्केको च्यालीमा एक्कासि एमाओवादी कार्यकर्ताले आक्रमण गर्दा पुनसँगै अखिल नेपाल युवक सङ्गठनका एरिया अध्यक्ष मीनबहादुर पुन, प्रेम थापा लगायत घाइते भएको थियो। एमाओवादी क्षेत्र नं. २ निर्वाचन परिचालन कमिटिका संयोजक मदन काला र उम्मेदवारका छोरा प्रदीप थापा लगायतको टोलीले आक्रमण गरेको राष्ट्रिय जनमोर्चाका उम्मेदवार राजेन्द्र ढुङ्गानाले जानकारी गराए।

नेपाल विद्यार्थी सङ्घका अध्यक्ष तथा केन्द्रीय सदस्य जैदी गाविस-२ का निवासी हरिहर शर्माको घरमा मङ्सिर २ गते साँझ अज्ञात समूहले आक्रमण गर्दा परिवारका सात जना घाइते भए। परिवारका सदस्यहरूले खाना खाई रहेको समयमा तीन जनाको समूह घरभित्र पसेर आक्रमण गरेको थियो। आक्रमणबाट अध्यक्ष शर्मा, आमा नर्वदा सुवेदी, बाबु केदारनाथ सुवेदी, भाईहरू रामु सुवेदी, प्रेम सुवेदी र गोविन्द, बहिनी गङ्गा सुवेदी घाइते भए। गम्भीर घाइते नर्वदा सुवेदी, केदारनाथ सुवेदी, प्रेम सुवेदी र राम सुवेदीलाई नेपाली सेनाले प्राथमिक उपचार गरी थप उपचारको लागी पोखराको मणिपाल शिक्षण अस्पताल पुऱ्याएको थियो।

गोरखा

एकीकृत नेकपा माओवादीका कार्यकर्ताले निर्वाचनको प्रचार प्रसारमा गएका नेकपा एमालेका कार्यकर्तामाथि ०७० कात्तिक ७ गते राति स्वाँरा गाविस-४ खारचोकमा आक्रमण गरे। प्रचार प्रसारपछि राति खाना खाएर सुत्न लागेको अवस्थामा एमाओवादीका कार्यकर्ताहरूले आक्रमण गर्दा एमालेका १५ जना कार्यकर्ता घाइते भए। दिउँसो चुनावी सभा सकेर होटलमा बास बस्न लाग्दा आक्रमण भएको नेकपा एमाले क्षेत्र नं. ३ का अध्यक्ष नारायणध्वज खड्काले जानकारी दिए। घाइते मध्ये ताकुकोट गाँउ पार्टी अध्यक्ष ४८ वर्षीय भिमबहादुर थापा र उपाध्यक्ष ५० वर्षीय धनप्रसाद गुरुङलाई थप उपचारका लागि काठमाडौँ लगियो। घटनामा स्वाँरा गाविस-५ का यमबहादुर गुरुङ, ताकुकोट गाविस-३ का टेकबहादुर सरु, आरूआर्वाङ गाविस-९ का शंकर नेपाली, स्वाँरा गाविस-४ का सन्तोष थापा, अनु तामाङ, मंगोल गुरुङ, भक्तबहादुर बराम, रमेश नेपाली, भरत नेपाली, सुमन गुरुङ, स्थानीय शिक्षक रामबहादुर चौधरी र विकास गुरुङ घाइते भएका थिए।

एमाओवादी कार्यकर्ताको आक्रमणमा घाइते भएका गोरखाका धनप्रसाद गुरुङ

नेपाली काङ्ग्रेस धावा गाविसका सक्रिय कार्यकर्ता राजेन्द्र भट्टलाई ०७० कात्तिक २६ गते वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरेका छन्। धावा गाविस वडा नम्वर ३ धावा चौताराका भट्टलाई दिउँसो वाईसीएल कार्यकर्ताले कुटपिट गरेका थिए। उनीहरूले निर्वाचन प्रचारका क्रममा राखिएका झण्डा लगायत प्रचार सामग्री पनि नष्ट गरिदिएको नेपाली काङ्ग्रेस गोरखाले जानकारी गरायो।

निर्वाचन प्रचार-प्रसारका क्रममा एकीकृत नेकपा माओवादी र नेकपा एमालेका कार्यकर्ता बीच ०७० कात्तिक २२ गते राति क्षेत्र नं ३ अन्तरगतको आरूचनौटे गाविसको आरुघाट बजारमा झडप हुँदा दुवै तर्फका एक/एक जना घाइते भए। राति करिब ८:३० बजे आरूचनौटेको आरुघाटर पुगेका एमालेका २०/२२ जना कार्यकर्ता र सोही ठाँउमा निर्वाचन प्रचार-प्रसार गरिरहेका एमाओवादीका १२/१४ जना कार्यकर्ताहरूबीच झडप भएको थियो।

एमाओवादी कार्यकर्तालाई बोकेको आरोपमा ०७० कात्तिक २५ गते राति नेपाली काङ्ग्रेसका कार्यकर्ताले ना ३ ख २५५८ नम्बरको बसका चालक अमृत परियार र ना २ ख ५०५१ नम्बरको बसका चालक जय श्रेष्ठलाई धावा गाविस-५ मा कुटपिट गरे।

घरमा कुन पार्टीको झण्डा राख्ने विषयमा बक्राङ गाँउ विकास समितिको कुसुण्डेमा दाजुभाई बीच भएको विवादपछि एमाओवादी र काङ्ग्रेस कार्यकर्ता बीच झडप हुदाँ तीन जना घाइते भए। ०७० कात्तिक २६ गते राति करिब ९ बजे विवाद पछि झडप भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। झडपका क्रममा एमाओवादीका जनक आले र काङ्ग्रेस कार्यकर्ता टेकेन्द्र थापा र विश्वास थापा घाइते भएका थिए।

जिल्लाको निर्वाचन क्षेत्र नं- ३ को धावा गाविस-५ स्थित प्रभात उच्चमाविमा मङ्सिर १ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताको आक्रमणमा परी एमाओवादीका पाँच जना कार्यकर्ता घाइते भए। मतदान केन्द्रमा भएको सर्वपक्षीय बैठकका क्रममा काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गर्दा एमाओवादीका कार्यकर्ता सुवास अधिकारी, विनोद नेपाली सहित पाँच जना घाइते भए।

नेपाली काङ्ग्रेसका कार्यकर्ताले धावा गाउँ विकास समिति- ५ मा ०७० मङ्सिर १ गते साँझ एकीकृत नेकपा माओवादीका कार्यकर्तालाई खुकुरी प्रहार गरी घाइते बनाए। स्थानीय प्रभात उमावि मतदान केन्द्रमा सर्वदलीय बैठक भई रहेको बेला काङ्ग्रेस कार्यकताहरूले आक्रमण गर्दा एमाओवादीका कार्यकर्ताहरू २३ वर्षीय सुवास अधिकारी र २२ वर्षिय विनोद नेपाली गम्भीर घाइते भएका थिए।

एकीकृत नेकपा माओवादीका कार्यकर्ताले तान्द्राङ गाविस- १ टारीफाँटमा नेपाली काङ्ग्रेसका कार्यकर्ता तथा शिक्षक संघका पूर्व जिल्ला सचिव तारा पुडासैनीको घरमा ०७० मङ्सिर २ गते बिहान आगजनी गरी क्षति पूऱ्याए। एमाओवादी कै कार्यकर्ताले काङ्ग्रेस धावा गाँउ पार्टी उपसभापति शिवप्रसाद लामिछानेलाई कुटपिट गरी घाइते बनाए। एमाओवादी कुटपिटबाट घाइते भएका लामिछानेको आरुघाट स्थित स्वास्थ स्संस्थामा उपचार भयो।

गुल्मी

चुनाव प्रचारका क्रममा क्षेत्र नं ३ अन्तर्गतको धुर्कोटरजस्थल गाविसमा ०७० कात्तिक २४ गते नेकपा एमाले निकट युथपोर्स र एमाओवादी निकट वाईसीएलबीच झडप हुँदा धुर्कोटरजस्थल गाविसका युथफोर्सका कार्यकर्ता ४० वर्षीय लीलबहादुर खनाल, २७ वर्षीय हेम लम्साल, सोही गाविस निवासी वाईसीएलका कार्यकर्ता ४१ वर्षीय निमबहादुर कुवँर, ३३ वर्षीय झवीन्द्र विक र २७ वर्षीय मनोहर पन्थी घाइते भए। उनीहरूको स्थानीय प्राथमिक स्वास्थ्य चौकीमा उपचार भयो।

नेटा गविस- ४ का युथफोर्स कार्यकर्ता २३ वर्षीय राजेन्द्र केसी र १९ वर्षीय हिमाल केसीलाई ०७० कात्तिक २८ गते दर्तिङ गाविसमा सम्पन्न पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईको आमसभाबाट फर्केका एमाओवादी कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। चुनावी सभाबाट लु १ च ४४५१ नं. को जिपमा झण्डा सहित फर्कदै गरेका एमाओवादी कार्यकर्ताहरूले नेटागाविस- ५ इजरापोखरामा साँझ आक्रमण गरेको एमाले गाउँ कमिटी अध्यक्ष अमरसिंह पुनले जानकारी दिए।

लम्जुङ

घनपोखरा गाविसमा एमालेको चुनावी प्रचारमा पुगेका कार्यकर्तामाथि राप्रपाका युवाहरूले कात्तिक २३ गते राति ढुङ्गा प्रहार गरेपछि झडप भयो। घरदैलो अभियानमा घनपोखरा पुगेका नेकपा एमाले क्षेत्र नम्बर १ का उम्मेदवार जमिन्द्रमान घलेसहितको टोलीमाथी राप्रापा समर्थित युवाहरूले आक्रमण गरेपछि दुईपक्षबीच झडप भएको थियो। राति १० बजे भएको दोहोरो झडपमा परी एमालेका दुई जना, राप्रपाका एकजना र उम्मेदवारका सुरक्षागार्ड सन्तोष कार्की घाइते भएका थिए।

म्याग्दी

चुनाव प्रचार-प्रसारको घरदैलो कार्यक्रममा रहेका एनेकपा माओवादीका जिल्ला सदस्य एवम् शिख गाविस-२ का बागविर पाईजा २०७० कात्तिक २९ गते राति ९ बजे शिख गाविस-४ देउरालीमा नकाबधारी समूहको आक्रमण घाइते भएको जिल्ला प्रहरीले जनायो।

तनहुँ

अरुणोदय गाविस-६ घर भएका नेकपा एमाले जिल्ला कमिटी सदस्य भवानी शंकर लम्सालमाथि ०७० मङ्सिर ३ गते दिउँसो अरुणोदय गाविस-२ धाक्रेमा आक्रमण भयो। सोही गाविसको खुदेपानीमा रहेको मतदान केन्द्रमा भएको सर्वदलीय बैठकमा भाग लिई घर तर्फ आउँदै गरेका लम्साललाई मुखमा कालोपट्टि बाँधेर बाटो कुरेर बसेका ४/५ जनाको समूहले दिउँसो २.३० बजे एक्कासी आक्रमण गरेका थिए।

कास्की

एमाओवादी र एमालेका कार्यकर्ता बीच निर्मलपोखरी गाविसमा मङ्सिर २ गते राति १० बजे झडप हुँदा सात जना एमालेका कार्यकर्ता घाइते भए। निर्मलपोखरी गाविस-८ स्थित जनजागृति निमावि मतदानस्थल नजिकै टासिएको तुल ब्यानर र पोस्टर हटाउने क्रममा विवाद भएपछि झडप भएको थियो। झडपमा परी एमाले कार्यकर्ताहरू कृष्तिनाच्नेचौर गाविस-२ का २२ वर्षीय राम गुरुङ, सोही ठाउका २१ वर्षीय नवीन सुवेदी, २५ वर्षीय सुमन सुवेदी, बासुदेव सुवेदी, सोही गाविस-४ का २५ वर्षीय सुमन गुरुङ, २५ वर्षीय नरेश थापा, २७ वर्षीय कमल गुरुङ घाइते भएका थिए। उनीहरू मध्ये राम गुरुङ र नरेश थापाको पोखराको मेट्रोसिटी अस्पतालमा उपचार भएको थियो भने अन्यको स्थानीय मेडिकलमा उपचार भयो। झडपको क्रममा गट्प ३३०६ र ग३ प ४९ टन नम्बरको मोटरसाईकल र एउटा मोवाईल समेत माओवादी कार्यकर्ताले तोडफोड गरेका थिए।

पर्वत

सविधान सभा सदस्य निर्वाचन-२०७० को अन्तिम समयमा हुवास गाविसमा मङ्सिर ३ गते एमाओवादीका कार्यकर्ता र नेपाली काङ्ग्रेसका कार्यकर्ताबीच भएको झडपमा काङ्ग्रेसका चारजना कार्यकर्ता घाइते भएका छन्। एमाओवादीका कार्यकर्ताको आक्रमणमा परी नेपाली काङ्ग्रेसका ध्रुव श्रेष्ठ र हिरा श्रेष्ठ लगायतका कार्यकर्ता घाइते भएका थिए। उनीहरूको स्थानीय स्वास्थ्यकेन्द्रमा उपचार भयो।

अर्घाखाँची

धारापानी गाविस-३ स्थित शान्ति उच्चमावि मतदान केन्द्रका सहायक मतदान अधिकृत ४१ वर्षीय राजेन्द्र टण्डनलाई मङ्सिर ३ गते स्थानीय युवाहरूले कुटपिट गरे। उनलाई एमाओवादीको पक्षमा सहयोग पुग्ने गरी क्रियाकलाप गरेको आरोपमा स्थानीय युवाहरूले कुटपिट गरेका थिए।

गोरखा

क्षेत्र नं. १ को घैरुङमा निर्वाचनको प्रचार प्रसारमा गएका नेपाली काङ्ग्रेसका नेता कार्यकर्तालाई एकीकृत नेकपा माओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक १३ गते ताक्लुङ गाविस-८ मा अवरोध गरे। काङ्ग्रेसका प्रचार विभाग प्रमुख मिनेन्द्र रिजाल लगायत केन्द्रीय सदस्यहरू र कार्यकर्तालाई एमाओवादी कार्यकर्ताले ढुङ्गामुढा गरेर अवरोध गरेका थिए। ताक्लुङको जलदेवी मावि विद्यालय परिसरको जङ्गल र घैरुङ गाविसको राना गाँउमा लुकेर बसेका एमाओवादी कार्यकर्ताले काङ्ग्रेस नेता कार्यकर्ता चढेको गाडीमा ढुङ्गा मुढा गरेर आक्रमण गरेका थिए। ढुङ्गा मुढा भएपछि प्रहरीले दुई राउण्ड हवाई फाईरिङ गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख बसन्त कुँबरले जानकारी दिए। एमाओवादी आक्रमणमा काङ्ग्रेस कार्यकर्ता चढेको बा २५ प ७२६२ नम्बर लगायतका चार वटा मोटरसाईकलमा क्षति पुगेको छ।

छोप्राक गाविस एनेकपा माओवादी र नेपाली काङ्ग्रेसका कार्यकर्ताले ०७० कात्तिक १३ गते राति एकअर्काको पार्टी कार्यालयमा तोडफोड गरे। ताक्लुङ तिनमानेमा एमाओवादी कार्यकर्ताले कात्तिक १३ गते काङ्ग्रेस नेता, कार्यकर्तालाई आक्रमण गरेपछि साँझ ८:३० बजे काङ्ग्रेस कार्यकर्ताले छोप्राक गाविस-९ स्थित चोरकाटे बजारमा रहेको एमाओवादीको क्षेत्रीय कार्यालयको झण्डा झिकेर सामानहरू, साईन बोर्ड फालेका थिए। त्यसपछि एमाओवादी कार्यकर्ता राति ११ बजे काङ्ग्रेस कार्यालयको झण्डा, फर्निचर, साईनबोर्ड जलाएको जिल्ला प्रहरी कार्यालयले जनायो। छोप्राक गाविस क्षेत्र नं. २ मा पर्छ।

एकीकृत माओवादीका कार्यकर्ताले ०७० कात्तिक २३ गते नेपाली काङ्ग्रेस बोर्लाङ गाँउ पार्टी कार्यालय तोडफोड गरेका छन्। एमाओवादी कार्यकर्ताले झन्डा लगायत पार्टी कार्यालयको सामग्री जलाएको काङ्ग्रेसले जनाएको छ। बिहान करिब साढे १० बजेतिर स्थानीय एमाओवादी कार्यकर्ताले झन्डा, पार्टी कार्यालय साईनबोर्ड र चुनाब प्रचार सामग्री जलाएका हुन्।

फूजेल गाविस-५ मा नेपाली काङ्ग्रेसका कार्यकर्ताले एकीकृत नेकपा माओवादी क्षेत्र नं. २ का उम्मेदवार हितराज पाण्डेलाई ०७० कात्तिक २७ गते ढुङ्गामुढा गरेर अवरोध गरेका छन्। काङ्ग्रेस कार्यकर्ताले फुजेल गाविसको आमडाँडामा चुनाव प्रचार प्रसार गर्न गोरखा बजारबाट गएका पाण्डेलाई अवरोध गरेपछि दुई पक्ष कार्यकर्ता बीच ढुङ्गा मुढा हानाहान भएको थियो

रूपन्देही

संविधानसभा चुनावका लागि प्रचार-प्रसारको अन्तिम दिन मङ्सिर १ गते देवदह गाविस-९, चरेङ्गेमा घरदैलो गरेर फर्कने क्रममा नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ता बीच झडप भयो। झपडको क्रममा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले नेकपा एमालेले चुनावको लागि प्रयोग गरेको बा ९ च ५४९९ को गाडी तोडफोड गरे। तोडफोडबाट गाडीमा सामान्य क्षति पुगेको थियो।

रूपन्देहीमा एमाओवादी उम्मेदवार डा. बाबुराम भट्टराईले प्रयोग गरेको भारतीय नं प्लेटको गाडी

पाल्पा नेकपा एमालेले निर्वाचन क्षेत्र नम्बर १ को ज्यामिरे गाविसमा निर्वाचन प्रचार-प्रसार कार्यक्रम

सकेर रामपुरको होटलमा खाना खाई रहेको अवस्थामा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले एमाले कार्यकर्तालाई आक्रमण गरेपछि दुवैपक्षवीच मङ्सिर १ गते झडप भयो। झडपको क्रममा दोहोरो पक्षबाट ढुङ्गा हानाहान हुँदा नेपाली काङग्रेसका कार्यकर्ता तीर्थराज रेग्मीको टाउकोमा र एमाले कार्यकर्ता प्रितम केसीको खुट्टामा चोट लागेको थियो। दुवैको रामपुरस्थित अस्पतालमा उपचार भएको थियो।

सडक अवरोध

रूपन्देहीमा

कात्तिक २३ गते बुटवलस्थित मुख्य सडक अबरुद्ध गरेर एमाओवादीले सभा गऱ्यो। मेची-महाकाली अभियान नामको उक्त सभाका कारण ट्राफिकचोकका पसलहरू समेत प्रभावित भएको रूपन्देही व्यापार सङ्घका कार्यालय सचिव सरोज पोखरेलले बताए। एमाओवादीको उक्त कार्यक्रममा पार्टीका अध्यक्ष पुष्पकमल दहाल, बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठलगायत सहभागी थिए। उक्त सभाका लागि एमाओवादीले रूपन्देहीका अतिरिक्त कपिलवस्तु, नवलपरासीलगायतका जिल्लाबाट समेत बस रिजर्भ गरेर कार्यकर्ता ल्याएको थियो।

सोही दिन एमालेले पनि केहीबेर सडक अवरुद्ध हुनेगरी मोटरसाइकल च्याली गरेको थियो। उक्त च्यालीका कारण महेन्द्र राजमार्गको बुटवल-मुर्गिया सडकखण्डका केही भागमा सवारी आवागमन प्रभावित भएको थियो।

कपिलबस्तु

नेकपा एमाओवादीका अध्यक्ष पुस्पकमल दाहाल तथा पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई लगाएतका केन्द्रीय नेताहरूको मेची महाकाली जागरण अभियान अन्तर्गत ०७० कात्तिक २४ गते बाणगङ्गा गाविसको जीतपुरमा सडक अवरुद्ध गरी ३,४ हजार भन्दा त्रढी जनताको सहभागितामा आमसभा गर्दा संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० विपरीत सवारी आवगमनलाई प्रभाव पार्ने काम गरे। आचारसंहिता विपरीत तोके भन्दा बढी सवारी साधन प्रयोग गरिएको थियो। सयौँ मोटरसाईकल तथा दर्जनौ बस, कार, टेक्सी आदि प्रयोग गरेका थिए।

परिचयपत्र कब्जा

स्याङ्जा

एमालेका कार्यकर्तालाई एकमुष्ट परिचयपत्र वितरण भन्दै विवाद भएपछि मुख्य निर्वाचन अधिकृतको निर्देशनमा कात्तिक २ गते बाँडिएका मतपत्र फिर्ता मागी पुनः परिचयपत्र वितरण गरिएको थियो। फेदीखोला गाविसस्थित सिदार्थ उच्च माबि मतदान केन्द्रका अधिकृत नेत्रबहादुर खत्री र सहायक मतदान अधिकृत श्रीराम आर्चायले एमालेलाई मात्र एकमुष्ट परिचयपत्र वितरण गरेको भनी काङ्ग्रेस कार्यकर्ताले मौखिक उजुरी दिएको सूचनाका आधारमा मुख्य निर्वाचन अधिकृत चिन्तामणि बरालले वितरण गरिएका परिचयपत्र फिर्ता लिन निर्देशन दिएका थिए।

अर्घाखाँची

एमाओवादीका कार्यकर्ताहरूले ठूलापोखरा गाविस-७ का नेपाली काङ्ग्रेसका गाउँ कमिटी सभापति हुमप्रसाद पौडेलको घरमा माओवादीका कार्यकर्ताले मङ्सिर २ गते राति ११ बजे घर घेरा हाली ढुङ्गा प्रहर गरे। नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू सो गाविसमा सविधानसभा निर्वाचनको समयामा गाउँमा भेटघाट र युवाहरूको भेला गरेको समयमा एमाओवादीका कार्यकर्ताहरू पाल्पा जिल्लाबाट अर्घाखाँची फर्किने क्रममा ढुङ्गा प्रहार गरेका थिए।

उम्मेदवारी रद्द

लम्जुङ

संविधानसभा निर्वाचनमा उम्मेदवारी दिएका सङ्घीय समाजवादी तर्फबाट क्षेत्र नं २ का उम्मेदवार गमबहादुर तामाङको उम्मेदवारी निर्वाचन आयोगले मङ्सिर २ गते रद्द गऱ्यो। उम्मेदवार तामाङ जिल्ला हुलाक कार्यालय मनाङको कर्मचारी भएको खुलासा भएपछि निर्वाचन आयोगले उम्मेदवार तामाङलाई कात्तिक २९ गते २४ घण्टे स्पष्टीकरण सोधेको थियो। स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएको र सरकारी पदबाट राजीनामा दिएको भनिए पनि प्रमाणित हुन नसकेकाले निर्वाचन आयोगले तामाङको उम्मेदवारी रद्द गरेको हो। अयोगले तामाङको उम्मेदवारी रद्द भएको निर्णसहितको जानकारी पत्र फ्याक्समार्फत मङ्सिर २ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय लमजुङमा पठाएको थियो।

निर्वाचन सामग्री कब्जा

पर्वत

सविधानसभा सदस्य निर्वाचनका लागि मतदातालाई सुसूचित गराउन तयार गरिएको सामग्री कात्तिक ५ गते साँझमा नेकपा-माओवादीका कार्यकर्ताले लिमिठाना गाविस र ठानामौला गाविसमा लुटेर लिए। जिल्ला निर्वाचन कार्यालयवाट समुदायलाई बाँडन लगिएका मतदाता शिक्षा हाते पुस्तिका र पोस्टरहरू गाविसको कार्यालय र सामाजिक परिचालकहरूबाट लुटेका थिए। चार जना अपरिचत व्यक्तिहरू आएर माओवादीले लग्यो भने जानकारी गराउनु भन्दै लगेको लिमिठाना गाविसका सामाजिक परिचालक मातृकाप्रसाद तिमिल्सिनाले जनाए।

तनहुँ

नेकपा-माओवादीको नेतृत्वमा रहेको ३३ दलका कार्यकर्ताहरूले बन्दीपुर गाविस-१ बाट निर्वाचन सम्बन्धी सामग्रीहरू कब्जा गरी नष्ट गरेका छन्। सो गाविसमा निर्वाचन शिक्षा सञ्चालन गर्न जाँदै गरेकी निर्वाचन शिक्षा कार्यकर्ता सावित्री रिजालबाट ०७० कात्तिक ७ गते ३३ दलका कार्यकर्ताले निर्वाचन सामग्री खोसी नष्ट गरेको नेकपा-माओवादीका जिल्ला सचिव अतिन्द्रकेशरी न्यौपानेले बताए।

म्याग्दी

निर्वाचन प्रचार-प्रसार तथा घरदैलो अभियानमा रहेको नेकपा एमालेका उम्मेदवार नवराज शर्मा सहितको टोलीको निर्वाचन प्रचारसम्बन्धी सामग्री ०७० कात्तिक ४ गते बिहान ९ बजेतिर पिप्ले गाविसमा नेकपा-माओवादीका कार्यकर्ताले खोसेर तोडफोड गरे। नेकपा-माओवादीका कार्यकर्ताले एमालेको प्रचार सामग्री बोकेर पिप्लेबाट भगवती गाविसतर्फ जाँदै गरेका भरियाहरूबाट एक थान हाते माईक र अर्को ठूलो लाउडस्पीकर खोसेर फोडेको जिल्ला प्रहरी कार्यालयले जनायो।

कास्की

लेखनाथ नपा-२ रिठ्ठेपानीमा मतदाता सचेतनाका लागि लगिएको निर्वाचन सामग्री अज्ञात समूहले कात्तिक १४ गते लुटपाट गरेको थियो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी राजेशनाथ वास्तोलाका अनुसार लेखनाथ नपा-२ रिठ्ठेपानीमा दिउँसो २ बजेतिर मतदाता सचेतनाका लागि निर्वाचन कार्यालयले खटाएका वडास्तरका कर्मचारीले लिएर गएको निर्वाचन सम्बन्धी मतदाता पर्चा, चार्ट, लगायतका सामग्री ४/५ जनाको समूहमा मोटरसाईकलमा आएका नकाबधारी समूहले लुटेर लगेको बताए।

सवारी साधानमा आगजनी/तोडफोड

कास्की

एनेकपा माओवादीका क्षेत्र नं.१ का उम्मेदवार विष्णु पौडेलले निर्वाचन प्रचार-प्रसारका लागि प्रयोग गरेको ग १ च ५१४३ नम्बरको बलेरो जीप कात्तिक ६ गते बिहान अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो। चुनावी प्रचार-प्रसारका क्रममा घरदैलो अभियानमा रहेको अवस्थामा क्षेत्र नं.१ को सिद्ध गाविस-६ स्थित निबुवास्वाँरामा पार्किङ गरी राखिएको गाडी बिहान ४ बजे अज्ञात समूहले पराल हालेर आगजनी गरेको थियो।

कास्कीमा एमाओवादी उम्मेदवारको आगजनी गरिएको गाडी

एनेकपा माओवादी क्षेत्र नं. ३ का उम्मेदवार रामजी बरालले चुनाव प्रचार-प्रसारको लागि प्रयोग गरेको ग१च ३१०४ नम्बरको पिकअप गाडीमा ०७० कात्तिक २० गते अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो। हेम्जा गाविसस्थित बास्कोटाचोकभित्र गएको बेला विहानै ५ बजे चार जनाको समूहले गाडीचालक जनकराज पराजुलीलाई पेस्तोल ताकेर गाडीबाट ओरालेपछि आगो लगाएका थिए।

रूपन्देही

एकीकृत नेकपा माओवादीले रूपन्देहीको पर्रोहा गाविस-६, झारवैरामा रोकिराखेको ग. १ च. ५१५४ नं. को बलेरो जिप कात्तिक ६ गते राति १२ बजे आगजनी गरिएको इलाका प्रहरी कार्यालय रन्यौराले जनायो। आगजनी गरिएको केही समयमै घटनास्थल पुगेको ईलाका प्रहरी कार्यालय रन्यौराको प्रहरी टोलीले गाडीमा लागेको आगो निभाएको थियो। आगजनीबाट गाडीमा सामान्य क्षति पुगेको र पूर्ववत रूपमै सञ्चालनमा रहेको एनेकपा माओवादीका जिल्ला संयोजक यज्ञ पाखरेलले बताए।

कपिलवस्तु क्षेत्र नं. ३ का सद्भावना (महतो) का उम्मेदवार गयाद्दीन कुर्मीको ग १ च २०३१ नं को मारूती कार बुटवल नपा-६ लक्ष्मीनगरस्थित घरनजिकै पार्किङ गरिराखेको अवस्थामा कात्तिक २६ गते विहान ११ बजे अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो।

बाग्लुङ

नेकपा एमालेले क्षेत्र नं. १ ले चुनाव प्रसारमा प्रयोग गरेको ध १ ज ८६ नं. को जीप ०७० कात्तिक ८ गते राति तारा गाविस-२ मा नेकपा-माओवादीका कार्यकर्ताले आगजनी गरे। एमालेका जिल्ला सदस्य नेत्रबहादुर विष्टको नेतृत्वमा गएको प्रचार टोली खाना खाएर सुतेपछि राति ८/१० जनाको समूहमा गएका नेकपा-माओवादीका कार्यकर्ताले आगजनी गरेको एमाले जिल्ला समितिले जनायो। मध्यरातको समयमा दुई समूहमा गएका नेकपा-माओवादीका कायकर्ताले गाडीमा आगजनी गरी भागेको र आगजनीबाट जीपमा क्षति पुगेको चुनावी अभियानमा सहभागी एमाले कार्यकर्ता गोपाल श्रीसले बताए।

बाग्लुङकै विहुँ गाविस-४ मा अज्ञात समूहले एमाओवादीका कार्यकर्ता चढेको एक गाडीमा कात्तिक १३ गते आगजनी गरी क्षति पुऱ्याए। एमाओवादीको चुनावी सभामा प्रयोग भएको उक्त गाडीमा आगजनी गरिएको थियो।

अर्घाखाँची

एनेकपा माओवादी क्षेत्र नं. १ का उम्मेदवार टोपबहादुर रायमाझीले सविधान सभा निर्वाचन ०७० को चुनावी प्रसार-प्रसार प्रयोग गरेको सवारी साधनमा अज्ञात समूहले ०७० कात्तिक १३ गते राति १२ बजे

आगजनी गऱ्यो। संविधानसभा चुनावी अभियानमा प्रयोग गरेका लु.१ज. २३६० नम्वरको भाडामा लिएको सवारी साधनमा आगजनी गर्दा सवारी साधनको सिटहरू पूर्ण रूपमा नष्ट भए। एमाओवादीले पोखराथोक गाविसमा चुनावी प्रचार प्रसार अभियान सम्पन्न गरेर सन्धिखर्क गाविस-६ भक्तिटोलामा पार्किङ्ग गरी राखेको सवारी साधनमा अज्ञात समूहले आगजनी गरेको थियो।

तनहुँ

अज्ञात समूहले ०७० कात्तिक २६ गते साँझ घाँसिकुवा गाविस-१ नाहालमा यात्रु सहितका २ वटा भारतीय गाडीमा पेट्रोल बम प्रहार गरी आगजनी गरे। साँझ ६.१० बजेको समयमा नाहालाको सुमिरा होटल नजिकै ती भारतीय नम्बर रहेको गाडीमा आगजनी गरेका थिए। गोरखाको मनकामना मन्दिर दर्शन गरी पोखरा फर्कदै गरेका भारतीय पर्यटकहरू सवार BR33F7411 नम्बरको जिप र BR01BG5723 नम्बरको हुन्डाई कारमा ४/५ जना जनाको समूहले यात्रुहरू भित्रै हुँदा हुँदै एक्कासि पेट्रोल बम प्रहार गरी आगजनी गरेका थिए।

स्याङ्जा

बन्दको बेलामा सवारी साधन चलाएको भन्दै बन्दकर्ताले कात्तिक २६ गते फेदीखोला १ मा ग १ प २१२५ नम्बरको मोटरसाइकलमा आगो लगाए। मोटरसाइकलसँगै सोही ठाउँमा पोखराबाट स्याङजातर्फ आउदै गरेको ग १ ज ३६९३ नम्बरको ट्याक्सीमा समेत तोडफोड गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक सन्तोष तामाङले बताए।

गोरखा

नेकपा-माओवादीले एकीकृत नेकपा माओवादीका गोरखा क्षेत्र नं. १ का उम्मेदवार डा. बाबुराम भट्टराईको घरमा ०७० कात्तिक ११ गते साँझ कालो झण्डा राखेको दावी गऱ्यो। भट्टराईको घर क्षेत्र नं. २ स्थित खोप्लाङ गाविस बेलबासमा कालो झण्डा राखिएको माओवादीले पत्रकारहरूलाई टेलिफोन र लिखित विज्ञप्ति मार्फत जानकारी दिएको थियो। उम्मेदवारहरूको भण्डाफोर कार्यक्रम अनुसार भट्टराईको घरमा कालोझण्डा राखिएको र उनलाई कारबाही किन भन्ने सम्बन्धमा पर्चा वितरण गरिएको थियो।

गोरखाको पालुङटार तर्फ जाँदै गरेको यात्रुबाहक बसमाथि अज्ञात समूहले धुँवकोटाको टुङ्गेटारीमा ०७९ कात्तिक २९ गते तोडफोड गरे। ना ३ ख ७७६८ नम्वरको बसलाई तीन जनाको सङ्ख्यामा आएका नकाबधारी समूहले तोडफोड गरेको थियो। आगजनीका कारण बसको अगाडी पट्टिको सिसा फुटेको प्रहरीले जनाएको छ।

विस्फोटक पदार्थ /बेवारिसे बम

जिल्लाको सिमावर्ती बडहरा दुबौलिया गाविस–६ दुबौलिया स्थित कोयल सहानीको घर कम्पाउन्डमा राखिएको बेवारिसे कुकर बमलाई कात्तिक २० गते नेपाली सेनाको बम निस्कृय टोलीले निस्कृय बनायो। नेपाली काङ्ग्रेस गाउँ इकाई समितिका उपाध्यक्ष समेत रहेका कोयलको घरमा नजिकै पार्किङ गरिएको ट्रयाक्टरमुनि राखिएको उक्त प्रेसरकुकर बमका कारण जनजीवन आतङ्कित बनेको थियो।

यसअघि पनि कात्तिक ७ गते रामग्राम नपा-१२ सिसौघारी, कात्तिक ११ गते तिलकपुर गाविस-६, कात्तिक १३ गते परासीहाटबजार र कात्तिक १८ गते माकर गाविस-२ चिसापानीमा बेवारिसे बम राखिएकमा नेपाली सेनाले डिस्पोज गरेको थियो।

गैडाकोट गाविसस्थित एनेकपा माओवादीको पार्टी कार्यालय कात्तिक २८ गते बिहान अज्ञात समूहले बमविफोष्टबाट पनि भौतिक क्षति भए पनि कुनै मानवीय नभएको प्रहरीले जनायो। प्रहरीले संविधानसभा निर्वाचनको विरोधमा रहेको नेकपा-माओवादीले उक्त विस्फोट गराएको हुनसक्ने अनुमान गरे पनि संलग्नलाई गिरफ्तार गर्न सकेनन्।

तराई मधेस फोरम पार्टी (अमृत यादव समूह) का तर्फबाट क्षेत्र नं ५ का प्रत्यक्ष उम्मेदवार सूर्यमल यादवको ५६ एच ९५८० भारतीय नं को वोलेरो गाडीमा कात्तिक २६ गते साझ अज्ञात समूहले आगजनी गऱ्यो। १५ जानाको समूहमा गएका नचिनेका मान्छेले उम्मेदवार यादव लगायत कार्यकर्तालाई गाडीबाट ओराली आगजनी गरेका थिए। आगजनीबाट उक्त गाडी पूर्ण रूपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी उपरीक्षक बिष्णुहरी गौतमले बताए।

तनहुँ

क्षेत्र नम्बर २ का नेपाली काङ्ग्रेसका उम्मेदवार एवम् सो पार्टीका उपसभापति रामचन्द्र पौडेललाई लक्षित गरी राम्जाकोट गाविस-२ रूपटारमा ०७० कात्तिक १४ गते बिहान १ बजे बम प्रहार गरिएको थियो। स्थानीय काङ्ग्रेस कार्यकर्ता गोविन्द गिरीको घरमा सुतेका पौडेललाई लक्षित गरी चारओटा पेट्रोल बम प्रहार गरिएको थियो। पौडेलको सुरक्षामा खटिएका प्रहरी सई अमृतबहादुर लामिछानेका अनुसार बम विस्फोटबाट पौडेल सुतेको घरमा केही क्षति नभए तापनि पौडेलले चढ्ने बा ६ च ७५५५ नम्बरको स्कारपियो जीपको केही भागमा क्षति पुगेको र सीसा चर्किएको थियो। पौडेलमाथि आक्रमणको प्रयास सुरु हुनासाथ उनको सुरक्षामा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरीले जवाफी फायरिङ गर्ने संकेत पाउनसाथ आक्रमणकारी भागेको उनले बताए। आक्रमणकारीले पाँच ओटा पेट्रोल बम छाडेर गएको सई लामिछानेले बताए।

पृथ्विराजमार्गको घाँसिकुवा गाविसस्थित छिरकने र बेलभञ्ज्याङमा नचिनेका समूहले राखेको दुईवटा बम ०७० कात्तिक २८ गते बिहान नेपाली सेनाले निष्क्रिय गरेको छ। राजमार्गमा सञ्चालन भएका सवारी साधनलाई लक्षित गरी राजमार्गमा बम राखिएको थियो। उक्त बमको कारण केही समय पृथ्वीराजमार्गमा यातयात अवरुद्ध भएको थियो।

कात्तिक २६ गते तौलिहवा स्थित जिल्ला कृषि विकास बैकको परिसरभित्र फेला परेको दुई ओटा पाईप बम र नेपाली काङ्ग्रेस क्षेत्र न १ को क्षेत्रीय कार्यालय जीतपुरको कम्पाउन्डमा राखिएको सुतलीबम बम नेपाली सेनाले निष्कृय तुल्यायो।

शिबपुर गाविसको शिवपुरमा कात्तिक २६ गते बिहान ७ वजे पाईप बम फेला परेको थियो भने दिउँसो १ बजे तिर जयनगर गाविसको गोरुसिंहे बजारमै सकेट बम फेला परेको दुवै बम नेपाली सेनाको बम डिस्पोजल टोलिले शिवपुरको विहान ९.१० बजे र गोरुसिहेको दिउसो करिव १ बजे डिस्पोजल गऱ्यो।

काहुँशिवपुर गाविस कोईदिम स्थित नेपाली काङ्ग्रेसको चुनावी सभा नजिक ०७० कात्तिक २९ गते सकेट बम भेटिएको थियो। नेपाली काङ्ग्रेसका उपसभापति एवम् तनहुँ क्षेत्र नम्बर २ का उम्मेदवार रामचन्द्र पौडेलले सम्बोधन गर्न लागेको उक्त कार्यक्रम स्थल नजिक बम फेला परेको थियो।

बाग्लुङ

बागलुङ नपा-४ शिवधाराचोकमा बेवारिसे अवस्थामा भेटिएको बम नेपाली सेनाले ०७० कात्तिक २५ गते राति निष्क्रिय तुल्यायो। नेपाली काङ्ग्रेस बागलुङको कार्यालय नजिकै रहेको भेटिएको पाइप बम सूर्यदल गणबाट गएको सेनाको टोलीले निष्क्रिय पारेको सूर्यदल गणका गणपति इन्द्रबहादुर शाहले बताए।

पर्वत

कटुवाचौपारी स्थित सार्वजनिक माविमा तोकिएको मतदान केन्द्र परिसरमा मङ्सिर १ गते राखिएको पाइपमा बम छ नेपाली सेनाको टोलीले निष्कृय गऱ्यो। मतदाता परिचय पत्र वितरणमा खटिएका कर्मचारीले बम देखेपछि सुरक्षा निकायलाई खबर गरेका थिए। बम भेटिएपछि सो मतदान केन्द्रमा मतदाता परिचय पत्र बितरण गर्ने काम केही बेर विथोलिएको थियो।

गोरखा

सदरमुकामस्थित शक्ति उमावि मतदान केन्द्र नजिकै कात्तिक ३ गते साँझ साँढे ६ वजेतिर डेटोनेटर केप नामक बम विस्फोट भएको थियो। मतदान केन्द्रको एक सय मिटर आसपास र जिल्ला प्रहरी कार्यालयदेखि ५ सय मिटर दुरीमा बम विस्फोट भएको डिसपी बसन्त कुँवरले जानकारी दिए। प्रहरीले एक थान नपड्केको डेटोनेटर फेला पारेको उनले जानकारी दिए।

स्याङजा

सेतीदोभान गाविस १ सिमखेतबाट कात्तिक २८ गते नेकपा–माओवादीका पाँच जना कार्यकर्ता एक थान सुतली बम सहित प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार पर्नेमा नेकपा–माओवादी स्याङजा क्षेत्र नं १ का इन्चार्ज खिमकुमार विक 'हिक्मत' तमुवान राज्य समिति सदस्य विनोद सोनाम, नन्दकुमार थापा, तिलवहादुर गुरुङ र जिल्ला कमिटी सदस्य प्रेम अधिकारी रहेका थिए। प्रहरीले उनीहरूको साथवाट पार्टीको पर्चा पम्पलेट, परिचय पत्र, आन्दोलन सहयोगार्थ रसिद ,पार्टीको सदस्यता फार्म र निर्वाचन वहिष्कारको पर्चा समेत वरामद गरेको प्रहरी नायब उपरीक्षक आभुषण तिमील्सीनाले बताए।

अर्घाखाँची

डिर्भना गाविस-७ को विजय मावि वरिपरि क्षेत्रमा राखिएको सिलिण्डर बम नेपाली सेना चन्दननाथ गण म्यालपोखरी व्यारेकको टोलीले मसिंर १ गते निष्कृय बतायो। अज्ञात समूहबाट राखिएको उक्त बम मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मीहरूले फेला पारेपछि नेपाली सेनाको टोलीले निष्कृय गरेको थियो।

मतदानको पर्यवेक्षण

संविधानसभा निर्वाचनका क्रममा मङ्सिर ४ गते गोरखा जिल्लामा काङ्ग्रेस र एमालेले २६ स्थानको मतदान रद्द गर्नका लागि माग गरेको छ। जिल्लामा केही स्थानमा झडप भएको र निर्वाचनमा एमाओवादीले धाँधली गरेको काङ्ग्रेस एमालेले आरोप लगायो। यस बाहेक पश्चिमाञ्चल क्षेत्रको गुल्मी, पर्वत, अर्घाखाँची र स्याङजा जिल्लामा दलका कार्यकर्ताबीच भएको झडपमा केही घाइते भए। अन्य जिल्लामा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भयो।

गोरखा

जिल्लाको ध्याल्चोक, हर्मी र घैरुङ गाविसस्थित मतदान केन्द्रमा एमाओवादीका कार्यकर्ता र काङ्ग्रेस कार्यकर्ताबीच झडप भयो। घैरुङ गाविसमा भएको झडपमा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू विष्णुप्रसाद ढकाल, नन्दलाल रेग्मी र विवेक ढकाल घाइते भए। नम्जुङ गाविसस्थित जनशक्ति मावि र गाइखोरस्थित सरस्वति प्राविमा एमाओवादीले एकलौटी रूपमा मतदान गरेको काङ्ग्रेसले आरोप लगाएको छ यद्यपी अन्य दलका एजेण्टको सहभागीतामा मतदान सुचारू भयो। यसैगरी क्षेत्र नं १ को नारेश्वर गाविसस्थित राष्ट्रिय मावि घलाङ केन्द्रमा एमाओवादी र नेकपा एमालेबीच झडप भयो। बृद्धलाई सहयोगी कस्ले गर्ने भन्ने विषयमा दुवैपक्षवीच झडप भएको थियो। प्रहरीले झडपका क्रममा हवाई फायर गरी स्थिति नियन्त्रणमा लिएको थियो। केही समयपछि मतदान कार्य भने सुचारू भयो।

यसैगरी एमाओवादीका ध्याल्चोक गाविस इन्चार्ज रामप्रसाद रेग्मीले कान्तिपुर टेलिभिजनका गोरखा सम्वाददाता भीमलाल श्रेष्ठलाई ०७० मङ्सिर ४ गते दिउँसो पटक पटक फोन गरी धम्की दिए। ध्याम्पेसालस्थित पातलदेवी निमावि मतदान केन्द्रमा वाईसीएलका कार्यकर्ताले मतदातालाई जबरजस्ती आफ्नो पार्टीको चुनाव चिह्नमा भोट हाल्न दवाब दिएको समाचार कान्तिपुर टिभिबाट लाइभ प्रसार गरेको भन्दै उनलाई धम्की दिएका थिए। रेग्मीले आफूलाई समाचार हटाउन वा रोक्न समेत चेतावनी दिएको पत्रकार श्रेष्ठले बताए। उक्त मतदान

केन्द्रमा एमाओवादीका कार्यकर्ताले बुथ कब्जाको शैलीमा मतदातालाई जबरजस्ती भोट हाल्न दबाब दिए।

नेपाली काङ्ग्रेस र एमालेले जिल्लाका तीनवटै क्षेत्रका विभिन्न मतदान केन्द्रको मतदान रद्द गर्न माग गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गराए। नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डे र एमालेका क्षेत्र नं १ का उम्मेदवार रामशरण बस्नेतले मतदान केन्द्र रद्द गर्नुपर्ने मागसहित उजुरी दर्ता गराएका हुन्। नेपाली काङ्ग्रेसले क्षेत्र नं १ बाट १५ मतदान केन्द्र र २ बाट ६ ओटा मतदान केन्द्र रद्द गर्न माग गरेको छ। यसै गरी एमालले क्षेत्र नं १ बाट १५, क्षेत्र नं २ बाट २ र क्षेत्र नं ३ बाट ३ ओटा मतदान केन्द्र रद्द गरी पुनः निर्वाचन गराइनु पर्ने माग गरेको छ। निर्वाचन कार्यालय, सुरक्षा निकाय र एमाओवादीले भने छिटपुट घटना बाहेक सबै केन्द्रको निर्वाचन स्वच्छ भएको दावी गरेका छन्। डा. बाबुराम भट्टराई उम्मेदवार रहेको क्षेत्रको मतदान केन्द्रहरूमा सबै भन्दा बढी उजुरी परेको छ।

पर्वत

जिल्लाको ठूली पोखरी गाविसस्थित जनतासुर्दशन उमावि मतदान केन्द्रमा मतदाता र दलका कार्यकर्ताबीच हो हल्ला चलेपछि प्रहरीले हवाई फायर गरेको थियो। मतदान बुथ कब्जा गर्ने विषयमा एमाओवादीसँग भएको झडपमा एमालेका कार्यकर्ता प्रेम लामिछाने, रवण लामिछाने र होमनाथ लामिछाने घाइते भए। १५ मिनेट मतदान रोकिए पनि पछि सहमतिमा सुचारू भयो। शंकरपोखरी गाविसस्थित महादेव प्रावि मतदान केन्द्रमा नेकपा एमालेका कार्यकर्ता खुकुरीसहित प्रवेश गरेपछि तनाव उत्पन्न भएको थियो। तनाव नियन्त्रणमा लिन सुरक्षाकर्मीले हवाई फायरिङ्ग गरेपछि ३ बजेदेखि एक घण्टा मतदान स्थगित भएको थियो। करिव ७४ प्रतिशत मत खसिसकेको अवस्थामा पुनः ४ बजेदेखि मतदान सुचारू गरियो।

अर्घाखाँची

अर्घाखाँची जिल्लाको अर्घा गाविसस्थित अर्घारजस्थल मावि केन्द्रमा एमाओवादी र एमाले कार्यकर्ताबीच भएको झडपमा एमालेका जिल्ला अध्यक्ष चेतनारायण आचार्य र सचिवालय सदस्य सरोज भुसाल घाइते भए। प्रतिनिधिहरूबीच फर्जीमत राख्ने विषयमा भएको झडपलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीले हवाईफायर गरेको थियो। करिव ६० प्रतिशत मत खसेपछि विवाद उत्पन्न भए पनि मतदान प्रक्रिया अवरुद्ध भएको थियो। एमाओवादीका कार्यकर्ताले काङ्ग्रेस र राजमोका कार्यकर्तालाई समेत कुटपिट गरेका थिए। सर्वदलीय सहमतिपछि पुनः मतदान सुचारू भएर शान्तिपूर्ण रूपमा सम्पन्न भयो।

तनहुँ

मतदान कार्यलाई प्रभावित बनाउन पुर्कोट गाविसको निर्जला प्रावि मतदान केन्द्र नजिक राखिएको सुतली बम नेपाली सेनाको टोलीले निष्क्रिय गऱ्यो। त्यसैगरी मतदातामा आतंक सिर्जना गर्न मङ्सिर ४ गते बिहान जिल्लाको जामुने र ढोरफिर्दी गाविसमा बम विस्फोट गराईएपनि त्यसले मतदातालाई कुनै प्रभाव पारेन।

निर्वाचन पश्चात्को अवस्था

बुथ कब्जा भएको भन्दै मतगणनामा विवाद

स्याङजा

जिल्लामा तीननिर्वाचन क्षेत्र रहेको क्षेत्र नम्बर ३ को मतगणनामा ढिलाइ भयो। मङ्सिर ४ गते मतदानका क्रममा भएको विभिन्न दलको विवादलाई लिएर मतगणनामा ढिलाई भएको थियो। मङ्सिर ५ गते बिहान प्रमुख जिल्ला अधिकारीले सर्वदलीय बैठक बस्न नसकेपछि पुनः दिउँसो मुख्य निर्वाचन कार्यालयमा बैठक बोलाइएको थियो। दिउँसो बसेको सर्वदलीय बैठकमा क्षेत्र नं ३ को कालिका प्रावि पलाकोट, महेन्द्र दर्शन मावि पेलाकोट, राष्ट्रिय उच्च मावि पेलाकोट, सरस्वती उच्च मावि पेलाकोट, अमरदिप प्रावि आलमदेवी र गाविस भवन तुलसीभञ्ज्याङमा एमालेले बुथ कब्जा गरी मतदान गरेको भन्दै पुनः सो ठाउँमा मतदानको माग राख्दै

नेपाली काङ्ग्रेसले मतगणनामा असहमति जनाएको थियो। नेकपा एमालेले भने कुनै बुथ कब्जा नगरेको भन्दै पुन मतदान गर्न असहमती जनायो। मुख्य निर्वाचन अधिकृत चिन्तामणी बरालले सहमतिमा मतगणना गर्ने बताए। विवादित क्षेत्र नं ३ को राष्ट्रिय मावि पेलाकोटमा शत प्रतिशत मत खसेको थियो। सो केन्द्रमा ९ सय २३ मतदाता रहेको केन्द्रमा सबै मत खसेको मतदान अधिकृत सुभास श्रेष्ठ बताए। मङ्सिर ६ गते सहमति भएपछि मतगणना सुचारू भयो। उक्त क्षेत्रमा एमालेले विजय हासिल गऱ्यो।

बुथ कब्जा भएको भन्दै निर्वाचन बदर गर्न उजुरी

म्याग्दी

नेपाली काङ्ग्रेसका प्रत्यक्ष तर्फका उम्मेदवार खमवीर गर्वुजाले आफ्नो मतदान केन्द्रमा बुथ कब्जागरी सतप्रतिशत भोट खसालेको भन्दै नेकपा एमालेका उम्मेदवार नवराज शर्माले मुख्य जिल्ला निर्वाचन कार्यालयमा मतदानलाई बदर गर्न माग गरी मङ्सिर ५ गते उजुरी गरे। काङ्ग्रेस उम्मेदवार गर्वुजाले मतदान गरेको दग्नाम गाविस स्थित जनता माध्यामिक विद्यालय रहेको मतदान केन्द्रमा ४ सय ८ जना फोटोसहितको मतदाता नामावलीमा शतप्रतिशत मत खसेको मतदान अधिकृत प्रेमला मल्लले बताए। मताधिकार प्रयोग गर्नेमा दुई साता अघि भीरबाट लडेर मृत्यु भएकी मतदाता क्रम सङ्ख्या ५४ रहेकी दग्नाम गाविस-५ की रूवीसरा पुनको नाममा समेत मतदान गरिएको थियो। दुर्घटनामा पुनको मृत्यु भएको प्रहरी कार्यालयको घटना मुचुल्का प्रतिवेदनमा समेत सुरक्षित छ। सहमतिमा मतगणना भए पनि उक्त केन्द्रमा पुनः मतदान भएन।

मतगणना बहिष्कार

तनहुँ

मतदान कार्यमा धाँधली भएको भन्दै तनहुँ क्षेत्र नम्बर २ का नेपाली काङ्ग्रेस बाहेकका अन्य राजनीतिक दलका उम्मेदवारहरूले मङ्सिर ५ गते मतगणना कार्य बहिष्कार गरे। ०७० मङ्सिर ४ गते दिउँसो १२.३० बजेबाट मतगणना कार्य सुरु गरिए पनि सिल नै नलगाईएका मत पेटिका भेटिएको र त्यसको बारेमा जानकारी लिन खोज्दा मुख्य निर्वाचन अधिकृत बलभद्र बास्तोलाले कुनै जानकारी नै नदिई उक्त मतपेटिका खोली मत गन्न सुरु गरेको भन्दै एकीकृत नेकपा माओवादी, नेकपा एमाले, राष्ट्रिय जनमुक्ति पार्टी, स्वतन्त्र, नेकपा माले लगायतका राजनीतिक दलका उम्मेदवारहरू मतगणना स्थलबाट बाहिरिएका थिए।

विरोधका बीच मतगणना

गोरखा

निर्वाचनमा सहभागी पाँच दलले जिल्लाका तीन निर्वाचन क्षेत्रका २६ मतदान केन्द्रको चुनाव रद्द गर्न माग गरिरहँदा मुख्य निर्वाचन अधिकृतको कार्यालय गोरखाले मङ्सिर ५ गते मतगणना सुरु गऱ्यो। नेपाली काङ्ग्रेस, नेकपा एमाले, राप्रपा, राप्रपा नेपाल र अखण्ड नेपाल पार्टीले क्षेत्र नं. १ का १९, २ को ३ वटा र क्षेत्र नं. ३ को ४ वटा मतदान केन्द्रमा एमाओवादीले बुथ कब्जा गरेको भन्दै निर्वाचन रद्द गर्न माग गरे। अधिकृतको कार्यालयले भने ती दल बाहेक निर्वाचनमा सहभागी अन्य दलको सर्वदलिय बैठक बोलाई क्षेत्र नं. १ को दिउँसो दुई बजे र क्षेत्र नं. २ को दिउँसो १ बजेबाट मतगणना सुरु भयो। बुथ कब्जा भएका भनिएका मतदान केन्द्रहरूको छानबिन र गणना प्रक्रिया सँगै अघि बढ्ने निर्वाचन कार्यालयले जनाए पनि निर्वाचन कार्यालयले मतगणना कार्यलाई सुचारू गरी परिणाम सार्वजनिक गऱ्यो।

मध्यपश्चिमाञ्चल क्षेत्र

आचारसंहिता उल्लङ्घनको अवस्था

मध्यपश्चिमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचन २०७० को आचारसंहिता उल्लङ्घनका २ सय १२ ओटा घटना अभिलेख भए। यस क्षेत्रमा आचारसंहिता उल्लङ्घनका सबै भन्दा बढी घटना बर्दियामा ५० ओटा, रूकुममा २९ ओटा, रोल्पामा २६ ओटा, र दाङमा २० ओटा आचारसंहिता उल्लङ्घनका घटना अभिलेख भए। यस क्षेत्रका १५ जिल्ला मध्ये हुम्ला जिल्लामा एउटा पनि आचारसंहिता उल्लङ्घनका घटना सचिवालयमा अभिलेख भएन।

यस क्षेत्रमा संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लङ्घनका २ सय १२ ओटा घटना मध्ये नेकपा-माओवादी ५९ ओटा, एमाओवादी ५३ ओटा, नेपाली काङ्ग्रेस १९ ओटा, र एमाले १८ ओटा आचारसंहिता उल्लङ्घनका घटनामा संलग्न भएको अभिलेख यस सचिवालयमा रहेको छ।

मध्यपश्मिाञ्चल क्षेत्रमा सबैभन्दा बढी आचारसंहिता उल्लङ्घनका घटना ९० ओटा आचारसंहिताको बुँदा नं. ३० ले व्यवस्था गरेको "अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, बैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा वा बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन" भन्ने बुँदा विपरीत भएका थिए।

आचारसंहिताका ३० ओटा उल्लङ्घनका घटना बुँदा नं. २९ ले हातहतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गराउन हुँदैन भन्ने व्यवस्था विपरीतका कार्य भएको सचिवालयमा अभिलेख भयो। आचारसंहिता विपरीतका २१ ओटा घटना भने बुँदा नं. ३५ मा व्यवस्था भएको "विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग, लगायतका निर्वाचन प्रचारका काम गर्नु हुँदन" भन्ने व्यवस्था विपरीतका कार्य भएका थिए।

निर्वाचनको क्रममा भएको झडपमा घाइते भएकाहरूको सङ्ख्या

क्र.सं.	जिल्ला	घाइतेको सङ्ख्या
१	रूकुम	३३
२	प्यूठान	४
३	हुम्ला	१
४	बर्दिया	८
५	रोल्पा	११
६	बाँके	१
७	जुम्ला	६
८	जाजरकोट	८
९	कालिकोट	६
१०	डोल्पा	५
११	मुगु	११
१२	सल्यान	१७
१३	दाङ	१
१४	सुर्खेत	२
	जम्मा	११४

निर्वाचन पूर्वको अवस्था

उम्मेदवारको रङ्गिन फोटोसहितको पर्चा, फ्लेक्सबोर्ड मध्यपश्चिमका बजार क्षेत्रमा बढी देखिएका थिए भने तराईका जिल्लाहरूमा दर्ता नगरिएका सवारी साधन निर्वाचन प्रचारमा प्रयोग गरिएको पाइयो। रूकुममा नेपाली काङ्ग्रेका कार्यकर्ताले लैजाँदै गरेको टिसर्टसहितका प्रचार सामग्री एकीकृत माओवादीद्वारा कब्जा गरी फिर्ता गरेका थिए। जाजरकोट, सल्यान, रूकुम, रोल्पा, बर्दिया, मुगु, बाँके र डोल्पा जिल्लामा दलहरूबीच दोहोरो झडपका घटनाहरू भए। निर्वाचनका सन्दर्भमा दलहरूबीचको झडपमा मध्यपश्चिम क्षेत्रमा १ सय १४ जना व्यक्तिहरू घाइते भए। दाङ जिल्लामा एकीकृत माओवादीका जिल्ला सदस्यमाथि गोली तथा धारिलो हतियार प्रहार भयो भने एक दलले अर्को दलका कार्यकर्तालाई धम्की दिने, विकासका कामलाई अगाडि सार्दै मतदातालाई झुक्याउँदै मत माग्ने गरिएको समाचार निर्वाचनको अवधीमा बाहिर आए। निर्वाचनका क्रममा रूकुममा एमाओवादी र नेपाली काङ्ग्रेसका कार्यकर्ता बीच पटक-पटक झडपका घटना भए भने डोल्पामा नेकपा एमाले र एमाओवादी कार्यकर्ता बीच झडप भए। रोल्पामा एकीकृत माओवादीका कार्यकर्ताले निर्वाचनको अघिल्लो दिन ह्वामा गाविसका सहइन्चार्ज टिकामन बुढामगर बादलसहित सात जना, कोटगाउँ गाविस-९ का कमल खत्री, बमबहादुर खत्री र उवा गाविस-५ का किताव झाक्री लगायतका कार्यकर्ताहरूलाई दिनभर कब्जमा लिएको पाइयो।

निर्वाचन बहिष्कारमा संलग्न दलका गतिविधि

निर्वाचनको बहिष्कार गर्दै आएको नेकपा-माओवादीका कार्यकर्ताले फोटोसहितको नामावली संकलन कार्यमा बाँके, दैलेख, सुर्खेत, रोल्पा लगायतका स्थानमा अवरोध गरेको पाइयो। निर्वाचनमा सहभागी एकीकृत माओवादी र नेकपा-माओवादीका कार्यकर्ताबीच सल्यान र रोल्पा जिल्लामा झडपका घटना भए भने निर्वाचनका लागि गाँउगाँउमा पुऱ्याइएका फ्ल्याक्स बोर्ड, नमूना मतपत्र लगायतका निर्वाचन सामग्री जाजरकोट, मुगु, सुर्खेत र रोल्पा जिल्लामा नेकपा-माओवादीले कब्जा गरे।

सुर्खेत, रोल्पा र कालीकोट जिल्लाबाट प्रहरीले सात जना नेकपा-माओवादीका कार्यकर्तालाई गिरफ्तार गरेको थियो जस मध्ये रोल्पा र कालीकोटमा प्रहरीले नेकपा-माओवादीका कार्यकर्तालाई रिहा गऱ्यो। सुर्खेतमा नेकपा-माओवादीका तीन जना कार्यकर्ता विरूद्ध सार्वजनिक अपराधको मुद्दा दायर भएको पाइयो। रोल्पामा नेकपा-माओवादीका कार्यकर्तालाई कब्जा गरेका निर्वाचन सामग्री फिर्ता गर्ने सर्तमा प्रहरीले रिहा गरेको र सर्तअनुसार निर्वाचन सामग्री प्रहरीलाई नेकपा-माओवादीका कार्यकर्ताले फिर्ता गरेको पाइयो। निर्वाचनलाई मध्यनजर गर्दै नेकपा-माओवादी लगायत ३३ दलीय मोर्चाले कात्तिक २५ गतेदेखि मङ्सिर ५ गतेसम्म देशव्यापी आमहडताल कार्यक्रमको आह्वान गर्दै निर्वाचन प्रचारप्रसारमा अवरोध पुऱ्याउँदै आएपछि नेपाल सरकारले नेकपा-माओवादीका नेता कार्यकर्तालाई निगरानीमा राखेको थियो। रोल्पामा नेकपा-माओवादीका कार्यकर्ताले प्रचारप्रसारमा अन्य दललाई प्रतिबन्ध लगाएको पाइयो भने जाजरकोटमा एकीकृत माओवादीका उम्मेदवारलाई प्रचारप्रसारमा अवरोध गरेको पाइयो। यसैगरी उम्मेदवारहरूलाई उम्मेदवारी फिर्ता लिन मध्यपश्चिमका सबै जिल्लामा नेकपा-माओवादीले लिखित पत्राचार गरेका थिए।

निर्वाचनको प्रचारप्रसारमा उम्मेदवारले प्रयोग गर्दै आएका नेपाली काङ्ग्रेसका सभापति तथा बाँके क्षेत्र नम्बर ३ का उम्मेदवार सुशील कोइराला, नेकपा एमालेका केन्द्रीय सचिव तथा दाङ क्षेत्र नं ४ का उम्मेदवार शङ्कर पोखरेल, दाङ क्षेत्र नं २ की नेकपा एमालेकी उम्मेदवार शान्ता चौधरी, सोही जिल्लाको क्षेत्र नम्बर २ की नेपाली काङ्गेसकी उम्मेदवार सुशीला चौधरी र प्यूठान क्षेत्र नं. १ का उम्मेदवार नवराज सुवेदीको सवारी साधनमा आगजनी भए। निर्वाचनको अवधिमा १३ सवारी साधन तोडफोड भएको इन्सेकले अभिलेख गरेको छ। नेकपा-माओवादीद्वारा जाजरकोट जिल्लाको खलंगा, ढिमे, जगत्तीपुर, झाप्रा, लाहा, डाडागाँउ गाविसका ६ स्थानमा निर्वाचनको अघिल्लो दिन मङ्सिर ३ गते राति करिब १० बजे बम विस्फोट गराए।

निर्वाचन नजिकिदै जाँदा जाजरकोट जिल्लामा ०७० भदौ ३० गते एक थान टुइन्च मोटार र ४४ थान थ्री नट थ्री राइफल प्रहरीले बरामद गर्नु, रोल्पामा ठूलो मात्रामा विस्फोटक पद्धार्थ भेटिनु, हुम्ला जिल्लामा बम विस्फोटनमा परी एकै घरका दुई जना घाइते भए। यस क्षेत्रमा बम विस्फोट, बेवारिसे अवस्थामा विस्फोटक पदार्थ भेटिएका थुप्रै घटना सार्वजनिक भए। निर्वाचन बहिष्कारवादी मोर्चाबाट भएका बम विस्फोटन र संरचनात्मक क्षतिको विवरण, बम राखिएको तर विस्फोटन हुनुपूर्व निष्कृय पारिएको विवरण अनुसूची २ मा उल्लेख छ। वहिष्कारवादी मोर्चाबाट निर्वाचनको अवधीमा भएका ५ वटा कुटपिटका घटनामा १२ जना घाइते भए। घाइतेको विवरण अनुसूची ३ मा उल्लेख छ। यसैगरी जाजरकोट जिल्लामा नेकपा-माओवादीका कार्यकर्ताले एमाओवादीका कार्यकर्ता लिले पुनलाई कात्तिक २२ गते अपहरण गरेकोमा कात्तिक २४ गते रिम्ना जङ्गलको ओढारबाट पुनलाई प्रहरीले उद्धार गऱ्यो।

मतदाता शिक्षा सचेतना कार्यक्रम तथा निर्वाचनको दौरानमा पालना गर्नुपर्ने आचारसंहिताको स्थिति

राजनीतिक दलहरूले यस क्षेत्रमा चुनाव चिन्ह अङ्कित टिसर्ट, टोपी, उम्मेदवारको रङ्गिन फोटोसहितको प्रचार सामग्री, एक दलको प्रचार सामग्री माथि अर्को दलको प्रचार सामग्री टाँस्ने, उम्मेदवारको फोटोसहितको फ्लेक्सबोर्ड राख्ने विषयमा आचारसंहिता उल्लङ्घन गरेका ५३ घटना इन्सेकमा अभिलेख भए। इन्सेकमा अभिलेख भएकामध्ये आचारसंहिता उल्लङ्घन गरेका विषयमा बर्दिया, डोल्पा, रोल्पा, प्यूठान, रूकुम, कालीकोट र सल्यान जिल्लाका निर्वाचन आयोगको कार्यालयमा १६ वटा उजुरी परेको पाइयो। निर्वाचन कार्यालयले पटकपटक दलहरूलाई सचेत बनाउने कार्य गरे पनि यस विषयमा उम्मेदवार तथा दलहरू गम्भीर भएको

देखिएन। निर्वाचन अधिकृतको कार्यालयले बाँके जिल्लामा सवारी पासलाई कडाईकासाथ कार्यान्वयन गरेको पाइयो भने बर्दिया जिल्लामा प्रशासन कार्यालयद्वारा भारतीय नम्बर प्लेटका सवारी साधनलाई निषेध गरेको समाचार सार्वजनिक भयो। निर्वाचन कार्यालयले निर्वाचनसम्बन्धी प्राविधिक र मतदाता शिक्षा सम्बन्धमा विभिन्न तहका तालिम तथा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीहरूको व्यवस्थापन गरेको पाइयो। निर्वाचन कार्यालयले मतदाता परिचय पत्र छपाई कार्य समयमा नै सम्पन्न गर्न नसक्दा मध्यपश्चिम क्षेत्रका सबै मतदाताहरूले परिचय पत्र पाउन नसकेको पाइयो। मतदाता शिक्षा कार्यक्रमलाई राजनीतिक दलहरूले समेत प्रभावकारी रूपमा गाउँ गाउँमा पुऱ्याउन नसक्दा मध्यपश्चिम क्षेत्रमा ५० हजार ९ सय ८१ बदर मतको सङ्ख्या रह्यो।

मतदान पर्यवेक्षण

जाजरकोट

जिल्लाका अधिकांश मतदान केन्द्रमा बिहान ७ बजेदेखि मतदान सुरू भएको थियो भने केही स्थानमा बिहान ७.३० बजेदेखि मतदान सुरू भएको पाइयो। जिल्लामा ५२ हजार ३ सय ५० मत खसेकोमा २२ सय ५८ म तबदर भएको पाइयो। डाडागाँउ गाविस-८ लगायतका केही ठाउँमा नेकपा-माओवादीका कार्यकर्ताले मतदाताहरूलाई मतदान केन्द्रमा जान अवरोध गर्दै हवाईफायर र बम विस्फोट गराएका थिए भने सोही गाविस-१ पाली गाँउका मतदातालाई निर्वाचनमा सहभागी नहुन नेकपा-माओवादीले धम्की दिएका थिए। कार्कीगाउँ गाविस-२ नेटार र सोही गाविस-९ गाडेसालमा नेकपा-माओवादीका कार्यकर्ताले बिहान ८ बजे बम विस्फोट गराए। कार्कीगाँउ गाविस-३ स्थित शिरूगार मतदान केन्द्रमा नेकपा-माओवादी कार्यकर्ता र एमाओवादी कार्यकर्ता बीच दिउँसो २ बजे झडप भयो। सशस्त्र प्रहरीको टोली घटनास्थल पुगेपछि स्थिति सामान्य भएको थियो। नेकपा-माओवादीका कार्यकर्ताहरूले मङ्सिर ४ गते बिहानदेखि डाडाँगाउँ, कार्कीगाउँ, जगतिपुर, नायकवाडा, लहँ गाविसका विभिन्न स्थानमा बम विस्फोट गराए। अर्छानी गाविस-३ जनकल्याण निमावि गौथले मतदान केन्द्रमा बम विस्फोट गराउन गएका टालेगाउँ गाविस-७ निवासी नेकपा-माओवादीका सुरेन्द्र सिंह र सोही ठाउँका अर्जुन सिंहलाई बमसहित प्रहरीले गौथले मतदान केन्द्रबाट बिहान करिब ५ बजे गिरफ्तार गरेको थियो। पक्राउ भएका नेकपा-माओवादीका कार्यकर्तालाई मङ्सिर ६ गते प्रहरीले हातहतियार खरखजना मुद्दा चलायो।

ढिमे गाविस-३ का धनबहादुर शाही, खिमबहादुर रोकाय र कालीबहादुर नेपाली, सोही गाविस-६ का धनबहादुर रोकाय, हरिलाल शाही, वीरबहादुर विष्ट र भीमबहादुर बुढालाई ०७० मङ्सिर ३ गते प्रहरीले हतियारसहित ढिमे गाविस-३ बाट गिरफ्तार गरेकोमा ०७० मङ्सिर ६ गते हातहतियार तथा खरखजना मुद्दा लगाएको छ।

बाँके

जिल्लाका केही मतदान केन्द्रमा बिहान ७.३० बजेदेखि मतदान सुरू भए पनि अधिकांश मतदान केन्द्रमा बिहान ७ बजे मतदान सुरू भएको थियो। जिल्लामा १ लाख ७२ हजार ४ सय २८ मत खसेकोमा ९ हजार ९ मत बदर भएको पाइयो। बनकटुवा गाविस कार्यालयमा रहेको मतदान केन्द्रदेखि करिब ३ सय मिटर टाढा मङ्सिर ४ गते बिहान ७ बजे प्रेसर कुकर बम विस्फोट भएपछि उक्त मतदान केन्द्रमा बिहान ८ बजेबाट मतदान सुरू भएको थियो। नेपालगञ्जस्थित कारागारमा मतदान केन्द्रको व्यवस्था गरिएको थियो। बैजापुर गाविस-७ सूर्यलालपुरस्थित नेराप्रावि

बाँकेमा अज्ञात समूहले आगजनी गरिएको गाडी

बाँकेमा अज्ञात समूहले राखेको बम

सूर्यलालपुर मतदान केन्द्र नजिक एमाओवादीले बनाएको स्वागत गेट सुरक्षाकर्मीले भत्काएका थिए। रुकेना गाविसस्थित लक्ष्मी उमावि बर्धवामा निर्वाचनमा खटिएका एक कर्मचारीले सूर्य चिह्न च्यातेर मतमत्र दिँदै गरेको अवस्थामा तत्काल उनलाइ हटाएर अर्को कर्मचारी खटाइएको थियो। निर्वाचन कार्यालयको प्रभावकारी व्यवस्थापन नहुँदा नेपालगञ्ज नपास्थित वन कार्यालयमा रहेका चार जना थुनुवामध्ये परिचयपत्र भएका दुई जना बन्दी मतदानमा सहभागी हुन पाएनन्। नेपालगञ्ज नपास्थित भेरी वृद्धाश्रमका सात जना वृद्धवृद्धाहरूको फोटोसहितको नामावली सङ्कलन नहुँदा उक्त आश्रमका सात जना वृद्धवृद्धाहरू मतदानमा सहभागी नभएको पाइयो।

रोल्पा

मतदानको दिन बिहान ८ बजेसम्म मतदान केन्द्रमा आउने मतदाताहरूको सङ्ख्या कम भएको पाइयो। जिल्लामा ६४ हजार २ सय ७६ मत खसेकोमा ३६ सय ६२ मत बदर भएको पाइयो। राङ्सी गाविसको ७, ८ र ९ नम्बरका अन्य दलका मतदातालाई एकीकृत माओवादी निकटका वाईसीएल कार्यकर्ताले मतदान केन्द्रमा जानबाट रोकेको पाइयो। राङ्सी गाविस-३ गोपालखोलामा एमाओवादी निकट वाईसीएलका कार्यकर्ताले बिहान ९ बजे नेपाली काङ्ग्रेसका कार्यकर्ता नरबहादुर डाँगी, एमाले कार्यकर्ता सोही गाविस-८ का बमबहादुर डाँगी, सोही गाविस-३ का नरेन्द्र डाँगी र सोही गाविस-५ का बलवीर बुढासहितका कार्यकर्तालाई मतदाता लिन गइरहेको समयमा कुटेको पाइयो। कोटगाउँ गाविस-९ निवासी नेकपा-माओवादीका कार्यालय सचिव दलबहादुर खत्रीका छोरा बमबहादुर खत्री र कमल खत्रीलाई एकीकृत माओवादीका कार्यकर्ताले अपहरण गरे। रोल्पाको थवाङमा एकमात्र मतदान केन्द्र रहेको र उक्त मतदान केन्द्रमा प्रत्यक्षतर्फ कोही पनि मतदाता मतदानमा भाग लिएनन् भने समानुपातिक तर्फ ७७ मत खसेको थियो। उक्त मतदान केन्द्रमा १८ सय ७६ मतदाता रहेका थिए। थवाङ निवासी नेपाल पत्रकार महासङ्घ रोल्पाका अध्यक्ष मौसम रोकालाई मतदानमा सहभागी हुन गएको समयमा नेकपा-माओवादीका कार्यकर्ताले अपहरण गरेको एकीकृत माओवादीले जनाए पनि अध्यक्ष रोकालाई नियन्त्रणमा लिएको नेकपा-माओवादीले जनाएको थियो।

मुगु

मतदानको दिन मतदान सुरू हुनुअघि रोवा गाविसको लुम्सा मतदान केन्द्र नजिक, कोटडाडा गाविसको रिखिया मतदान केन्द्र नजिकको जङ्गल र माङ्ग्री गाविसको थाएल मतदान केन्द्र नजिकको जङ्गलमा दिउँसो अज्ञात समूहद्वारा बम विस्फोट भएको पाइयो। श्रीकोट गाविसको जिउका मतदान केन्द्रमा ४ सय ८५ मतदाता रहेकोमा २३ मत मात्र खसेको थियो। उक्त मतदान केन्द्र भन्दा केही पर नेकपा-माओवादी कार्यकर्ता बसेर मतदान गर्न आउने व्यक्तिलाई धम्क्याएर फर्काइदै गरेको पाइयो। कुल २३ हजार ८ सय १८ मतदाता रहेको मुगु जिल्लाका ५५ मतदान केन्द्रमा १८ हजार ३ सय ८ मत खसेकोमा ६ सय १६ म तबदर भएको पाइयो।

दाङ

मतदानको दिन बिहान जिल्लाका विजौरी, डुरूवा, नारायणपुर, मानपुर, फूलवारी, गोठीखोला, तुल्सीपुर नपाको विरेन्द्र चोक, विपी चोक, गुमराहा चोक, पातुखोला, गाविसमा अज्ञात समूहद्वारा बम विस्फोट गराएको पाइयो। सोनपुर गाविस-४ का प्रेमलाल चौधरी, सन्दिप चौधरी, सागर चौधरी र रामप्रसाद चौधरीलाई प्रहरीले सोनपुर ४ श्रीगाउँबाट गिरफ्तार गरेकोमा मङ्सिर ९ गते रिहा भए। पाइप र सकेट बम सोनपुर गाविसको मतदान केन्द्र नजिक अज्ञात समूहले फालेर गएपछि प्रहरीले घटनामा संलग्न रहेको आरोपमा मतदान केन्द्रमा जादै गरेका व्यक्तिलाई पक्राउ गरेको स्थानीयबासीले बताए। घोराही गाविस-२ क्वारीमा मतदाता रोकिरहेको

अवस्थामा प्रहरीले रमतु चौधरीलाई पक्राउ गरेकोमा मङ्सिर १२ गतेसम्म रिहा गरेको जनायो। उनी नेकपा-माओवादीमा संलग्नता रहेको प्रहरीले आशंका गरेको छ। जिल्लामा २ लाख ३८ हजार ७ सय २८ मतदाता रहेकोमा १ लाख ८१ हजार १ सय २१ मत खसेकोमा ९ हजार २ सय ८७ म तबदर भएको पाइयो। जिल्लाको विभिन्न १८ स्थानमा भेटिएका वेवारिसे विस्फोटक पदार्थ नेपाली सेनाको टोलीले निष्कृय बनाएको पाइयो। मतदानमा सहभागि हुन जाने मतदातालाई अवरोध गरेको आरोपमा हेकुली गाविसबाट नेकपा-माओवादीका कमल चौधरी, विशाल सेरपाइली, लोकबहादुर नेपाली, कुलबहादुर ओली, हिरालाल विकलाई सुरक्षाकर्मीले पक्राउ गरेकोमा मङ्सिर ९ गते रिहा भएको प्रहरीले जनायो। पवननगर गाविसस्थित बुथकेन्द्रमा यूवाहरू लाठीसहित प्रवेश गर्न खोजेपछि सशस्त्र प्रहरीले छेक्न खोज्दा केही समय मतदान प्रकृया प्रभावित भएको थियो।

दाङमा अज्ञात समूहले आगजनी गरिएको गाडी

प्यूठान

मतदानको दिन बिहान ६.३० बजे फोप्ली गाविस-१ लुप्लुङ मदतान केन्द्र नजिकको बाटोमा शंकास्पद बस्तु देखिएको थियो। जिल्लामा ८१ हजार १ सय २४ मत खसेकोमा २६ सय १७ मत बदर भएको पाइयो। उक्त बस्तु नेपाली सेनाको टोलीले निष्कृय बनाएको पाइयो। लुप्लुङ मतदान केन्द्र जाने बाटोमा शङ्कास्पद बस्तु भेटिएपछि निष्कृय नगरिएसम्म मतदान सुरु भएको करिब दुई घण्टासम्म मतदाताहरू छिटपुट आएको पाइयो भने निष्कृय गरिएपछि मतदाता आउने क्रम बढेको थियो। मजुवा गाविसको मरन्ठाना मतदान केन्द्रनजिक एकीकृत एमाओवादी, नेकपा एमाले र राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले चुनाव चिह्न देखाउँदै मतदाताहरूलाई आ-आफ्ना पार्टीलाई भोट हाल्न आग्रह गर्दै प्रचार गरेको पाइयो। उक्त मतदान केन्द्रमा खटिएका पर्यवेक्षकले विवरण माग्दा खंलगा गइ लिनु भनि निर्वाचनमा खटिएका कर्मचारीले विवरण दिएनन्। जिल्लाको १ सय ८२ मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको पाइयो।

जुम्ला

जुम्ला जिल्लामा मतदान समयमा सुरू भएको थियो। कात्तिस्वामी गाविसको कालिका निमावि मतदान केन्द्रमा नेपाली काङ्ग्रेसले लाइनमा उभिएका मतदाताका बीचमा प्रचारप्रसार गरिरहेको पाइयो। जुम्लाको निर्वाचन क्षेत्र १ अन्तरगत पर्ने देपालगाउँ गाविसको त्रिभुवन उच्च मावि झारज्वाला (क) र (ख) मतदान केन्द्रमा नेकपा-माओवादीका कार्यकर्ताले स्थानीय महिला, बालबालिका प्रयोग गरेर ढुङ्गा प्रहार गरी मतपेटिका लगायतका सामग्री लुटेर तिला नदिमा बगाएपछि मतदान कार्य दिउँसो १२ बजे देखि रोकिएको थियो। नेकपा-माओवादीका कार्यकर्ताले झारज्वाला मतदान केन्द्रका मतपेटिका तोडफोड गरी मतदान केन्द्र वरीपरि मतपत्र छरेको पाइयो। प्रहरीले हवाइफायर गरेपछि नेकपा-माओवादीका कार्यकर्ता भागेका थिए। घटनामा प्रहरी हवल्दार कृष्ण खड्कालाई सामान्य चोट लागेको थियो। स्थगित भएको देपाल गाविसको उक्त मतदान केन्द्रमा मङ्सिर

जुम्लामा अज्ञात समूहले आगजनी गरिएको गाडी

७ गते शान्तिपूर्ण रूपमा पुन : मतदान भयो। उक्त मतदान केन्द्रको (क) बुथमा ८ सय ६७ मतदाता रहेकोमा ४ सय ६१ मतदाता मतदानमा सहभागि भएको पाइयो भने २ सय ७१ जना मतदाता रहेको ख बुथमा १ सय ७३ मतदाता मतदानमा सहभागि भए। जिल्ला सदरमुकामस्थित छिनासागु पुलमा मङ्सिर ४ गते बिहान ६.३० बजे वेवारिसे अवस्थामा भेटिएको विस्फोटक पदार्थ नेपाली सेनाले निष्कृय तुल्याएको थियो। महत गाविसको जनता माबि मतदान केन्द्रमा पतिले पत्नीलाई इच्छा विपरीत पार्टीलाई तोकेर भोट दिन लगाएको पाइयो। यसैगरी चन्दननाथ गाविसको चन्दननाथ उमाबि मतदान केन्द्रमा एक वारेसीले इच्छा विपरीत एमाओवादीमा भोट दिएपछि केही समय मतदान केन्द्रमा विवाद भएको थियो। जिल्लामा ३७ हजार ७ सय ७१ मत खसेकोमा १२ सय ९७ मत बदर भएको थियो।

दैलेख

नारायण नपा-१ नयाँ बजारको त्रिभुवन उमाविस्थित मतदान केन्द्रमा जाने गेटमा अज्ञात समूहले राखेको बेवारिसे विस्फोटक पदार्थ नेपाली सेनाले बिहान करिब ७.३० बजे निष्कृय बनाएको थियो। उक्त मतदान केन्द्रमा मतदान कार्य आधा घण्टा ढिलो सुरू भयो। नेकपा-माओवादीका भेरी कर्णाली राज्य समिती सदस्य बिनी शाहीको अगुवाईमा १५/२० जनाको समूहमा आएका नेकपा-माओवादीका कार्यकर्ताहरूले चामुण्डा गाविसको हाराकोट उमाबि मतदान केन्द्रमा बिहान करिब ८.४५ बजे करिब ३ सय ५० मतपत्र लुटेपछि प्रहरीले हवाई फायर गर्दा भाग्ने क्रममा सन्तकुमारी शाही, बसना शाही, रेश्मा शाही, राईकोष विक, अमृता शाही, चन्द्रकला शाही र एक सात महिनाको बालक घाइते भएको पाइयो। नेकपा-माओवादीका कार्यकर्ताले मतदाता र नियोगका पर्यवेक्षक सीता शाहीलाई पनि उक्त मतदान केन्द्रमा जान रोकेका थिए। हेलिकप्टपर मार्फत उक्त मतदान केन्द्रमा मतपत्र लगिएपछि उक्त मतदान केन्द्रमा दिउँसो १२ बजेबाट पुन: मतदान सुरू भएको थियो। चामुण्डामा घाइते भएका मध्य पाँच जनालाई उपचारका लागि सदरमुकामस्थित जिल्ला अस्पतालमा सोही दिन होलिकप्टर मार्फत ल्याइयो। जिल्लामा ८८ हजार ५ सय ५७ मत खसेकोमा ४ हजार १ सय १३ मत बदर भएको पाइयो।

नेपाली काङ्ग्रेसका कार्यकर्ताको कुटपिटबाट घाइते भएका दैलेखका नेकपा-माओवादीका भेरी-कर्णाली राज्यसमिति सदस्य बिनी शाही

प्रहरीको हवाई फायरपछि भाग्ने क्रममा दैलेखमा घाइते भएका स्थानीयहरूलाई नेपाली सेनाको हेलिकोप्टरबाट उपचारको लागि जिल्ला अस्पताल लगिदै

कालीकोट

जिल्लाका अधिकांश मतदान केन्द्र अपाङ्ग मैत्री भएको पाइएन्। वृद्ववृद्वा, अशक्त, गर्भवती महिलाका लागि सहज रूपमा मतदानमा सहभागी हुने व्यवस्था भएको पाइएन। पर्याप्त मात्रामा मतदाता शिक्षा नहुँदा ४१ हजार ६ सय १७ मत खसेकोमा जिल्लामा १९ सय ७८ मतपत्र बदर भएको थियो। पाँखा गाविस कार्यालयमा रहेको मतदान केन्द्र पायक पर्ने स्थानमा नभएको पाइयो। अधिकांश मतदान केन्द्रमा बिहान ७ बजेदेखि मतदान सुरू भएको थियो।

सुर्खेत

छिन्चुको मतदान केन्द्र देखि करिब एक सय मिटर पश्चिममा शङ्कास्पद वस्तु भेटिएको थियो। मतदान सुरु भएको दुई घण्टासम्म छिटपुट मतदाता मतदानमा सहभागी भएको पाइयो भने शङ्कास्पद वस्तु निष्कृय गरिएपछि मतदाताहरू सहजरूपमा मतदानमा सहभागि भएका थिए। मैनतडा गाविसको मतदान केन्द्र जाने बाटोमा पनि निर्वाचनका दिन बिहान शङ्कास्पद बस्तु भेटिएकोमा नेपाली सेनाले निष्कृय गरेको पाइयो। मैनतडा केन्द्रमा शङ्कास्पद वस्तु भेटिएपछि करिब १/२ घण्टा मतदाता क्रसिद भएको पाइयो। लेखफर्सा गाविसको नेराउमावि र काफलकोट गाविसको जीवनज्योति माविमा रहेको मतदान केन्द्रमा नेकपा एमालेका प्रतिनिधि नरहेको पाइयो। लेखपराजुल र सहारे गाविसका मतदान केन्द्रमा कुसुण्डा समुदायका मतदाताहरूले मतदानमा सहभागी भएका थिए। फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता नभएका कारण राउटे समुदाय मतदानमा सहभागि हुन पाएनन्। साल्कोट गाविस कार्यालयमा रहेको मतदान केन्द्रनजिक रूख चिह्न भएको टिर्सट नेपाली काङ्ग्रेसका कार्यकर्ताले लगाएको पाइएपछि केही समय दलहरूबीच विवाद भएको थियो। जिल्लाका तीन वटै निर्वाचन क्षेत्रमा अनुमति बिनाको सवारिसाधन तथा दलको नाममा अनुमति लिइएको सवारिसाधन एमाओवादी, नेपाली काङ्ग्रेस र एमालेले मतदाता ओसारपसार गरेको देखियो।

बर्दिया

शान्तिपूर्ण रूपमा लाइनमा बसेर मतदान समयमा सुरू भएको पाइयो। वृद्ध र अपाङ्गहरूका लागि छुट्टै व्यवस्था गरिएको थियो। धधवार गाविस-६ खैरनीमा मतदानको दिनको राति बम निष्कृय गरिएको थियो। नेउलापुर गाविस-३ रानीपुरस्थित दुर्गा जनज्योति प्राबि मतदान केन्द्रबाट १४ वटा प्रत्यक्ष र १४ समानुपातिक तर्फका मतपत्र नेकपा-माओवादीका कार्यकर्ताद्वारा दिउँसो १ बजे जलाए। ढोढरी गाविसस्थित नेपाल राष्ट्रिय उमावि ढोढरी मतदान केन्द्रमा एक जना कर्मचारी मादक पदार्थ सेवन गरी प्रवेश गरेको आरोपमा मतदान अधिकृतले हटाएका थिए। जिल्लामा १ लाख ७७ हजार ५ सय ५९ मत खसेकोमा ६ हजार ३ सय ४० मत बदर भएको थियो।

हुम्ला

खार्पुनाथ गाविसस्थित मन्धार निमावि मतदान केन्द्रमा मङ्सिर ४ गते मतदानको विषयमा विवाद हुँदा एक गर्भवती महिलासहित तीन जना घाइते भए। मतदान खार्पूनाथबासीले मात्र गरेको र आफूलाई मतदान गर्नबाट वन्चित गराएको भन्दै दुर्पाबासीले विरोध जनाएपछि दुई गाउँले बीच झडप हुँदा दुर्पागाउँ निवासी कलसरी एडी, लक्ष्मी ऐडीसहित २८ वर्षीय गर्भवती रस्मिता ऐडी घाइते भएका थिए। मालिका माध्यमिक विद्यालय लालि मतदान केन्द्रमा दुई गाउँले बीच झडप हुँदा लाली गाविस-९ का ३४ वर्षीय राजबहादुर शाही घाइते भए। घाइतेलाई थप उपचारका लागि नेपालगञ्ज लगियो।

डोल्पा

निर्वाचनअघि डोल्पा जिल्लामा दलहरू बीच झडपका घटनाहरू भए पनि निर्वाचनको दिनमा कुनै हिंसात्मक घटना भएनन्। जिल्ला निर्वाचन कार्यालय डोल्पाले दिएको जानकारी अनुसार १३ हजार ३ सय १ मत खसेकोमा ४ सय ३१ मत बदर भएको थियो। जिल्लाका ४९ वटा मतदान केन्द्रहरूमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको थियो। मतदान केन्द्रमा उत्साहजनक रूपमा मतदाता सहभागी भएका थिए।

सल्यान

भलचौर गाविस फारूलाचौर मतदान केन्द्र, हिउँचा गाविसको पैयाखर्क केन्द्र र रिम गाविसको जामुने मतदान केन्द्र नजिक बिहान ६ बजे बम विस्फोट भएको थियो। उक्त मतदान केन्द्रहरूमा मतदानका दिन बिहान ७ बजे कर्मचारीहरू तयारी अवस्थामा बसे पनि मतदाताहरू ढिलो गरी आएकाले विहान ८ बजेबाट मतदान

सुरू भएको थियो। कजेरीस्थित कालिका माविमा रहेको मतदान केन्द्रका सहायक मतदान अधिकृत सुप्रदा दाहालले एमालेको प्रचार गर्दै एमालेको चुनाव चिह्न भोट हाल्न मतदातालाई आग्रह गरेपछि राजनीतिक दल र मतदान अधिकृतसहितको टोलीले निष्कासन गरेको थियो। जिल्लामा ८४ हजार २ सय ७१ मत खसेकोमा २६ सय ८४ मत बदर भएको पाइयो।

रूकुम

रूकुमका पाँच मतदान केन्द्रमा नेपाली काङ्ग्रेसले पुनः मतदानको माग गर्दै उजुरी दिएको थियो। चुनावको लागि पार्टीबाट खटाइएका प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता विपरीत एमाओवादीले अवरोध गरेको भन्दै नेपाली काङ्ग्रेस क्षेत्र नम्बर २ का उम्मेदवार गोपालजी जङ्ग शाहले निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएका थिए। मग्मास्थित सिद्धार्थ उमावि केन्द्रमा मतदान गर्न जाँदै गरेका सन्देश पुन र मनबहादुर बुढाथोकीलाई एमाओवादीका कार्यकर्ताले आक्रमण गरे। पेउघास्थित बालकल्याण मावि केन्द्रमा मतदान गर्न जादै गरेका काङ्ग्रेसका कार्यकर्ता यज्ञबहादुर घर्तीलाई एमाओवादीका कार्यकर्ता शेरबहादुर खड्काको नेतृत्वमा रहेका कार्यकर्ताले धारिलो हतियार प्रहार गरेको पाइयो। बाफीकोट गाविसको मतदान केन्द्रमा वाईसीएल लेखिएका टिर्सट लगाएको पाइयो।

निर्वाचनको विषयमा भएका झडप

दैलेख

नेकपा-माओवादीका भेरी कर्णाली राज्य समिति सदस्य बिनी शाहीलाई काङ्ग्रेस कार्यकर्ताले मङ्सिर ८ गते दैलेखमा चक्कु प्रहार गरे। चक्कु प्रहारबाट शाहीको टाउकोमा चोट लागेको थियो। सदरमुकामको देवकोटा चोक नजिकै शाहीलाई नेपाली काङ्ग्रेस निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार रहेका हिमबहादुर शाहीका छोरा २८ वर्षीय सुर्यबहादुर शाहीको नेतृत्वमा रहेको १५/१६ जनाको समूहले आक्रमण गरेको थियो।

डोल्पा

संविधानसभा निर्वाचनको मतपेटिका डोल्पाको माझफालबाट दुनै सदरमुकाममा ल्याउने क्रममा जुफाल गाविसस्थित आरूपानीमा एमाओवादीका तीन जना कार्यकर्तालाई मङ्सिर ५ गते सुरक्षाकर्मीले कुटपिट गरे। माझफाल गाविस-३ घरभई एमाओवादीको दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा मङ्सिर ४ गते सम्पन्न भएको दोस्रो संविधानसभा निर्वाचनमा माझफालमा रहेको विद्यामन्दिर मावि मतदान केन्द्रमा एमाओवादीको एजेन्ट रहेका ४० वर्षीय गोरबहादुर विक र सोही ठाउँका वाईसीयल कार्यकर्ता ३५ वर्षीय राजेन्द्र रोकाय, रूकुम जिल्ला रम्मामैकोट गाविस-३ निवासी वाईसीएल कार्यकर्ता कविराज विकलाई मतपेटिकासँगै सुरक्षामा आएका नेपाल प्रहरीका असई डिल्ली चन्द, प्रहरी जवान दिपक बोहरा र नेपाली सेनाका जमदार सुजन खड्काले कुटपिट गरेका थिए।

निर्वाचन पश्चात्को अवस्था

कर्णाली अञ्चल र केही पहाडी जिल्ला बाहेक तराईका अधिकांश मतदान केन्द्रका मतपेटिका मतदानको दिन राति सदरमुकाम ल्याइएका थिए। मतपेटिका ल्याएपछि सर्वदलीय सहमतिमा मतगणना कार्य सुरू भएको थियो। मतगणना हुदै गर्दा आफूहरूको पक्षमा कम मत आएपछि एकीकृत माओवादीले मतगणना कार्यप्रति विरोध जनाउदै मध्यपश्चिमका सबै जिल्लाबाट बाहिरिएको थियो। मध्यपश्चिमका नौ निर्वाचन क्षेत्रबाट विजय हासिल गरे पनि एमाओवादीका तर्फबाट विजय हासिल गरेका उम्मेदवारले प्रमाण पत्र बुझ्नेनन्। कालीकोट जिल्लामा भने एमाओवादीका कार्यकर्ताले विजय जुलुश मनाए। बाँके जिल्लाको बनकटवा गाविस भवनमा खाली मतपेटिका भेटिएको भन्दै मङ्सिर ८ गते एमाओवादी, मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका कार्यकर्ताले नेपालगञ्जस्थित जिल्ला निर्वाचन कार्यालय घेराउ गरेका थिए।

सुदूरपश्चिमाञ्चल क्षेत्र

आचारसंहिता उल्लङ्घन

सुदूरपश्चिमाञ्चल क्षेत्रमा संविधानसभा निर्वाचन २०७० को आचारसंहिता उल्लङ्घनका ६७ ओटा घटना स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा अभिलेख भए। जसमा सबै भन्दा बढी बाजुरामा १९ ओटा, कैलालीमा १४ ओटा, डडेल्धुरामा ११ ओटा र बैतडीमा ८ ओटा आचारसंहिता उल्लङ्घनका घटना अभिलेख भए। यस क्षेत्रका नौ जिल्लामध्ये सबैभन्दा थोरै डोटी र बझाङमा आचारसंहिता उल्लङ्घनका २/२ ओटा घटना भएको अभिलेख छ।

यस क्षेत्रमा संविधानसभा निर्वाचन आचारसंहिता २०७० को ६७ ओटा उल्लङ्घनका घटना अभिलेख भएकोमा नेपाली काङ्ग्रेसबाट १५ ओटा, एमाओवादी १४ ओटा, नेकपा-माओवादी ९ ओटा र एमाले ८ ओटा घटनामा संलग्न भएको पाइएको थियो।

यस क्षेत्रमा सबैभन्दा बढी आचारसंहिता उल्लङ्घन बुँदा नं. ३० ले व्यवस्था गरेको "अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, ञ्याली, आमसभा, बैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, ञ्याली, आमसभा वा बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन" भन्ने बुँदा विपरीत ३० ओटा घटना भएका थिए।

यसैगरी, आचारसंहिताका ८ ओटा उल्लङ्घनका घटना बुँदा नं. २९ ले हात हतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गराउन हुँदैन भन्ने व्यवस्था विपरीतका कार्य भएको सचिवालयमा अभिलेख छ।

बम तथा विस्फोट पदार्थको घटना विवरण

मिति	सक्कली वा नक्कली	जिल्ला	नगरपालिका वा गाविस	बमका किसिम
०७०/८/२	सक्कली	कैलाली	धनगढी नगरपालिका क्षेत्र (उत्तरवेहडी र सहजपुर)	सिलिन्डर, सकेट, सुतली
०७०/७/२९	नक्कली	कैलाली	सहजपुर गाविस	टिनको बट्टामा राखिएको
०७०/७/२७	नक्कली	कैलाली	धनगढी नगरपालिकास्थित बनदेविमन्दिर	सुतली
०७०/७/२८	नक्कली	कैलाली	धनगढी नपापस्थित र सेतोपुल छेउकिनारमा	रेडव्युलको बट्टामा राखिएको
०७०/	सकेटबम	अछाम	हिचमा गाविस- ४ कालिका उच्चमावि नजिक	सकेट बम
०७०/७/२७	नक्कली	बैतडी	सिद्धेश्वर गाविस-७ अनारखोलीमा	टायरमा बालुवा र माटो मिसाइएको
०७०/७/२२	नक्कली	डोटी	दुर्गामाण्डौ गाविस -२ वाइल प्रहरी चौकी नजिक	झोलाभित्र विष्फोटक पदार्थ लेखी राखेको
०७०/७/२७	सक्कली	कञ्चनपुर	भिमदत्त नपा-४ खुलामञ्च जानेबाटोमा	टिएनटी
०७०/७/२७	सक्कली	कञ्चनपुर	कृष्णपुर गाविस- ५	टिमबम
०७०/८/३	सक्कली	कञ्चनपुर	दैजी गावि -३ धर्मपुरस्थित वछेला सामुदायिक वनको बाटोमा	एसइ बम

कैलाली

दरख गाविस-१ स्थित भजनी सुखड सडक खण्डमा अज्ञात समूहले राखेका तीन ओटा सुतली बमलाई नेपाली सेनाको डिस्पोजल टोली, सुखडले कात्तिक २६ गते निष्कृय पारेको थियो। बम कसले किन राखेको भन्ने खुल्न सकेन। धनगढी नगरपालिका स्थित रहेको बनदेवी मन्दिर नजिक कपडाले बेरिएको बम जस्तो देखिएका शंकास्पद वस्तु कात्तिक २७ गते देखिएपछि नेपाली सेनाको बम डिस्पोजल टोलीले सक्कली बम नभई नक्कली रहेको दावी गर्दै स्थानीयबासिन्दाहरू त्रसित नहुन पर्ने बताए। धनगढी नगरपालिका स्थित सेतोपुल छेउकिनारामा कात्तिक २८ गते, सहजपुरमा कात्तिक २९ गते फेला परेका शंकास्पद वस्तु पनि नेपाली सेनाको डिस्पोजल टोलीले बम सक्कली नभई नक्कली रहेको बतायो।

कैलालीको धनगढी नगरपालिका क्षेत्रहरूका उत्तरबेहडी र हसनपूरमा सिलिन्डर बम, सकेट बम र सुतली नामक बम मङ्सिर २ गते राखिएको बमहरूलाई नेपाली सेनाको डिस्पोजल टोलीले निष्कृय पारेको थियो। यसैगरी, टिकापूर नगरपालिका नजिक राखिएको सकेट बम, नारायणपूर गाविसमा राखिएको कमन्डुल बम, धनसिंहपूर गाविसमा राखिएको सकेट बम, पवेरा गाविसको सडकपुरमा राखिएको सकेट बमहरू मङ्सिर ४ गते नेपाली सेनाको डिस्पोजल टोलीले निष्कृय बनायो।

कञ्चनपुर

भिमदत्त नपा-४ खुलामञ्च जाने बाटोमा अज्ञात समूहले राखेको टिएनटी बम कात्तिक २६ गते राति नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय बनायो। एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड उपस्थित रहेको आमसभा भइरहेको स्थल भिमदत्त नपाको खुलामञ्च आउने बाटोमा बम फेला परेको थियो। अज्ञात समूहले सोही दिन विहान कृष्णपुर गाविस-५ मा पनि बम विष्फोटन गराएका थिए। यसैगरी, दैजी गाविस-३ धर्मपुरस्थित वछेला सामुदायिक वनको बाटोमा अज्ञात समूहले राखेको एसइ बमलाई मङ्सिर ३ गते नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय बनाएको थियो।

बैतडी

बैतडी डडेल्धुरा क्षेत्रको दशरथ चन्द राजमार्गको सिद्धेश्वर गाविसको अनारखोलीमा अज्ञात समूहले सडकमा राखेको शंकास्पद वस्तु कात्तिक २७ गते सुरक्षाकर्मीले बरामत गऱ्यो। यसैगरी, देउलेख गाविसको मतदान केन्द्र नजिक अज्ञात समूहद्वारा राखेको सकेट बम सेनाले मङ्सिर ४ गते निष्कृय गर्‌यो। सोही ठाउँको बीचवजारमा रहेको पीपलको रूखमा झुन्याएर राखेको सकेट बम सेनाको बम विष्फोटक टोलीले मङ्सिर ५ गते निष्कृय गऱ्यो।

डोटी

दुर्गामाण्डौ गाविसमा रहेको प्रहरी चौकी भवन नजिक बाटोमा कात्तिक २२ गते अज्ञात समूहले विष्फोटक पदार्थ सुदूरपश्चिम पृतना हेडक्वाटरबाट निष्कृय गर्न गएको टोलीले कालो पोलिथिन मात्र भएको बम जनायो।

बाजुरा

बाजुराको मार्तडी गाविसमा राखिएको बम नेपाली सेनाको बम डिस्पोजल टोलीले कात्तिक ५ गते निष्कय बनाएको थियो।

आचारसंहिता तथा मानवअधिकार उल्लङ्घनका घटनाहरू

दलहरू बीच झडप

समिधान सभा निर्वाचनको बिषयलाई लिएर उम्मेदवारी दर्ता गरेको दिनदेखि नै मुख्य गरि तिन ठुला राजनीतिक दलहरू क्रमस: एनेकपा माओवादी, नेका र एमाले बीच विवाद शुरु भए। उनीहरूले विभिन्न आरोपमा एक पार्टीका कार्यकर्ताहरूले अर्को पार्टीका कार्यकर्ताहरू माथि आक्रमण गर्ने लगायतका हिंसात्मक क्रियाकलापहरू पनि भए।

बैतडी

संविधानसभा सदस्य निर्वाचनमा घरदैलो र प्रचार प्रसार कार्यक्रममा रहेकोवेला कार्यकर्ता बीच राजनीतिक विषयमा विवाद बढ्दा कात्तिक २७ गते हाट गाविस-९ को गिरीगाडामा एमाओवादी र एमाले कार्यकर्ताबीच झडप भयो। चुनाव प्रचार/प्रसारमा रहेका दुवै पार्टीका कार्यकर्ता बीच राजनीतिक विवाद हुँदा एमाओवादीका कार्यकर्ताको प्रहारले भटना गाविसका ४५ वर्षीय हर्क धानुक र कुवाकोट गाविसका ४८ वर्षीय कर्ण जागरी लगायत छ जना एमाले कार्यकर्ता घाइते भए।

मल्लादेही गाविस-८ ववेडामा एकीकृत नेकपा माओवादीले एमाले कार्यकर्ताको प्रचार टोलीमाथि कात्तिक २८ गते दिउँसो ३ बजे आक्रमण गरी कुटपिट गर्दा छ जना एमाले कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा नरेश वि.क., भगीरथ कुवर, कर्णबहादुर कुँवर, जनक कुवर, दीबिप कुंवर, र जयवहादुर कुंवर घाइते सहित सात जना घाइते भएको र घाइतेको उपचार जिल्ला अस्पताल बैतडीमा उपचार भयो।

बाजुरा

पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई सहभागी हुने कार्यक्रममा कात्तिक १४ गते कोटीला गाविसमा एमाओवादी र एमाले कार्यकर्ताबीच दोहोरो ढुङ्गा हानाहान हुँदा ढुङ्गा लागेर एमाओवादीका कार्यकर्ता देव भण्डारी, केशर भण्डारी, टीका भण्डारी, प्रजन रावत, मनराज भण्डारी र छक्क रावत घाइते भए। उनीहरूको कोटीला उप-स्वास्थ्य चौकीमा उपचार भयो।

बाह्रविस-७ देवलसैन घर भई अन्दाजी २१ वर्षीय नेपाली काङ्ग्रेस समर्थक कार्यकता दिनेश रावल (विराज)ले कात्तिक २० गते राति बेतालमाण्डौंमा १७ वर्षीय राजेश रानालाई चक्कु र रड प्रहार गरी घाइते बनाए। घटनामा बेहोस भएका रानाको अछामको बयलपाटा अस्पतालमा उपचार भयो। घटनामा संलग्न फरार रहेको प्रहरीले जनायो।

डोटी

चुनावी प्रचारप्रसार समापन गरेर जिल्ला सदरमुकामतिर फर्कदै गरेका एनेकपा माओवादी क्षेत्र नं १ का प्रत्यक्षतर्फका उम्मेदवार मोहन बम सहित १५ जनालाई अज्ञात समूहले कात्तिक २४ गते आक्रमण गरी घाइते बनायो। चुनावी प्रचार प्रसार गरी से .१ .ज .६०६ नं को जीपबाट दिपायलसिलगढी फर्किरहेको अवस्थामा अज्ञात समूहले राति आक्रमण गरेको थियो। आक्रमणमा परी उम्मेदवार मोहन बमको टाउको, आँखा र शरीरमा, सेतीमहाकाली राज्य समिति सदस्य सहदेव खातीको दुइवटै आँखामा, उम्मेदवारको वोर्डिङमा कार्यरत शिक्षक तथा कार्यकर्ता राजकुमार मलासीको बाँया हात भाँचिएको र दिपायल सिलगढी नपा -१३ का कार्यकर्ता महादेव जोशीको घाँटीमा चोट लागेको थियो। अन्य घाइतेहरूमध्ये समानुपातिकका उम्मेदवार कलावती ओझा, पद्मराज भट्ट, हेम कर्ण, विष्णु बोगटी, लोकबहादुर खड्का लगायत १५ जना घाइते भए। घाइतेमध्ये उम्मेदवार मोहन बम, सेती महाकाली राज्य समिति सदस्य

अज्ञात समूहको आक्रमणमा परी घाइते भएका डोटी क्षेत्र नं. १ का एमाओवादी उम्मेदवार मोहन बम

सहदेव खाती, कार्यकर्ता राजकुमार मलासी र दिपायल सिलगढी नपा १३ का कार्यकर्ता महादेव जोशीको जिल्ला अस्पतालमा उपचार भयो।

डडेल्धुरा

जोगबुडा गाविस-१ पुन्तुरामा एमाओवादी कार्यकर्ता र नेपाली काङ्ग्रेसका कार्यकर्ता बीच ७० कात्तिक २८ गते झडप हुँदा नेपाली काङ्ग्रेसका पाँच जना कार्यकर्ता घाइते भए। झडपमा नेपाली काङ्ग्रेसका नरभान कामी, गणेशप्रसाद जोशी, वीरेन्द्र थापा, कमल सिंह साउद र सीतारामजोशी घाइते भएकामा उनीहरूको उपचार स्थानीय स्वास्थ्य चौकीमा गरिएको थियो।

दार्चुला

खलंगा गाविस-१ किम्तडीमा कात्तिक १५ गते राति नेकपा एमाले समर्थित युवाहरूले काङ्ग्रेसको झण्डा फालेको विषयलाई लिएर भएको झडपमा एमाले समर्थित जनकसिह ठगुन्ना, सुरेशसिह ठगुन्ना, राजकुमार ठगुन्ना, नविन ठगुन्ना, जगदीश ठगुन्ना, नविन ठगुन्ना, सञ्जीव ठगुन्नाले लगायतका व्यक्तिले काङ्ग्रेस समर्थित दशरथ बडु र हरीश बडुलाई कुटपिट गरेका थिए।

कञ्चनपुर

संविधानसभा निर्वाचनमा एकीकृत नेकपा माओवादीका तर्फबाट कञ्चनपुर जिल्लाका निर्वाचन क्षेत्र नम्बर ४ का उम्मेदवार मोहन गिरीको गाडीमा कात्तिक ९ गते अज्ञात समूहले आगजनी गऱ्यो। भीमदत्त नपा-५ बनखेत पूर्वपश्चिम राजमार्गमा रोकिएको म १ ज ७३ नम्बरको महेन्द्रा जीपमा अज्ञात समूहले आगजनी गरे। उम्मेदवार गिरी जीपलाई पार्किङ गरेर भीमदत्त नपा-९ मा प्रचार/प्रसार गर्न गएको समयमा मोटरसाइकलमा सवार अज्ञात समूहले पेट्रोल छर्केर आगजनी गरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

कैलाली

थापापुर गाविस-३ का ५५ वर्षीय नेकपा माओवादीका कार्यकर्ता कुलराज ज्ञवालीलाई सावरी साधन तोडफोड गरेको आरोपमा इलाका प्रहरी कार्यालय भजनीले कात्तिक २७ गते गिरफ्तार गऱ्यो। लालबोझी गाविस-५ का सुरेश हमालको नाममा रहेको बा २ च २५९६ नम्वरको गाडी तोडफोड गरेकोले माओवादी कार्यकर्ता ज्ञवालीलाई गिरफ्तार गरेकोमा निर्वाचन सम्पन्न भएपछि हिरासत मुक्त गरिएको थियो।

फुलबारी गाविस-५ डिपोबजारमा नेकपा एमाले कार्यकर्ता र काङ्ग्रेस कार्यकर्ता बीच दोहोरो झडप हुँदा एमाले कार्यकर्ता स्थानीय कार्यकर्ता धनमाया थापा र नेपाली काङ्ग्रेसका प्रेम जोशी घाइते भए। अब उपरान्त यस प्रकारको आक्रमण नगर्ने शर्तमा दुवै पक्षबीच सोही दिन राति सहमति भएको थियो।

निर्वाचनको दिनको अवस्था

यस क्षेत्रमा निर्वाचनका दिन समान्य प्रकारका विवादहरू भएका भए पनि राजनीतिक दलहरू बीच, झडप, आक्रमण जस्ता घटनाहरू भएनन्। यस क्षेत्रका नौ ओटै जिल्लामा निर्वाचन सौहर्दपूर्ण र शान्तिपुर्ण तरिकाबाट सम्पन्न भएको जिल्ला प्रशासन कार्यालयहरूले जनाए। निर्वाचनको पर्यवेक्षणमा संलग्न भएका सङ्घ सस्थाहरूले पनि निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको बताएका थिए।

निर्वाचनपश्चात्को अवस्था

यस क्षेत्रमा निर्वाचन पश्चात् झडपका घटनाहरू नभएको भए पनि यस क्षेत्रको निर्वाचन सम्पन्न भई केही जिल्लामा मतगणना सुरु भइरहेको अवस्थामा एमाओवादीको केन्द्रीय समितिले निर्वाचन स्वच्छ नभएकोले यसको पुनराअवलोकन गर्नु पर्छ भन्दै मतगणना भएको स्थलबाट बाहिरिएका थिए। तर, पनि मत गणना जारी नै रहेको थियो। यसैगरी, फोरम लोकतान्त्रिकका उम्मेदवार र एजेन्टहरू पनि बहिष्कार गरेको भन्दै बाहिरएका थिए। उनीहरूलाई प्रमुख निर्वाचन अधिकृतले अनुरोध गर्दा समत नमानेपछि मतगणना जारी नै गर्न निणय भएको थियो। यस क्षेत्रमा विजयी भएका उम्मेदवार, प्रतिद्वन्दी र उनीहरूले प्राप्त गरेको मत तथा बदर भएको मत क्रमसः जिल्लागत रूपमा तल उल्लेख गरिएको छ।

आचारसंहिता उल्लङ्घन तथा यससँग सम्बन्धित अन्य जानकारी

उम्मेदवारलाई आक्रमण तथा आक्रमण प्रयास

चुनावी प्रचारमा खटिएका एमाओवादीका ताप्लेजुङको क्षेत्र नं १ का प्रत्यक्षतर्फका उम्मेदवारलाई ०७० कात्तिक ८ गते बिहान आक्रमण भएको थियो। मेहेले गाविसस्थित कमल भण्डारीको घरमा सुतिरहेको अवस्थामा नेकपा-माओवादीका इञ्चार्ज सुमनको नेतृत्वमा ३० जनाको टोलीले आक्रमण गरेको र आक्रमणबाट उम्मेदवार सञ्चपाल मादेन, प्रचार समितिका काजी भट्टराई, वाईसीएल इञ्चार्ज तारा भट्टराईलगायतका व्यक्ति घाइते भएका थिए।

यसैगरी, रूकुममा नेपाली काङ्ग्रेसका उम्मेदवार गोपाल जीजङ्ग शाही माथि एकीकृत नेकपा माओवादीका कार्यकर्ताले पटकपटक आक्रमण गरेका थिए।

धादिङको पृथ्वीराजमार्गस्थित बेनिघाट गाविस-९ मा एमाले उम्मेदवार राजेन्द्रप्रसाद पाण्डे चढेको गाडीलाई एकीकृत नेकपा माओवादी कार्यकर्ताले बाटो छेकेर आक्रमणको प्रयास गरेपछि भएको झडपमा एमाओवादी र एमाले दुवै पक्षका दुई जना कार्यकर्ता सामान्य घाइते भए।

निर्वाचनमा भएको हिंसात्मक गतिविधिमा दुई जनाको मृत्यु

कलैया नपा-७ निवासी अनमोल रात्री सेवा बसका सहचालक १७ वर्षीय राकेश यादव ०७० कात्तिक २८ गते कलैयाबाट काठमाडौं तर्फ जाँदै गरेको अनमोल रात्री बस सेवामा मकवानपुरको बासामाडीमा अज्ञात समूहले पेट्राल बम प्रहार गर्दा घाइते भएकोमा उनको काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचारको क्रममा ०७० मङ्सिर ११ गते मृत्यु भयो।

यसैगरी, निजगढ गाविस-७ निवासी ट्रक चालक ३५ वर्षीय राजु देउजा क्षेत्री पनि कात्तिक २८ गते नै बारा जिल्लाको जीतपुरबाट निजगढ तर्फ जाँदै गर्दा पूर्वपश्चिम राजमार्गको दुधौरा पुल छेउमा ट्रकमाथि अज्ञात समूहले पट्रोल बम प्रहार गर्दा जलेर घाइते भएपछि काठमाडौंस्थित महाराजगञ्ज शिक्षण अस्पतालमा उपचारको क्रममा उनको ०७० मङ्सिर २ गते गते मृत्यु भएको थियो।

निर्वाचन आचारसंहिता पालना गर्न एमाओवादी अध्यक्षलाई निर्वाचन आयोगको निर्देशन

एकीकृत माओवादीका नेता पुस्पकमल दाहाल प्रचण्डलाई निर्वाचन आयोगले निर्वाचन आचारसंहिता पालना गर्न निर्देशन पनि दिएको थियो। निर्वाचन आयोगले निर्वाचन आचारसंहिता विपरीत एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले हेलिकप्टर प्रयोग गरेको भन्दै आइन्दाबाट अनुमति प्राप्त गरेपछि मात्र हेलिकप्टर प्रयोग गर्न दाहाललाई निर्देशन दिएको हो। आयोगको कात्तिक १४ गते बसेको बैठकको निर्णयले अध्यक्ष दाहालले निर्वाचन प्रचार प्रसारका लागि ०७० कात्तिक १३ गते आयोगमा हेलिकप्टर माग गरेको तर आयोगको अनुमति प्राप्त नगरी हेलिकप्टर प्रयोग गरेको पाइएको हुँदा अब आइन्दा आयोगको सहमति प्राप्त गरेपछि मात्र हेलिकप्टर प्रयोग गर्न अध्यक्ष दाहाललाई निर्देशन दिइएको हो। दाहालले काठमाडौंबाट पाँचखालसम्मको यात्रा तय गर्न पनि हेलिकप्टरको प्रयोग गरेका थिए।

यसैगरी डोटीमा एमाओवादीका क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार मोहन बम चढेको से १ ज ६०६ नं. को जीपमा कात्तिक २४ गते राति डिपायल सिलगढी नपा-११ तिखामा केही युवाहरूको समूले आक्रमण गर्दा उनी घाइते भए। आक्रमणमा परी उम्मेदवार बमको टाउको, आँखा र शरीरमा चोट लागेको थियो। सोही घटनामा एमाओवादीकै समानुपातिक उम्मेदवार कलावती ओझा पनि घाइते भएकी थिइन्। घाइतेको जिल्ला अस्पतालमा उपचार भएको थियो।

मौन अवधिमा पनि आचारसंहिता उल्लङ्घन

निर्वाचन आयोगले निर्वाचन हुनुभन्दा ४८ घण्टा अघिको समयलाई मौन अवधि भनेको छ। यस मौन अवधिमा निर्वाचन प्रचार/प्रसार र यो सँग सम्बन्धित कुनै पनि गतिविधि गर्न नपाइने व्यवस्था भए पनि यस विपरीतका कार्य भएको स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा प्राप्त भएको थियो।

काठमाडौँ क्षेत्र नं. ४ का एमाओवादीका उम्मेदवार नन्दकिशोर पुनले आचारसंहिता विपरीत भोजको आयोजना गरेको, सप्तरीमा सद्भावना पार्टी, तमलोपा, र फोरम गणतान्त्रिकका उम्मेदवारले सार्वजनिक स्थानमा रङ्गीन फ्लेक्स ब्यानर झुण्ड्याएको र मधेसी जनअधिकार फोरम नेपालले भित्ते लेखन गरेका तथा कपिलवस्तु क्षेत्र नं. ५ का राप्रपाका उम्मेदवार गुरूप्रसाद रजैरीया र क्षेत्र न ३ का एमाओवादीका उम्मेदवार सत्य नारायण तिवारीले गाडीमा चुनावचिह्न र पार्टीको झण्डासहित चुनाव प्रचारप्रसार गरेका थिए।

यात्रुसहितको सार्वजनिक बसमा बम विस्फोट

निर्वाचनका क्रममा निर्वाचनलाई प्रभावित पार्न विभिन्न ठाउँमा यात्रुसहित सडकमा गुडिरहेका सार्वजनिक बसमा समेत बम प्रहार गरेका घटनाहरू यस स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा अभिलेख भएका छन्।

काठमाडौँबाट वीरगन्जतर्फ गइरहेको बस ना ४ ख ५२०० नम्बरको रोकिराखेको बसमा सतुङ्गलमा मङ्सिर २ गते पेट्रोल बम प्रहार हुँदा बसमा रहेका यात्रुमध्ये ८ जना घाइते भएका थिए।

यसैगरी, चितवन, मकवानपुर, सुर्खेत, काठमाडौँको गोगँबु, ललितपुको कुमारीपाटीमा पनि यात्रुबाहक सवारी साधनमा आक्रमण भएको थियो।

निर्वाचन सचेतना सामग्री प्रचार-प्रसारमा अवरोध

निर्वाचन आयोगले मतदाता सचेतनाका लागि गाउँ तथा मतदान केन्द्रमा पठाएका निर्वाचन सामग्री जलाउने, कब्जा गर्ने तथा अवरोध गर्ने जस्ता ४५ ओटा घटनाको अभिलेख स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा प्राप्त भयो । यस खाले कार्य पाँचथर, धनकुटा, सुर्खेत, रोल्पा, मोरङ, मकवानपुर, पर्वत लगायतका जिल्लामा भएका थिए । प्रकारको अवरोधका ३३ ओटा घटनामा नेकपा-माओवादीको संलग्नता रहेको अभियानको सचिवालयमा अभिलेख भएको छ ।

निर्वाचन सचेतना समाग्री प्रचार प्रसारमा अवरोधका जिल्ला र सङ्ख्या

जिल्ला	सङ्ख्या
पाँचथर	६
धनकुटा	५
सुर्खेत	४
रोल्पा	३
जुम्ला	२
पर्वत	२
भोजपुर	२
मकवानपुर	२
मोरङ	२
रामेछाप	२
इलाम	१
काभ्रे	१
कालिकोट	१
कास्की	१
कैलाली	१
चितवन	१
जाजरकोट	१
तनहुँ	१
तेह्रथुम	१
दैलेख	१
पाल्पा	१
मुगु	१
सिन्धुपाल्चोक	१
सिन्धुली	१
सुनसरी	१
जम्मा	४५

निर्वाचन सचेतना सामग्री प्रचार-प्रसारको अवरोधमा संलग्न पक्ष र घटना सङ्ख्या



एकीकृत माओवादीका दुई समानुपातिक उम्मेदवारको उम्मेदवारी रद्द

निर्वाचन आयोगले समानुपातिक तर्फका दुई उम्मेदवारको उम्मेदवारी रद्द गरेको छ। तीमध्ये एक जना हत्या अभियोगमा सर्वोच्च अदालतद्वारा अपराधी ठहर गरिएका हुन् भने अर्का वर्तमान अवस्थामा लाभको पदमा आसिन छन्।

हत्या अभियोगमा सर्वोच्च अदालतद्वारा सर्वस्वसहित जन्मकैदको फैसला गरिएका माओवादी नेता बालकृष्ण ढुङ्गेलको उम्मेदवारी रद्द भयो। कानुन अनुसार उनको उम्मेदवारी रद्द गरिनु पर्ने मागसहित निर्वाचन आयोगमा परेको उजुरीको आधारमा निर्वाचन आयोगले सो उम्मेदवारी खारेज गरेको हो। यसैगरी, माओवादीकै तर्फबाट समानुपातिकतर्फ उम्मेदवारमा परेकी उषा फकिरको उम्मेदवार पनि आयोगले खारेज गरेको थियो। राष्ट्रिय मुस्लिम आयोगमा बहालवाला सदस्य रहेकी फकिरलाई सभासद् हुन नपाइने भन्दै आयोगले खारेज गरेको हो।

बन्द फिर्ता लिन सर्वोच्च अदालतको आदेश

यसैबीच, कात्तिक २८ गतेसर्वोच्च अदालतले नेकपा-माओवादी नेतृत्वको मोर्चालाई संविधानसभा निर्वाचन विरोधी अभियानले जनताको मत हाल्न पाउने अधिकारलाई कुण्ठित गर्ने भन्दै आमहड्ताल तत्काल फिर्ता लिन आन्तरिम आदेश दिएको थियो। सर्वोच्च अदालतका न्यायाधीश रामकुमारप्रसाद साहको एकल इजलासले जनताको मतदान गर्न पाउने अधिकार कुण्ठित गर्ने अधिकार निर्वाचन आयोगमा दर्ता भएको वा नभएको दल र व्यक्ति, समूह वा कसैसँग नभएको भन्दै अन्तरिम आदेश दिइएको थियो। आदेशमा अन्तरिम संविधानले रोजगारी, पेसा व्यवसाय आवतजावत र निर्बाध रूपमा मत खसाल्न पाउने अधिकार दिएको हुँदा सो अधिकार कुण्ठित गर्ने गरी ३३ दलीय मोर्चाले संविधानसभा निर्वाचनलाई लक्षित गरी गरेको बन्द हडताल लगायतका कार्यक्रम तत्कालन रोक्नु र रोक्न लगाउनु भनिएको थियो। बन्द फिर्ता लिन अन्तरिम आदेशको माग गर्दै डेमोक्रेटिक लयर्स एसोसिएसनका कोषाध्यक्ष ध्रुवप्रसाद भट्टराईले कात्तिक २४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

पूर्वप्रधानमन्त्री डा. भट्टराईसँग स्पष्टीकरण माग

संविधानसभा निर्वाचनको प्रचार/प्रसार अभियानमा दलहरूबाट भइरहेका निर्वाचन आचारसंहिता उल्लङ्घन भएको अवस्थामा निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घन गरेको विषयमा एमाओवादी नेता तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईलाई तीन दिनभित्र स्पष्टीकरण प्रस्तुत गर्न कात्तिक १२ गते पत्र लेखेको थियो।

यसैगरी, निर्वाचन आयोगले विभिन्न जिल्लामा निर्वाचन आचारसंहिता उल्लङ्घन भएको भन्दै सम्बद्ध पक्षलाई आचारसंहिता पालना गर्न कात्तिक १३ गते निर्देशन दिएको थियो। आयोगले एमाओवादी, नेपाली काङ्ग्रेस, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, सङ्घीय समाजवादी पार्टी नेपाल र सङ्घीय लिम्बूवान राज्य परिषद्का उम्मेदवारहरूलाई स्पष्टीकरणसमेत सोधेको थियो।

जिल्ला निर्वाचन कार्यालय, गोरखाले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको विषयमा एमाओवादीका निर्वाचन क्षेत्र नं १ का उम्मेदवार डा. बाबुराम भट्टराई, नेपाली काङ्ग्रेसका हरि घले र एमाओवादीका क्षेत्र नं ३ का उम्मेदवार छमबहादुर गुरु लाई कात्तिक १२ गते पत्र पठाई तीन दिनभित्र स्पष्टीकरण पेश गर्न माग गरेको थियो। डा. भट्टराईले भोट माग्ने क्रममा कार्यकर्तालाई खसी काटेर भोज खुवाएको, मन्दिर जिर्णोद्धारका भन्दै पैसा बाँडेको आरोपमा निर्वाचन आयोगले स्पष्टीकरण सोधेको थियो। संविधानसभा निर्वाचनमा क्षेत्र नम्बर-३ बाट एमाओवादीका प्रत्यक्षतर्फ उम्मेदवार गोपी अछामीले मत माग्ने क्रममा विकास निर्माणको कामको प्रचार प्रसार गरी निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भन्दै एमाले र नेपाली काङ्ग्रेसका प्रतिनिधिहरूले निर्वाचन कार्यालयमा कात्तिक १३ गते उजुरी दिएका थिए।

(ख) निर्वाचन क्रम: *निर्वाचन पर्यवेक्षण*

पृष्ठभूमि

२०७० मङ्सिर ४ गते देशभरी ७५ जिल्लाका २ सय ४० निर्वाचन क्षेत्र मध्ये २ सय ३९ क्षेत्रमा एकै दिन निर्वाचन सम्पन्न भएको थियो भने एक निर्वाचन क्षेत्र रहेको जुम्ला जिल्लाको *देपाल गाविसको त्रिभुवन उमावि झारज्वालको क र ख मतदान केन्द्रमा मात्र २०७० मङ्सिर ४ गते मतदान कार्य स्थगित* भएको थियो। निर्वाचन आयोगको निर्णय अनुसार पुन: २०७० मङ्सिर ७ गते उक्त मतदान केन्द्रमा सफलतापूर्वक मतदान सम्पन्न भएको थियो।

निर्वाचन सकिए लगत्तै स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले तयार पारेको संविधानसभा निर्वाचन २०७० को संक्षिप्त पर्यवेक्षण प्रतिवेदन निर्वाचन आयोगलाई बुझाउँदै अभियानका संयोजक तथा इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल

अभियानका तर्फबाट ३ सय १ जना राष्ट्रिय पर्यवेक्षकहरूले ३ सय १४ मतदान केन्द्रहरूको पर्यवेक्षण गरे पनि उनीहरूलाई सबै मतदान केन्द्रबाट स्थानीय सञ्जालहरूबाट नियमित सूचना प्रवाह भएको थियो। यसरी अभियान मुलुकभरबाट सूचना सङ्कलन गर्न सक्षम हुन सकेको थियो। पर्यवेक्षणका क्रममा प्राप्त विवरण निम्नबमोजिम रहेको छ।

१. मतदानको दिनको अवस्था

१.१. हत्या, अपहरण, नियन्त्रण, कुटपिट र हवाइ फायर

पर्वत जिल्लाको ठूली पोखरी गाविसस्थित जनतासुर्दशन उमावि मतदान केन्द्रमा मतदाता र दलका कार्यकर्ताबीच हो-हल्ला चलेपछि प्रहरीले हवाई फायर गरे पनि कुनै अप्रिय घटना भएन। स्याङ्जा जिल्ला सेखाम गाविस चितीपोखरी केन्द्रमा एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच विवाद भए पनि सर्वदलीय बैठकपछि विवादको समाधान भएको थियो।

रोल्पा जिल्ला राङ्सी गाविसको ७, ८ र ९ वडाका अन्य दलका मतदातालाई एकीकृत माओवादी निकटका वाईसीएल कार्यकर्ताले मतदान केन्द्रमा जानबाट रोकेको पाइयो। राङ्सी गाविस-३ गोपालखोलामा एमाओवादी निकट वाईसीएलका कार्यकर्ताले बिहान ९ बजे नेपाली काङ्ग्रेसका कार्यकर्ता नरबहादुर डाँगी, सोही गाविस-८ का एमाले कार्यकर्ता बमबहादुर डाँगी, सोही गाविस-३ का नरेन्द्र डाँगी र सोही गाविस-५ का बलविर बुढासहितका कार्यकर्तालाई मतदान केन्द्रमा जान रोकेका मतदातालाई लिन गएको समयमा कुटपिट गरेका थिए।

रोल्पाको थवाङमा एकमात्र मतदान केन्द्र रहेको र उक्त मतदान केन्द्रमा प्रत्यक्षतर्फ कोही पनि मतदाता मतदानमा भाग लिएनन् भने समानुपातिक तर्फ ७७ मत खसेको थियो। उक्त मतदान केन्द्रमा १८ सय ७६ मतदाता रहेका थिए।

दैलेख जिल्ला नारायण नपा-१ नयाँ बजारको त्रिभुवन उमाविस्थित मतदान केन्द्रमा जाने गेटमा अज्ञात समूहले राखेको बेवारिसे विस्फोटक पदार्थ नेपाली सेनाले बिहान करिब ७.३० बजे निष्कृय बनाएको थियो।

उक्त मतदान केन्द्रमा मतदान कार्य आधा घण्टा ढिलो सुरू भयो।

चामुण्डा गाविसको हाराकोट उमावि मतदान केन्द्रमा नेकपा-माओवादीका भेरी कर्णाली राज्य समिति सदस्य बिनी शाहीको अगुवाईमा १५/२० जनाको समूहमा आएका नेकपा-माओवादीका कार्यकर्ताहरूले बिहान करिब ८.४५ बजे करिब ३ सय ५० मतपत्र लुटेपछि प्रहरीले हवाई फायर गर्दा भाग्ने क्रममा सन्तकुमारी शाही, बसना शाही, रेश्मा शाही, बालकुमारी राईकोष विक, अमृता शाही, चन्द्रकला शाही र सात महिनाकी बालिका दीपिका तारामी घाइते भएको पाइयो। नेकपा-माओवादीका कार्यकर्ताले मतदाता र नियोगका पर्यवेक्षक सीता शाहीलाई पनि उक्त मतदान केन्द्रमा जान रोकेका थिए। हेलिकप्टपर मार्फत् उक्त मतदान केन्द्रमा मतपत्र लगिएपछि उक्त मतदान केन्द्रमा दिउँसो १२ बजेबाट पुन: मतदान सुरू भएको थियो। चामुण्डामा घाइते भएका मध्ये पाँच जना रेश्मा शाही, राईकोष विक, अमृता शाही, बालकुमारी शाही र सात महिनाकी दीपिका तारामीलाई उपचारका लागि सदरमुकामस्थित जिल्ला अस्पतालमा सोही दिन होलिकप्टर मार्फत् ल्याइयो।

धादिङ जिल्लामा एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच मार्पाक गाविस-४ निमार्चोकमा मतदान कार्य समाप्त भएपछि साँझ भएको झडपमा एमाओवादी कार्यकर्ता मार्पाक गाविस-७ का १९ वर्षीय रिकेश थापामगर र २१ वर्षीय विशाल अधिकारीलाई खुँडा प्रहार गरी घाइते बनाएको एमाओवादीले जनायो। उनीहरूको काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। एमाओवादी धादिङ जिल्ला सम्मेलन आयोजक समिति सदस्य पुष्पविक्रम मल्लले मङ्सिर ५ गते एक प्रेस विज्ञप्ती प्रकाशन गरी घटनमा संलग्नलाई कारबाही गर्न माग गरे। पीडितले भने उजुरी गरेनन्।

धादिङ जिल्लामै निर्वाचन सकिएलगत्तै बेलुका सदरमुकाम धादिङबेसीमा एमाओवादी कार्यकर्ताले १५ भन्दा बढी मोटरसाइकलमा तरबार समेत लिएर बजार परिक्रमा गरेपछि बजार तनावग्रस्त भएको थियो। यातायात साधनलाई गुड्नको लागि अनुमाति पत्र चाहिने भए पनि उनीहरूले नियमको उल्लङ्घन गरी तरबार प्रदर्शन गर्नुका साथै काङ्ग्रेसका नेता ४२ वर्षीय रमेश धमलालाई हातपात गरेका थिए। पीडितले भने उजुरी गरेनन्।

दोलखा जिल्लाको ठूलोपातल गाविसको मतदान केन्द्रमा एमाओवादीका कार्यकर्ताहरूले आक्रमण गरी एमालेका सभासद् ३६ वर्षीय शान्ति पाखिनलाई घाइते बनाएको एमाले ठूलोपातल गाउँ कमिटीका अध्यक्ष भूपेन्द्र सुनुवारले बताए। प्रमुख जिल्ला अधिकारी प्रल्हाद पोखरेलले आक्रमणमा संलग्न छ जनालाई गिरफ्तार गरिएको र राजनीतिक सहमतिमा मतदान सुरु भएको जनाकारी दिए। घटनामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका ठूलोपातल गाविसका निवर्तमान गाविस उपाध्यक्ष तेजबहादुर खड्का सहित सोही गाविसका कमल पाखिन र हर्क केसीलाई जिल्ला प्रहरी कार्यालय चरिकोट हिरासतमा राखी मङ्सिर ९ गते रिहा गऱ्यो। त्यसैगरी क्षेत्र नम्बर १ कै गैरीमुदी, मालु, जुँगु, सहरे लगाएतका मतदान केन्द्रमा केही समय विवाद भए पनि मतदान सम्पन्न भयो।

१.२ धम्की र अनुचित प्रभाव

गुल्मी क्षेत्र नं ३ स्थित वाग्ला गाविसको वाग्ला उमावि मतदान केन्द्रमा एमाओवादीका उम्मेदवार बामदेव क्षेत्री पुग्दा कार्यकर्ताले ताली बजाएर स्वागत र हुटिङ गरेपछि एमालेका कार्यकर्ताले मूर्दावादको नारा लगाए। स्वागत र मूर्दावादसँगै विवाद बढेपछि निर्वाचन अवरुद्ध भयो। सर्वपक्षीय बैठकबाट एक घण्टापछि निर्वाचन सुचारु भयो।

जुम्ला, कात्तिस्वामी गाविसको कालिका निमावि मतदान केन्द्रमा नेपाली काङ्ग्रेसले लाइनमा उभिएका मतदाताका बीचमा प्रचारप्रसार गरिरहेको र महत गाविसको जनता मावि मतदान केन्द्रमा पतिले पत्नीलाई इच्छा विपरीत पार्टी तोकेर भोट दिन लगाएको पाइयो।

बझाङ, सदरमुकाम चैनपुरमा रहेको बालमन्दिर निमावि मतदान केन्द्र वरिपरी तीन ओटा दल नेपाली काङ्ग्रेस, नेकपा एमाले र एकीकृत माओवादीका पर्चा, पम्प्लेट टाँसिएका थिए। सदरमुकाम चैनपुरमा रहेको

बालमन्दिर निमाविमा मतदान भइरहेको अवस्थामा मतदानस्थल नजिकै नेपाली काङ्ग्रेसका कार्यकर्ताले नारा-जुलुस गरेका थिए।

पाँचथर, डर र त्रासले गर्दा लुङरूपा गाविस-९ फेजुङस्थित सिदेश्वर मावि फेजुङमा मतदाता ९ सय ४६ रहेकोमा प्रत्यक्षतर्फ ६१ मत खसेको र समानुपातिकतर्फ ९२ मतमात्र झरेको थियो। निर्वाचन बहिष्कार गर्ने घटकहरू नेकपा-माओवादी र मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्बाट मतदाताहरूलाई धम्की दिइएको थियो।

धनुषा जिल्ला क्षेत्र नम्बर ५ को विपि कोइराला उच्चमावि सपही बुथ नम्बर 'ख' मा मानवअधिकारकर्मी, पत्रकारलाई अनिता यादवले दुर्व्यहार तथा अपशब्द प्रयोग गरेकी थिइन्। सोही बुथमा अज्ञात व्यक्तिहरूले बाहिरबाट मतदान केन्द्रमा ढुङ्गामुढा प्रहार गरेपछि काङ्ग्रेसका कार्यकर्ताहरू लाठी फर्सा समेत निकालेको नागरिक दैनिकका पत्रकार सुरेश यादवले जनाए। त्यस क्रममा एक जना सपही गाविस-८ निवासी काङ्ग्रेस कार्यकर्ता २५ वर्षीय अनिल नायक घाइते भए। ढुङ्गामुढा भएपछि तपलोपाका कार्यकर्ता किशोरी यादवले प्रत्यक्षतर्फको व्यालेट पेपर लिएर बाहिर राखेका थिए। सो सम्बन्धमा मतदान अधिकृतलाई पर्यवेक्षक टिमले व्यालेट पेपर ल्याउन भनेपछि मतदान अधिकृत बसन्त रेग्मी र प्रहरीहरू मुकदर्शक भएर बसेको पाइएको थियो। काङ्ग्रेसका कार्यकर्ताहरू मतदान गर्न लाइनमा रहेका मतदाताहरूलाई आफ्नो प्रभावमा पार्न लाइनमा घुमिरहेका थिए। उनीहरूलाई प्रहरीहरू हेरेर बसेका थिए। समाचार सङ्कलन गर्न गएका माउन्टेन टिभिका रिपोर्टर सञ्जय राउतको सोनी क्यामरा र हिमालयन खबरपत्रिका इश्वरचन्द्र झाको ओलम्पस एचडी नामक क्यामरा नेपाली काङग्रेसका पक्षधरले खोसेको पत्रकार झाले बताए।

उम्मेदवारले 'डमी' उम्मेदवारको नाममा आफूले गाडीको अत्यधिक प्रयोग गरेको पाइयो। व्यालेट पेपर बाहिर फेला परेको पाइयो। व्यालेट पेपरको अर्धकट्टीमा निर्वाचन अधिकृत कार्यालयमा आएर सही गर्दै गरेको फेला परेकोले भन्दै एमाले कार्यकर्ताहरूले क्षेत्र नम्बर ५ का सिनुरजोडा मतदान अधिकृत बसन्त रेग्मीलाई कुटपिट समेत गरेका थिए। धेरैजसो व्यालेट पेपरहरूमा मतदान अधिकृतको सही भएको थिएन। क्षेत्र नम्बर ५ स्थित सपही बुथमा मत खसाल्न लाइनमा लागेका मतदाताहरूलाई आफ्नो पक्षमा मत दिन काङ्ग्रेसका कार्यकर्ता सक्रिय रहेका थिए।

धनुषाकै क्षेत्र न. ५ मा सपही, तारापटीमा पाइएको, सपही मतदान केन्द्र मतदान अधिकृत रामप्रसाद रेग्मी डराएको र निरीह अवस्थामा रहेका थिए। सोही जिल्लाको क्षेत्र नं. ४ को विन्ही गाविस लादोवेला बुथ केन्द्रमा गोप्य मतदान गर्ने ठाउँमा पार्टीका प्रतिनिधिहरू उभिएका थिए। क्षेत्र नं ५ सपही बुथमा चुनावको दिन ढुङ्गामुढा भएको र सोही ठाउँमा काङ्ग्रेसका कार्यकर्ताहरूले लाठी फर्सा समेत निकालेका थिए।

दोलखा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को जुंगू गाविस निलकण्ठेश्वर उच्चमावि केन्द्रमा एमाओवादीले अन्य पार्टीको बुथ प्रतिनिधि विना र एकलौटी मत हालेको, ठूलोपातल गाविसको कालिका मावि केन्द्रमा एमाओवादीले अन्य पार्टीको बुथ प्रतिनिधि विना र अन्य पार्टीका कार्यकर्ताई खुकुरी प्रहार गरी लखेटेर र गैरीमुदी गाविसको गाविस भवन केन्द्रमा काङ्ग्रेसले अन्य पार्टी प्रवेश गर्ने बाटो अवरोध गरी एकलौटी काङ्ग्रेसले मत हालेको भन्दै एमाले जिल्ला सचिवालय सदस्य भरत केसीले मुख्य निर्वाचन अधिकृतलाई निर्वाचनको दिन तीन केन्द्रमा पुनः मतदानको व्यवस्था गर्न ०७० मङ्सिर ४ गते निर्वाचन आयोग, काठमाडौँमा लिखित उजुरी गरेका थिए। हाडीखोला गाविस-३ स्थित बुथ नजिकै एक ओटा बम विस्फोट गराएको थियो भने कालिकाटार गाविस-७ कटुन्जेमा एक ओटा बम विस्फोट गराएको थियो। त्यसैगरी खैरान, भार्ता गाविसको बाटोमा नक्कली बम रोखेको प्रहरीले जनायो।

१.३. मतदान पर्यवेक्षणमा अवरोध

मोरङ जिल्लाका इन्सेकका राष्ट्रिय पर्यवेक्षक एलिया मूर्मूलाई पर्यवेक्षण गर्न गएको दादरवैरियाको किसान सामुदायिक निमावि मतदान केन्द्रमा प्रहरीले रोकेर भित्र जान दिएनन्।

दैलेख जिल्लामा नेकपा-माओवादीका कार्यकर्ताले मतदाता र नियोकका पर्यवेक्षक सीता शाहीलाई पनि उक्त मतदान केन्द्रमा जान रोकेका थिए।

कञ्चनपुर स्थानीय स्तरमा मतदान केन्द्रमा पर्यवेक्षण गरिरहेका पर्यवेक्षकहरूलाई सुरक्षाकर्मीहरूले पर्यवेक्षण गर्न मतदान केन्द्रको घेरा भित्र जान दिएन। कतै कतै मतदानस्थल भित्र प्रवेश गर्न पनि समस्या रहेको र भित्र प्रवेश गरेकालाई पनि माथिल्लो निकायको निर्देशन छ भन्दै मतदानस्थल बाटै बाहिर निकाल्न खोजेको थियो।

डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका-१० को सहश्रलिङ्ग उच्च मावि मतदान केन्द्रमा पर्यवेक्षहरूको लागि समेत छुट्टै बस्ने व्यवस्था बनाइएको थियो। मतदानस्थल बाहिर समेत शान्तिपूर्ण वातावरण रहेको थियो।

बझाङका पर्यवेक्षकहरूलाई मतदान अधिकृतको अनुमतिमा मतदान स्थलको फोटो खिच्न पाउने व्यवस्था गरिएको थियो।

नेकपा-माओवादीले गरेको नेपाल बन्दमा पनि गाडी प्रयोग गरी पर्यवेक्षण गर्न दिई कुनै अवरोध नगरेको पाइयो।

१.४. मतदान केन्द्र कब्जा तथा अवरोध

गुल्मीको मलागिरी गाविसको पुर मावि केन्द्रमा एमालेबाट एकलौटी र धाँधली गरिएको आरोप लगाई मतदान समाप्त भएपछि अन्य दलका एजेण्ट मतदान केन्द्रबाट बाहिरिएका थिए। तर, त्यसपछि भएको सर्वदलीय छलफलमा समस्या समाधान भएपछि अन्य दलका प्रतिनिधिहरूले पनि मुचुल्कामा सही गरेका थिए।

स्याङ्जा जिल्लाको क्षेत्र नं १ स्थित कुवाकोट गाविसमा एमाओवादीका कार्यकर्ताले मतपत्र लिने प्रयास गरेपछि उत्पन्न विवादका कारण मतदान कार्य केही समय अवरुद्ध भयो। काङ्ग्रेस र एमालेले एमाओवादीका कार्यकर्ताले मतपत्र खोसेको आरोप लगाए। सुरक्षा, प्रशासन र दलबीच बैठक बसेर मतदान सुचारु गर्ने बारे छलफल भएपछि मतदान पुन: सुचारु भएको थियो। एमाओवादीले खोसेको मतपत्र फिर्ता गरेपछि मतदान सुचारु भएको थियो।

स्याङ्जाकै पेलाकोट गाविसमा नेकपा एमालेका कार्यकर्ताले एकलौटी रूपमा मतदान गरेको काङ्ग्रेसले जनाएको थियो।

पर्वत, जिल्लाको ठूली पोखरी गाविसस्थित जनतासुर्दशन उमावि मतदान केन्द्रमा मतदान बुथ कब्जा गर्ने विषयमा एमाओवादीसँग भएको झडपमा एमालेका कार्यकर्ता प्रेम लामिछाने, रवण लामिछाने र होमनाथ लामिछाने घाइते भए। १५ मिनेट मतदान रोकिए पनि पछि सहमतिमा सुचारु भयो। शङ्करपोखरी गाविस स्थित महादेव प्रावि मतदान केन्द्रमा नेकपा एमालेका कार्यकर्ता खुकुरी सहित प्रवेश गरेपछि तनाव उत्पन्न भएको थियो। तनाव नियन्त्रणमा लिन सुरक्षाकर्मीले हवाई फायरिङ्ग गरेपछि ३ बजेदेखि एक घण्टा मतदान स्थगित भएको थियो। करिब ७४ प्रतिशत मत खसिसकेको अवस्थामा पुन: ४ बजेदेखि मतदान सुचारु भएको थियो।

जाजरकोट, डाडागाँउ गाविस-८ लगायतका केही ठाउँमा नेकपा-माओवादीका कार्यकर्ताद्वारा मतदाताहरूलाई मतदान केन्द्रमा जान अवरोध गर्दै हवाईफायर र बम विस्फोट गराएका थिए भने सोही गाविस-१ पाली गाउँका मतदातालाई निर्वाचनमा सहभागि नहुन नेकपा-माओवादीद्वारा प्रतिवन्ध लगाएपनि मतदाताहरू मतदानमा सहभागि भए। उक्त स्थानमा सशस्त्र प्रहरीको टोली पठाइएको डिएसपी चन्द्रबहादुर सिंहले बताए।

दाङ, पवननगर गाविसको विपी उमावि वयालेसिमतारा मतदान केन्द्रमा एमाले निकटका युवाहरू लाठीसहित प्रवेश गर्न खोजेपछि सशस्त्र प्रहरीले छेक्न खोज्दा करिब १० मिनेट मतदान प्रभावित भयो। युवाहरूलाई बुथकेन्द्रबाट सुरक्षाकर्मीले बाहिर निकालेपछि स्थिति सामान्य भयो।

दैलेख जिल्लाको चामुण्डा गाविस-२ हाराकोट उमावि मतदान केन्द्रमा मङ्सिर ४ गते बिहान करिब ८.४५ बजे नेकपा-माओवादीका कार्यकर्ताले ३ सय ५० मतपत्र लुटेपछि मतदान कार्य करिब दुई घण्टा बन्द

भएको थियो। प्रहरीले दुई राउण्ड हवाई फायर गरेपछि स्थिति सामान्य बनेको थियो। हवाई फायरपछिको भाग दौडमा सन्तकुमारी शाही, बसना शाही, रेश्मा शाही, राइकोष विक, अमृता शाही, चन्द्रकला शाही र एक सात महिनाको बालक घाइते भए। घाइते अमृता गर्भवती रहेकी थिइन्। हेलिकप्टर मार्फत मतपत्र लगिएपछि बिहान १२ बजेदेखि मतदान सुरु भएको थियो। घाइते मध्य पाँचको जनाको उपचार जिल्ला अस्पतालमा भयो।

मुगु, श्रीकोट गाविस-७, ८ र ९ स्थित जिउका मतदान केन्द्रमा ४ सय ८५ मतदाता रहेकोमा २३ मत मात्र खसेको थियो। उक्त मतदान केन्द्र भन्दा केही पर डाँडामा बसेका नेकपा-माओवादी भेरी कर्णाली राज्यसमिति सदस्य तथा जिल्ला कमिटि मुगुका सहसचिव मदन रोकायको नेतृत्वमा रहेका कार्यकर्ताले मतदान गर्न आउने व्यक्तिलाई धम्क्याएर फर्काइदै गरेको पाइयो।

मकवानपुरको सबैभन्दा विकट निर्वाचन क्षेत्र नम्बर ४ मा निर्वाचनलाई विथोल्नका नेकपा–माओवादीसहितको ३३ दलीय मोर्चाले ग्रामीण भेगमा बम विस्फोट गराइ स्थानीयवासीलाई आतंकित पार्ने कार्य गर्नुका साथै मतदान केन्द्रमा आउने बाटोमा नक्कली बमहरू राखे पनि मतदाताहरू मतदान गर्न गएका थिए। हाँडीखोला गाविस-३ स्थित बुथ नजिकै एक ओटा बम विस्फोट भएको थियो भने कालिकाटार गाविस-७ कटुञ्जेमा एक ओटा बम विस्फोट भएको थियो। त्यसैगरी खैरानी र भार्ता गाविसको मतदान केन्द्र जाने बाटोमा पनि नक्कली बम फेला परेको थियो।

१.५. झडप, मतपेटिका नोक्सानी र विवाद

गुल्मी, बस्तु गाविसस्थित हिमालय उमावि केन्द्रमा एमाओवादीका कार्यकर्ताले मृतकको नाममा मतदान गर्न खोजेको भन्दै एमालेका कार्यकर्ताले अवरोध गरेपछि झडप भयो। झडपमा एमालेका कार्यकर्ताहरू विष्णु भण्डारी, नरेश भण्डारी र सन्तोष गौतम सुनार सामान्य घाइते भए भने एमाओवादीका कार्यकर्ता कर्ण पाण्डे घाइते भए। यद्यपी मतदान भने पछि सुचारु भयो।

गोरखा जिल्लाको ध्याल्चोक, हर्मी र घैरुङ गाविसस्थित मतदान केन्द्रमा एमाओवादीका कार्यकर्ता र काङ्ग्रेस कार्यकर्ताबीच झडप भयो। घैरुङ गाविसमा भएको झडपमा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू विष्णुप्रसाद ढकाल, नन्दलाल रेग्मी र विवेक ढकाल घाइते भए। घाइतेलाई प्रहरीको सहयोगमा उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइएको थियो। गोरखा जिल्लाकै क्षेत्र नं १ को नारेश्वर गाविसस्थित राष्ट्रिय मावि घलाङ केन्द्रमा एमाओवादी र नेकपा एमालेका कार्यकर्ता बीच झडप भयो। बृद्धलाई कस्ले सहयोग गर्ने भन्ने विषयमा दुवैपक्षबीच झडप भएको थियो।। प्रहरीले झडपका क्रममा हवाई फायर गरी स्थिति सामान्य बनाएको थियो। केही समयपछि मतदान कार्य भने सुचारु भयो।

अर्घाखाँची जिल्लाको अर्घा गाविसस्थित अर्घारजस्थल मावि केन्द्रमा एमाओवादी र एमाले कार्यकर्ताबीच भएको झडपमा एमालेका जिल्ला अध्यक्ष चेतनारायण आचार्य र सचिवालय सदस्य सरोज भुसाल घाइते भए। उम्मेदवारका प्रतिनिधिहरू बीच फर्जी मत खसाल्ने विषयमा भएको झडपलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीले हवाइफायर गरेको थियो। करिब ६० प्रतिशत मत खसेपछि विवाद उत्पन्न भएपछि मतदान प्रक्रिया अवरुद्ध भएको थियो। सर्वदलीय सहमतिपछि पुनः मतदान शान्तिपूर्ण रूपमा सुचारु भयो।

जाजरकोट, कार्कीगाउँ गाविस-३ स्थित शिरूगार मतदान केन्द्र कब्जा गर्ने उद्देश्यले गएका नेकपा माओवादी कार्यकर्ता र एमाओवादी कार्याकर्ता बीच दिउँसो २ बजे झडप भयो। झडपको क्रममा केहीबेर मतदानमा समेत प्रभाव परेको थियो। सशस्त्र प्रहरीको टोली घटनास्थल पुगेपछि स्थिति समान्य बनेपछि मतदान सुचारु भएको थियो।

जुम्ला, चन्दननाथ गाविसको चन्दननाथ उमावि मतदान केन्द्रमा एक वारेसीले इच्छा विपरीत एमाओवादीमा भोट दिएपछि केही समय सामान्य विवाद भएको थियो।

बझाङ, पाटादेवल गाविस स्थित पाटादेवल मावि मतदान केन्द्रमा नेपाली काङ्ग्रेसका कार्यकर्ताले मतदान केन्द्र तोडफोड गर्न खोज्दा नेकपा एमालेका कार्यकर्ता र नेपाली काङ्ग्रेसका कार्यकर्ता बीच झडप भएको थियो। जसका कारण दुई घण्टा पछि मात्रै मतदान प्रक्रिया शुरु भएको थियो। सदरमुकाम चैनपुरमा

रहेको बालमन्दिर निमावि मतदान केन्द्रमा मतदान कार्य सकिने समयमा नेपाली काङ्ग्रेस र नेकपा एमाले बीच झडप हुँदा दुवै पक्षका कार्यकर्ता घाइते भए। घाइते हुनेमा चैनपुर गाविस-१ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ता ज्ञानेन्द्रबहादुर सिंह, सोही गाविस-६ निवासी एमाले कार्यकर्ताहरू लक्ष्मी जोशी, विष्णुभक्त जोशी र हरि जोशी घाइते भएका थिए। घाइते सबैजनाको जिल्ला अस्पतालमा उपचार भयो।

अछाम आचारसंहिता विपरीत गरेको भन्दै लुंग्रास्थित दयापिपलतोला माविको 'क' मतदान केन्द्रमा एजेन्ट बसेका एमालेका हिमकर्ण गिरी र काङ्ग्रेसका जीवन खड्का बीच हातपात हुँदा दुवै जना सामान्य घाइते भएका थिए। प्रहरी हवल्दार बीरबहादुर चन्दले मदिरा सेवन गरी निर्वाचन प्रक्रियामा अवरोध सृजना गर्न खोजेपछि प्रहरीले नियन्त्रणमा लिएको र उनलाई कानुन अनुसार कारवाही गरिने जिल्ला प्रहरी प्रमुख डिएसपी श्यामप्रसाद पौडेलले जानकारी दिएका थिए।

मध्यमाञ्चल क्षेत्रमा निर्वाचनको दिन भएको झडप तथा विस्फोट घटनामा परि घाइते भएकाहरूको विवरण

क्र. सं.	जिल्ला	घटना	घाइते सङ्ख्या
१.	धनुषा	झडप तथा आक्रमण	१
२.	धादिङ	,,	२
३.	सिन्धुपाल्चोक	,,	१
४.	रामेछाप	,,	३
५.	दोलखा	,,	१
६.	पर्सा	,,	१
७.	काठमाडौँ	बम विस्फोट	३
		जम्मा	१२

सिन्धुपाल्चोक जिल्लाको साँगाचोक गाविसस्थित भीमसेन निमावि खत्रीथोकको (क) मतदान केन्द्रमा एमाले र एमाओवादीबीच झडप भयो। एमाओवादीले वृद्धहरूले मत खसाल्न आँखा नदेख्ने भन्दै अरूले भोट खसाल्न थालेपछि एमाले कार्यकर्ताले विरोध गरेपछि दोहोरो झडप हुँदा साँगाचोक गाविस-६ निवासी एमाओवादी सङ्गठित सदस्य तथा जनजागृति उच्चमाविका शिक्षक २८ वर्षीय जनार्दन नेपाल सामान्य घाइते भएका थिए। प्रहरीले स्थिति सामान्य बनाएपछि दुवैपक्षबीच मिलापत्र भएको थियो।

काभ्रे जिल्लाको पोखरीचौरी गाविस-६ क्यौरिनीमा रहेको जागृति उच्च मावि मतदान केन्द्रमा ६० प्रतिशत मत खसिसकेपछि एमाओवादी र काङ्ग्रेसका कार्यकर्ताबीच भएको झडपका कारण केही समय मतदान अवरुद्ध भयो। पोखरीचौरी गाविस-८ हर्रेडाँडामा रहेको अरनिको मावि मतदान केन्द्रमा दिउँसो नेपाली काङ्ग्रेसका स्थानीय नेता टुकप्रसाद गौतमले मतपेटिका फ्याक्ने प्रयास गरेपछि प्रहरीले चार राउण्ड हावाई फायर गरेको थियो। यस मतदान केन्द्रमा ८ सय ९३ मतदाता रहेका थिए।

काभ्रे जिल्ला हर्रेडाँडाको मतदान केन्द्रमा काङ्ग्रेसबाट गडबडी भएको सुनेर सुरक्षाकर्मीहरू त्यतातिर गएकाले एमाओवादी कार्यकर्ताले क्यौरिनीमा रहेका काङ्ग्रेसका कार्यकर्तालाई कुटपिट गरेका थिए। काङ्ग्रेस र एमाओवादी कार्यकर्ताको झडपमा मतदान केन्द्रका केही सामान तोडफोड भएको थियो। झडप पछि स्थानीय सर्वदलीय बैठक बसेर मतदान प्रक्रिया नरोक्ने निर्णय गरे पनि एमाओवादीले मतदान रद्द गर्नुपर्ने अडान राखेर बैठकबाट बाहिरिएको थियो। मतदान पछि सुचारु गरियो।

रामेछाप जिल्लाको क्षेत्र नम्बर २ को गौश्वारा गविस-३ खारपानीको मतदान केन्द्रमा मतदानको क्रममा लाइनमा बसेका मतदाताहरूलाई चुनाव चिह्नको बारेमा बताएको भन्ने विषयमा एमाओवादी र एमाले कार्यकर्ताबीच झडप हुँदा एमाले कार्यकर्ता गौश्वारा गाविस- ४ का ३५ वर्षीय धनबहादुर नगरकोटी, ३२ वर्षीय सहबहादुर मगर र २४ वर्षीय ख्यामबहादुर मगर घाइते भए। उनीहरूको टाउकोमा खुकुरीले हानेको चोट लागेको स्थानीयले बताए। उनीहरूमाथि एमाओवादीका नरबहादुर मगर लगायतले खुकुरी हानेको एमालेको आरोप थियो। घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भयो। उनीहरूले स्थानीय रूपमा नै विवाद मिलाएकोले कतै उजुरी गरेनन्।

१.६. मतदान केन्द्रमा प्रतिनिधिको अनुपस्थिति तथा रोक

स्याङ्जा, एमाले उम्मेदवार मुक्ति पाठकको मतदान केन्द्र भएकोले एमालेले अन्यलाई प्रवेश नदिएको काङ्ग्रेसले आरोप लगाएको थियो। यसैगरी, मल्याङकोट गाविसमा काङ्ग्रेसका कार्यकर्ताले एकलौटी गरेर मतदान गरेको एमालेले आरोप लगाएको थियो।

रोल्पा, राङ्सी गाविसको ७, ८ र ९ नम्बरका अन्य दलका मतदातालाई एकीकृत माओवादी निकटका वाईसीएल कार्यकर्ताले मतदान केन्द्रमा जानबाट रोकेका थिए।

सिरहा, क्षेत्र नम्बर-५ मा एमाओवादीले बुथ कब्जा गरेको एमाले लगायतका मधेसवादी दलले आरोप लगाएर पुन: निर्वाचन गर्न माग गरे पनि निर्वाचन कार्यालयले सुनुवाइ गरेन।

पर्सा जिल्लाको क्षेत्र नम्बर ४ अन्तर्गत पर्ने कौवाबन कटैया गाविसको मतदान केन्द्रमा काङ्ग्रेस र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका कार्यकर्ताबीच झडप हुँदा कौवाबनकटैया गाविस- १ का काङ्ग्रेस कार्यकर्ता जवाहीर पटेल घाइते भएको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका इन्स्पेकटर श्याम कृष्ण केसीले जानकारी दिए। पटेलको टाउकोमा गम्भीर चोट लागेको थियो। मतदान केन्द्र बाहिर फोरम लोकतान्त्रिकका लंगड मियाँ लगायतका कार्यकर्ताहरूले काङ्ग्रेसका जवाहीर पटेललाई पैसा बाँडेको आरोप लगाएपछि विवाद हुँदा दुवै पार्टीका कार्यकर्ताबीच झडप भएको थियो। झडपका क्रममा पाँच मिनेट मतदान कार्य रोकिएर सुचारु भएको थियो।

१.७. मतदानबाट वञ्चित, मतदान केन्द्रमा अनाधिकृत प्रवेश एवम् दोहोरो मतदान

म्याग्दी जिल्ला निर्वाचन कार्यालयका अनुसार ज्यामरूककोट, भकिम्ली, बरंजा, रूम, मुदी र हिस्तानमा गाविसका मतदान केन्द्रमा संविधानसभा निर्वाचन बहिस्कारमा रहेको ३३ दलीय मोर्चाको नेतृत्व गरिरहेको नेकपा-माओवादीले मतदातालाई अवरोध गरेको र न्यून मत खस्यो। सदरमुकामको मङ्गलाघाट, ताकम, बाबियाचौर, सिङ्गा, बरंजा लगायतका स्थानमा विस्फोट गराउने तथा बम राखेर त्रसित बनाएका कारण मतदाता त्रसित भए पनि मतदान स्थगित र शून्य मतदानको स्थिति भने भएन।

तनहुँ, क्षेत्र नम्बर ३ अन्तर्गतको माझकोट गाविसमा रहेको नर प्राबि मिछुर्लुङमा नेपाली काङ्ग्रेसले एक पक्षीय मतदान गरेको एमाओवादीले आरोप लगायो। ८ सय २६ मतदाता रहेको सो केन्द्रमा एकीकृत नेकपा माओवादीका तर्फबाट एजेण्ट नै थिएनन् भने नेकपा एमालेका एजेण्ट भएपनि उनलाई बस्ने व्यवस्था समेत नगरिएको आरोप लगाइयो। उक्त मतदान कार्यमा नेपाली काङ्ग्रेस समर्थित एक जना महिलाले स्वयंसेविकाको नाममा मतदाताको मत आफैले हालेको एमाओवादी तथा एमालेले आरोप लगाए। परिचयपत्र समेत नभएकी उनले मतपत्र लिएर आएका मतदाताको मतपत्र आफैले लिई स्वस्तिक चिन्हको छाप लगाएकी थिइन्। यस विषयमा मतदान अधिकृत अमृत पाण्डेसँग तत्काल जानकारी लिँदा उनी मतदाताको सहयोगी मात्र भएको बताए। तर मतदानका क्रममा कुनै विवाद तथा अवरोध भएन्।

मुगु, श्रीकोट गाविसको ज्यूका मतदान केन्द्रमा ४ सय ८५ मतदाता रहेकोमा २३ ओटा मत मात्र खसेका थिए। नेकपा माओवादीले दिँदै आएको धम्कीका कारण मतदान गर्न नआएको बताइयो।

डडेल्धुरा, शीर्ष गाविस -५ मा रहेको भागेश्वर माबि कटालमा फर्जि मतदान गर्न मतदान केन्द्रभित्र पसेका एकीकृत नेकपा माओवादीका कार्यकर्ता तारी सिंह पालीलाई दिउँसो प्रहरीले गिरफ्तार गरेकोमा मतदान कार्यक्रम सकिएपछि रिहा गरेको थियो।

सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नम्बर १ को सेतीदेवी उच्चमाबि पाङग्रेटार मतदान केन्द्रमा भोट खसाल्न जाँदा आफ्नो नाम नभएको भन्दै मतदानमा खटिएका कर्मचारीले भोट खसाल्न नदिएपछि घरमा फर्किएर पाङग्रेटार गाविस ५ स्वाराका २४ वर्षीय दीपक विश्वकर्माले आफ्नै घरमा झुण्डिएर आत्महत्या गरे।

प्राय: सबैजसो जिल्लामा फोटो खिच्न छुटेका र फोटो खिचेर पनि मतदाता नामावलीमा नाम नभेटिएका कारण केही मतदाताहरूले मतदान गर्न बाट वञ्चित भए। जिल्लाका अधिकांश मतदान केन्द्रहरूमा जेष्ठ

नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको लागि विशेष व्यवस्था गरिने र उनीहरूलाई मतदानमा सहज वातावरण बनाउने भनिए पनि मतदान केन्द्रहरूमा त्यस्तो व्यवस्था गरिएको देखिएन।

चितवन जिल्लाको गौरीगञ्ज माविको मतदान केन्द्रमा स्थानीय शान्ति समितिका पूर्व संयोजक पुष्प सुवेदीलाई स्थानीय मतदाताले भनेअनुसार अशक्त एक मतदाताले सूर्य चिह्नमा मतदान गर्न भने पनि उनका सहयोगीले गोलाकार भित्रको हँसिया हथौडामा मतदान गरेको भनी दुई पक्षबीच विवाद भएको इन्सेकको पर्यवेक्षण टोलीलाई जानकारी गराए।

दोलखा क्षेत्र नम्बर १ अन्तरगत जुंगू गाविसको निलकण्ठेश्वर उच्चमावि मतदान केन्द्रमा एमाओवदी कार्यकर्ताले बुथ कब्जामा लिएर एकलौटी मत खसालेको र सोही गाविसको अर्को मतदान केन्द्रमा मतदान स्वच्छ भइरहँदा करिब २ सय ५० मत काङ्ग्रेस र एमाओवादी कार्यकर्ताले बुथ कब्जा गर्न खोज्दा एमाले बुथ प्रतिनिधि झलक कार्कीले नमान्दा झडप भएपछि सेनाले बुथ नियन्त्रणमा लिएको तर काङ्ग्रेस र एमाओवादीले करिब १२ फर्जी मत खसाल्न भ्याएको एमाले जुंगुका नेता झलक कार्कीले बताए।

१.८ गिरफ्तारी

जाजरकोट, अर्छानी गाविस-३ जकल्याण निमावि गौथले मतदान केन्द्रमा विस्फोटन गराउन गएका नेकपा-माओवादीका कार्यकर्ता टालेगाउँ गाविस-७ का सुरेन्द्र सिंह र सोही ठाउँका अर्जुन सिंहलाई विस्फोटक पदार्थसहित गौथले मतदान केन्द्रबाट प्रहरीले गिरफ्तार गऱ्यो।

दाङ, सोनपुर गाविस-४ का प्रेमलाल चौधरी, सन्दिप चौधरी, सागर चौधरी र रामप्रसाद चौधरीलाई प्रहरीले सोनपुर गाविस-४ श्रीगाउँबाट गिरफ्तार गरेकोमा उनीहरू मङ्सिर ९ गते रिहा भएका थिए। पाइप र सकेट बम सोनपुर गाविसको मतदान केन्द्र नजिक अज्ञात समूहले फालेर गएपछि प्रहरीले घटनामा संलग्न रहेको आरोपमा मतदान केन्द्रमा जाँदै गरेका व्यक्तिलाई गिरफ्तार गरेको स्थानीयवासीले बताए। घोराही गाविस-२ क्वारीमा मतदाता रोकिरहेको अवस्थामा प्रहरीले रमतु चौधरीलाई गिरफ्तार गरेकोमा उनी मङ्सिर १२ गते रिहा भए। यसैगरी, मतदानमा सहभागी हुन जाने मतदातालाई अवरोध गरेको आरोपमा हेकुली गाविसबाट नेकपा-माओवादीका कमल चौधरी, विशाल सेरपाइली, लोकबहादुर नेपाली, कुलबहादुर ओली, हिरालाल विकलाई प्रहरीले गिरफ्तार गरेकोमा उनीहरू मङ्सिर ९ गते रिहा भए।

ओखलढुङ्गा, राष्ट्रिय मानवअधिकार आयोगको अनुगमन टोलीले गरेको अनुगमनमा एमाओवादी कार्यकर्ताले मतदाता ओसार्न पोखरे गाविसको कालिका निमावि पोखरे मतदान केन्द्रमा बस प्रयोग गरेको पाएपछि आयोगले प्रहरीलाई जानकारी गराउँदा प्रहरीले बस नियन्त्रणमा लिएको थियो।

१.९. बम विस्फोटन, तोडफोड र दुर्घटना

काठमाडौंको टेकु र भोटेबहालबीचको सडकखण्डमा अज्ञात समूहले राखेको बम आठ वर्षीय समीर खड्गीले खेलाउँदा सो बम विस्फोट भएको थियो। हातैमा बम विस्फोट हुँदा बालक समीरको हातका औंला टुक्रा-टुक्रा भएर चुँडिएको थियो भने सो घटनामा ८ वर्षीया यमुना बलामी सामान्य घाइते भइन्। घाइते समीरको वीर अस्पतालमा उपचारपछि २१ गते डिस्चार्ज भए भने यमुनाको स्थानीय मेडिकलमा सामान्य उपचार भएको थियो।

तनहुँ, मतदान कार्यलाई प्रभावित बनाउन पुर्कोट गाविसको निर्जला प्रावि मतदान केन्द्र नजिक राखिएको सुतली बम नेपाली सेनाको टोलीले निष्क्रिय गऱ्यो। त्यसैगरी मतदातामा आतङ्क सिर्जना गर्न २०७० मङ्सिर ४ गते बिहान जिल्लाको जामुने र ढोरफिर्दी गाविसमा बम विस्फोट गराइएपनि त्यसले मतदातालाई कुनै प्रभाव पारेन्।

जाजरकोट, नेकपा-माओवादीद्वारा खलङ्गा गाविस-६, ढिमे, जगत्तीपुर, झाप्रा, लाहा, डाडागाउँ गाविसका छ स्थानमा मङ्सिर ३ गते राति करिब १० बजे बम विस्फोट गराएको। डाडागाउँ गाविस-८ लगायतका ठाउँमा नेकपा-माओवादीका कार्यकर्ताद्वारा मतदाताहरूलाई मतदान केन्द्रमा जान अवरोध गर्दै हवाई फायर र बम

विस्फोट गराएको थियो। कार्कीगाउँ गाविस-२ नेटार सोही गाविस- ९ गाडेसालमा नेकपा माओवादीका कार्यकर्ताले बिहान ८ बजे बम विस्फोट गराएका थिए। मतदाताहरूमा त्यसको कुनै प्रभाव परेन।

बाँके, वनकटुवा सम्झना निमाविको मतदान केन्द्रमा बिहान ८ बजेदेखि मतदान सुरु भयो। राजनीतिक दलका प्रतिनिधि ढिला आएको कारण बनकटुवा गाविसमा रहेको मतदान केन्द्र नजिक मङ्सिर ४ गते बिहान ७ बजे प्रेसर कुकर बम विस्फोटका कारण समयमा मतदान सुरु भएन। सो मतदान केन्द्रमा आठबजेबाट मात्र मतदान सुरु भएको थियो।

मुगु, मङ्सिर ४ गते बिहान ६.४५ बजे माङ्ग्री र मह मतदान केन्द्र नजिकको जङ्गलमा अज्ञात समूहद्वारा बम विस्फोटन गराइएको थियो। रोवा गाविसको लुम्सा मतदान केन्द्र नजिक, कोटडाडा गाविसको रिखिया मतदान केन्द्र नजिकको जङ्गल र माङ्ग्री गाविसको थाएल मतदान केन्द्र नजिकको जङ्गलमा दिउँसो बम विस्फोट भएको थियो।

दाङ, जिल्लाका विजौरी, डुरुवा, नारायणपुर, मानपुर, फूलवारी, गोठीखोला, तुल्सीपुर नपाको विरेन्द्र चोक, विपी चोक, गुमराहा चोक, पातुखोला गाविसमा बम विस्फोट भएको थियो। जिल्ला विभिन्न १८ स्थानमा फेला परेको बम सुरक्षाकर्मीले निष्कृय पारेको थियो।

प्युठान, ०७० मङ्सिर ३ गते बेलुका बेल्वास, हंसपुर चावा, मरन्ठाना, बाग्गेमरोड, लिबाङ गाविसहरूमा विस्फोटक पदार्थ पड्केको थियो। मङ्सिर ४ गते बिहान फोप्ली गाविस-१, लुप्लुङ मदतान केन्द्र नजिकै शंखास्पद बस्तु रहेको भन्दै प्रहरी र नेपाली सेना पुगेको प्रहरी प्रमुख डिएसपी ईश्वर कार्कीले बताए। विस्फोटनबाट कुनै क्षति भने नभएको र कसले विस्फोटन गरेको हो भन्ने बारेमा पनि थाहा हुन सकेन।

जुम्ला, जिल्ला सदरमुकामस्थित छिनासँगू पुलमा फेला परेको बम बिहान ६.३० बजे नेपाली सेनाले निस्कृय गरेको थियो।

दैलेख, नारायण नपा-१ नयाँ बजारको त्रिभुवन उमाविमा रहेको मतदान केन्द्रमा जाने गेटमा अज्ञात समूहले राखेको बेवारिसे बम ७ बजे नेपाली सेनाले निष्क्रिय बनायो। बेवारिसे बमका कारण सो मतदान केन्द्रमा मतदान कार्य आधा घण्टा ढिलो सुरु भएको थियो। दैलेखकै जिल्ला प्रहरी कार्यालयदेखि करिब १ सय मिटर टाढा पनि अज्ञात समूहले राखेको प्लास्टिकको झोलामा प्लास्टिककै डोरीले बाधिएको शङ्कास्पद बस्तु फेला परेको थियो। सुर्खेत, छिन्चुको मतदान केन्द्रदेखि करिब एक सय मिटर पश्चिममा बम भेटिएको थियो। उक्त बम नेपाली सेनाको टोलीले निस्कृय बनायो। बम भेटिएपछि मतदानको समय केही प्रभावित भएको थियो। मङ्सिर ३ गते राति सालकोट मतदान केन्द्र नजिक बम विस्फोट भएको थियो।

बर्दिया, मङ्सिर ३ गते राति गुलरिया नपा- ७ स्थित कारागार नजिक कुकुर बम भेटिएको थियो। उक्त बम नेपाली सेनाले निष्कृय बनाएको थियो भने धधवार गाविस- ६ खैरनीमा पनि सेनाले बम निष्कृय बनाएको थियो।

सल्यान, भलचौर गाविस फारूलाचौर मतदान केन्द्र, हिउँचा गाविसको पैयाखर्क केन्द्र र रिम गाविसको जामुने मतदान केन्द्र नजिक बिहान ६ बजे बम विस्फोट भयो।

डडेल्धुरा, सुरक्षाकर्मीको परिचालन भए पनि जिल्लाको भित्रीमधेस क्षेत्रको जोगबुडा गाविस- ४ साधनी, आलिताल गाविस -३ बाहिरी, सैन र जोगबुडा गाविस- ५ करेनीमा निर्वाचनको दिन अज्ञात समूहले राखेका बमहरू नेपाली सेनाले निष्क्रिय पारेको थियो।

कञ्चनपुर, हिंसात्मक घटनाहरू नभएको भए पनि निर्वाचनको दिन भीमदत्त नपा-३ खैरहनी चोकमा र भिमदत्त नपा -१० जिमुवा स्थित चोक सडकमा अज्ञात समूहले राखेको बमका कारण मतदाताहरू त्रसित भएका थिए। दुवै ठाउँको बम सेनाले निस्क्रिय गरेको थियो।

कैलाली, निर्वाचनको दिनमा हसुलिया गाविसको के गाउँ मतदान केन्द्र र पवेरा गाविसको सडकपुरमा बिहान सकेट बम फेला परेको भए पनि भजनी क्षेत्रमा खटिएको नेपाली सेनाको टोलीले निष्कृय पारेको थियो। यस जिल्लाको टीकापुर, नाराणपुर र धनसिंहपुरमा समेत मङ्सिर ४ गते बम विस्फोटन भएको भए पनि मतदान गर्न जनताहरू त्रसित नभएको देखियो।

डोटी, नेकपा-माओवादीले निर्वाचनलाई विफल बनाउनका लागि दीपायल शिलगढी नपा- १ स्थित जिल्ला विकास कार्यालयको नजिकै विस्फोटक पदार्थ राखिएको भए पनि त्यसले निर्वाचनलाई कुनै प्रभाव परेन। बिस्फोटनका लागि राखिएको बिस्फोटक पदार्थ सेनाले डिस्पोज गरेको थियो।

बझाङ, नेकपा-माओवादीले संविधानसभा विथोल्ने र मतदातालाई त्रसित पार्ने उद्देश्यले जिल्लाका भातेखोला, कोटभैरव, जयपृथ्वी राजमार्गको आसपास र क्षेत्र नं. २ को बुगल क्षेत्रमा बम विस्फोट गराएका थिए। विस्फोटनबाट मानवीय तथा भौतिक क्षति भने भएन।

ताप्लेजुङ, उम्मेदवार तथा यदाकदा मतदाताहरूलाई त्रसित पार्न फायरिङ गर्ने तथा शङ्कास्पद वस्तु राखी मतदाता रोक्ने प्रयास भयो।

मोरङ, अज्ञात समूहले पथरी गाविस-१ स्थित पथरी बजारमा र पथरी बहुमुखी क्याम्पस अगाडि (जहाँ निर्वाचनको मतदान केन्द्र पनि थियो) क्रमशः सकेट र सुतली बम राखेर जनजीवन प्रभावित बनाएको थियो। त्यस्तै कसेनी गाविस-५ स्थित कसेनी बजार र डाँगीहाट गाविस-५ स्थित लक्ष्मीमार्गमा कुकरमा बालुवा राखेर तामाको तार जोडी खतरा लेखेर राखेको पाइएको थियो।

धनकुटा, निर्वाचनको दिन दुई ठाउँमा बम फेला परेको थियो। भोजपुरमा निर्वाचनको दिन मुलपानी गाविस दिङ्लास्थित कृषि विकास भवनमा र कुदाकाउले गाविसस्थित सडकमा फेला परेको सकेट बम सेनाको डिस्पोजल टोलीले मङ्सिर ४ गते निष्कृय पारेको थियो। अज्ञात समूहले मतदातालाई मतदान गर्नबाट रोक्न कुदाकाउले गाविसमा बाटो छेक्ने गरी रूखमा झुण्डयाएर राखेको बम सेनाको टोलीले निष्कृय पारेको हो। त्यस्तै धोर्लेपानी राखिएको सकेट बम पनि सेनाको टोलीले निष्कृय पारेको थियो।

सङ्खुवासभा, जलजला गाविस-४, वनपाला जङ्गलमा हवाइफायरिङ भयो भने सोही गाविस-३ तोरीबारीमा एक एसएलआर र ११ थान गोली फेला परेको थियो।

सप्तरी, निर्वाचनको दिन राजविराजलगायत पिप्रा गाविस-४, पसेरा गविस-८ कठरबोना खोजपुर गाविस-८ खरचुइया, धर्मपुर गाविस-८ सिम्रहा चोकमा र रायपुर गाविस-८ स्थित कृषि भवन नजिक विस्फोटक पदार्थ फेला परे पनि कुनै अप्रिय घटना भएन। फेला परेका सबै बम नेपाली सेनाको बम विस्फोजल टोलीले निस्क्रिय पारेको थियो।

मकवानपुरको सबै भन्दा विकट क्षेत्र ४ नम्बर निर्वाचन क्षेत्रमा निर्वाचन बहिष्कारवादीहरूले मतदाताहरूलाई आतंकित पार्न गाउँका विभिन्न भेगमा बम विस्फोट र भरूवा बन्दुक पड्काए थिए। निर्वाचनलाई विथोल्नका निम्ति नेकपा–माओवादीसहितको ३३ दलीय मोर्चाले मङ्सिर ३ गतेसम्म ग्रामीण भेगमा बम विस्फोट गराएर स्थानीयवासीलाई आतङ्कित पार्ने प्रयास गरेका थिए। मतदान केन्दमा आउने बाटोमा नक्कली बमहरू राखिएका थिए। यी घटनाको बाबजुद पनि मतदाता मतदान गर्न मतदान केन्द्रमा पुगेका थिए।

१.१० मतपेटिका ढुवानीमा समस्या

सुदूर पश्चिम र मध्यपश्चिमका दुर्गम जिल्लाका दुर्गम मतदान केन्द्रमा मौसमको कारण हेलिकोप्टर सञ्चालन नहुँदा सोही दिन मतपेटीका जिल्ला सदरमुकाम ल्याउन कठिनाई भएको बाहेक कुनै सूचना प्राप्त भएन।

१.११ निर्वाचन स्थगन तथा पुनः मतदान

जुम्ला, डेपालगाउँ गाविसको त्रिभुवन उमावि झारज्वाला मतदान केन्द्र नेकपा-माओवादीका कार्यकर्ताले स्थानीय महिला, बालबालिका प्रयोग गरेर ढुङ्गा प्रहार, बम विस्फोट गरी मतपेटिका लुटेर तिला नदीमा बगाए पनि मतदान कार्य १२ बजे रोकियो। उक्त मतदान केन्द्रको पुनः निर्वाचन २०७० मङ्सिर ७ गते शान्तिपूर्ण रूपमा सम्पन्न भयो। देश भरि भएको निर्वाचनमा मतदान स्थगित भएको एक मात्र मतदान केन्द्र झारज्वाला मतदान केन्द्र थियो।

राउटेले मतदान गर्न पाएनन्

मतदाता नामावली सङ्कलन गर्ने समूहले घुम्ती शिविर सञ्चालन गर्दा राउटे जाति बसोबास गरेको स्थानमा सम्पर्कमा नै नआउनु, स्वयम राउटे जातिले मतदाता नामावलीमा नाम दर्ता गर्न चासो नएिका कारण संविधानसभा निर्वाचन २०७० मा राउटेहरू मतदान गर्नबाट वञ्चित भए।

राउटेहरूले नागरिकता लिन नमान्नु र नागरिकता नहुनु, नागरिकता लिन पटकपटक अनुरोध गर्दा बेवास्ता गर्नु, गृहमन्त्रालयबाट राउटेको खोजी गरी मतदाता नामावली भर्न निर्देशन आएपछि उनीहरूकै बस्तीमा गई नागरिकता लिन आउ भन्दा समेत नआउनु र नागरिकता नै नभएपछि मतदाता परिचयपत्र भर्न नमिल्ने कानुनी व्यवस्थाका कारण राउटेहरू संविधानसभाको निर्वाचनमा मतदान गर्नबाट वञ्चित भए।

दैलेख, निर्वाचन क्षेत्र नम्बर- २ का निर्वाचन अधिकृत कलानिधि पौडेलका अनुसार बिहान ८:३० बजे १५/२० जनाको एक समूह चामुण्डा गाविसको हाकाकोट मतदान केन्द्रमा प्रवेश गरी मतपत्र लुटेको र त्यसपछि करिब तीन घण्टा मतदान कार्य रोकिएको थियो। सो मतदान केन्द्रमा हेलिकोप्टरबाट मतपत्र पठाएपछि पुन १२ बजेदेखि मतदान कार्य सुचारु भएको थियो। सो केन्द्रमा साँझ ८ बजेसम्म मतदान भएको थियो।

१.१२ सवारी साधन प्रयोग

मोरङको ४ नं. क्षेत्र अन्तर्गत अमाही सोराभागस्थित जनता माबि मोदीयारी मतदान केन्द्रको अनुगमन गर्दा नेपाली काङ्ग्रेसले मोटरसाइकलमा मतदातालाई ओसारेको पाइएको थियो।

ओखलढुङ्गा, एकीकृत नेकपा माओवादीले आफ्ना मतदातालाई केन्द्रमा ओसार्न सवारी प्रयोग गरेको थियो। पोखरे गाविसको खानीभञ्ज्यांगबाट कालिका निमाबि पोखरे गाविस-४ मा रहेको मतदान केन्द्रमा ०७० मङ्सिर ४ गते बिहान बा२च ५२१२ नम्बरको बस प्रयोग गरेको पाइएको थियो।

पर्सा जिल्लाको वीरगन्जको घण्टाघर चोकमा निर्वाचनको सुरक्षार्थ खटिएको सशस्त्र प्रहरीले प्रशासनबाट अनुमति नलिई सञ्चालित २३ ओटा मोटरसाइकल नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय पर्साको जिम्मामा लगाइएको सशस्त्र प्रहरीले जनायो। सशस्त्र प्रहरीले नियन्त्रणमा सवारी साधन साँझ पाँच बजेपछि मात्रै सम्बन्धित सवारी धनीलाई जिम्मा लगाइएको थियो। पर्साको ग्रामीण क्षेत्रमा भने थोरै मात्रमा अनुमतीपत्र नलिएका सवारीहरू गुडेका थिए। ती सवारीहरू मतदातालाई ओसार्नको लागि प्रयोग गरिएको थियो।

१.१३ मतदानमा उत्साह, बहिस्कार र वञ्चिति

संविधानसभा निर्वाचन २०७० मा मतदानमा एक सय वर्षभन्दा बढी उमेरका वृद्धवृद्धाले पनि मतदान गरेका छन् भने मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले काठमाडौँको बानेश्वर तथा उपराष्ट्रपति परमानन्द झाले काठमाडौँको गुहेश्वरीको सेतोसत्तल मतदान केन्द्रमा गई मतदान गरी मतदान प्रक्रियामा सहभागी भए।

जेष्ठ नागरिकद्वारा मतदान

यस संविधानसभा निर्वाचनमा १ सय २० वर्षीया मैनादेवी महतोले दार्चुला जिल्लाको इरकोटा गाविसको मतदान केन्द्राबाट मतदान गरेकी थिइन्।

लमजुङ क्षेत्र नं. १ को सिम्पानी गाविसको कमला प्राबि मतदान केन्द्रबाट १ सय १८ वर्षीया कमला बोगटीले पनि मतदानमा भाग लिइन्। दैलेखको सेरी गाविस-५ का १ सय १२ वर्षीय खबिलाल कामीले पनि मतदान गरेका थिए। यसैगरी डडेल्धुराको अमरगढी नपा-६ को मतदान केन्द्रबाट १ सय १५ वर्षीया पार्वतीदेवी खड्काले मतदान गरेकी थिइन्।

धनुषा निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत राष्ट्रिय प्राथमिक विद्यालय जटही मतदान केन्द्र क बाट १ सय १० वर्षीया मनोदेवी यादव र ख बाट १ सय १२ वर्षीय माधवर यादवले मतदान गरे। मोरङ क्षेत्र नं. १ मा पनि १ सय ९ वर्षीय बोधनलाल गन्गाईले डोरिया प्राबि झुर्किया मतदान केन्द्रबाट मतदान गरेका थिए।

यसैगरी बैतडीमा १ सय ४ वर्षीया मानमती भट्ट, भक्तपुरमा १ सय २ वर्षीय शिवलाल पुरी, ललितपुरमा १ सय ४ वर्षीय विश्वनाथ तिमल्सिना, बैतडीमा १ सय ४ वर्षीया मानमति भट्ट, गुल्मीमा १ सय वर्षीया जमुना ढकाल, कपिलवस्तुमा १ सय १० वर्षीय निमाराम धिमिरे, हुम्लामा १ सय २ वर्षीया जीरा ढकाललगायतले मतदान गरेका थिए।

यसैगरी, किरात धर्मगुरु आत्मानन्द लिङ्देन सैइङले पनि इलामको बाँझोस्थित सरस्वती उच्च माध्यामिक विद्यालय निर्वाचन केन्द्रमा गई मतदान गरेका छन्।

यसैगरी भक्तपुर जिल्ला गण्डुस्थित भैरवी निम्न माध्यामिक विद्यालयमा रहेको मतदान केन्द्रमा आमाको किरियामा बसेका किरियापुत्रीहरू चनखबहादुर र बासु खत्रीले मतदान गरेका थिए।

रोल्पाको थवाङ गाविसमा एक मात्र मतदान केन्द्र रहेको र उक्त मतदान केन्द्रमा दिउँसो प्रत्यक्षतर्फ कसैले मतदान नगरे तापनि समानुपातिकमा ७७ ओटा मतदान भएको थियो। उक्त मतदान केन्द्रमा १८ सय ७६ मतदाता रहेका छन्।

बर्दिया जिल्लाको नेउलापुर गाविस-३ रानीपुरस्थित दुर्गा जनज्योति प्रावि मतदान केन्द्रबाट १४ वटा प्रत्यक्ष र १४ समानुपातिका तर्फका मतपत्र नेकपा-माओवादीका कार्यकर्ताले दिउँसो १ बजे जलाएका थिए।

डडेल्धुरा, एउटा मात्र निर्वाचन क्षेत्र रहेको डडेल्धुरा जिल्लामा ६९ मतदान स्थलहरू र १ सय ९ वटा मतदान केन्द्रहरू रहेका थिए। डडेल्धुरा जिल्लामा ६५ हजार ८ सय ६७ जना कुल मतदाता रहेकोमा ४९ हजार ४ सय १९ जनाले मतदान गरेका थिए। डडेल्धुरा जिल्लामा २०६४ सालको संविधानसभा निर्वाचनमा ५४.५७ प्रतिशत मत खसेकोमा यस वर्ष ७५.०२८ प्रतिशत मत खसेको थियो।

घटना अध्ययन

जुम्ला जिल्लाको देपालगाउँ गाविसको त्रिभुवन उमावि झारज्वालको क र ख मतदान केन्द्रको स्थगित निर्वाचन पुनः २०७० मङ्सिर ७ गते सम्पन्न

संविधानसभाको मङ्सिर ४ गतको निर्वाचनमा जुम्ला जिल्लाको देपालगाउँ गाविसको त्रिभुवन उमावि झारज्वालको 'क' र 'ख' मतदान केन्द्रको निर्वाचन प्रक्रिया स्थगित गरिएको थियो। मङ्सिर ४ गते संविधानसभाको निर्वाचन बहिष्कार गर्दै आएको नेकपा माओवादी पार्टीका कार्यकर्ताले मतपेटिका कब्जामा लिएर तिला नदीमा बगाएर मतदान प्रक्रिया अवरुद्ध बनाए पछि स्थगित भएको थियो।

मङ्सिर ४ गते स्थगित गरिएको देपालगाउँ गाविसको त्रिभुवन उमावि झारज्वालाको 'क' र 'ख' मतदान केन्द्रको निर्वाचन प्रक्रिया मङ्सिर ७ गते सम्पन्न भएको थियो। मतदान केन्द्रमा कडा सुरक्षाको व्यवस्था गरिएको थियो। सो मतदान केन्द्रको 'क' बुथमा ८ सय ६७ मतदाता मध्ये २ सय ३६ महिला र २ सय २५ पुरुष गरी ४ सय ६१ र 'ख' बुथ केन्द्रमा २ सय ७१ जना रहेका मतदाता मध्ये ९२ महिला र ८१ पुरुष गरी १ सय ७३ जनाले मतदान गरेका थिए। उक्त मतदान केन्द्रमा एमाओवादी बाहेक सबै राजनीतिक दलहरूको उम्मेदवार तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। मतगणना प्रक्रिया समेत बहिष्कार गरेका एमाओवादीका उम्मेदवार तथा कुनै पनि कार्यकर्ताहरूको उपस्थिति रहेको थिएन।

बाहिरी घेरा नेपाली सेना, भित्र नेपाल प्रहरी र त्यस भन्दा भित्र म्यादी प्रहरीको घेराकै बीचबाट मतदान भएको थियो। 'क' र 'ख' केन्द्र रहेको सो विद्यालयमा प्रवेशको लागि मतदाताले भिन्ना भिन्नै तीन वटा ठाउँमा चेक जाँच गराउनु परेको थियो। सुरक्षा व्यवस्था कडा बनाइएकोले निर्वाचन पर्यवेक्षक र सञ्चारकर्मीलाई मतदान केन्द्रभित्र जान समेत कठिनाइ भएको थियो। निर्वाचन स्थलमा जिल्लाको सबै सुरक्षाकर्मीलाई परिचालन गरिएको थियो। प्रहरी नायब उपरीक्षक, गणपति, अनुसन्धानका प्रमुख र सहायक प्रमुख जिल्ला अधिकारीले समेत सो मतदान केन्द्रको अवलोकन गरेका थिए।

एकीकृत नेकपा माओवादीका राज्य समितिका सदस्य राजकुमार शाहीले सुरक्षा निकायकै चरम लापरबाहीले मतदान प्रक्रिया स्थगित भएको, सुरक्षा घेरा भित्र रहेको मतपेटिका र मतपत्र खोसिनु लाजमर्दो कुरा भएको बताए।

नेपाली काङ्ग्रेसका जिल्ला सभापति मानव सेजुवालले बहिस्कारवादीहरूको प्रभावक्षेत्रको रूपमा रहेको उक्त क्षेत्रलाई प्रशासन कार्यालयले निकै हल्का रूपमा लिएकोले यस्तो यस्तो अवस्था आएको बताए। सो स्थानमा यस अघि नै नेकपा-माओवादी कार्यकर्ताले एकिकृत नेकपा माओवादीको आमसभालाई असफल बनाउन फायरिंग र ढुङ्गामुढा गरेका थिए।

विकट गाविसमा मतदान प्रक्रिया शान्तिपूर्ण भइरहे पनि सदरमुकामसँगै जोडिएको देपालगाउँ गाविसमा यस्तो घटना प्रहरी प्रशासनकै गल्ती भएको सेजुवालको भनाइ थियो।

१.१४ अन्य

बर्दियाको ढोढरी गाविसस्थित नेपाल राष्ट्रिय उमावि ढोढरी मतदान केन्द्रमा सहायक कर्मचारी नारायण बस्यालले मादक पदार्थ सेवन गरी प्रवेश गरेको आरोपमा मतदान अधिकृत बाबुराम थापाले काम गर्न नदिई हटाए पनि उनी पुनः ३ बजे मतदान केन्द्रमा देखा परेका थिए।

डडेल्धुरा, महिला पुरुषहरूको लाईन छुट्टा छुट्टै रहेको भए पनि लाइन व्यवस्थित बनाउन नसकेको देखियो। बृद्ध तथा अपाङ्गहरूका लागि छुटटै लाईनको व्यवस्था नगरिएको हुदा उनीहरूलाई मतदानमा समस्या भइरहेको थियो। अमरगडी नपा- ४ टुडिखेल जिल्लाको एक मात्र महिलामैत्री मतदान केन्द्र हो जसमा महिला कर्मचारीहरू मात्रै रहेका थिए। अमरगडी नपा- ४ टुडिखेलकै मतदान केन्द्रमा बाहिरतिर नेपाली काङ्ग्रेसले हरियो चाउचाउ खाऊ, रूखमा छाप लगाऊ भन्ने नारा बनाएर चाउचाउ वितरण गरिरहेका थिए। वितरण भइरहेको चाउचाउ आचारसंहिता विपरित भएको भन्दै एमाले कार्यकर्ताले खोसेर राख्दा केही बेर उक्त केन्द्रमा तनाव उत्पन्न भएको थियो।

दार्चुला जिल्लाका १ सय २९ वटा मतदान केन्द्रहरूमध्ये कुनै पनि मतदान केन्द्र लैङ्गिक मैत्री, अपाङ्ग मैत्री भएको पाइएन। यद्यपी मतदानको क्रममा महिला, जेष्ठ नागरिक, अपाङ्गहरूलाई पहिलो प्राथमिकतामा राखेर मतदान भएको थियो। निर्वाचनमा खटिएका पत्रकार, प्रर्यवेक्षकहरूलाई निर्वाध पर्यवेक्षण गर्न दिइएको थियो।

कैलाली, मतदानकेन्दहरू क्रमशः शारदा उमावि, वैयावेहडी, पञ्चोदय उमावि तारानगर, घण्टेश्वर उमावि गेटा, ठेकराज मावि घोडसुवा, लक्ष्मी उमावि उदासीपुर गाविस-५ पुथ्वीपुर र जनकल्याण मावि हसुलिया के गाउँमा रहेका मतदान केन्द्र महिला मैत्री, अपाङ्गमैत्री र बृद्ध मैत्री भएको पाईयो। फोटोसहितको मतदाता नामावाली भएका कारण दोहोरो भोट खस्न पाएन। फोटो सहितको मतदातामा परिचयपत्र भर्दा विवरण भरेका अर्धकट्टी भएको तर फोटो सहितको मतदाता नामावाली नभेटिएको, नाम एकको फोटो अर्काको परेको लगायतका विवरणमा फारम भर्दा देखिएको त्रुटीका कारण मतदाताहरू मत दिने अधिकारबाट वञ्चित भएको पाइयो। संविधानसभा निर्वाचन २०७० मङ्सिर ४ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदाताहरूले सहजरूपमा मताधिकार प्रयोग गरेको पाइयो। संविधान सभाको निर्वाचन नचाहानेहरूले केही स्थानमा बम विस्फोटन गराएर जनतालाई त्रैसित गर्ने र निर्वाचनलाई प्रभावित पार्ने स्थिति सिर्जना गर्ने प्रयत्न गरे पनि जनता मताधिकार प्रयोग गर्नका लागि आतुर रहेको पाइयो। जिल्लाका सबै स्थल र केन्द्रहरूमा कडा सुरक्षा व्यवस्था गरिएको थियो भने जिल्लाको सबै क्षेत्रमा सुरक्षाका सबै अङ्गहरू परिचालन गरिएको थियो, जसले गर्दा जनतामा सुरक्षाको अनुभूति भएको देखियो। यसका साथ साथै मतदाता शिक्षाको अभावका कारण मतदाता सामानुपातिक र प्रत्येक्ष मतपत्र सङ्केत अलमल परेको पाइयो। प्रत्यक्ष मतलाई मतदान अधिकृत र सहायक मतदान अधिकृत लगायतले विशेष ध्यान दिएको भए पनि सामानुपातिकमा खासै ध्यान नदिएको देखियो। निर्वाचन आयोगले विद्युतीय सामग्री मतदान केन्द्रमा लान नपाउने भनेको कारण पर्यवेक्षकलाई समेत लान नपाइने भन्दै धेरै मतदान केन्द्रहरूमा रोक लगाएका थिए। समग्रमा संविधानसभाको मङ्सिर ४ गते सम्पन्न निर्वाचन स्वच्छ, मर्यादित तथा व्यवस्थित भएको पाइयो।

काभ्रे खरेलथोक गाविस-४ मा रहेको भगवती उच्चमावि जोगिथुम्का मतदान केन्द्रमा मतदान अधिकृतलाई राम्ररी प्रशिक्षित नबनाएका कारण १७ मत अधकट्टीसहित खसाल्न लगाइएको थियो। यस्तै क्षेत्र नम्बर ३ को च्याम्राडबेशी मतदान केन्द्रमा पनि १६ मत अधकट्टीसहित खसाल्न लगाइएको पाइयो। मतदानको दिन बिहान मेथिनकोट मतदान केन्द्र अगाडि विस्फोट गराइए पनि त्यसको खासै असर देखिएन।

सिन्धुली निर्वाचन क्षेत्र नं दुईको कमला जनज्योति मावि सिलामेमा एउटा मात्रै बुथ रहेका कारण मतदाताको चाप अत्यधिक रहेको थियो। मतदानमा खटिएका कर्मचारीको ढिलासुस्ती र नामावली रूजु गर्न धेरै समय लागेको कारण मतदाताहरूले घण्टौ लाईन बस्नुपरेकोले थियो। फोटोसहितको मतदाता नामावलीमा

फोटो खिचेर मतदान केन्द्रमा मतदान गर्न आएका १० जना मतदाताहरूको नामावलीमा नाम नभेटिएपछि अधकट्टीको आधारमा मतदान गर्न पाउनु पर्ने माग राखेका थिए। फोटो खिच्न छुटेका र फोटो खिचेर पनि मतदाता नामावलीमा नाम नभेटिएका कारण केही मतदाताहरू मतदान गर्नबाट वञ्चित भएको पाइयो। यस मतदान केन्द्रमा बृद्ध, अशक्त र अपाङ्गहरूको लागि मतदानको छुट्टै व्यवस्था गरिएको पाईएन। लाइनमा बसेका मतदाताहरूलाई आचारसंहिता विपरीत नमुना मतपत्र देखाएर रूखमा मत मागिरहेको पनि देखियो।

ताप्लेजुङस्थित श्री श्रीबक्स गुल्मको मैदानमा दोखु गाविस-६ का आनन्द गौतमलाई मतदाता परिचय पत्र वितरण गरी मतदाता परिचय पत्र वितरणको शुभारम्भ गर्दै प्रमूख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती ।

२. मतदाता परिचयपत्र

निर्वाचन आयोगले संविधानसभा निर्वाचन २०७० को घोषणा हुनुभन्दा पहिले देखि नै 'शुद्ध नामावली, स्वच्छ निर्वाचन' को अवधारणमा रहेर फोटा सहितको नामावली सङ्कलन गर्दै आएको थियो। मतदाता नामावलीमा शुद्धता कामय गरे निर्वाचनलाई स्वतन्त्र, स्वच्छ र विश्वसनीय तुल्याउन मतदाताको परिचानको लागि फोटो र औँलाको रेखात्मक छापसहितको मतदाता नामावली तयार पार्ने उद्देश्यले निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन गरेको थियो। फोटोसहितको मतदाता परिचयपत्रमा मतदाताको विवरण, फोटो, तथा औँलाको रेखात्मक छाप समेत भएको विवरण कम्युटरमा प्रविष्ट गरेर फोटोसहितको परिचय पत्र बनाई मतदातालाई प्रदान गरिएको थियो। जसले निर्वाचनमा फर्जी मत हाल्ने प्रवृत्ति हतोत्साही भएको थियो।

निर्वाचन आयोगले कात्तिक २५ गते पत्रकार सम्मेलन गरी कात्तिक २९ गतेबाट फोटोसहितको मतदाता परिचय पत्र वितरण गर्ने कायक्रम रहेको सार्वजनिक गरेको थियो। तर, त्यसको भोलिपल्ट नै पूर्वाच्चलको ताप्लेजुङमा पुगेका प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले कात्तिक २६ गते निर्वाचन आयोगले जारी गरेको मतदाता परिचय पत्र वितरण सुरु गरेका थिए। आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीले दोखु गाविस-१ का ३६ वर्षीय आनन्द गौतम र फुङलिङ गाविस-४ का राजेन्द्र श्रेष्ठलाई परिचय पत्र प्रदान गरेका थिए। उनले सोही कार्यक्रममा अधिकांश जिल्लामा परिचयपत्र पुगे पनि वितरण भने ताप्लेजुङबाट सुरु गरिएको र मतदान केन्द्रमा तोकिएका मतदान अधिकृत मार्फत परिचयपत्र वितरण गर्न निर्देशन दिएको बताएका थिए। यसरी वितरण सुरु भएको फोटोसहितको मतदाता परिचयपत्र सबै मतदाताबीच छोटो अवधिमा पुगेको थियो। जसले निर्वाच्न स्वच्छ, भयरहित र निस्पक्ष हुनुमा एक महत्वपूर्ण पाटो रहेको थियो।

मतदाता परिचयपत्र लिनलाई एका घरका एक जनाले आफ्नो परिचय खुल्ने गरी आफ्नो र परिवारको मात्र परिचयपत्र वितरण गर्ने व्यवस्था निर्वाच्न आयोगले गरेको थियो। तर, स्याङ्जा जिल्लामा एमालेका कार्यकर्तालाई एकमुष्ठ ४० ओटा परिचयपत्र वितरण गरेको भन्ने विवाद अएपछि मङ्सिर १ गते बाँडिएका मतपत्र मुख्य निर्वाचन अधिकृतको निर्देशनमा फिर्ता लिई पुनः सम्बन्धित व्यक्तिलाई वितरण गरिएको थियो।

(ग) निर्वाचन पश्चात्का गतिविधि

निर्वाचनपछिको पर्यवेक्षण

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयले संविधानसभाको निर्वाचनका लागि मङ्सिर ४ गते भएको मतदानपश्चात् पनि निर्वाचनसँग सम्बन्धित गतिविधि र घटनाको अनुगमन गरेको थियो। संविधानसभा निर्वाचन २०७० को मङ्सिर ४ गते मतदान भएपछि सबैजसो राजनीतिक दलले निर्वाचन जनताको उत्साहपूर्वक सहभागिता रहको शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रतिक्रिया दिएका थिए।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयले सोही दिन सङ्क्षिप्त निर्वाचन पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गरी यस निर्वाचनमा महिलाहरूको सहभागिता अत्यन्त उत्साहपूर्ण पाइएको, निर्वाचन व्यवस्थापन, सुरक्षा प्रबन्ध र आम नागरिकको सक्रियता प्रशंसनीय रहेको र मतदाता नामावलीमा मतदाताको रङ्गिन चित्र हुनु र ढिलै भए पनि मतदाता परिचयपत्रको वितरण गर्नु निर्वाचनका असल पक्ष भएको जनाएको थियो।

उक्त प्रतिवेदनमा "समग्रमा यो निर्वाचन शान्तिपूर्ण भए तापनि अनियमितता भएका गोरखाको क्षेत्र नम्बर १ को १५ र अन्य ५ ओटा केन्द्र गरी २० ओटा केन्द्रमा पुन मतदान गर्न अनुरोध गर्दछौं। यसैगरी, धादिङ, दोलखा, गुल्मीका केही केन्द्रको छानबिन गरी पुन: मतदान गर्नुपर्ने भए आवश्यक कदम चाल्नु हुन निर्वाचन आयोगसँग अनुरोध गर्दछौं" भनिएको थियो।

त्यसै साँझ गृह मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा गृह सचिव जनार्दन नेपालले छिटफुट घटनाबाहेक संविधानसभा सदस्य निर्वाचन-२०७० शान्तिपूर्ण रूपमा सम्पन्न बताएका थिए। मन्त्रालयले जुम्ला जिल्लाको देपालगाउँ गाविसस्थित त्रिभुवन उच्च मावि झारज्वाला मतदान स्थलमा नेकपा-माओवादीका कार्यकर्ताले हुलहुज्जत गरी मतपेटिका तोडफोड गरी मतपत्र छरेपछि सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिन 'हवाइफायर' गरेको सो मतदान केन्द्रको निर्वाचन स्थगित भएको जनाइएको थियो।

मतपेटिकाको व्यवस्थापन

मतदान पश्चात् मतपेटिका जिल्ला सदरमुकाम तथा मुख्य जिल्ला निर्वाचन अधिकृतले तोकेको स्थानमा ल्याउने जिम्मा नेपाल प्रहरीको भएकोले सोही अनुसार मतपेटिकाको ढुवानी भएको थियो। सशक्त रूपमा निर्वाचन बहिस्कारमा लागेको नेकपा-माओवादीसहितको मोर्चाको अवरोधलाई मध्यनजर गरी सुरक्षितरूपमा गन्तव्यमा मतपेटिका पुऱ्याउन प्रशासनले प्रहरीसँगै सशस्त्र प्रहरी बल र नेपाली सेनालाई पनि सँगै परिचालन गरेको थियो। यस विशेष परिस्थितिको जानकारी निर्वाचनमा संलग्न सबै राजनीतिक दल, निर्वाचन पर्यवेक्षण गर्ने स्वदेशी तथा विदेशी पर्यवेक्षकलाई भएकोले यसलाई राजनीतिक दल, निर्वाचन पर्यवेक्षण गर्ने संस्था तथा पर्यवेक्षक कसैले पनि अस्वभाविक रूपमा लिएनन्। देशभरका २४० ओटै निर्वाचन क्षेत्रका मतपेटिका ढुवानी सहजरूपमा गन्तव्यसम्म पुऱ्याइएको निर्वाचन पर्यवेक्षकले सचिवालयमा पठाएको सूचनामा जनाइएको थियो।

मतगणना प्रारम्भ

संविधानसभा निर्वाचनको मतगणना प्राय: सबै निर्वाचन क्षेत्रको मतपेटिका जिल्ला सदरमुकाम तथा मुख्य जिल्ला निर्वाचन कार्यालयले तोकेको स्थानमा आइपुगेपछि मङ्सिर ५ गते मध्याह्नबाट सुरु भएको थियो। मतगणनाको कार्यमा काठमाडौं क्षेत्र नं. ४, सिरहा क्षेत्र नं. ५, भक्तपुर क्षेत्र नं. २ लगायतका केही क्षेत्रको मतगणनामा सामान्य अवरोध भए पनि कुनै समस्या तथा व्यवधान भएन।

मतगणना स्थलबाट एमाओवादी प्रतिनिधि फिर्ता

संविधानसभा निर्वाचनको परिणाम मङ्सिर ५ गते साँझबाट निर्वाचन आयोगले सार्वजनिक गर्न थालेको थियो। निर्वाचन परिणाम आफ्नो अनुकूल नभएपछि मङ्सिर ५ गते मध्यरातपछि एमाओवादीले मतगणना

लगायतको समग्र निर्वाचन प्रक्रियालाई पुनरावलोकन गर्नुपर्ने भनी देशभरिकै निर्वाचत क्षेत्रको मतगणनास्थलबाट आफ्ना प्रतिनिधिलाई फिर्ता बोलायो।

एमाओवादीले मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भए तापनि मतदान केन्द्रबाट मतगणना स्थलमा मतपटिका लाने क्रममा त्रुटि भएको, दलका प्रतिनिधिलाई नलगिएको, मददान अधिकृतहरूलाई मतपेटिका सदरमुकाम लान नदिनुलगायतका कारण मतगणना प्रक्रिया स्थगन गरी सम्पूर्ण निर्वाचन प्रक्रियालाई नै पुनरावलोकन गर्न र निस्पक्ष छानबिन गरेपछि मात्र मतगणना अगाडि बढाउन माग गरेको थियो।

(यस सम्बन्धित एमाओवादीको प्रेस विज्ञप्ति, निर्वाचन आयोगको विज्ञप्तिलगायत सामग्रीहरू अनुसूचीमा संलग्न छन्)

मतदान रद्द

सप्तरी क्षेत्र नं. २ को बर्साइन गाविसस्थित राजाजी रा.प्रा.वि. बनरझुलाको मतदान केन्द्रमा मङ्सिर ४ गते भएको मतदान प्रकृयाको मतदान कार्य रद्द भयो। सप्तरी क्षेत्र नं. २ निर्वाचन अधिकृतको कार्यालयले मङ्सिर ६ गते एक सूचना प्रकाशन गरी सो केन्द्रको मतदान रद्द गरी पुनः मङ्सिर ८ गते विहान ७ बजेदेखि ५ बजेसम्म मतदान हुने जनायो।

पुनः मतदान

जुम्ला जिल्लाको देपालगाउँ गाविसस्थित त्रिभुवन उच्च मावि झारज्वाला मतदान स्थलको मङ्सिर ४ गते स्थगित भएको मतदान मङ्सिर ७ गते पुनः सम्पन्न भयो।

यसैगरी, सप्तरी क्षेत्र नं. २ को बर्साइन गाविसस्थित राजाजी रा.प्रा.वि. बनरझुलाको रद्ध भएको मतदान सोही केन्द्रमा मङ्सिर ८ गते सम्पन्न भयो।

मतदान स्थगित र पुन : मतदान भएको जिल्ला र मतदान केन्द्र

जिल्लाको नाम	मतदान केन्द्र	पुनः मतदान मिति	पुनः मतदान हुनाको कारण
जुम्ला	देपालगाउँ गाविस्थित त्रिभुवन उच्च मावि झारज्वाला मतदान केन्द्र	२०७०/०८/०७	मङ्सिर ४ गते स्थगित भएको
सप्तरी	निर्वाचन क्षेत्र नं. २ को बाइन गाविस्थित राजाजी रा.प्रा.वि. बनरझुला मतदान केन्द्र	२०७०/०८/०८	क्षेत्र नं. २ निर्वाचन कार्यालयले मङ्सिर ६ गते एक सूचना प्रकाशन गरी मङ्सिर ४ गतेको मतदान रद्द गरेको

संविधानसभा अदालत र उजुरी

नेपालको अन्तरिम संविधान २०६३ को धारा ११८ ले संविधानसभा अदालतको सम्बन्धमा व्यवस्था गरी संविधान सभाको सम्बन्धमा उठेका विवादित विषयहरूको किनारा लगाउने व्यवस्था गरेको छ। यसरी गठन गरिने संविधानसभा अदालत गठन प्रक्रिया, क्षेत्राधिकार र अन्य विषयहरू कानुनद्वारा निर्धारण हुने व्यवस्था रहेको छ। संविधानसभा अदालत एने २०६४ को दफा ३ बोजिम नेपाल सरकारले संविधानसभा निर्वाचन सम्बन्धी उजुरीको कारबाही र किनारा गर्न सवोच्च अदालतका न्यायाधीश कल्याण श्रेष्ठको अध्यक्षतामा सर्वोच्चका न्यायाधीशहरू गिरीशचन्द्र लाल र सुशीला कार्की सदस्य रहने गरी तीन सदस्यीय संविधानसभा अदालत गठन गरेको थियो।

संविधानसभा निर्वाचनका सम्बन्धमा संविधानसभा अदालतमा ०७० पुस ३ गतेसम्मको अवधिमा १७ ओटा उजुरी परेको छ। यी सबै उजुरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत पराजित उम्मेदवारले निर्वाचित उम्मेदवार विरुद्धका छन्।

संविधानसभा अदालतमा परेका उजुरी

क्र.सं.	जिल्लाको नाम	निर्वाचन क्षेत्र	उजुरी मिति	उजुरी कर्ता (वादी)	विपक्षि (प्रतिवादी)
१	सोलुखुम्बु		२०७०/०८/१६	एमाओवादीका उम्मेदवार गोम्बु शेर्पा	नेपाली काङ्ग्रेसका उम्मेदवार बलबहादुर केसी
२	सिरहा	क्षेत्र नं. ५	२०७०/०८/१८	नेकपा एमालेका उम्मेदवार लिलानाथ श्रेष्ठ	एमाओवादीका निर्वाचित उम्मेदवार पुस्पकमल दाहाल
३	सुनसरी	क्षेत्र नं. १	२०७०/०८/१९	नेकपा एमालेका उम्मेदवार भगवती चौधरी	फोरम लोकतान्त्रिकका निर्वाचित उम्मेदवार विजयकुमार गच्छेदार
४	काठमाडौं	क्षेत्र नं. ४	२०७०/०८/२०	एमाओवादीका उम्मेदवार नन्दकिशोर पुन	नेपाली काङ्ग्रेसका निर्वाचित उम्मेदवार गगनकुमार थापा
५	दोलखा	क्षेत्र नं. १	२०७०/०८/१९	नेपाली काङ्ग्रेसका उम्मेदवार जिपछिरिङ लामा	नेकपा एमालेका निर्वाचित उम्मेदवार पार्वत गुरुङ
६	मोरङ	क्षेत्र नं. ४	२०७०/०८/२०	नेपाली काङ्ग्रेसका उम्मेदवार गयानन्द मण्डल गंगाइ	एमाओवादीका निर्वाचित उम्मेदवार शिवकुमार मण्डल केवट समेत
७	सप्तरी	क्षेत्र नं. २	२०७०/०८/२०	सद्भावना पाटीका उम्मेदवार नवलकिशोर सुडी	एमाओवादीका निर्वाचित उम्मेदवार अशोककुमार मण्डल समेत
८	महोत्तरी	क्षेत्र नं. ४	२०७०/०८/२०	सद्भावना पार्टीकी उम्मेदवार सुरीताकुमारी साह	स्वतन्त्र निर्वाचित उम्मेदवार चन्द्रेश्वर झा समेत
९	महोत्तरी	क्षेत्र नं. २	२०७०/०८/२०	सद्भावना पार्टीका उम्मेदवार जानकीशरण साह	नेपाली काङ्ग्रेसका निर्वाचित उम्मेदवार किरण यादव समेत
१०	सर्लाही	क्षेत्र नं. ३	२०७०/०८/२०	एमाओवादीका उम्मेदवार रामरिझन यादव	नेपाली काङ्ग्रेसकी निर्वाचित उम्मेदवार सीतादेवी यादव समेत
११	उदयपुर	क्षेत्र नं. २	२०७०/०८/२१	नेपाली काङ्ग्रेसकी उम्मेदवार प्रमिला राई	एमालेकी निर्वाचित उम्मेदवार मञ्जुकुमारी चौधरी समेत
१२	गोरखा	क्षेत्र नं. २	२०७०/०८/२१	नेपाली काङ्ग्रेसकी उम्मेदवार रविकला शर्मा न्यौपाने	एमाओवादीका निर्वाचित उम्मेदवार हितराज पाण्डे
१३	दोलखा	क्षेत्र नं. १	२०७०/०८/२३	एमाओवादीका उम्मेदवार विशाल खड्का	एमालेका निर्वाचित उम्मेदवार पार्वत गुरुङ
१४	रौतहट	क्षेत्र नं. १	२०७०/०८/२३	अजयकुमार गुप्ता	माधवकुमार नेपाल समेत
१५			२०७०/०८/२३	मो. इद्रि राइन	किरण यादव समेत
१६	सर्लाही	क्षेत्र नं. ६	२०७०/०८/२४	सङ्घीय सद्भावनाका उम्मेदवार शिवपुजन राय यादव	नेपाली काङ्ग्रेसका निर्वाचित उम्मेदवार अमरेश कुमार सिंह
१७	सुनसरी	क्षेत्र नं. ५	२०७०/०८/२५	फोरम लोकतान्त्रिकका उम्मेदवार गफार अनरी मियाँ	फोरम नेपालका निर्वाचित उम्मेदवार उपेन्द्र यादव समेत

भाग चार

सुझावहरू

नेपाल सरकारलाई

- निर्वाचनको मिति तोक्दा निर्वाचन तयारी र प्रचार प्रसार गर्ने पर्याप्त समय पुग्ने गरी तोक्नु पर्ने।
- हिंसापूर्ण घटनामा संलग्न दोषीलाई कारबाही गरिनु पर्ने। पीडितलाई राहत, क्षतिपूर्तिको व्यवस्था तत्काल गर्नुपर्ने।
- फौजदारी तथा भ्रष्टाचारजन्य अभियोग लागेका, मानवअधिकार उल्लङ्घनकर्ता व्यक्तिलाई अन्तिम अदालतको निर्णय नभएता पनि तत्काल उम्मेदवार बन्नबाट रोक लगाउने कानुनी व्यवस्था गर्ने।
- निर्वाचन आयोग, सुरक्षा निकाय, सरकार र पर्यवेक्षण संस्थाले निर्वाचनमा गरेको खर्च पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने।
- नागरिकता नभएका कारण मतदानमा सहभागी हुनबाट वञ्चित राउटे लगायतका समुदायलाई तत्काल नागरिकता वितरण गर्नुपर्ने र फोटोसहितको मतदाता नामावलीमा नाम समावेश गर्नुपर्ने।
- वैदेशिक रोजगारी वा अन्य कारणले मुलुक बाहिर रहेका ठूलो सङ्ख्यामा रहेका मतदाताहरूको मतदान अधिकार सुनिश्चित गर्न कानुनी व्यवस्था गर्नु पर्ने।
- *इलेक्ट्रोनिक भोटिङ मेसिनको लागि निर्वाचन आयोगबाट व्यवस्था मिलाउनु पर्ने। विद्युतीय माध्यमबाट मतदान गर्ने व्यवस्था हुनुपर्ने*
- सरकारले निर्वाचनको दौरानमा सरकारी सङ्गठन जस्तै सेना, सहस्त्र प्रहरी वा अन्य कुनै पनि संयन्त्र उपयोग गर्दा ती सङ्गठित शक्तिहरूको कार्य सीमाबारे आम रूपमा जनतालाई सुसूचित गराउनु पर्ने।
- संवेदनशील स्थानहरूको पहिचान गरी सुरक्षाको व्यवस्था प्रभावकारी बनाइनु पर्ने। आम समुदायलाई सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने।
- विद्यालय शान्ति क्षेत्र हो भने पनि अधिकांश विद्यालय निर्वाचनको लागि मतदानस्थल र मतदान केन्द्र बनाइएका र शिक्षकहरू महिनौ निर्वाचन कार्यमा संलग्न गराइएकाले विद्यालयहरू बन्द भई पठन पाठनमा असर परेकोले नेपाल सरकारले त्यसको बैकल्पिक व्यवस्था गर्न नीतिगत रूपमा पहल गर्नु पर्ने।

निर्वाचन आयोग

- निर्वाचन सेरोफेरोमा मात्र नभएर वार्षिक कार्यक्रम अन्तर्गत प्रत्येक मतदान केन्द्रमा मतदाता शिक्षा तथा सचेतन कार्यक्रम पुऱ्याउनु पर्ने। निर्वाचन पूर्वको समयमा विषेश गरी मतदाताहरूलाई सचेत गराउने खालका कार्यक्रम बढी भन्दा बढी गर्नुपर्ने।
- अपाङ्ग, गर्भवती महिला, वृद्धवृद्धाहरूले सहजरूपमा मतदानमा सहभागी हुन विशेष व्यवस्था गर्नुपर्ने।
- परिचयपत्र वितरण प्रणाली प्रभावकारी बनाउनु पर्ने। सबै मतदातालाई यथासमयमा परिचयपत्र वितरण गर्नुपर्ने।
- निर्वाचन आयोगमा परेका आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरीका आधारमा तत्काल अनुसन्धानको प्रक्रिया सकी दोषीलाई कारबाही प्रक्रिया अघि बढाउनु पर्ने।
- मतदानबाट कसैलाई वञ्चित गर्न नहुने। आफ्नो पायक पर्ने स्थानमा हरेक व्यक्तिले मतदान गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ। त्यसको लागि इलेक्ट्रोनिक भोटिङ मेसिनको व्यवस्था मिलाउनु पर्ने।
- मतदान केन्द्रमा मतदाताले प्रयोग गर्ने स्वस्तिक छापको चिह्न प्रष्ट देखिने खालका छापको व्यवस्था गर्नुपर्ने।
- निर्वाचन आयोगले विद्युतीय सामग्री मतदाताले मतदान केन्द्रमा नलाने भनिएको भए पनि पर्यवेक्षलाई समेत लान नपाइने भन्दै धेरै मतदान केन्द्रहरूमा रोक लगाइएकोले सूचना सङ्कलन गर्न अवरोध भएकोले आगमी दिनमा पर्यवेक्षकहरूलाई विशेष व्यवस्था हुनु पर्ने।
- निर्वाचन आयोगले स्थानीय स्तरमा सार्वजनिक सुनुवाइ बहस कार्यक्रम आयोजना गर्नुपर्ने
- राष्ट्रिय पर्यवेक्षकको पर्यवेक्षण अवधिको जीवन बिमा अनिवार्य गर्नुपर्ने

- निर्वाचन आयोगबाट स्वीकृत पर्यवेक्षकलाई मतदानको अधिकारबाट वञ्चित हुने गरी पर्यवेक्षकहरूको आचारसंहितामा प्रावधान राख्न नहुने।
- *कुनै पनि दलका नेतालाई लक्षित गरी सवारी साधन प्रयोगका लागि खुकुलो व्यवस्था गर्ने, अनुमति नलिइ हवाई वा अन्य सवारी साधन प्रयोग गरेको थाहा पाउँदा समेत कारबाही प्रक्रिया अगाडि नबढाउने कुरा निर्वाचन आयोगको दोहोरो मापदण्ड अपनाए जस्तो देखिएकोले सबैलाई समान ढङ्गले कारबाहीको भागी बनाउनु पर्ने।*

राजनीतिक दल

- निर्वाचन आचारसंहिताको सबै दलले पालना गर्नुपर्ने।
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० को दफा ३० मा अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, बैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा, बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन भनिएको छ। तर, अभियानमा अभिलेख भएका ९ सय १२ वटा उल्लङ्घनका घटनामा ३ सय ४९ (३८%) वटा घटना यस धाराको उल्लङ्घन भएको पाइएको छ। यस तथ्यले राजनीतिक दलहरू अझै पनि बल प्रयोग गरेर अरूलाई प्रभावित परेर निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न चाहन्छन् भन्ने देखाउँदछ। त्यसैले आगामी दिनमा यस्ता क्रियाकलापहरूमा कमी ल्याउन राजनीतिक दलहरू सचेत र सतर्क हुनु पर्दछ।
- स्थानीय तहमा मतदाता प्रभावकारी मतदाता शिक्षा अभियान सञ्चालन गर्नुपर्ने।
- विगतमा मानवअधिकार उल्लङ्घन, अपराध वा सामाजिक वा राजनीतिक अपराध वा भ्रष्टाचारमा संलग्न नभएका व्यक्तिलाई मात्र उम्मेदवार बनाउनु पर्ने।
- आचारसंहिता विपरीत निर्वाचन प्रचार-प्रसारमा तडक-भडक र बढी खर्च गर्ने प्रवृति अन्त्य गर्नुपर्ने।
- कम्तीमा पनि राजनीतिक दलका उच्च पदस्थ नेताहरू आम रूपमा उदाहरणीय बन्नुपर्ने।
- निर्वाचनमा बल प्रयोगका गतिविधिहरू नगर्ने।
- निर्वाचनका हरेक प्रक्रियामा सौहाद्रतापूर्वक सहभागी हुने र निर्वाचन आयोगको कार्यतालिका अनुसार कार्य सम्पादन गर्ने।

नागरिक समाज तथा पर्यवेक्षण संस्था

- दक्ष पर्यवेक्षकहरूको छनौट गरी परिचालन गर्नुपर्ने। स्तरीय निर्वाचन पर्यवेक्षण तालिमको व्यवस्था गर्ने।
- मतदाता शिक्षासम्बन्धी कार्यक्रम सरकारी निकायसँग सहकार्य गरी गाउँ-गाउँमा सञ्चालन गर्नुपर्ने।
- सञ्चारमाध्यमसँग सहकार्य र समन्वय गर्दै स्वच्छ निर्वाचन सम्बन्धी सचेतनामूलक कार्यक्रम समुदाय स्तरमा गरिनु पर्ने।
- राजनीतिक दलहरूले गरेका प्रतिबद्धता कार्यान्वयन भए नभएको अनुगमन तथा पर्यवेक्षण गर्नुपर्ने।
- निर्वाचन पर्यवेक्षणका गतिविधि र आर्थिक क्रियाकलापहरू पारदर्शी बनाउने।
- पर्यवेक्षण प्रतिवेदन निर्वाचन आयोगमा बुझाउनुका साथै सार्वजनिक गर्ने।

आम सञ्चार माध्यम

- निर्वाचनको प्रचारप्रसार स्थानीय सञ्चार माध्यमबाट एकद्वार प्रणालीबाट गर्नुपर्ने।
- आचारसंहिताको उल्लङ्घन हुने गरी सञ्चार माध्यमलाई दुरूपयोग गर्न नहुने।

अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्था, र कुटनीतिक नियोक

- अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई पर्यवेक्षण बाहेकका विषयमा अनावश्यक टिकाटिप्पणी गर्न वा सुझाव दिन रोक लगाउनु पर्ने।
- निर्वाचन पर्यवेक्षणको सम्बन्धमा पर्यवेक्षणका गतिविधि तथा खर्च पारदर्शी हुनु पर्ने।

अनुसूचीहरू

अनुसूची : १

संविधानसभा निर्वाचन २०७० का लागि निर्वाचन आयोगद्वारा व्यवस्था भएका आचारसंहिता तथा ऐन कानुनहरू

स्वीकृत मिति २०७०।३।२६

संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० का प्रमुख प्रावधानहरू

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सरोकारवालाहरूसँग परामर्श गरी आचार संहिता तयार पारेको थियो। यस आचारसंहिताका प्रावधानहरू बुँदागत रूपमा निम्नबमोजिम रहेका छन्।

परिच्छेद - २

१. राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

निर्वाचन प्रचार-प्रसार गर्दा राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले देहायको आचरण पालना गर्नु पर्नेछ :

(क) निर्वाचन प्रचार-प्रसारसम्बन्धी सामान्य आचरण

४. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल हुने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउनु हुँदैन।

५. कुनै धर्म, सम्प्रदाय, जात जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउन हुँदैन।

६. भाषण, वक्तव्य र अन्य यस्तै कुरामा शिष्ट र मर्यादित भाषा प्रयोग गर्नु पर्छ।

७. कुनै राजनीतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको काममा मात्र सीमित रही गर्नु पर्नेछ‌ह उम्मेदवार, राजनीतिक दलको नेता वा कार्यकर्ताको सार्वजनिक कामसँग सम्बन्धित नभएको निजी जीवनको कुनैपनि कुराको आलोचना गर्नु हुँदैन।

८. लैङ्गिक हिंसा लगायत अन्य हिंसाजन्य कार्य गर्न र त्यस्तो कार्य गर्न कसैलाई उक्साउनु हुँदैन।

९. प्रचलित कानूनबमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन र त्यस्तो कसुर गर्न कसैलाई उक्साउनु हुँदैन।

१०. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

११. कसैको निजी घर कम्पाउण्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरूमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

१२. भित्ते लेखन गर्न, तुल, व्यानर प्रयोग गर्न वा गराउन हुँदैन।

१३. शान्तिपूर्ण र बाधा अवरोधरहित मानवीय जीवन जीउन पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सम्मान गर्नु पर्नेछ‌ह कुनै व्यक्तिको विचारको विरोध गर्दा निजको घर अगाडि विरोध गर्न र प्रदर्शन गर्न हुँदैन।

१४. निर्वाचन प्रचार-प्रसारको प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कूल क्षेत्रफल तीन सय वर्ग इञ्चसम्मको आकारको पर्चा मात्र प्रयोग गर्नु पर्नेछ‌ह त्यस्तो पर्चा छपाउँदा एक रङमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा पर्चा मुद्रक र पर्चा छपाउने राजनीतिक दल वा उम्मेदवार समेतको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

१५. कुनै राजनीतिक दल वा उम्मेदवारले टाँस गरेको वा त्यस्तो दल वा उम्मेदवारको तर्फबाट टाँस भएको पर्चा

वा निर्वाचन चिन्हलाई केरमेट गर्न, उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन।

१६. कसैको पुत्ला लिएर हिँड्न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुँदैन।

१७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, निकाय वा स्थानीय निकाय र कुनै परियोजनाको साधन, श्रोत र सम्पत्ति प्रयोग गर्नु वा गराउनु हुँदैन।

१८. प्रचार-प्रसारको लागि कुनैपनि प्रकारको प्लास्टिक सामग्री प्रयोग गर्नु हुँदैन।

१९. मादक पदार्थको सेवन गरी निर्वाचनको प्रचार-प्रसार गर्न वा गराउनु हुँदैन।

२०. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्वन्धी प्रचार सामग्री वा सूचनालाई विगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन।

२१. मतदातालाई प्रभाव पार्ने उद्देश्यले नगद, जिन्सी र अन्य कुनै पनि सामग्री वितरण गर्न वा प्रदान गर्न वा भोज भतेरको आयोजना गर्नु वा गराउनु हुँदैन।

२२. आफूले टाँसेको पर्चा सम्बन्धित निर्वाचन क्षेत्रको परिणाम घोषणा भएको साठी दिनभित्र उप्काई वा हटाई पर्चा टाँसेको स्थान सफा गर्नु पर्नेछ।

(ख) जुलुस तथा आमसभा सम्बन्धी आचरण

२३. जुलुस, च्याली, आमसभा, वैठक वा भेला गर्दा वा गराउँदा स्थानीय प्रशासन र प्रहरीलाई सुरक्षा प्रबन्ध गर्न सोको समय, मिति, मार्ग, रुट र स्थानका बारेमा स्थानीय प्रशासन र प्रहरीलाई कम्तीमा चौवीस घण्टा अगावै जानकारी गराएर मात्र गर्नु पर्नेछ्ह त्यसरी तय भई सकेको मार्ग स्थानीय प्रशासन र प्रहरीको अनुमतिविना फेरबदल गर्न सकिने छैन।

२४. दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारहरूले एउटै समय, स्थान र मार्गमा जुलुस, च्याली, आमसभा, वैठक वा भेला गर्दा स्थानीय प्रशासनले दिएको अनुमति अनुसार मात्र आयोजना गर्नु पर्नेछ्।

२५. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका लागि प्रचलित कानूनबमोजिम निषेध गरेको समय र स्थानमा कुनैपनि जुलुस, च्याली, आमसभा, वैठक, भेला वा प्रचार-प्रसारको कार्यक्रमको आयोजना गर्नु वा गराउनु हुँदैन।

२६. सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस, आमसभा गर्नु वा गराउनु हुँदैन।

२७. मसाल जुलुस र हातहतियारसहितको जुलुस निकाल्नु हुँदैन।

२८. जुलुस, च्याली, वा आमसभामा भाग लिने व्यक्तिहरूले आफ्नो हातमा १०"×१८" को आकारसम्मको झण्डा लिन सक्नेछन्।

तर निर्वाचन प्रचार-प्रसारको लागि प्रयोग गरिने सवारी साधनमा वा आमसभास्थलमा सोभन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न बाधा पुगेको मानिने छैन।

२९. हात हतियार वा विष्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन हुँदैन।

३०. अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, वैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, च्याली, आमसभा, वैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन।

३१. जुलस, च्याली, आमसभा वा भेला जस्ता प्रचार-प्रसारका कार्यक्रम बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नु पर्नेछ।

३२. बालबालिकालाई जुलुस, च्याली, आमसभा, वैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्वन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन।

३३. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र माइक तथा लाउडस्पिकर र यस्तै ध्वनी उत्पन्न गर्ने यन्त्र प्रयोग गर्न हुँदैन।

३४. मतदान हुने दिनभन्दा अठचालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन, राजनीतिक दल वा राजनीतिक दलसँग आबद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह र अन्य कुनैपनि सामग्री प्रदर्शन गर्न र निर्वाचन प्रचार-प्रसार हुने कुनैपनि कार्य गर्नु र गराउनु हुँदैन।

३५. विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम गर्नु हुँदैन।

(ग) सवारी साधनको प्रयोगसम्बन्धी आचरण

३६. हवाईजहाज तथा हेलिकप्टर जस्ता सवारी साधन चार्टर गरी निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन।
तर सोलुखुम्बु, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, बझाङ, बाजुरा र जाजरकोट जिल्लाको हकमा यो दफा लागू हुनेछैन।

३७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, स्थानीय निकाय र परियोजनाका सवारी साधन प्रयोग गर्नु वा गराउनु हुँदैन।

३८. उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका लागि एक निर्वाचन क्षेत्रमा बढीमा दुईवटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ। त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा बढीमा चार वटा घोडा प्रयोग गर्न सक्नेछ।
तर एउटा उम्मेदवारले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि उम्मेदवार वा राजनीतिक दलले कुनै पनि प्रकारले प्रयोग गर्न हुँदैन।

३९. राजनीतिक दलले निर्वाचन प्रचारका लागि एउटा जिल्लामा बढीमा दुई वटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ।
तर एउटा राजनीतिक दलले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि राजनीतिक दल वा उम्मेदवारले कुनै पनि प्रकारले प्रयोग गर्न हुँदैन।

४०. निर्वाचन अधिकृतले राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारको लागि प्रयोग गर्ने सवारी साधनको लागि अनुसूची–२ बमोजिमको ढाँचामा निस्सा प्रदान गर्नेछ।

४१. दफा ४० बमोजिम निस्सा दिँदा निर्वाचन अधिकृतले त्यस्तो सवारी साधनमा टाँस्नुपर्ने सवारी साधन संख्या नम्बर दिनेछ र सम्बन्धित राजनीतिक दल र उम्मेदवारले त्यस्तो सङ्ख्या उक्त सवारी साधनमा सबैले देख्ने गरी टाँस्नु पर्नेछ।

४२. निर्वाचन अधिकृत, अनुगमन टोली, मतदान अधिकृत, आयोग वा आयोगले तोकिदिएको अधिकृतले दफा ४१ बमोजिमको निस्सा र सङ्ख्या जाँच गर्न सक्नेछ।

४३. मतदानको दिन मतदातालाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप, मोटरसाईकल र अन्य कुनै पनि सवारी साधनबाट ओसार-पसार गर्नु र गराउनु हुँदैन।
तर हिँडडुल गर्न नसक्ने अशक्त मतदाताले आयोग वा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सक्नेछ।

(घ) अनुचित प्रभाव तथा अवरोध सम्बन्धी आचरण

४४. निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा सुरक्षाकर्मीलाई कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु वा गराउनु हुँदैन।

४५. मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्नु वा गराउनु हुँदैन।

४६. कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा वल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारबाही गर्न वा गराउन हुँदैन।

४७. निर्वाचन विथोल्ने, निर्वाचनप्रति वितृष्णा पैदा हुने, निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुनेगरी कुनै कार्य गर्नु वा गराउनु हुँदैन।

४८. मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट बन्चित गराउने अभिप्रायले कुनैपनि किसिमले अवरोध वा थुनछेक गर्नु वा गराउनु हुँदैन।

(ङ) मतदानसम्वन्धी आचरण

४९. मतदानको दिन मतदान शान्तिपूर्ण तथा सुव्यवस्थितरूपमा सञ्चालन गर्न र मतदाताले कुनै बाधा, अवरोध, हैरानी विना आफ्नो मताधिकार प्रयोग गर्ने कार्य सुनिश्चित गर्न मतदानमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई सहयोग गर्नु पर्नेछ।

५०. मतदानको दिन मतदान केन्द्र र सोको २०० मिटर वरिपरि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित कुनैपनि किसिमको पहिरन, पोशाक, टोपी, स्टिकर, लोगो, झोला आदिको प्रयोग गर्न र गराउन हुँदैन।

५१. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि रहने आफ्नो प्रतिनिधि र कार्यकर्तालाई कुनै चिन्ह वा संकेत नभएको सादा परिचयपत्र वा व्याच प्रदान गर्नु पर्नेछ।

५२. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि भीड जम्मा गर्न र पर्चा, झण्डा, संकेत लगायत निर्वाचन प्रचारका कुनैपनि सामग्री टाँस्न वा टाँस्न लगाउन, राख्न वा राख्न लगाउन र लेख्न वा लेख्न लगाउन हुँदैन। त्यसरी लेख्न वा लेख्न लगाएको रहेछ भने सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले मतदान कार्य शुरु हुन अघि त्यस्ता सामग्री हटाउनु पर्नेछ।

५३. मतदानको दिन कुनै दल वा उम्मेदवारको निर्वाचन प्रचार हुने गरी शरीरमा टाटु लगाउने वा टाँक वा टीका लगाउने वा अन्य यस्तै कार्य गर्नु हुँदैन।

(च) राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिको दायित्व र जिम्मेवारी

५४. आफ्नो कार्यकर्ता तथा समर्थकहरूलाई निर्वाचन सम्वन्धी आचार संहिताको जानकारी गराई सोको पालना गर्न र गराउन लगाउनु पर्नेछ।

५५. आफ्ना कार्यकर्ता वा समर्थकबाट आचार संहिता उल्लंघन भएमा सोको जिम्मेवारी त्यस्तो दल र उम्मेदवारले लिनु पर्नेछ।

५६. निर्वाचनसम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकामा भएका व्यवस्थालाई पूर्णरूपमा पालना गर्नु र गराउनु पर्नेछ।

परिच्छेद – ३

२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले पालना गर्नुपर्ने आचरण

निर्वाचनको सिलसिलामा नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, स्थानीय निकाय र सोको कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :

५७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएकोमा बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, कार्यान्वयन गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा श्रोत, साधनको परिचालन गर्नु र गराउनु हुँदैन।

५८. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यहरू गर्नु र गराउनु हुँदैन।

तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पुऱ्याउन कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न वाधा पुगेको मानिने छैन।

५९. नेपाल सरकारका मन्त्री तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिले सरकारी कामका लागि भ्रमण वा निरीक्षणमा जाँदा वा जुनसुकै सरकारी काममा संलग्न रहँदा निर्वाचन प्रचार-प्रसारको काममा संलग्न हुनु हुँदैन।

६०. निर्वाचनमा उम्मेदवार नभएका मन्त्री वा स्थानीय निकायका पदाधिकारी मतदान गर्ने कामको लागि मात्र मतदान केन्द्रभित्र प्रवेश गर्नु पर्नेछ।

६१. मन्त्रिपरिषद्का अध्यक्ष, मन्त्री, मन्त्रीका सल्लाहकार र राजनीतिक नियुक्ति पाएको व्यक्तिले प्रयोग गर्ने सरकारी साधन, श्रोत र सहुलियत निर्वाचन प्रचार-प्रसारको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन।

६२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय निकायमा कार्यरत कर्मचारीलाई नेपाल सरकार वा अख्तियारवाला पदाधिकारीले निर्वाचन प्रचार-प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन।

६३. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधा राजनीतिक दल, उम्मेदवार र निर्वाचनको प्रचार-प्रसारमा संलग्न अन्य व्यक्तिहरूलाई प्रयोग गर्न दिनु हुँदैन।

६४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायका प्रमुख र कर्मचारीले नेपाल सरकार, त्यस्तो संस्था र स्थानीय निकायको कुनैपनि किसिमको श्रोत तथा साधन निर्वाचन प्रचार-प्रसारका लागि उपलव्ध गराउनु हुँदैन।

६५. नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकलाई निर्वाचन सम्बन्धी काममा वाहेक अन्यत्र सरुवा गर्न, काजमा खटाउन, वढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नु हुँदैन।
तर प्रचलित कानूनबमोजिम नियमित रुपमा हुने बढुवाका सम्बन्धमा यो दफा लागू हुने छैन।

६६. नयाँ पदको सृजना गर्न, विज्ञापन गर्न वा भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार प्रदान गर्न हुँदैन।
तर लोकसेवा आयोग र न्याय सेवा आयोगद्वारा नियमित रुपमा गरिने विज्ञापनको सम्बन्धमा र कर्मचारीले नियमित रुपमा प्रचलित कानूनबमोजिम पाउने भत्ता, ग्रेड वा पुरस्कारका सम्बन्धमा यो दफा लागू हुने छैन।

६७. निर्वाचन अधिकृत नियुक्त भई काम गरेको कर्मचारीलाई निर्वाचनको परिणाम घोषणा भएको पन्ध्र दिनसम्म सरुवा गर्न हुँदैन।

६८. स्थानीय प्रशासनले उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान हुनु तीन दिन अघिसम्म बेलुकी आठ बजेपछि मादक पदार्थ विक्री वितरण गर्न र मतदानको तीन दिनअघि देखि निर्वाचन परिणाम घोषणा नभएसम्म मादक पदार्थ विक्री वितरण र सेवनमा रोक लगाउनु पर्नेछ।

६९. निर्वाचन अधिकृत, मतदान अधिकृत, मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी, अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, स्वयंसेवक र पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा तटस्थ र निष्पक्ष रूपमा आफ्नो पदीय कर्तव्य पालना गर्नु पर्नेछ र कानूनबमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन।

७०. निर्वाचन कार्यक्रम प्रकाशन भएपछि निर्वाचन समाप्त नहुन्जेलसम्म मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानुपर्ने सरकारी प्रतिनिधि वा प्रतिनिधि मण्डल बाहेक अन्य कुनैपनि प्रयोजनका लागि नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जानु हुँदैन।

परिच्छेद - ४

३. गैर सरकारी संस्थाको आचरण

गैर सरकारी संस्थाले निर्वाचनको सम्बन्धमा देहायका आचरण पालना गर्नु र गराउनु पर्नेछ :

७१. यो आचार संहिता लागू भएपछि कुनै राजनीतिक दल वा उम्मेदवारलाई प्रभावित पार्ने गरी नयाँ नीति, योजना र कार्यक्रमको घोषणा गर्न वा सो प्रयोजनको लागि जनशक्ति तथा श्रोत साधनको परिचालन गर्नु गराउनु हुँदैन।

७२. राजनीतिक दलका पदाधिकारी र सदस्य वा कुनै पनि उम्मेदवारबाट कुनै नयाँ योजनाको शिलान्यास वा उद्घाटन गराउने र अन्य यस्तै काम गराउनु हुँदैन।

७३. आफ्नो नामबाट कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन।

७४. आफ्नो संस्थाको कुनै पनि श्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसारको लागि उपलव्ध गराउनु हुँदैन।

७५. निर्वाचन कार्यक्रमलाई प्रभावित पार्ने गरी मतदातालाई कुनै प्रकारले नगद, जिन्सी वा कुनैपनि किसिमको उपहार वा अनुदान दिनु वा दिन लगाउनु हुँदैन।

७६. निर्वाचन सम्पन्न नभएसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुनेगरी सभा वा जुलुस प्रर्दशन जस्ता कार्य गर्नु वा गराउनु हुँदैन।

७७. मतदाताहरूलाई भ्रममा पार्ने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु गराउनु हुँदैन।
स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि "गैर सरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानूनबमोजिम नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको गैर सरकारी संस्था सम्झनु पर्छ र सो शब्दले विदेशमा दर्ता भई प्रचलित कानून बमोजिम नेपालमा संचालन भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समेतलाई जनाउँछ।

परिच्छेद - ५

४. आम सञ्चार माध्यमले पालना गर्नुपर्ने आचरण

निर्वाचनको अवधिमा आम सञ्चार माध्यमले देहायका आचरण पालना गर्नु पर्नेछ :

७८. सूचना वा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई, पक्षपात नगरी र वस्तुनिष्ठ ढङ्गले सम्प्रेषण गर्नु पर्नेछ।

७९. सूचना वा समाचार सम्प्रेषण वा प्रसारण गर्दा कसैप्रति पूर्वाग्रह नराखी र कसैलाई पक्षपात नगरी सम्प्रेषण गर्नु पर्नेछ।

८०. सूचना वा समाचारको सङ्कलन तथा सम्प्रेषण रोक्न, दबाउन वा लुकाउन हुँदैन।

८१. सूचना वा समाचार सर्वसाधारणलाई भ्रममा पार्ने गरी सम्प्रेषण गर्न, प्रकाशन वा प्रसारण गर्न हुँदैन।

८२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार र सूचना सम्प्रेषणलाई उच्च प्राथमिकता दिनुपर्नेछ। सूचना र समाचार सङ्कलन र सम्प्रेषण गर्न कसैले वाधा अवरोध पुऱ्याएमा सो कुरा समेत सूचना तथा समाचारमा समावेश गर्नु पर्नेछ।

८३. कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवं मान्यता विपरीत हुने कुनै काम कारबाही गर्नु हुँदैन।

८४. सूचना र समाचार सम्प्रेषण गर्दा, प्रकाशन गर्दा वा प्रसारण गर्दा कसैप्रति कुनै किसिमले भेदभाव दर्शाउने वा हिंसालाई उक्साउने खालको भाषाको प्रयोग गर्न र विभिन्न जातजाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदाय वीचको सम्बन्ध र सद्भावमा कुनैपनि किसिमबाट खलल पर्ने गरी सम्प्रेषण गर्न, प्रकाशन गर्न र प्रसारण गर्न हुँदैन।

८५. निर्वाचनमा विभिन्न जात जाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदायको सहभागिता अभिवृद्धि हुनेगरी सूचना र समाचार सम्प्रेषण गर्नु पर्नेछ।

८६. कुनै गलत वा भ्रामक सूचना वा समाचार, सम्प्रेषण, प्रकाशन वा प्रसारण हुन गएमा सम्बद्ध सञ्चार माध्यम तथा सञ्चारकर्मीले त्यस्तो सूचना वा समाचार तुरुन्त सच्याउनु पर्नेछ।

(क) सरकारी स्वामित्वका सञ्चार माध्यमको आचरण

८७. कुनैपनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्न र प्रसारण गर्न हुँदैन।

८८. राजनीतिक दल वा उम्मेदवारलाई मतदाता माझ आफ्नो विचार, नीति तथा कार्यक्रम अभिव्यक्त गर्न मनासिब अवसर दिनु पर्नेछ।

८९. निर्वाचन तथा मतदाता शिक्षासम्बन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्राथमिकता दिनु पर्नेछ।

(ख) निःशुल्क प्रसारण सुविधा

९०. संविधानसभा सदस्यको निर्वाचनमा भाग लिने राजनीतिक दलको नीति तथा कार्यक्रम प्रचार-प्रसारको प्रयोजनको लागि आयोगले सो दललाई सो दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा खडा गरेको कुल उम्मेदवारको अनुपातमा रेडियो र टेलिभिजन प्रसारण सेवामा निःशुल्क समय उपलब्ध गराउनेछ।

९१. आयोगले दफा ९० बमोजिमको समय उपलब्ध गराउँदा देहाय बमोजिमको तीन चरणमा उपलब्ध गराउनेछ :

क) पहिलो चरणमा राजनीतिक दलको घोषणापत्र सार्वजनिक गर्नको लागि पाँचदेखि बीस मिनेटसम्म रेडियो प्रसारण सेवामा,

ख) दोस्रो चरणमा निर्वाचन प्रसारको लागि दुईदेखि पाँच मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा, र

ग) तेस्रो चरणमा प्रत्येक राजनीतिक दललाई अभिमतको लागि अन्तिमरुपमा आह्वान गर्न दफा ९३ बमोजिमको मौन अवधि शुरु हुनुअघि एक एक मिनेट टेलिभिजन प्रसारण सेवामा।

९२. दफा ९१ मा उल्लिखित चरणमा प्रसारण गरिने सामग्री सम्बन्धित दलले तयार गरी सम्बन्धित प्रसारण सेवालाई दिनु पर्नेछ।

९३. **मौन अवधिमा प्रचार-प्रसार गर्न नहुने** : आम सञ्चार माध्यमले मौन अवधिमा कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको प्रचार-प्रसार हुने गरी सूचना वा समाचार सम्प्रेषण, प्रकाशन र प्रसारण गर्नु हुँदैन। तर आयोगले प्रवाह गरेको सूचना तथा समाचार सम्प्रेषण, प्रकाशन वा प्रसारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन,

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टा देखि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुन्जेलको समय सम्झनु पर्छ।

९४. **अभिलेख राख्नु पर्ने** : आम सञ्चार माध्यमले निर्वाचनको सम्बन्धमा प्रकाशन वा प्रसारण गरेका प्रत्येक सूचना र समाचार त्यसरी प्रकाशन वा प्रसारण भएको मितिले पैंतीस दिनसम्म सुरक्षित राख्नु पर्नेछ।

९५. **सूचना तथा समाचार सम्प्रेषणको अनुगमन गर्ने** : (१) आयोगले आम सञ्चार माध्यमहरूबाट सम्प्रेषण, प्रकाशन र प्रसारण भएका निर्वाचन प्रचार-प्रसारसम्बन्धी सूचना र समाचारको नियमित अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै समाचारको सम्प्रेषण, प्रकाशन वा प्रसारणबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा त्यस्तो सूचना वा समाचार सच्याउन आयोगले सम्बन्धित सञ्चार माध्यमलाई निर्देशन दिनेछ।

(३). उपदफा (२) बमोजिमको निर्देशन प्राप्त भएपछि सम्बन्धित सञ्चार माध्यमले त्यस्तो सूचना सच्याउनु पर्नेछ।

परिच्छेद-६

५. निर्वाचन खर्च सम्बन्धी व्यवस्था

९६. **निर्वाचन खर्चको अधिकतम सीमा** : (१) निर्वाचनको खर्चको अधिकतम सीमा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको उम्मेदवारले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चको विवरण निर्वाचन परिणामको घोषणा भएको मितिले पैंतीस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिएका राजनीतिक दलले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्च सम्बन्धी विवरण अनुसूची-४ बमोजिमको ढाँचामा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतीस दिन भित्र निर्वाचन आयोग समक्ष बुझाउनु पर्नेछ।

(४) प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु, गराउनु पर्नेछ।

परिच्छेद - ७

६. आचार संहिताको कार्यान्वयन तथा अनुगमन

९७. **अनुगमन टोली गठन गर्न सक्ने** : (१) यो आचार संहिताको पालना भए नभएको जाँचबुझ वा अनुगमन गर्न आयोगले आवश्यकता अनुसार अनुगमन टोली वा अन्य संयन्त्र गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन टोली वा संयन्त्र गठन भएकोमा त्यस्तो टोली वा संयन्त्रले जाँचबुझ वा अनुगमन सम्बन्धी प्रतिवेदन आयोगले तोकिदिएको अवधिभित्र आयोगसमक्ष पेश गर्नु पर्नेछ।

९८. **आचार संहिता उल्लङ्घनको सूचना वा जानकारी दिन सकिने**: (१) यो आचार संहिताको उल्लङ्घन भएको थाहा पाउने राजनीतिक दल, उम्मेदवार वा अन्य कुनै व्यक्ति वा संस्थाले आयोग, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा दफा ९७ बमोजिमको अनुगमन टोली वा संयन्त्रमा जानकारी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना वा जानकारीबाट वा अन्य कुनै स्रोतबाट आचार संहिताको उल्लङ्घन भएको थाहा भएमा आयोग, सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सो सम्बन्धमा जाँचबुझ गर्नेछ।

तर आचार संहिताको उल्लङ्घन तत्काल रोक्नु पर्ने प्रकृतिको देखिएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य सङ्घ संस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न तत्काल आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य सङ्घ संस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) को आदेशबमोजिमको काम नभएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा मतदान अधिकृतले स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई आचार संहिताको पालना गर्न लगाउनेछ।

(५) आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले उपदफा (४) बमोजिम माग गरेको सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ।

(६) निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले आचार संहिताको उल्लंघन सम्बन्धी उजुरी र सोको कार्यान्वयनसम्बन्धी विवरण निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ।

(७) यो आचार संहिता पालना गर्नुपर्ने निकाय, अधिकारी, संस्था वा व्यक्तिले पालना नगरेमा सोको जानकारी आयोगले सञ्चार माध्यममार्फत् सर्वसाधारणलाई जानकारी गराउनेछ।

(८) कर्मचारीले आचार संहिता उल्लङ्घन गरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले आवश्यक कारबाहीका लागि सोझै वा जिल्ला निर्वाचन कार्यालयमार्फत् निर्वाचन आयोगमा लेखि पठाउनुपर्ने छ।

परिच्छेद - ८

७. विविध

९९. **प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्ने** : कुनै राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले निर्वाचन प्रचार-प्रसार गर्दा कुनै व्यक्ति वा समूहले त्यस्तो प्रचार-प्रसारमा बाधा अवरोध पुऱ्याएमा त्यस्ता व्यक्ति वा समूहउपर प्रचलित कानूनबमोजिम कारबाही गर्न त्यस्तो दल, उम्मेदवार र व्यक्तिले स्थानीय प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्नेछ। त्यस्तो व्यक्ति उपर आफैंले कुनै किसिमको कारबाही गर्नु हुँदैन।

१००. **प्रचार-प्रसार लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिमैत्री हुनु पर्ने:** (१) निर्वाचन प्रचार-प्रसार गर्दा लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिहरूप्रति संवेदनशील भएर गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि महिला तथा फरक किसिमले सक्षमता भएका उम्मेदवारको आत्म सम्मानमा ठेस पुग्ने तथा चरित्र हत्या गर्ने काम गर्नु हुदैन।

१०१. **मत सर्वेक्षण गर्न गराउन नहुने** : कसैले पनि उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदानको कार्य समाप्त नभएसम्म कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको परिणामका सम्बन्धमा मत सर्वेक्षण गर्न र उम्मेदवारको मनोनयन दर्ता हुनुअघि नै यस्तो मत सर्वेक्षण गरिएको रहेछ भने उम्मेदवारको मनोनयन दर्ता भएपछि मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो मत सर्वेक्षणको परिणाम समेत प्रकाशन गर्नु हुँदैन।

१०२. **अनुगमनसम्बन्धी विवरण प्रकाशन गर्नुपर्ने** : आयोगले यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा गरेको अनुगमन सम्बन्धी विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

१०३. **बाधा अड्काउ फुकाउन सक्ने** : यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा आयोगले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१०४. **खारेजी** : संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ खारेज गरिएको छ।

द्रष्टव्य: आचार संहिता उल्लंघन गरेमा हुने सजाय (निर्वाचन आयोग ऐन, २०६३ को दफा २९)

कसैबाट आचार संहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नको लागि निर्वाचन आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिनेछ र त्यस्तो आदेशबमोजिम काम कारवाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने एवम् आचार संहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने।

निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरेमा वा खर्चको विवरण आयोग समक्ष पेश नगरेमा आयोगले निर्वाचन खर्चको विवरण पेश गर्नु पर्ने दायीत्व भएको व्यक्तिलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्ने र खर्चको लेखा परीक्षण प्रतिवेदनको आधारमा अनुचित तवरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्तिलाई तत्कालै देखि लागू हुने गरी बढीमा ६ बर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्न सक्ने र यसरी निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वत: बदर हुने (निर्वाचन आयोग ऐन, २०६३ को दफा ३१)।

अनुसूची

सवारी सङ्ख्या १/२

(दफा ४० सँग सम्बन्धित)
सवारी साधन प्रयोग गर्ने निस्सा
निर्वाचन अधिकृतको कार्यालय
निर्वाचन क्षेत्र नं.....
जिल्ला.....

सवारी साधन धनीको नाम, थर, वतन : .....
सवारी साधन दर्ता नं : .....
सवारी साधन दर्ता इजाजत पत्र प्राप्त गरेको जिल्ला/अञ्चल .....
सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम, थर, वतन.....
राजनीतिक दलको नाम .....
अनुमति वहाल रहने अवधि .....

अनुसूची

दफा ९६ को उपदफा (१),(२) र (३) सँग सम्बन्धित
निर्वाचन खर्चको सीमा

क. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको अधिकतम सीमा

१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारले जम्मा दश लाख रुपैंया खर्च गर्न सक्नेछ।

२. प्रकरण नं. १ मा उल्लिखित खर्च देहायका शीर्षकमा गर्न सकिने छ।

क्र.सं.	खर्च शीर्षक	खर्च रु.
१.	मतदाता नामावली खरिद	
२.	सवारी साधन - १/घोडा - २	
३.	सवारी इन्धन/दाना	
४.	पर्चा छपाई	
५.	ढुवानी	
६.	आमसभा, गोष्ठी	
७.	अन्य प्रचार-प्रसार छापा एवं विद्युतीय माध्यम	
८.	कार्यालय सञ्चालन	
९.	कार्यकर्ता परिचालन	
१०.	बुथ खर्च	
११.	विविध	
	जम्मा :	

ख. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले आफूले पेश गरेको बन्द सूचीमा उम्मेदवारी दिएको उम्मेदवारको सङ्ख्या अनुसार प्रति उम्मेदवार रु. पचहत्तर हजारका दरले हुन आउने रकम सम्म खर्च गर्न सक्नेछ।

अनुसूची

दफा ९६ को उपदफा (२) सँग सम्बन्धित
निर्वाचन खर्चको विवरण

श्री जिल्ला निर्वाचन कार्यालय,
..... जिल्ला,

संविधानसभा सदस्यको निर्वाचनको लागि ..... जिल्ला, निर्वाचन क्षेत्र नं. ..... बाट म/श्री/श्रीमती/सुश्री ..... उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ६९ को उपदफा (४) तथा संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा ९६ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :

क्र.सं.	खर्चको शीर्षक	कार्य परिमाण	खर्चको रकम	कैफियत
१.	मतदाता नामावली खरिद			
२.	सवारी साधन/घोडा			
३.	सवारी इन्धन/दाना			
४.	पर्चा छपाई			
५.	ढुवानी			
६.	आमसभा, गोष्ठी			
७.	अन्य प्रचार-प्रसार छापा एवं विद्युतीय माध्यम			
८.	कार्यालय सञ्चालन			
९.	कार्यकर्ता परिचालन			
१०.	बुथ खर्च			
११.	विविध			
	कूल जम्मा			

अनुसूची

दफा ९६ को उपदफा (३) सँग सम्बन्धित.
निर्वाचन खर्चको विवरण

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं।

संविधानसभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ..... राजनीतिक दलले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ६९ को उपदफा (४) तथा संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा ९६ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :

क्र.सं.	खर्चको शीर्षक	कार्य परिमाण	खर्चको रकम	कैफियत
१.	मतदाता नामावली खरिद			
२.	सवारी साधन/घोडा			
३.	सवारी इन्धन/दाना			
४.	पर्चा छपाई			
५.	ढुवानी			
६.	आमसभा, गोष्ठी			
७.	अन्य प्रचार-प्रसार छापा एवं विद्युतीय माध्यम			
८.	कार्यालय सञ्चालन			
९.	कार्यकर्ता परिचालन			
१०.	बुथ खर्च			
११.	विविध			
	कूल जम्मा			

सही :
नाम, थर :
राजनीतिक दलको नाम :
पद :
मिति :

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३

प्रमाणीकरण र प्रकाशन मिति
२०६४।१२।१२

२०६३ सालको ऐन नं. २

निर्वाचन कसूर र सजाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : निर्वाचन कसूर र सजाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ।

परिच्छेद-१ : प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "निर्वाचन (कसूर र सजाय) ऐन, २०६३" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रस ले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ।

(ख) "निर्वाचन" भन्नाले संविधान सभाको सदस्यको निर्वाचन वा प्रचलित कानून बमोजिम हुने अन्य निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचन समेतलाई जनाउँछ।

(ग) "निर्वाचन अवधि" भन्नाले उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ।

(घ) "उम्मेदवार" भन्नाले उम्मेदवारको सूचीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "राजनैतिक दल" भन्नाले निर्वाचनको प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भएका राजनैतिक दल सम्झनु पर्छ।

(च) "मतदाता" भन्नाले निर्वाचनको लागि प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(छ) "मतदानको अधिकार" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिले सम्बन्धित निर्वाचनमा मत दिन पाउने अधिकार सम्झनु पर्छ।

(ज) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(झ) "निर्वाचन क्षेत्र" भन्नाले निर्वाचनका लागि प्रचलित कानून बमोजिम तोकिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(ञ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना गरिएको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले उपकेन्द्र समेतलाई जनाउँछ।

(ट) "निर्वाचन अधिकृत" भन्नाले आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृत समेतलाई जनाउँछ।

(ठ) "मतदान अधिकृत" भन्नाले आयोगबाट नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृत समेतलाई जनाउँछ।

(ड) "मतदाता नामावली" भन्नाले प्रचलित कानून बमोजिम मतदाताको विवरण सहित तयार गरिएको मतदाता नामावली सम्झनु पर्छ।

(ढ) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि आयोगले तोके बमोजिमको ढाँचाको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यस्तो मतदानमा प्रयोग गरेको विद्युतीय उपकरण र मत सङ्केत समेतलाई जनाउँछ।

(ण) "मतपेटिका" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई सुरक्षित रुपमा राख्ने विद्युतीय उपकरण समेतलाई जनाउँछ।

(त) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी निर्वाचनसँग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्नका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालत सम्झनु

पर्छ र सो शब्दले संविधान सभाको निर्वाचनको हकमा संविधानको धारा ११८ बमोजिम गठन हुने संविधान सभा अदालत समेतलाई जनाउँछ।

(थ) "अनुसन्धान अधिकारी" भन्नाले यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान तथा तहकिकात गर्न आयोगले दफा २३ को उपदफा (१) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ।

(द) "अनुगमन टोली" भन्नाले निर्वाचनको काम कारबाहीको अनुगमन गर्न आयोगले प्रचलित कानून बमोजिम गठन गरेको अनुगमन टोली सम्झनु पर्छ।

परिच्छेद-२ : निर्वाचन सम्बन्धी कसूर

३. **अनधिकृत व्यक्तिले मतदान गर्न नहुने** : कसैले पनि मतदानको लागि अर्काको नामबाट मतपत्र लिन वा मतदान गर्न वा गराउन हुँदैन।

४. **प्रभाव पार्न नहुने** : निर्वाचनको सिलसिलामा कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले देहायका कुनै काम गरी निर्वाचनमा कुनै उम्मेदवार वा मतदातालाई वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्तिलाई कुनै किसिमको प्रभाव पार्न हुँदैन :-

(क) कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम निर्वाचनको प्रचार-प्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याउने वा थुनछेक गर्ने वा गराउने,

(ख) कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने,

(ग) कुनै किसिमको क्षति पुऱ्याउने,

(घ) कुनै किसिमको धाक, धम्की वा डर त्रास देखाउने,

(ङ) सामाजिक वहिष्कार गर्न धम्की दिने,

(च) कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने,

(छ) धर्म भकाउने वा प्रतिज्ञा गराउने।

५. **चरित्र हनन गर्न नहुने** : कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको चरित्र वा आचरणको सम्बन्धमा कुनै कुराको आरोप लगाई कुनै पनि किसिमले चरित्र हनन गर्नु वा गराउनु हुँदैन।

६. **प्रचार-प्रसार गर्न नहुने** : निर्वाचनको सिलसिलामा कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले त्यस्तो राजनैतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचार-प्रसार गर्दा गराउँदा देहायका कुनै उद्देश्यले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन :-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्ने,

(ख) जनतामा निहित राजकीय सत्ता वा बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्रमा प्रतिकूल प्रभाव पार्ने,

(ग) कुनै धर्म, जात जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल हुने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने,

(घ) प्रचलित कानून बमोजिम कसूर ठहरिने कार्य गर्न उक्साउने।

७. **नगद वा जिन्सी लिन वा दिन नहुने** : कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्न वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत उपहार, पुरस्कार, इनाम, दान-दातव्य वा बकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मञ्जुर गर्न र मतदाताले पनि सो रुपमा आफ्नो वा अरु कसैको निमित्त यस्तो नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्नु हुँदैन।

८. **कर्मचारीले निर्वाचनमा प्रभाव पार्न नहुने** : निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी वा पदाधिकारी वा सुरक्षाकर्मी वा आयोगले

खटाएको पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन।

९. **शान्ति भङ्ग गर्न नहुने** : कुनै निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि सो मतदान कार्य समाप्त नभएसम्म कसैले मतदानको काममा वा मतदातालाई वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र त्यसको दुई सय मिटर वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा गराउन हुँदैन :-

(क) लाउडस्पीकर, मेगाफोन वा यस्तै अन्य कुनै यन्त्र प्रयोग गर्न,

(ख) वाद्य-वादन बजाउन, नाच-गान गर्न, सार्वजनिक भोज भतेर गर्न, जुलुस प्रदर्शन गर्न वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हो-हल्ला वा हुल-हुज्जत गर्न वा गराउन।

१०. **हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने** : सुरक्षाको काममा खटिएका सुरक्षाकर्मीले कानून बमोजिम लिन पाउने हातहतियार बाहेक अन्य कुनै पनि व्यक्तिले मतदान केन्द्र वा मतगणनास्थल र सोको वरिपरि कुनै प्रकारको विष्फोटक पदार्थ वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा विष्फोटन गर्न गराउन हुँदैन।

११. **निषेधित व्यवहार** : कुनै पनि व्यक्तिले देहायका कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) निर्वाचन सम्बन्धी काममा संलग्न कुनै व्यक्ति वा कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न,

(ख) कुनै मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिन्ह वा सङ्केत मेट्न, केरमेट गर्न, सच्याउन, कीर्ते गर्न, बिगार्न वा च्यात्न,

(ग) कुनै मतदाताले मतदान गर्न कानून बमोजिम आफूले प्राप्त गरेको मतपत्र कुनै व्यक्तिलाई कुनै किसिमले दिन वा आफूले खसाल्न अधिकार पाएको मतपत्र बाहेक अरु कुनै कुरा मतपेटिकामा खसाल्न,

(घ) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपत्र वा अन्य कुनै कागजात कुनै किसिमको बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, चोर्न, च्यात्न वा अन्य कुनै प्रकारले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न,

(ङ) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपेटिका कुनै किसिमको बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, चोर्न, बिगार्न, त्यसमा प्रयोग भएको सील तोड्न, अनधिकृत रुपमा खोल्न वा कुनै किसिमले नष्ट गर्न,

(च) मतदान अधिकृतको स्वीकृतिबिना मतदानको अवधिभित्र मतपेटिका, मतपत्र, मत सङ्केत गर्ने छाप, छापदानी, मसी वा मतदानको लागि प्रयोग हुने वा प्रयोग भएको अन्य कुनै सामान मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान,

(छ) मतपत्रमा मत सङ्केत गरिसकेपछि सो मतपत्र कसैलाई देखाउन वा प्रदर्शन गर्न, (ज) निर्वाचनको काममा संलग्न कर्मचारीहरुलाई निजहरुको काममा कुनै पनि प्रकारले कुनै किसिमको बाधा पार्न।

१२. **गैरकानूनी तवरले मतपत्र लिन वा दिन नहुने** : (१) कसैले कसैलाई नगद, जिन्सी, सेवा वा कुनै प्रकारको लोभ दिई वा दिन मञ्जुर गरी वा कुनै किसिमको डर, त्रास, धाक वा धम्की दिई वा कुनै किसिमको बल प्रयोग गरी वा नगरी गैरकानूनी तवरले मतदान गर्नको लागि कसैबाट मतपत्र प्राप्त गर्न वा गराउन हुँदैन।

(२) मतपत्र जिम्मा लिने अधिकारप्राप्त अधिकारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मञ्जुर गरी वा नगरी त्यस्तो मतपत्र अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।

१३. **निर्वाचन सम्बन्धी प्रचार-प्रसार** : (१) निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र र को सामान्य पर्चा वितरण बाहेक पोष्टर, भित्ते लेखन, तुल, व्यानर प्रयोग गर्न वा गराउन वा छाप्न वा छपाउन हुँदैन।

(२) निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र माइक तथा लाउडस्पिकर प्रयोग गर्न पाइने छैन।

(३) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि उपदफा (१) बमोजिम तयार पारिएको पर्चामा मुद्रण गर्ने

छापाखानाको तथा मुद्रण गर्न लगाउने राजनैतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख हुनु पर्नेछ।

(४) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक, सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुँदैन।

(५) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि कसैले पनि कसैको निजी घर, पसल, पर्खाल वा अन्य बनोटमा त्यसको धनीको स्वीकृति नलिई कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन।

(६) मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म निर्वाचन क्षेत्रभित्र कसैले कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन।

१४. **अनधिकृत रुपमा प्रवेश गर्न वा मतगणना वा निर्वाचनको अन्य काममा बाधा पुऱ्याउन नहुने** : (१) उम्मेदवार वा निजको प्रतिनिधि वा आयोगबाट अनुमतिप्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणनास्थलमा प्रवेश गर्न हुँदैन।

(२) कुनै पनि व्यक्तिले निर्वाचनको मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचन सम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमतिबिना मतगणनास्थलबाट अन्यत्र लैजान वा मतगणना वा निर्वाचन सम्बन्धी अन्य कुनै काममा कुनै प्रकारले कुनै किसिमको बाधा पुऱ्याउन हुँदैन।

१५. **गोप्यता भङ्ग गर्न नहुने** : निर्वाचनमा निर्वाचन अधिकृत, मतदान अधिकृत, आयोगले खटाएको निर्वाचनको काममा संलग्न अन्य कुनै कर्मचारी वा सुरक्षाकर्मी वा आयोगले खटाएको पर्यवेक्षक वा अनुगमनकर्ता वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुन उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रबाट मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी गोप्यता भङ्ग गर्न वा गराउन हुँदैन।

तर निर्वाचन अधिकृत वा निजबाट अधिकारप्राप्त अधिकारीले मतगणनाको सिलसिलामा उम्मेदवारहरुले पाएको मतसंख्या सार्वजनिक रुपमा जानकारी गराउन वा त्यस्तो जानकारीको आधारमा भन्न, लेख्न वा प्रकाशन गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

१६. **सवारी साधनको प्रयोग** : (१) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनैतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले अनुमति दिएको संख्याभन्दा बढी सवारी साधन प्रयोग गर्नु वा गराउनु हुँदैन।

(२) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनैतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा अन्य कुनै व्यक्तिले सरकारी वा सरकारी स्वामित्व भएको संस्था वा स्थानीय निकायको सवारी साधनको प्रयोग गर्नु वा गराउनु हुँदैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राजनैतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा निर्वाचनको कामसँग सम्बन्धित पर्यवेक्षक, मानव अधिकारवादी, पत्रकार वा त्यस्तै अन्य कुनै व्यक्तिले आयोगले अनुमति दिएको अवस्थामा मात्र मतदानको दिन सवारी साधनको प्रयोग गर्न सक्नेछ।

१७. **उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने** : कसैले पनि यस परिच्छेद बमोजिमको कसूर गर्ने उद्योग गर्न, मद्दत वा दुरुत्साहन गर्न हुँदैन।

१८. **गिरफ्तार गर्न सकिने** : (१) निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले मतदान कार्यमा वा मतगणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा सो गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ।

(२) दफा ३, ९, १०, ११, १२ वा दफा १४ मा निषेध गरिएको कुनै काम गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिम निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालन गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दिएको आदेश पालना नगरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले त्यस्तो सुरक्षाकर्मीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ।

परिच्छेद-३ : दण्ड सजाय

१९. **तत्काल जरिबाना गर्न सक्ने** : (१) कुनै व्यक्तिले देहायका काम कारबाही गरेमा देहायका अधिकारीले तत्काल कसूरको मात्रा हेरी पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ :-

(क) गैरनेपाली नागरिकले मतदान गरेको बाहेक दफा ३ वा दफा ११ को खण्ड (ख), (ग), (च) र (छ) विपरीत काम कारबाही गरेमा मतदान अधिकृतले,

(ख) दफा ९ वा दफा ११ को खण्ड (घ) र (ङ) विपरीत काम कारबाही गरेमा मतदान अधिकृत वा अनुगमन टोलीले,

(ग) दफा १० वा दफा ११ को खण्ड (क) र (ज) वा दफा १३ वा दफा १४ वा दफा १६ विपरीत काम कारबाही गरेमा निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमन टोलीले।

(२) उपदफा (१) बमोजिम जरिबाना गरेको रकम बुझाएपछि जरिबाना गर्ने अधिकारीले सो जरिबाना बुझाए बापतको रसिद तत्काल सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने अधिकारीले गरेको जरिबानाउपर चित्त नबुझाउने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम जरिबाना नबुझाउने व्यक्तिलाई जरिबाना गर्ने अधिकारीले जरिबानाको रकम बापत प्रचलित कानून बमोजिम कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा बुझाइदिनु पर्नेछ।

(५) कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले दफा १६ विपरीत सवारी साधन प्रयोग गरेकोमा उपदफा (१) को खण्ड (ग) बमोजिम जरिबाना गर्ने अधिकारीले त्यस्तो सवारी साधन निर्वाचन अवधिभरका लागि कब्जामा लिई त्यस्तो सवारी साधन सरकारी वा सरकारी स्वामित्व रहेको संस्था वा स्थानीय निकायको रहेछ भने त्यस्तो सवारी साधन प्रयोग गर्न दिने अधिकारीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ।

(६) कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले दफा १३ विपरीत पर्चा वा पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गरेमा उपदफा (१) को खण्ड (ग) बमोजिम जरिबाना गर्ने अधिकारीले त्यस्तो पर्चा वा पोष्टर, तुल, ब्यानर जफत गर्नेछ र त्यस्तो पर्चा पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्ने आदेश दिनेछ।

(७) उपदफा (६) बमोजिम दिएको आदेश पालना नगर्ने उम्मेदवारलाई उपदफा (१) को खण्ड (ग) बमोजिम जरिबाना गर्ने अधिकारीले थप दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गरेको स्थानलाई दुरुस्त बनाउन लागेको खर्च निजबाट असूलउपर गर्न सक्नेछ।

(८) कसैले मतपत्रमा सङ्केत गरिसकेपछि सो मतपत्र कसैलाई देखाए वा प्रदर्शन गरेमा त्यस्तो व्यक्तिलाई उपदफा (१) को खण्ड (क) बमोजिम जरिबाना गर्ने अधिकारीले जरिबाना गर्दा त्यस्तो मतपत्र मतपेटिकामा खसालिनसकेको भए सो मतपत्रलाई छुट्टै खाममा राखी सो खाममा सोही व्यहोरा उल्लेख गरी सीलबन्दी गरी मुचुल्का खडा गरी राख्नु पर्नेछ र त्यस्तो मतपत्र गणना गरिने छैन।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम जरिबाना गर्ने कुनै अधिकारीले कुनै कसूरको सम्बन्धमा एकपटक जरिबाना गरिसकेपछि सोही कसूर बापत यस दफा बमोजिम जरिबाना गर्ने अन्य अधिकारीले पुनः जरिबाना गर्न सक्ने छैन।

२०. **सार्वजनिक गर्नु पर्ने** : दफा १९ बमोजिम जरिबाना गर्ने अधिकारीले कुनै व्यक्तिलाई जरिबाना गर्दा सो व्यक्तिले गरेको कसूर तथा निजलाई गरिएको जरिबानाका सम्बन्धमा पत्रपत्रिका वा कुनै सञ्चार माध्यमबाट सो व्यहोरा सर्वसाधारणको जानकारीको लागि तत्काल सार्वजनिक गर्नु पर्नेछ।

२१. **दण्ड सजाय** : (१) कुनै व्यक्तिले दफा ४, ५, ६, ७, ८, १२ वा दफा १५ विपरीत कुनै काम गरेमा कसूरको मात्रा अनुसार निजलाई दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२) गैर नेपाली नागरिकले मतदान गरेकोमा निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद

वा दुवै सजाय हुनेछ।

(३) दफा ४, ५, ६, ७, ८, १२ वा दफा १५ बमोजिमको कसूर गर्न वा गराउन उद्योग गर्ने, मद्दत गर्ने वा दुरुत्साहन गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

२२. **अन्य प्रचलित कानून बमोजिम सजाय हुन सक्ने** : यस परिच्छेद बमोजिम कसूर ठहरिने कुनै काम कारबाही अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर बापत कानून बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-४ : मुद्दाको कारबाही तथा किनारा

२३. **मुद्दाको अनुसन्धान र दायरी** : (१) दफा २१ अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान तथा तहकिकात आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको अनुसन्धान तथा तहकिकातको सिलसिलामा अनुसन्धान अधिकारीले पर्याप्त सबुद प्रमाणको आधारमा कसूरमा संलग्न रहेको शङ्का लागेको व्यक्तिलाई प्रचलित कानून बमोजिम पक्राउ गर्न सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्राउ परेका व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र अनुसन्धान तथा तहकिकात पूरा नहुने भई निजलाई हिरासतमा राखी अनुसन्धान तहकिकात जारी राख्नु पर्ने पर्याप्त कारण भएमा अनुसन्धान अधिकारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतको अनुमति लिएर मात्र अनुसन्धानको लागि हिरासतमा राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति मागेमा अदालतले अनुसन्धान तथा तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको र हिरासतमा राख्नु पर्ने कारण समेतलाई विचार गरी सन्तोषजनक रुपमा अनुसन्धान तथा तहकिकात भैरहेको र हिरासतमा राख्नु पर्ने पर्याप्त आधार देखिएमा एकैपटक वा पटक-पटक गरी बढीमा पन्ध्र दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

(५) यस दफा बमोजिम अनुसन्धान अधिकारीले दिएको आदेश पालना गर्नु सम्बन्धित प्रहरी कार्यालयको कर्तव्य हुनेछ। यसरी दिएको आदेश पालना नगरेमा अनुसन्धान अधिकारीले त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम कुनै व्यक्तिउपर मुद्दा चलाउनु पर्ने देखिएमा अनुसन्धान अधिकारीले कसूर गरेको मितिले साठी दिनभित्र अदालतमा अभियोगपत्र दायर गराइसक्नु पर्नेछ।

तर प्रतिवादी हिरासतमा रहेको अवस्थामा भने मुद्दा चल्ने देखिएमा बढीमा पन्ध्र दिनसम्म अभियोगपत्र दायर गरिसक्नु पर्नेछ।

(७) अनुसन्धान तथा तहकिकातको काम पूरा भएपछि अदालतमा अभियोगपत्र दायर गर्ने म्याद ननाघ्ने गरी अनुसन्धान अधिकारीले आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम मिसिल प्राप्त भएपछि सरकारी वकिलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ र सरकारी वकिलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र तयार गरी अनुसन्धान अधिकारीले अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(९) यस ऐन अन्तर्गत अनुसन्धान अधिकारीले दायर गरेको मुद्दाको प्रतिरक्षा सरकारी वकिलबाट हुनेछ।

२४. **नेपाल सरकार वादी हुने** : दफा २१ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ।

२५. **मुद्दाको कारवाही तथा किनारा** : (१) संविधान सभा सदस्य निर्वाचनका सम्बन्धमा दफा २१ बमोजिम सजाय हुने कसूर र परिच्छेद-५ बमोजिम सो निर्वाचन बदर सम्बन्धी मुद्दाको कारवाही तथा किनारा संविधान सभा अदालतले गर्नेछ।

(२) संविधान सभा सदस्य निर्वाचन बाहेक अन्य निर्वाचनका सम्बन्धमा दफा २१ बमोजिम सजाय हुने कसूर र परिच्छेद-५ बमोजिम सो निर्वाचन बदर सम्बन्धी मुद्दाको कारवाही तथा किनारा संविधान सभा अदालत बाहेक यस ऐन बमोजिम तोकिएको अन्य अदालतले गर्नेछ।

(३) उपदफा (२) बमोजिमको अदालतले गरेको निर्णय उपर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन

गरी तोकेको अदालतमा पुनरावेदन लाग्नेछ र त्यसरी तोकेको अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

२६. **मुद्दाको कार्यविधि** : संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ३ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा सो ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

परिच्छेद-५ : निर्वाचन बदर सम्बन्धी व्यवस्था

२७. **निर्वाचन बदर गर्न उजुर दिन सक्ने** : (१) सम्बन्धित उम्मेदवारले देहायका कुनै आधारमा निर्वाचन बदर गरी पाऊँ भनी उजुर गर्नु पर्ने कारण श्रृजना भएको मितिले पन्ध्र दिनभित्र आयोगले तोकिदिएको जिल्ला निर्वाचन अधिकारी मार्फत वा सोझै अदालतमा उजुरी दिन सक्नेछ :-

(क) निर्वाचनमा व्यापक रुपमा दफा ३, ४, ५, ६, ७, ८, १० वा दफा ११ को खण्ड (ख), (ग), (घ), (ङ) वा (ज), दफा १२ वा १४ को विपरीत काम कारबाही भएकोले निर्वाचन निष्पक्ष नभएको,

(ख) निर्वाचनमा कुनै व्यक्तिले उम्मेदवार हुनको लागि दिएको मनोनयनपत्र सदर हुनु पर्नेमा सदर नभएको वा बदर वा खारेज हुनु पर्नेमा बदर वा खारेज नभएकोले सो निर्वाचनको नतिजामा फरक परेको,

(ग) निर्वाचित उम्मेदवारले निर्वाचनमा प्रचलित कानून बमोजिम तोकिएको हदभन्दा बढी खर्च गरेको वा निजले अस्वाभाविक वा गैरकानूनी तवरले गैरकानूनी प्रयोजनको लागि अनुचित वा गैरकानूनी तवरले खर्च गरेको।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा अदालतले निर्वाचित उम्मेदवारको निर्वाचन बदर गर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराहरु प्रमाणित भएमा सम्पूर्ण निर्वाचन वा निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने छैन।

(क) उपदफा (१) को खण्ड (क) वा दफा ४, ५, ६ वा ७ मा लेखिएको कुनै काम कारबाही निर्वाचित उम्मेदवार वा निजको प्रतिनिधिको जानकारी वा अनुमतिबिना भएको वा निजले सो निर्वाचनमा त्यस्तो काम कारबाही हुन नदिने प्रयत्न गरेको थियो, वा

(ख) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको कुनै काम कारबाहीबाट निर्वाचनको परिणाममा वास्तविक रुपमा असर परेको छैन।

२८. **दोहोऱ्याइ मतगणना हुन सक्ने** : (१) कुनै निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायका कुराको आधारमा मतगणना कार्य बदर गरी पाऊँ भनी उजुर गर्नु पर्ने कारण सिर्जना भएको मितिले पन्ध्र दिन भित्र आयोगले तोकिदिएको जिल्ला निर्वाचन अधिकारी मार्फत वा सोझै अदालतमा उजुरी दिन सक्नेछ :-

(क) आफू वा अन्य कुनै उम्मेदवारले बहुमत प्राप्त गरेको भए तापनि अर्को उम्मेदवारले गैरकानूनी तरीकाले बहुमत प्राप्त गरी विजयी भएको,

(ख) बदर हुने मतपत्र बदर नगरेको वा कानून बमोजिम सदर हुने मतपत्र सदर नगरेको, (ग) कानून बमोजिम मतगणना गर्नु पर्नेमा सो बमोजिम नगरी मतगणना गरेको।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा अदालतले त्यस्तो मतगणना कार्य बदर गरी दोहोऱ्याइ मतगणना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम दोहोऱ्याइ मतगणना गर्दा उजुरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवारले बहुमत पाएको प्रमाणित भई सो कारणले निर्वाचन परिणाम फरक पर्ने देखिएमा निर्वाचित उम्मेदवारको निर्वाचन परिणाम बदर हुनेछ र अदालतले उजुरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवार कानून बमोजिम निर्वाचित भएको निर्णय गर्नेछ।

२९. **मत बराबर भएमा गर्ने** : (१) दफा २७ वा २८ बमोजिमको उजुरीको कारबाहीको सिलसिलामा अदालतले दोहोऱ्याइ मतगणना गर्दा सम्बन्धित निर्वाचन क्षेत्रका सबै उम्मेदवारहरुले पाएको मत गणना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

तर मतगणनाको रीतपूर्वक जानकारी दिएकोमा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मतगणना गर्न बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम मतगणना गर्दा दुई वा दुईभन्दा बढी उम्मेदवारहरुले पाएको मतसंख्या बराबर हुन आएमा अदालतले मत बराबर पाउने उम्मेदवारहरुबीच गोला हाली निर्णय गर्नु पर्नेछ र सो निर्णय बमोजिम

छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरी निर्वाचित भएको मानिनेछ।

३०. **प्रमाण नलाग्ने** : यस ऐन बमोजिमको मुद्दाको कारबाहीको सिलसिलामा अदालतले सोधेको कुनै प्रश्नको सम्बन्धमा कुनै साक्षीले दिएको जवाफलाई निजको विरुद्धमा चलेको कुनै मुद्दामा प्रमाण लाग्ने छैन र प्रमाणको रुपमा पेश गर्न पाइने छैन।

३१. **उजुरी फिर्ता लिन सक्ने** : उजुरवालाले दफा २७ वा २८ बमोजिम दिएको उजुरी अदालतको अनुमतिले फिर्ता लिन सक्नेछ।

तर कुनै अनुचित लाभको लागि उजुरी फिर्ता लिन निवेदन दिएको हो भन्ने अदालतलाई लागेमा सो उजुरी फिर्ता लिन अनुमति दिने छैन।

परिच्छेद-६ : विविध

३२. **मतदान गरेको विषयमा नसोधिने** : यो ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कुनै मुद्दा-मामिला वा कानूनी कारबाहीमा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोधिने छैन।

३३. **धरौटी राख्नु पर्ने** : (१) दफा २७ वा २८ बमोजिम उजुरी दिँदा दश हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ।

(२) उजुरी झुट्टा ठहरेमा उपदफा (१) बमोजिमको धरौटी जफत हुनेछ।

३४. **खारेजी** : निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ खारेज गरिएको छ।

संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७०

प्रमाणिकरण र राजपत्रमा प्रकाशन मिति
२०७०।२।३१

सम्वत् २०७० सालको अध्यादेश नं. ४

संविधान सभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको

अध्यादेश

प्रस्तावना : सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनताले आफ्नो लागि आफैँले नयाँ संविधानको निर्माण गर्ने प्रयोजनका लागि संविधान सभाको गठन गर्न संविधान सभा सदस्यको निर्वाचन तथा निर्वाचन प्रणाली र निर्वाचन प्रक्रियाका सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,
नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएकोछ।

परिच्छेद-१ : प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७०" रहेकोछ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रस ले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "**अदालत**" भन्नाले संविधानको धारा ११८ बमोजिम गठन भएको संविधान सभा अदालत सम्झनु पर्छ।

(ख) "**आयोग**" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ग) "**उम्मेदवार**" भन्नाले दफा २१ बमोजिम संविधान सभाको सदस्यमा उम्मेदवार हुन मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि राजनैतिक दलले दफा ७ बमोजिम आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति समेतलाई जनाउँछ।

(घ) "**उम्मेदवारको बन्दसूची**" भन्नाले सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका निमित्त महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवारी दिने प्रयोजनका लागि राजनैतिक दलले उम्मेदवारको नाम समावेश गरी दफा ७ बमोजिम आयोग समक्ष पेश गरेको सूची सम्झनु पर्छ।

(ङ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियममा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "**निर्वाचन**" भन्नाले यस अध्यादेश बमोजिम हुने संविधान सभाका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित भई आएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचन समेतलाई जनाउँछ।

(छ) "**निर्वाचन अधिकृत**" भन्नाले आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृत समेतलाई जनाउँछ।

(ज) "**निर्वाचन क्षेत्र**" भन्नाले दफा ३ बमोजिमको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(झ) "**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली**" भन्नाले दफा ५ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ।

(ञ) "**मतदाता**" भन्नाले निर्वाचनको लागि प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ट) "**मतपत्र**" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको दफा ३५ बमोजिमको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो मतदानमा प्रयोग

हुने विद्युतीय उपकरण र प्रदान गरेको मत सङ्केत समेतलाई जनाउँछ।

(ठ) "**मतदान अधिकृत**" भन्नाले दफा १४ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृत समेतलाई जनाउँछ।

(ड) "**मिश्रित निर्वाचन प्रणाली**" भन्नाले दफा ४ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ।

(ढ) "**राजनैतिक दल**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको राजनैतिक दल सम्झनु पर्छ।

(ण) "**सदस्य**" भन्नाले यस अध्यादेश बमोजिम निर्वाचित भएको संविधान सभाको सदस्य सम्झनु पर्छ।

(त) "**समानुपातिक निर्वाचन प्रणाली**" भन्नाले दफा ६ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ।

(थ) "**संविधान**" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ।

(द) "**संविधान सभा**" भन्नाले संविधानको धारा ६३ बमोजिम गठन हुने संविधान सभा सम्झनु पर्छ।

परिच्छेद-२ : निर्वाचन क्षेत्र तथा निर्वाचन प्रणाली

३. **निर्वाचन क्षेत्र र सदस्य सङ्ख्या** : संविधान सभा सदस्यको निर्वाचनको लागि देहायको निर्वाचन क्षेत्र र सदस्य सङ्ख्या रहनेछन् :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि दुई सय चालीस निर्वाचन क्षेत्रबाट निर्वाचित दुईसय चालीस जना सदस्य,

(ख) राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी कायम गरिएको निर्वाचन क्षेत्रबाट निर्वाचित दुईसय चालीस जना सदस्य,

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र खण्ड (क) र (ख) बमोजिमका निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिहरूमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने एघारजना सदस्य।

४. **मिश्रित निर्वाचन प्रणाली** : संविधान सभा सदस्यको निर्वाचनको लागि देहाय बमोजिमको मिश्रित निर्वाचन प्रणाली अपनाउनु पर्नेछ :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, र

(ख) राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली।

५. **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दफा ३ को खण्ड (क) बमोजिम निर्धारित निर्वाचन क्षेत्रका लागि एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार संविधान सभाको सदस्यमा निर्वाचित हुनेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा एक व्यक्तिले बढीमा दुई निर्वाचन क्षेत्रका लागि उम्मेदवारी दिन सक्नेछ। यसरी दुई निर्वाचन क्षेत्रका लागि उम्मेदवारी दिएको व्यक्ति दुवै निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र कुनै एक निर्वाचन क्षेत्रको सदस्यता कायम राखी निज निर्वाचित भएको अन्य निर्वाचन क्षेत्रको सदस्यता त्याग गर्ने गरी लिखित रुपमा संविधान सभाको अध्यक्ष समक्ष राजीनामा पेश गर्नु पर्नेछ। यसरी रिक्त हुन आएको संविधान सभाको सदस्यको स्थान निर्वाचन आयोगले तत्काल उपनिर्वाचनद्वारा पूर्ति गर्नेछ।

(३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ।

६. **समानुपातिक निर्वाचन प्रणाली** : (१) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार भएको निर्वाचनमा कुनै राजनैतिक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा सो राजनैतिक दलका तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधित्व गर्ने संविधान सभाका सदस्यहरू निर्वाचित हुनेछन्।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार उम्मेदवार हुने व्यक्तिको नाम समानुपातिक निर्वाचन प्रणाली अनुसारको सूचीमा समावेश गर्न पाइने छैन।

७. **उम्मेदवारको बन्दसूची** : (१) समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि त्यस्तो निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले आफ्नो दलको तर्फबाट उठाइने उम्मेदवारको बन्दसूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राजनैतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी त्यस्तो बन्दसूची तयार गर्नु पर्नेछ।

(३) राजनैतिक दलले उम्मेदवार सूचीकृत गर्दा अनुसूची-१ मा उल्लेख भए बमोजिम महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको जनसङ्ख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी अनुसूची-२ बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्नु पर्नेछ। यसरी महिलाको उम्मेदवारी सूचीकृत गर्दा दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त अनुरुप गर्नु पर्नेछ। मधेसीबाट उम्मेदवारी चयन गर्दा दलित, आदिवासी जनजाति र अन्य समूह समेतको जनसङ्ख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवारको सूची तयार गर्नु पर्नेछ। त्यसरी तयार गरेको उम्मेदवारको बन्दसूची आयोगले तोकेको समयावधिभित्र सम्बन्धित राजनैतिक दलले अनुसूची-२ बमोजिमको ढाँचामा आयोग समक्ष पेश गर्नु पर्नेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "जनसङ्ख्या प्रतिशतको आधार" भन्नाले संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणना बमोजिमको जनसङ्ख्या प्रतिशतको आधार सम्झनु पर्छ।

(४) उपदफा (३) बमोजिम राजनैतिक दलले उम्मेदवार सूचीकृत गर्दा उत्पीडित समूह, गरीब किसान, मजदुर र अपाङ्ग समेतका व्यक्तिको प्रतिनिधित्वलाई समुचित ध्यान पुऱ्याउनु पर्नेछ।

(५) समानुपातिक निर्वाचन प्रणाली बमोजिम दिइने महिला उम्मेदवारको सङ्ख्यामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार दिइने महिला उम्मेदवारको सङ्ख्या जोडेर कुल सङ्ख्यामा न्यूनतम एक तिहाई महिला उम्मेदवार हुनु पर्नेछ।

(६) उपदफा (३) बमोजिम दलबाट प्राप्त उम्मेदवारको बन्दसूची आयोग समक्ष पेश भएपछि समानुपातिक र समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व भए नभएको यकिन गरी सम्बन्धित राजनैतिक दललाई सात दिनभित्र सच्याउन आयोगले सुचित गर्नेछ। त्यसरी सुचित गरेपछि सम्बन्धित दलले उम्मेदवारको बन्दसूचीलाई संशोधन गरी सात दिनभित्र पठाउनु पर्नेछ र यसरी प्राप्त उम्मेदवारको बन्दसूची नै अन्तिम सूचीको रुपमा कायम हुनेछ।

(७) राजनैतिक दलले समानुपातिक निर्वाचन प्रणाली अनुसार भएको निर्वाचनमा जति मत प्राप्त गरेको छ सोही अनुपातमा उपदफा (३) बमोजिम आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम सूचीकृत भएका उम्मेदवारमध्ये सोही उपदफा बमोजिम समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयबाट छनौट भएको उम्मेदवारको नामावलीको सूची आयोगले तोकेको समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ। यसरी आयोग समक्ष प्राप्त हुन आएको उम्मेदवारको नामावलीको सूचीमा नाम समावेश भएका उम्मेदवारहरू निर्वाचित भएको घोषणा आयोगले गर्नेछ।

(८) राजनैतिक दलद्वारा उपदफा (७) बमोजिम पेश गर्ने निर्वाचित उम्मेदवारको नामावलीमा सम्बन्धित समूहको सङ्ख्या पूर्णाङ्क नभई घताङ्क रहेको अवस्थामा सम्बन्धित राजनैतिक दलले आफूले निर्वाचित घोषणा गर्न पाउने सीटमा नबढ्ने गरी त्यस्तो घताङ्क सङ्ख्याभन्दा ठीक मुनिको पूर्णाङ्क वा ठीक माथिको पूर्णाङ्क सङ्ख्यामा समूहमा नाम राखी पठाएको उम्मेदवारको नामावलीलाई निर्वाचन आयोगले मान्यता दिनेछ।

(९) उपदफा (७) बमोजिम छनौट भई आयोग समक्ष पेश भएको उम्मेदवारको नामावली उपदफा (३) बमोजिम समानुपातिक प्रतिनिधित्व भए वा नभएको सम्बन्धमा आयोगले छानबिन गर्नेछ। तर उम्मेदवारको छानबिन गर्दा प्रत्येक वर्गको कुल सङ्ख्याको दश प्रतिशतसम्मको घटिबढी भएकोमा त्यसलाई आयोगले स्वीकार गर्नेछ।

(१०) उपदफा (९) बमोजिम आयोगले छानबिन गर्दा सम्बन्धित राजनैतिक दलले छनौट गरी पेश गरेको उम्मेदवारको नामावली उपदफा (३) बमोजिम समानुपातिक प्रतिनिधित्व भएको नपाइएमा आयोगले सम्बन्धित राजनैतिक दललाई सो बमोजिम सच्याई नामावली पेश गर्न लेखी पठाउनेछ।

(११) उपदफा (१०) बमोजिम आयोगले लेखी पठाएको तीन दिनभित्र सम्बन्धित राजनैतिक दलले उपदफा (७) को प्रयोजनका लागि संशोधित नामावलीको सूची आयोग समक्ष पेश गर्नु पर्नेछ।

(१२) उपदफा (११) बमोजिम आयोग समक्ष पेश भएको उम्मेदवारको संशोधित नामावलीमा पनि उपदफा (३) बमोजिम समानुपातिक प्रतिनिधित्व भएको नपाइएमा जुन समूहको जति सङ्ख्याको उम्मेदवारको नामावली उपदफा (३) बमोजिम प्रतिनिधित्व हुने गरी उपलब्ध भएको छ समानुपातिक रुपले त्यति नै प्रतिशत स्थानमा

सम्बन्धित राजनैतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा आयोगले गर्नेछ।

तर निर्वाचित उम्मेदवारको घोषणा गर्दा प्रत्येक वर्गको कुल सङ्ख्याको दश प्रतिशतसम्मको घटिबढी भएकोमा त्यसलाई आयोगले स्वीकार गर्नेछ।

(१३) यस दफा बमोजिम उम्मेदवारहरू निर्वाचित भएको सूचना आयोगले सार्वजनिक गरी सोको जानकारी सम्बन्धित राजनैतिक दललाई समेत दिनु पर्नेछ।

(१४) यस अध्यादेश बमोजिम तयार गरी आयोगसमक्ष पेश गरिने उम्मेदवारको बन्दसूचीमा समानुपातिक निर्वाचन प्रणालीका लागि निर्धारित कुल सदस्य सङ्ख्याभन्दा बढी हुने गरी उम्मेदवारको नाम सूचीकृत गर्न पाइने छैन।

(१५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन प्रयोजनका लागि उपदफा (३) बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा र उपदफा (७) बमोजिम निर्वाचित हुने उम्मेदवारको छनौट गर्दा त्यस्तो निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कुल सदस्य सङ्ख्याको तीस प्रतिशत भन्दा कम मात्र उम्मेदवार सूचीकृत गर्ने राजनैतिक दलले अनुसूची-१ अन्तर्गत निर्धारित प्रतिशतमा महिला र पुरुषको सङ्ख्या बराबर हुने गरी दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूहको यथाशक्य प्रतिनिधित्व गराई प्रतिशत घटिबढी भएकोलाई र एकजना मात्र उम्मेदवार निर्वाचित हुने राजनैतिक दलको हकमा सम्बन्धित राजनैतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत गरेकोमध्ये कुनै उम्मेदवारलाई छनौट गरेकोमा निर्वाचन आयोगले मान्यता प्रदान गर्नु पर्नेछ।

८. **उम्मेदवारको बन्दसूची संविधान सभाको कार्यकालभर मान्य हुने** :

(१) राजनैतिक दलले दफा ७ बमोजिम आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूची संविधान सभाको कार्यकालभर मान्य हुनेछ।

(२) समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित संविधान सभाको कुनै सदस्यको मृत्यु भई वा राजीनामा दिई वा दल त्याग गरी वा अन्य कारणले पद रिक्त भएमा उम्मेदवारको बन्दसूचीमा सूचीकृतहरू मध्येबाट सम्बन्धित राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले दफा ७ को उपदफा (३) बमोजिम प्रतिनिधित्व हुने गरी छनौट गरेको उम्मेदवार निर्वाचित भएको मानिनेछ।

९. **उम्मेदवारी रद्द हुने** : समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन प्रयोजनका लागि कुनै राजनैतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवार निर्वाचन पूरा नहुँदै संविधानको धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा तत्सम्बन्धमा आवश्यक छानबिन गरी आयोगले अयोग्य भएको ठहर गरेमा त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ। तर आयोगले निर्णय गर्नु अघि सम्बन्धित उम्मेदवारलाई आफ्नो भनाई पेश गर्ने मनासिब मौका उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद-३ : निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी

१०. **निर्वाचन अधिकृतको नियुक्ति** : (१) निर्वाचनको प्रयोजनको लागि संविधान, यो अध्यादेश तथा प्रचलित कानून बमोजिम निर्वाचन क्षेत्रमा सम्पादन गर्नु पर्ने कामहरू गर्न गराउनका लागि आयोगले आवश्यकता अनुसार निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृत नियुक्त गर्दा आयोगले संविधानको धारा ११० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम न्याय परिषद्को स्वीकृति लिई न्यायाधीशलाई र न्याय सेवा आयोगको परामर्श लिई नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीलाई नियुक्त गर्न सक्नेछ।

११. **मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको निर्वाचन क्षेत्रहरूको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुनेछ।

(२) मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग र पालन समेत गर्नेछ।

१२. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) आयोगको निर्देशनको अधीनमा रही आफू खटिएको निर्वाचन क्षेत्रमा यस अध्यादेश बमोजिम निर्वाचन गराउने सम्बन्धी सम्पूर्ण काम कारवाही स्वतन्त्र र निष्पक्ष

रुपमा गर्नु गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ।

(२) निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार आयोगले जारी गरेको आदेश, निर्देशन र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(३) निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अधिकार प्रत्यायोजन गर्दा मनोनयनपत्र जाँच्ने, सदर वा बदर गर्ने वा खारेज गर्ने, मतपत्र सदर वा बदर गर्ने र मतगणना परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

१३. **सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति** : (१) निर्वाचन अधिकृतले आयोगले तोके बमोजिमको सङ्ख्यामा सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीहरू नियुक्त गर्न सक्नेछ।

(२) निर्वाचन अधिकृतले नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायको कर्मचारी वा सामुदायिक विद्यालयको शिक्षकलाई आवश्यकता अनुसार निर्वाचनको काममा खटाउन सक्नेछ।

१४. **मतदान अधिकृतको नियुक्ति** : (१) निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रका लागि आवश्यक सङ्ख्यामा नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायको कर्मचारी वा सामुदायिक विद्यालयको शिक्षकलाई मतदान अधिकृत वा सहायक मतदान अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त मतदान अधिकृत र सहायक मतदान अधिकृतले यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियम वा आदेशले तोके बमोजिमको मतदान गराउने सम्बन्धी सम्पूर्ण कार्य स्वच्छ, स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गराउनु पर्नेछ।

(३) मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार आयोगले जारी गरेको आदेश, निर्देशन र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-४ : निर्वाचनको सूचना

१५. **निर्वाचन गराउने** : आयोगले यस अध्यादेश बमोजिम हुने संविधान सभाका सदस्यको निर्वाचन संविधानको धारा ६३ को उपधारा (२) बमोजिम नेपाल सरकारले तोकेको मितिमा गराउनेछ।

१६. **निर्वाचनको सूचना** : (१) संविधान सभाको सदस्यको निर्वाचनको लागि नेपाल सरकारले संविधानको धारा ६३ को उपधारा (२) बमोजिम तोकेको मितिमा मतदान सम्पन्न गर्न आयोगले समय तोकी सोको सूचना जारी गर्नेछ र त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(२) नेपाल सरकारले भौगोलिक अवस्था, मौसम तथा अन्य परिस्थिति समेत विचार गरी एक वा एकभन्दा बढी निर्वाचन क्षेत्रमा निर्वाचनको लागि मतदान गर्न एउटै वा अलग-अलग मिति तोक्न सक्नेछ र यसरी नेपाल सरकारले तोके बमोजिम एउटै वा अलग-अलग मितिमा निर्वाचन कार्यक्रम अनुसार भएको निर्वाचन एकैपटक भएको मानिनेछ।

१७. **निर्वाचन कार्यक्रमको सूचना** : (१) दफा १६ बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि सम्बन्धित निर्वाचन अधिकृतले आयोगले निर्धारण गरेको कार्यक्रम अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवारीको दावी विरोधमा उजूरी दिने, मनोनयनपत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने मिति, समय र स्थान तोकी निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नेछ।

(२) दफा १६ बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्ने, सो उपर दावी विरोध गर्ने र अन्तिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्ने समेतका कार्यक्रम आयोगले प्रकाशन गर्नेछ।

परिच्छेद-५ : उम्मेदवार तथा मनोनयनपत्र

१८. **उम्मेदवारको योग्यता** : निर्वाचनमा उम्मेदवार हुन कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) कुनै लाभको पद धारण नगरेको।

स्पष्टीकरण : खण्ड (घ) को प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाउने अन्य कुनै पदलाई जनाउनेछ।

१९. **उम्मेदवारको अयोग्यता** : यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

(क) मतदाता नामावलीमा नाम समावेश नभएको,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई सो सजाय पाएको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरुपयोग सम्बन्धी कसूरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको,

(ङ) ज्यान सम्बन्धी मुद्दामा अदालतको अन्तीम फैसलाबाट सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय पाएको,

(च) बैङ्क तथा वित्तीय संस्थाको ऋण नियतवश नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(छ) मगज बिग्रेको।

२०. **उम्मेदवारको उमेरको गणना** : निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेरको गणना गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको हकमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र समानुपातिक निर्वाचन प्रणालीको हकमा आयोगमा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्ममा पच्चीस वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ।

२१. **उम्मेदवारको मनोनयन** : (१) संविधान र यस अध्यादेश बमोजिम उम्मेदवार हुन योग्यता पुगेको र कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा मतदाताको रुपमा नाम दर्ता भएको कुनै व्यक्तिलाई यस अध्यादेश बमोजिम हुने निर्वाचनमा तोकिए बमोजिम उम्मेदवार मनोनयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै निर्वाचन क्षेत्रको लागि उम्मेदवार मनोनयन गर्दा एकजना प्रस्तावक र एकजना समर्थक हुनु पर्नेछ। त्यस्तो प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाता हुनु पर्नेछ।

(३) निर्वाचन प्रयोजनको लागि दर्ता भएको राजनैतिक दलले खडा गरेको उम्मेदवारको सम्बन्धमा सो दलले निजलाई औपचारिक पत्र समेत दिएको हुनु पर्नेछ र त्यस्तो औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सो दलको पदाधिकारीले त्यस्तो पत्रको एक प्रति निर्वाचन अधिकृतलाई समेत पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई प्रस्ताव गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी सहीछाप समेत गर्नु पर्नेछ।

(५) कुनै व्यक्तिलाई एउटै निर्वाचन क्षेत्रको निर्वाचनको लागि बढीमा तीन मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समानुपातिक निर्वाचन प्रणाली अनुसार उम्मेदवार मनोनयन गर्दा राजनैतिक दलले यस अध्यादेश बमोजिम योग्यता पुगेको उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीमा समावेश गरी त्यस्तो बन्दसूची आयोग समक्ष पेश गरेमा उम्मेदवारको मनोनयन गरेको मानिनेछ। मनोनयन गरेका प्रत्येक उम्मेदवारको कुन ठाउँको मतदाता नामावलीमा नाम समावेश भएको छ सो र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं ठेगाना समेत उल्लेख भएको हुनु पर्नेछ।

२२. **मनोनयनपत्र प्रमाणित गर्ने अधिकारी सम्बन्धी व्यवस्था** : (१) निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनैतिक दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको राजनैतिक दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमुना सो राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले तोकेको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको लागि मनोनयनपत्र दाखिला गर्ने अन्तिम मिति भन्दा कम्तीमा सात दिन अगावै आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रीत नपुऱ्याई मनोनयनपत्र दाखिल भएको अवस्थामा त्यस्तो राजनैतिक दलको उम्मेदवारलाई सो राजनैतिक दलको उम्मेदवारको रुपमा मान्यता दिइने छैन।

२३. मनोनयनपत्रको दर्ता : (१) उम्मेदवारको मनोनयनपत्र उम्मेदवार आफैंले वा निजको प्रतिनिधिले वा प्रस्तावक वा समर्थकले सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले यस अध्यादेश बमोजिम रीतपूर्वकको छ वा छैन हेरी रीतपूर्वकको भए दर्ता गरी तोकिए बमोजिमको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ।

(३) निर्वाचन अधिकृतले प्रस्तावक वा समर्थक नभएको वा प्रस्तावक वा समर्थक दोहोरिएको वा यस अध्यादेश बमोजिमको धरौटी राखेको निस्सा नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहीछाप नभएको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई सो मनोनयनपत्र दर्ता गर्नु पर्नेछ। यसरी रीत नपुगेको कुरा सच्याउनु पर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई सोको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ।

(४) मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रकाशित सूचीमा उल्लिखित कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा उजूरी दिन चाहने उम्मेदवार वा निजको प्रतिनिधिले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजूरी दिन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि दफा २१ को उपदफा (६) बमोजिम राजनैतिक दलले उम्मेदवार मनोनयन गर्ने प्रयोजनको लागि पेश गरेको उम्मेदवारको बन्दसूची बमोजिम उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मानिनेछ।

२४. **मनोनयनपत्रको जाँच** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि दर्ता भएको मनोनयनपत्र जाँच गर्न निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा प्रस्तावक, समर्थक वा उम्मेदवार स्वयं वा निजले लिखित रुपमा अधिकार दिएको एकजना प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) मा उल्लेख गरिएका व्यक्तिहरू समक्ष त्यस्ता सम्पूर्ण उम्मेदवारहरूको मनोनयनपत्र जाँच गर्नेछ।

तर त्यसरी उपस्थित हुनु पर्ने कुनै प्रस्तावक, समर्थक वा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो सम्बन्धमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम उम्मेदवारहरूको मनोनयनपत्र जाँच गर्दा दफा २३ को उपदफा (५) बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ। यसरी जाँचबुझ गर्दा प्रस्तावक र समर्थक दोहोरिएको पाइएमा सम्बन्धित उम्मेदवारलाई सच्याउने मौका दिनु पर्नेछ र मनोनयनपत्रमा रहेको सानोतिनो भूलचूकको कारणले मात्र सो मनोनयनपत्र बदर गरिने छैन।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "सानोतिनो भूलचूक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटी भएमा र सो त्रुटीले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो त्रुटीलाई जनाउनेछ।

(४) देहायका अवस्थामा निर्वाचन अधिकृतले यस दफा बमोजिम गर्नु पर्ने मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्न सक्नेछ :-

(क) मनोनयनपत्र जाँच गर्ने स्थानमा सो जाँच गर्ने समयमा हुलद ा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भएमा, वा

(ख) प्राकृतिक विपत्तिको कारणले काबूबाहिरको परिस्थिति उत्पन्न भएमा।

(५) उपदफा (४) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित भएमा निर्वाचन अधिकृतले समय र स्थान तोकी यथासम्भव छिटो मनोनयनपत्रको जाँच गर्नु पर्नेछ।

२५. **मनोनयनपत्र बदर हुने अवस्था** : देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ :-

(क) संविधान र यस अध्यादेश बमोजिम उम्मेदवारको योग्यता नभएमा,

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निजको वा निजको उम्मेदवार मनोनयन गर्ने प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा,

(ग) दफा ६७ बमोजिम दाखिला गर्नु पर्ने धरौटी नराखेमा,

(घ) दफा १७ बमोजिम तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(ङ) दफा २२ र २३ मा लेखिए बमोजिम मनोनयनपत्र दाखिला नभएमा,

(च) यस अध्यादेश बमोजिम अन्य रीत नपुगेको भएमा।

२६. **उम्मेदवारको नामावली** : निर्वाचन अधिकृतले मनोनयनपत्रहरूको जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरूको तोकिए बमोजिम नामावली तयार गर्नु पर्नेछ र सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

तर समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनका लागि राजनैतिक दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा रहेका नामावली आयोगले सार्वजनिक गर्नु पर्नेछ।

२७. **नाम फिर्ता लिने** : (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट हटाउनको लागि नाम फिर्ता लिन चाहेमा दफा १७ को उपदफा (१) बमोजिम तोकिएको समयभित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैंले वा निजको प्रतिनिधिले दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भैसकेपछि सो सूचना बदर गर्न वा फिर्ता लिन पाउने छैन।

(४) उपदफा (१) बमोजिम दाखिला भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा नाम फिर्ता लिने उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनु पर्नेछ र नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गर्नेछ।

(५) कुनै राजनैतिक दलले खडा गरेको कुनै उम्मेदवारको सम्बन्धमा सो दलको अधिकार प्राप्त व्यक्तिले निजको नाम फिर्ता लिने गरी निर्वाचन अधिकृतलाई दफा १७ को उपदफा (१) बमोजिम तोकिएको समयभित्र लेखी पठाएमा निजलाई उम्मेदवारको रुपमा कायम राखिने छैन।

(६) उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले दफा १७ को उपदफा (१) मा तोकिएको समयभित्र आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट हटाउन चाहेमा आयोग समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन परेमा आयोगले त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई सोको जानकारी सम्बन्धित राजनैतिक दललाई दिनु पर्नेछ।

२८. **उम्मेदवारको अन्तिम नामावली** : (१) दफा १७ को उपदफा (१) बमोजिम उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारहरूको नामावली तोकिए बमोजिम तयार गर्नु पर्नेछ र सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गरी सोको एक प्रति आयोगमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नामावलीमा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार लेखिनेछ र कुनै राजनैतिक दलबाट मनोनीत उम्मेदवार भएमा निजहरूको मनोनयनपत्रमा लेखिएको ठेगानामा सो दलको नाम समेत उल्लेख गरिनेछ।

२९. **समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको दाबी विरोध सम्बन्धी व्यवस्था** : (१) दफा ७ बमोजिम प्राप्त उम्मेदवारको बन्दसूची उपर आवश्यक जाँचबुझ गरी आयोगले सो सूची सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्दा आयोगले त्यस्तो सूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान र यस अध्यादेश बमोजिमको योग्यता नपुगेको भए सो सम्बन्धमा दाबी विरोध गर्न सात दिनभित्र निवेदन दिन आउनु भन्ने व्यहोराको सूचना समेत प्रकाशन गर्नु पर्नेछ।

(३) आयोगले उपदफा (१) र (२) बमोजिम उम्मेदवारको बन्दसूची र दाबी विरोध गर्न आउनु भनी सूचना प्रकाशन गरेको व्यहोरा आवश्यकता अनुसार राष्ट्रियस्तरका सञ्चार माध्यमबाट समेत प्रकाशन र प्रसारण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्रकाशित उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान वा यस अध्यादेश बमोजिम योग्यता नपुगेको भनी कुनै राजनैतिक दल वा उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै व्यक्तिले आयोगले निर्धारण गरेको समयभित्र प्रमाण सहित आयोग समक्ष दाबी विरोध गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम दाबी विरोधको निवेदन प्राप्त भएमा सो सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गर्न सक्नेछ र जाँचबुझबाट उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति संविधान र यस अध्यादेश बमोजिमको योग्यता पुगेको नदेखिएमा आयोगले सोही व्यहोरा जनाई त्यस्तो उम्मेदवारको नाम त्यस्तो सूचीबाट हटाउनु पर्नेछ।

(६) यस अध्यादेश बमोजिम दाबी विरोधको काम समाप्त भएपछि आयोगले आफ्नो कार्यालयमा अन्तिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्नेछ।

(७) यस अध्यादेश बमोजिम दाबी विरोधको काम समाप्त भएपछि आयोगले अन्तिम उम्मेदवारको बन्दसूची प्रमाणित गरी सम्बन्धित राजनैतिक दललाई पठाउनु पर्नेछ।

३०. **निर्विरोध निर्वाचित भएको मानिने** : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुनै निर्वाचन क्षेत्रमा एकजना मात्र उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रबाट त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी तोकिए बमोजिम घोषणा गर्नेछ।

३१. **निर्वाचन चिन्ह** : (१) यस अध्यादेश बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि क्रमशः उम्मेदवार तथा राजनैतिक दललाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको निर्वाचन चिन्ह राजनैतिक दल तथा उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गरिनेछ।

(३) उपदफा (२) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले यस अध्यादेश बमोजिम दर्ता भएको प्रत्येक राजनैतिक दललाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको निर्वाचन क्षेत्रमा सम्बन्धित राजनैतिक दलले खडा गरेका प्रत्येक उम्मेदवारले प्रयोग गर्न पाउने गरी र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि राजनैतिक दलले प्रयोग गर्न पाउने गरी एकै प्रकारको निर्वाचन चिन्ह प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको निर्वाचन चिन्ह सो राजनैतिक दलका उम्मेदवार वा राजनैतिक दल बाहेक अरु कसैले पनि प्रयोग गर्न पाउने छैन।

(५) उम्मेदवारले निर्वाचन चिन्ह प्राप्त गरिसकेपछि निजले सो राजनैतिक दल त्याग गरे पनि वा अर्को दलमा प्रवेश गरे तापनि सो निर्वाचन चिन्ह परिवर्तन हुन सक्ने छैन। सो उम्मेदवार निर्वाचित भएमा चिन्ह प्रदान गर्ने दलले प्रमाण सहित आयोगमा उजूरी दिएमा निजको सदस्यता खारेज हुनेछ।

(६) यस दफा बमोजिम निर्वाचन चिन्ह वितरण गर्दा सम्वत् २०६४ सालमा भएको संविधान सभा सदस्य निर्वाचनबाट संविधान सभामा प्रतिनिधित्व भएका राजनैतिक दल र त्यस्तो राजनैतिक दलबाट विभाजन भई यो अध्यादेश प्रारम्भ हुँदाका बखत आयोगमा दर्ता कायम रहेको राजनैतिक दललाई आयोगबाट त्यस्तो निर्वाचनको प्रयोजनका लागि वितरण गरिएको निर्वाचन चिन्ह नै वितरण गर्नु पर्नेछ। यसरी निर्वाचन चिन्ह वितरण गर्दा कुनै गल्ती भएको वा फरक पर्न गएको भन्ने आयोगलाई लागेमा आयोगले त्यस्तो चिन्ह परिवर्तन गर्न सक्नेछ।

(७) स्वतन्त्र उम्मेदवारको निमित्त छुट्याइएको निर्वाचन चिन्हको समूहबाट स्वतन्त्र रुपले खडा भएको उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरिएका निर्वाचन चिन्ह तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले प्रदान गर्नेछ।

३२. **उम्मेदवारको मृत्यु भएमा** : (१) दफा २८ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुनुभन्दा अघि राजनैतिक दलबाट मनोनयन भएको उम्मेदवारको मनोनयनपत्र रीतपूर्वकको ठहरिइसकेको र आफ्नो नाम फिर्ता नलिएको कुनै उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा सम्बन्धित राजनैतिक दलबाट प्राप्त भएमा निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रको अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ। त्यसरी कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवारहरू समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ।

तर समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम स्थगित हुने छैन।

(२) दफा २८ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि कुनै राजनैतिक दलबाट मनोनयन भएको उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा सम्बन्धित राजनैतिक दलबाट प्राप्त भएमा निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रको अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ। त्यसरी कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवारहरू समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ।

तर समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम स्थगित हुने छैन।

(३) आयोगले उपदफा (१) बमोजिमको जानकारी प्राप्त गरेपछि सो निर्वाचन क्षेत्रमा मतदानको कार्यक्रममा असर नपर्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम यथाशक्य छिटो पूरा गर्न अर्को कार्यक्रम निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ। यसरी कार्यक्रम निर्धारण गर्दा जुन राजनैतिक दलको उम्मेदवारको मृत्यु भएको हो सोही राजनैतिक दलले मात्र पुन: उम्मेदवार मनोनयन गर्न सकिने गरी कार्यक्रम निर्धारण गर्नु पर्नेछ।

(४) आयोगले उपदफा (२) बमोजिमको जानकारी प्राप्त गरेपछि सो निर्वाचन क्षेत्रमा मतदान गर्ने मिति लगायत निर्वाचनको लागि यस परिच्छेद बमोजिमको अन्य कार्यक्रम पुन: निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ।

(५) दफा २८ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम रहेको उम्मेदवारले पुन: मनोनयनपत्र दाखिला गर्नु पर्ने छैन र जुन राजनैतिक दलको उम्मेदवारको मृत्यु भएको हो सो राजनैतिक दलको तर्फबाट मात्र पुन: उम्मेदवार मनोनयन गर्न सकिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगित गर्नु पर्दा निर्वाचन कार्यक्रममा लेखिए बमोजिमको काम सम्पन्न गर्नु पर्ने अवधि पन्ध्र दिन भन्दा बढी भएमा पुन: अर्को कार्यक्रम प्रकाशन गर्नु पर्ने छैन, सोही कार्यक्रमको समयावधिभित्र नै मतदानको काममा बाधा नपुग्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी काम पूरा गर्नु पर्ने गरी मिलाउनु पर्नेछ।

३३. **उम्मेदवारको परिचयपत्र** : यस परिच्छेद बमोजिम अन्तिम नामावलीमा कायम रहेका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका उम्मेदवारहरूलाई निर्वाचन अधिकृतले तोकिए बमोजिमको परिचयपत्र समेत दिनेछ।

परिच्छेद-६ : मतदान केन्द्र, मतपत्र र मतपेटिका

३४. **मतदान केन्द्र** : (१) आयोगले निर्वाचन क्षेत्रमा आवश्यक सङ्ख्यामा मतदान केन्द्र तथा उपकेन्द्रहरू तोक्नेछ र त्यसको सूची तोकिए बमोजिम प्रकाशन गर्नेछ।

(२) मतदान केन्द्र तोक्ने आधार, प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) निर्वाचन अधिकृतले आवश्यक भएमा आयोगको पूर्व स्वीकृति लिई मतदान केन्द्रको सङ्ख्यामा थपघट गर्न वा सुविधाजनक वा व्यवहारिक दृष्टिबाट उपयुक्त हुने ठाउँमा मतदान केन्द्र थप्न, घटाउन वा सार्न सक्नेछ।

(४) एउटा मतदान केन्द्रको क्षेत्रभित्र आवश्यकता अनुसार एक वा एकभन्दा बढी मतदान केन्द्र वा उपकेन्द्रहरू वा मतदान कक्षहरू रहन सक्नेछन्।

३५. **मतपत्र** : (१) आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि छुट्टाछुट्टै र को मतपत्रको व्यवस्था गर्नु पर्नेछ।

(२) मतपत्र सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ।

३६. मतपेटिका : आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अनुरुप हुने निर्वाचन मतदानको लागि प्रयोग हुने छुट्टाछुट्टै मतपेटिकाको व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद–७ : मतदान

३७. **मतदानको समय** : मतदान हुने मितिमा मतदान गर्ने समय दफा १६ को उपदफा (१) बमोजिमको सूचनामा तोके बमोजिम हुनेछ।

३८. **मतदान** : (१) कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले सोही निर्वाचन क्षेत्रको सोही गाउँ विकास समिति वा नगरपालिकाको सोही वडामा मात्र मतदान गर्न पाउनेछ। तर अस्थायी मतदातालाई यो बन्देज लागू हुने छैन।

(२) मतदाताले मतदाता नामावली अनुसार आफूलाई तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउनेछ।

(३) मतदाताले आफूले मतदान गर्न तोकिएको मतदान केन्द्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि तोकिए बमोजिम मतपत्र लिई सोको लागि राखिएको मतपेटिकामा मतदान गरिसकेपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि तोकिए बमोजिम मतपत्र लिई सोको लागि राखिएको मतपेटिकामा मतदान गर्नु पर्नेछ। तर अस्थायी मतदाताले तोकिए बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मात्र मतदान गर्न सक्नेछ।

(४) मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट सो मतदाता बाहेक अन्य कुनै व्यक्तिले मतदान गर्न पाउने छैन।

(५) यस अध्यादेश बमोजिम मतदान गर्न योग्यता नपुगेको व्यक्तिले निर्वाचनमा मतदान गर्न पाउने छैन।

(६) कुनै पनि मतदाताले एउटै निर्वाचनमा एकभन्दा बढी निर्वाचन क्षेत्रमा वा एकै निर्वाचन क्षेत्रको एकभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न पाउने छैन।

(७) कुनै पनि मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा बाहेक कुनै निर्वाचन क्षेत्रमा एकभन्दा बढी पटक मतदान गर्न पाउने छैन।

३९. **मतदानको तरिका** : (१) मतदान केन्द्रमा मतदानको लागि उपस्थित मतदातालाई मतदान अधिकृतले तोकिए बमोजिमको रीत पुऱ्याई तोकिएको मतपत्र दिनेछ।

(२) मतदातालाई मतपत्र दिनु अघि मतदान अधिकृतले मतदाता नामावलीमा तोकिए बमोजिमको व्यहोरा जनाई तोकिए बमोजिम मतपत्र दिनेछ।

(३) मतदाताले मतपत्रमा तोकिए बमोजिमको छाप वा चिन्ह गोप्य तवरले लगाई मतदान गर्नु पर्नेछ।

(४) मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा मतपत्रमा आफूले रोजेको कुनै एकजना उम्मेदवारको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा राजनैतिक दलको कोठामा उपदफा

(३) बमोजिमको छाप वा चिन्ह लगाई तोकिए बमोजिम मतपेटिकामा खसाली मतदान गर्नु पर्नेछ।

(५) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि विद्युतीय उपकरण प्रयोग गरिएको अवस्थामा मतदाताले तोकिए बमोजिम विद्युतीय उपकरणद्वारा मतदान गर्नु पर्नेछ।

४०. **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने** : (१) कुनै मतदान केन्द्रमा हुलद ा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा कुनै कारणले विद्युतीय उपकरण सञ्चालन हुन नसकी वा उपद्रव वा प्राकृतिक विपत्ति वा आफ्नो काबूबाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा सो मतदान केन्द्रमा नियुक्त मतदान अधिकृत वा सो निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत विश्वस्त भएमा निजले सो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गर्न सक्नेछ र सोको सूचना सोही स्थानमा प्रकाशन गर्नेछ। मतदान अधिकृतले सो मतदान स्थगित गरेको रहेछ भने निजले सोको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त आयोगलाई र अन्य सम्बन्धित अधिकारीलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त गरेपछि आयोगले अन्यथा निर्देशन दिएमा बाहेक निर्वाचन अधिकृतले सो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी सूचना प्रकाशित गरी पुनः मतदान गराउनेछ।

४१. **मतदान केन्द्रको अनधिकृत कब्जा** : (१) देहायका अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ:

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान वा विद्युतीय उपकरण आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरूलाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदाताहरूलाई मतदान गर्न नदिएमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नका लागि मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा,

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएका अधिकारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका, मतदान गर्न राखिएको विद्युतीय उपकरण वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढ ले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था परेमा त्यसको राय सहितको प्रतिवेदन मतदान अधिकृतले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले सो स्थानमा जाँचबुझ गर्न अनुगमन टोली खटाउन सक्नेछ र त्यसरी अनुगमन टोली खटाइएकोमा सो टोलीले दिएको प्रतिवेदन र अन्य वस्तुस्थिति समेतको आधारमा आयोगले सो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ र यसरी रद्द गरिएको सो मतदान केन्द्रमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन र अन्य वस्तुस्थितिबाट मतदान केन्द्रहरूमा अनधिकृत कब्जा भएको कारणले निर्वाचनको परिणाममा प्रभाव पर्ने सम्भावना देखिएमा आयोगले सो निर्वाचन क्षेत्रको निर्वाचन रद्द गर्न सक्नेछ र सो निर्वाचन क्षेत्रमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ।

४२. **मतपेटिका, विद्युतीय उपकरण नोक्सान भएमा वा तोडफोड गरिएमा** : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका वा मतदान गर्न राखिएको विद्युतीय उपकरण दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सो मतदान केन्द्र रहेको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई त्यसको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ।

(२) मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाइसकेको मतदानको लागि प्रयोग भएको मतपेटिका वा विद्युतीय उपकरण कुनै किसिमले खोसिएमा वा दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा निर्वाचन अधिकृतले आयोगलाई त्यसको राय सहितको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिमको राय सहितको प्रतिवेदन प्राप्त गरेपछि सो सम्बन्धमा सबै घटना र परिस्थितिको जाँचबुझ गर्न अनुगमन टोली खटाउन सक्नेछ र त्यसरी अनुगमन टोली खटाइएकोमा सो टोलीको प्रतिवेदन समेतको अध्ययन गरी सो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा आयोगको निर्देशनमा सम्बन्धित निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ र त्यसको सूचना प्रकाशन गर्नेछ।

४३. **नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने** : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएमा राजनैतिक दल वा उम्मेदवार वा तिनको प्रतिनिधिले तोकिए बमोजिमको रकम धरौटी राखी मतदान अधिकृत समक्ष तोकिए बमोजिम विरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विरोध भएमा मतदान अधिकृतले सो सम्बन्धमा ठाडो बुझी तत्काल निर्णय गर्नु पर्नेछ र यसरी पर्न आएको विरोध र सोको निर्णय तोकिए बमोजिमको निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ। विरोध ठीक नठहरेमा सो धरौटी रकम जफत हुनेछ।

४४. **मतदान केन्द्रमा प्रवेश** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरू बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) मतदाताहरू,

(ख) राजनैतिक दलको प्रतिनिधि वा उम्मेदवार वा निजको एकजना प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षकहरू,

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्तिहरू।

(२) मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाता बाहेक अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन।

४५. **मतदान अधिकृतले निरीक्षण गर्ने** : कुनै मतदाता मत सङ्केत गर्ने स्थानमा मनासिब समय भन्दा बढी समयसम्म बसेमा वा मतदान अधिकृतलाई कुनै शङ्का लागेमा निजले मत सङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ।

४६. **अशक्त मतदाता** : (१) कुनै मतदाताले शारीरिक अशक्तता वा अरु कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा र मतदान अधिकृतले सो उपयुक्त सम्झेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिनेछ।

(२) कुनै मतदाता स्वयं मतदान गर्न असमर्थ भई मतदान अधिकृतलाई मतपत्रमा आफूले रोजेको चिन्ह रहेको कोठामा मत सङ्केत गरिदिन अनुरोध गरेमा वा निजले निजको तर्फबाट अन्य कुनै व्यक्तिलाई आफूले रोजेको चिन्ह रहेको कोठामा मत सङ्केत गरिदिनका लागि मतदान अधिकृत समक्ष अनुरोध गरेमा सो मतदान अधिकृतले वा सो मतदाताको इच्छा अनुसार निजको हकमा निजले रोजेको व्यक्तिलाई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ।

(३) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवति महिला वा यस्तै प्रकारको कुनै शारीरिक अशक्तता भएको मतदाताको लागि आयोगले मतदान गर्ने विशेष व्यवस्था गर्न सक्नेछ।

परिच्छेद-८ : मतगणना र निर्वाचन परिणाम

४७. **निर्वाचन अधिकृतले मतगणना गर्नु गराउनु पर्ने** : निर्वाचन अधिकृतले आफ्नो निर्वाचन क्षेत्रको निर्वाचनको मतगणना गर्ने काम आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा गर्नु गराउनु पर्नेछ।

४८. **मतगणनाको सूचना** : निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रको मतदान भएका सबै मतपेटिकाहरू मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समयको सूचना राजनैतिक दल तथा उम्मेदवारहरूको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ। यसरी मतगणनाको समय तोक्दा सम्भव भएसम्म दुवै निर्वाचन प्रणाली अन्तर्गतको मतगणना एकै समयमा हुने गरी तोक्नु पर्नेछ र त्यसरी एकै समयमा मतगणना गर्न सम्भव नभएमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनालाई प्राथमिकता दिनु पर्नेछ।

४९. **मतगणना** : (१) निर्वाचन अधिकृतले दफा ४८ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा सम्भव भएसम्म दुवै निर्वाचन प्रणाली अन्तर्गतको मतगणना एकै समयमा प्रारम्भ गर्नु पर्नेछ र एकै समयमा प्रारम्भ गर्न नसकिएमा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतको तोकिए बमोजिम मतगणना प्रारम्भ गर्नु पर्नेछ र सो मतगणनाको काम समाप्त भएपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा राजनैतिक दलले प्राप्त गरेको मतको तोकिए बमोजिम मतगणना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मतगणना गर्ने स्थान, मिति र समयमा राजनैतिक दल, उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधि र आवश्यकता अनुसार मतगणना प्रतिनिधि उपस्थित रहन सक्नेछन्।

(३) यस अध्यादेश बमोजिम कुनै निर्वाचन क्षेत्रको कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म सो निर्वाचन क्षेत्रको अन्य मतदान केन्द्रको मतगणना प्रारम्भ गरिने छैन।

५०. **मतगणना गर्ने स्थानमा प्रवेश** : (१) निर्वाचन अधिकृतले राजनैतिक दलको प्रतिनिधि वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि तथा मतगणना प्रतिनिधि, मतगणनाको काममा खटिएका व्यक्तिहरू, पर्यवेक्षण तथा अनुगमनका लागि खटिएका व्यक्तिहरू, सुरक्षाको लागि खटिएका कर्मचारीहरू तथा आयोगले खटाएको व्यक्तिलाई

मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन सक्नेछ।

(२) मतगणना गर्ने काममा बाधा पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ। सो आदेश पालन नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले सुरक्षाकर्मीले सो स्थानबाट बाहिर पठाउनेछ।

५१. **मतगणना लगातार गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म सो मतगणनाको काम लगातार गर्नु पर्नेछ।

(२) काबूबाहिरको परिस्थिति परी मतगणनाको काम बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्रहरू, मतगणना अभिलेखहरू, मतगणना गर्न बाँकी रहेका मतपत्रहरू र मतगणना गर्न बाँकी मतपेटिकाहरूको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफ्नो लाहाछाप लगाउनु पर्नेछ। राजनैतिक दल वा उम्मेदवार वा तिनको मतगणना प्रतिनिधि वा निर्वाचन प्रतिनिधिले समेत त्यस्तो खाम, थैलो वा बोरामा आफ्नो लाहाछाप लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम यथाशक्य पुनः प्रारम्भ गर्नु पर्नेछ। यस उपदफा बमोजिम मतगणना पुनः प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित राजनैतिक दल वा उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई दिनु पर्नेछ र मतगणना गर्ने स्थानमा समेत प्रकाशन गर्नु पर्नेछ। तर कुनै राजनैतिक दल वा उम्मेदवार वा तिनका प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन।

५२. **मतगणना पूरा हुनु अघि मतपत्र नोक्सान भएमा** : (१) मतगणना पूरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र, मतपत्र रहेको मतपेटिका वा मतदानको लागि राखिएको विद्युतीय उपकरण निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी सो कुराको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गरिएपछि आयोगले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतदान अवैध भएको घोषणा गर्नेछ र आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा पुनः मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नेछ।

५३. **मतगणनास्थलको अनधिकृत कब्जा** : (१) देहायका अवस्थामा मतगणनास्थलको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिएमा वा मतगणनाको कार्यमा संलग्न रहेका अधिकारी वा कर्मचारीबाट मतपत्र वा त्यस्तो मतपत्र रहेका मतपेटिका वा मतदान गर्नको लागि राखिएको विद्युतीय उपकरण आफ्नो कब्जामा लिएमा वा यस्तै अन्य कार्य गरी मतगणनाको कार्यमा दखल दिएमा वा प्रभावित पारेमा, वा

(ख) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा।

(२) उपदफा (१) बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले सो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा सो मतगणनास्थल उपदफा (१) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा सो कब्जाबाट असर परेको मतदान केन्द्रहरूको सम्पूर्ण मतपत्रहरू अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ।

(५) आयोगबाट उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नेछ।

५४. **मतपत्र बदर हुने अवस्था** : देहायका अवस्थामा मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको सही नभएको,

(ख) तोकिए बमोजिम मत सङ्केत नगरी अन्य कुनै किसिमले मत सङ्केत गरिएको वा अन्य कुनै चिन्ह लेखिएको,

(ग) मत सङ्केतको चिन्ह नबुझिने गरी प्रयोग गरिएको,

(घ) उम्मेदवार वा राजनैतिक दलको चिन्ह रहेको कोठामा तोकिए बमोजिम मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(च) कुन उम्मेदवार वा राजनैतिक दलको लागि मत दिएको हो सो नछुट्टिने गरी मत सङ्केत गरिएको,

(छ) एकभन्दा बढी उम्मेदवारको कोठाहरूमा कुन उम्मेदवारलाई मत सङ्केत गरिएको भन्ने छुट्याउन नसकिने गरी मत सङ्केत गरेको,

(ज) सम्बन्धित मतदान केन्द्रको लागि निर्धारित गरिएको मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(झ) आयोगले जारी गरेको मतपत्र बाहेक अन्य मतपत्र प्रयोग गरिएको,

(ञ) सम्बन्धित निर्वाचन क्षेत्रको लागि प्रयोग गर्नु पर्ने मतपत्र अन्य निर्वाचन क्षेत्रको लागि प्रयोग गरेको।

५५. **पुनः मतगणना** : (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनाको सम्बन्धमा कुनै राजनैतिक दलको प्रतिनिधि र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनाको सम्बन्धमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्कालै दर्ता गरी दोहोऱ्याई मतगणना गर्नु पर्ने देखिएमा दोहोऱ्याई मतगणना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्नु नपर्ने भएमा सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित रहेका निज उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले सो निर्णयको सूचना दिनु पर्नेछ।

५६. **मत बराबर भएमा** : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा मतगणनाको काम पूरा भइसकेपछि दुई वा दुई भन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारहरूका बीच गोला हाली निर्णय गर्नेछ।

५७. **पहिलो हुने निर्वाचित हुने निर्वाचन परिणामको प्रकाशन** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुनै निर्वाचन क्षेत्रमा मतदान भएको सबै मतदान केन्द्रहरूको मतगणनाको कार्य पूरा भइसकेपछि निर्वाचन अधिकृतले तोकिए बमोजिम मतगणनाको तालिका तयार गरी तोकिए बमोजिम निर्वाचन परिणाम प्रकाशन गर्नेछ र सो परिणाम तालिकाको एक प्रति तुरुन्त आयोगमा पठाउनु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचनको परिणाम प्रकाशित गर्दा सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र तोकिए बमोजिम निर्वाचित भएको प्रमाणपत्र दिनु पर्नेछ।

(३) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी तोकिए बमोजिम विवरणहरू समेत भएको आफ्नो प्रतिवेदन तयार गरी आयोगमा यथाशीघ्र पठाउनु पर्नेछ।

(४) आयोगले उपदफा (१) बमोजिम निर्वाचन परिणाम तालिका प्राप्त गरेपछि निर्वाचित सदस्यहरूको नामावली तयार गरी त्यस्तो नामावलीको एक प्रति राष्ट्रपति समक्ष पठाउनेछ र आयोगले सो नामावली नेपाल राजपत्रमा समेत प्रकाशन गर्नेछ।

५८. **समानुपातिक निर्वाचनको परिणामको घोषणा** : (१) निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि खसेको मतपत्रको गणना गरी प्रत्येक राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्या तोकिए बमोजिम तालिकामा खुलाई आयोग समक्ष तुरुन्त पठाउनु पर्नेछ।

(२) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी निर्वाचन भएको समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा राजनैतिक दलहरूले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको विवरण मुलुकभरबाट प्राप्त गरिसकेपछि प्रत्येक राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको अनुपातमा सो राजनैतिक दलले आयोग समक्ष पेश

गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरूमध्ये दफा ७ को उपदफा (७) बमोजिम राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयले छनौट गरी आयोग समक्ष पेश भएका उम्मेदवारहरू निर्वाचित भएको घोषणा आयोगले गर्नेछ।

यसरी निर्वाचित भएको उम्मेदवारको नाम आयोगले राष्ट्रपति समक्ष पठाउनु पर्नेछ र आयोगले सो नामावली नेपाल राजपत्रमा समेत प्रकाशन गर्नेछ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको अनुपातमा सो राजनैतिक दलले प्राप्त गर्ने सीट सङ्ख्याको निर्धारण गर्ने प्रयोजनको लागि आयोगले अनुसूची-३ मा उल्लेख भए बमोजिमको मत परिणाम विभाजक सूत्र अनुसार सो राजनैतिक दलले प्राप्त गर्ने सीट सङ्ख्याको निर्धारण गरिनेछ।

(४) उपदफा (३) मा लेखिए अनुसार मत परिणाम विभाजक सूत्र अनुसार राजनैतिक दलहरूले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी दलले प्राप्त गर्ने सीट सङ्ख्या बाँडफाँड गर्दा कुनै सीटका सम्बन्धमा एकभन्दा बढी राजनैतिक दलको बराबर भागफल रहेको पाइएमा गोला हाली उक्त सीट कुन राजनैतिक दलले प्राप्त गर्ने भन्ने कुराको निर्धारण गरिनेछ।

५९. **निर्वाचित मिति** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको सम्बन्धमा निर्वाचन अधिकृतले दफा ५७ बमोजिम निर्वाचनको परिणाम प्रकाशन गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको सम्बन्धमा आयोगले दफा ५८ बमोजिम उम्मेदवारको बन्दसूचीमा नाम रहेका राजनैतिक दलको उम्मेदवार विजयी भएको घोषणा गरेको मितिलाई त्यस्ता उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ।

परिच्छेद-९ : उम्मेदवारको प्रतिनिधि

६०. **निर्वाचन प्रतिनिधि** : (१) कुनै उम्मेदवारले कुनै व्यक्तिलाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गरेमा सोको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(२) समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनको सम्पूर्ण काम कारबाहीमा राजनैतिक दलले तोकिए बमोजिम आफ्नो निर्वाचन प्रतिनिधिको नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवार वा राजनैतिक दलले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

(४) निर्वाचन प्रतिनिधिको योग्यता तोकिए बमोजिम हुनेछ।

६१. **निर्वाचन प्रतिनिधिको कर्तव्य** : दफा ६० बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिले यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियममा निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्नु निजको कर्तव्य हुनेछ।

६२. **मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि** : (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि राजनैतिक दल वा दलको प्रतिनिधिले प्रत्येक मतदान केन्द्रको लागि तोकिए बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा राजनैतिक दल वा दलको प्रतिनिधिले मतगणनास्थलमा उपस्थित रहन तोकिए बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई र मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ।

(४) मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको योग्यता तोकिए बमोजिम हुनेछ।

६३. **मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको कर्तव्य** : (१) यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियम

बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्नु निजको कर्तव्य हुनेछ।

(२) यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम मतगणना प्रतिनिधिले गर्नु पर्ने सबै काम गर्नु निजको कर्तव्य हुनेछ।

६४. **उम्मेदवार वा कुनै प्रतिनिधि अनुपस्थित रहेमा** : यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कसैले गर्नु पर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिने छैन र यस्तो काम अवैध मानिने छैन।

परिच्छेद-१० : विविध

६५. **उपनिर्वाचन** : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित संविधान सभा सदस्यको पद संविधान सभाको अवधि छ महिना भन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा आयोगले त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गर्नेछ।

६६. **निविदा मतपत्र सम्बन्धी व्यवस्था** : (१) कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र पछिबाट मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट देखिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ। त्यस्तो निविदा मतपत्र दिएकोमा सो मतपत्रमा मतदाताले आफ्नो मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली सो प्रयोजनको लागि राखिएको छुट्टै खाममा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निविदा मतपत्र दिने, राख्ने र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) यस अध्यादेश बमोजिम मतगणना गर्दा उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएका निविदा मतपत्रहरू सो समयमा गणना गरिने छैन। निर्वाचन सम्बन्धी उजूरी पर्न आई सो उजूरीको निर्णय गर्नको लागि आवश्यक पर्ने भनी अदालतले ठहर गरेमा सो अदालतले त्यस्तो निविदा मतपत्रहरू समेत गणना गर्न सक्नेछ।

६७. **धरौटी राख्नु पर्ने** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनको लागि तीन हजार रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा आयोग समक्ष उम्मेदवारको बन्दसूची पेश गर्ने राजनैतिक दलले दश हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रबाट एउटै उम्मेदवारको निमित्त एकभन्दा बढी मनोनयनपत्र दाखिला भएको अवस्थामा एउटा मनोनयनको लागि मात्र धरौटी राखे पुग्नेछ।

(३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको लागि मनोनयनपत्र दाखिला गर्दा निर्वाचन अधिकृतको कार्यालयमा नगद धरौटी राखेको बैङ्क रसिद वा नगदै मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ। समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि राजनैतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा आयोगमा नगद धरौटी राखेको रसिद वा आयोगको नाममा बैङ्क रसिद त्यस्तो बन्दसूची साथ संलग्न गरी पेश गर्नु पर्नेछ।

६८. **धरौटी जफत हुने** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ। तर निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू हुने छैन।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै राजनैतिक दलले मतदान भएको कुल सदर मतमध्ये कम्तीमा एक सीट प्राप्त नगरेमा राजनैतिक दलले राखेको धरौटी जफत हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी सो निर्वाचन परिणाम घोषणा भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र धरौटी फिर्ता नलिएमा सो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुनेछ।

६९. **निर्वाचन खर्च** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारले र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा राजनैतिक दलले खर्च गर्न पाउने रकमको हद आयोगले

नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

(२) राजनैतिक दल, उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएको ढाँचामा तोकिए बमोजिम राख्नु पर्नेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "निर्वाचनको अवधि" भन्नाले कुनै निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयनपत्र वा समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूची दर्ता भएको मिति देखि त्यस्तो निर्वाचनको परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ।

(३) कुनै राजनैतिक दल वा उम्मेदवारले निर्वाचनमा गरेको जम्मा खर्च उपदफा (१) बमोजिम तोकिएको खर्चको रकमको हदभन्दा बढी हुनु हुँदैन।

(४) उपदफा (२) बमोजिमको निर्वाचन खर्चको विवरण समानुपातिक निर्वाचनको हकमा राजनैतिक दलले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र आयोग समक्ष र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिने उम्मेदवारका हकमा त्यस्ता उम्मेदवार वा निजका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र जिल्ला निर्वाचन कार्यालय समक्ष पेश गर्नु पर्नेछ। यसरी प्राप्त भएको खर्चको विवरण जिल्ला निर्वाचन कार्यालयले आयोगमा पठाउनु पर्नेछ।

७०. **निर्वाचन सम्बन्धी कागजातको गोप्यता** : (१) निर्वाचनमा प्रयोग भएको कागजातमध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी जिल्ला निर्वाचन अधिकारीको जिम्मामा राखिनेछ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी भइरहेको मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सदर तथा बदर भएको मतपत्रहरू राखिएको सिलबन्दी खाम, थैलो वा बोरा प्रचलित कानून बमोजिम परेको उजूरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अदालतको आदेशले खोली हेरिसकेपछि सो अदालतले ती कागजात यथारुपमा सिलबन्दी गरी राख्नु पर्नेछ। अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन।

(४) यस दफामा उल्लिखित कागजहरू मुद्दा परेकोमा मुद्दाको अन्तिम टु ो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ।

७१. **गोप्यता भङ्ग गर्न नहुने** : (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश समेत गर्नु हुँदैन।

(२) यो अध्यादेश वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश अन्तर्गत चलेको कानूनी कारबाहीमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन।

७२. **आदेश जारी गर्ने र निर्देशन दिने** : (१) यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियममा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्बन्धमा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) आयोगले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) यस दफा बमोजिम आयोगले जारी गरेको आदेश र निर्देशन पालन गर्नु नेपाल सरकार, सरकारी कार्यालय तथा निकाय, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्था तथा निकाय, राजनैतिक दल, उम्मेदवार, निजको प्रतिनिधि, निर्वाचन सम्बन्धी काम कारबाहीको प्रचार प्रसार गर्ने व्यक्तिहरू तथा निर्वाचनको काममा खटिएका कर्मचारीहरू समेतको कर्तव्य हुनेछ।

७३. **मद्दत लिन सकिने** : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले निर्वाचनको कामको सिलसिलामा स्थानीय तहमा रहेका प्रहरी लगायतका कुनै पनि सरकारी वा सुरक्षा सम्बन्धी अन्य निकायको मद्दत लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुऱ्याउनु सम्बन्धित प्रहरी लगायतका सरकारी तथा सुरक्षा सम्बन्धी अन्य निकायको कर्तव्य हुनेछ।

७४. **नियम बनाउने अधिकार** : यो अध्यादेश कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरू बनाउन सक्नेछ।

७५. **निर्देशिका बनाई लागू गर्न सक्ने** : आयोगले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमहरूको अधीनमा रही यो अध्यादेश कार्यान्वयन गर्न आवश्यक निर्देशिकाहरू बनाई लागू गर्न सक्नेछ।

७६. **कार्यविधि बनाउन सक्ने** : यो अध्यादेश तथा यस अध्यादेश अर्न्तगत बनेका नियमको कार्यान्वयनका सम्बन्धमा आयोगले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

७७. **बाधा अड्काउ फुकाउने** : यो अध्यादेश तथा यस अध्यादेश अन्तर्गत जारी भएको नियम, निर्देशिका तथा आदेशको कार्यान्वयन गर्दा कुनै बाधा आइपरेमा आयोगले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

उम्मेदवारको बन्दसूचीको लागि उम्मेदवारको प्रतिशत

प्रतिनिधित्व हुने समूह		उम्मेदवारको प्रतिशत
महिला		५० %
मधेसी	महिला	१५.६ %
	पुरुष	१५.६ %
दलित	महिला	६.५ %
	पुरुष	६.५ %
उत्पीडित, जाति/आदिवासी, जनजाति	महिला	१८.९ %
	पुरुष	१८.९ %
पिछडिएको क्षेत्र	महिला	२ %
	पुरुष	२ %
खस, आर्य तथा अन्य*	महिला	१५.१ %
	पुरुष	१५.१ %

स्पष्टीकरण : कतिपय उम्मेदवारले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्ने भएको हुँदा सबै समूहको उम्मेदवार प्रतिशतको जोड सय भन्दा बढी प्रतिशत देखिन आएको छ।

द्रष्टव्य :

० "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्छ ।

* "खस आर्य तथा अन्य" भन्नाले ब्राम्हण, क्षत्री, ठकुरी, दशनामी सन्यासी तथा यस अनुसूचीमा स्पष्ट उल्लेख नभएका अन्य समूहहरूलाई सम्झनु पर्छ ।

अनुसूची

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

..... राजनैतिक दल

उम्मेदवारको बन्दसूची

	उम्मेदवारको नाम	मधेसी		उत्पीडित जाति/ आदिवासी जनजाति		दलित पिछडिएको क्षेत्र		खस आर्य तथा अन्य	
		महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
१.	.....								
२.	.....								
३.	.....								
४.	.....								
५.	.....								
६.	.....								
७.	.....								
८.	.....								
९.	.....								
१०.	.....								
जम्मा									
प्रतिशत									

अधिकार प्राप्त व्यक्तिको,

राजनैतिक दलको छाप

सही : .....

नाम : .....

राजनैतिक दलको नाम : .....

मिति : .....

द्रष्टव्य : राजनैतिक दलहरूले यस अनुसूचीमा उल्लिखित तालिकामा लेखिए बमोजिम उम्मेदवारको नाम र उम्मेदवारले प्रतिनिधित्व गर्ने समूहहरू स्पष्ट खुलाएर निर्वाचन आयोग समक्ष पेश गर्नु पर्नेछ। उम्मेदवारहरूले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्न सक्नेछन्।

उदाहरण : कुनै उम्मेदवारले महिला, मधेसी, दलित लगायतका समूहको प्रतिनिधित्व गर्न सक्नेछ। "खस आर्य तथा अन्य" भन्नाले ब्राम्हण, क्षत्री, ठकुरी, दशनामी सन्यासी तथा अन्य समूहलाई सम्झनु पर्छ। कुनै पनि समूहका लागि तोकिएको प्रतिशत बमोजिम भए नभएको टुङ्गो गर्ने प्रयोजनका लागि अनुसूची-१ बमोजिमको तालिकामा उम्मेदवारको नाम र सो उम्मेदवारले प्रतिनिधित्व गर्ने सबै समूहको कोष्ठमा १-१ लेख्ने र जम्मा हरफमा सम्बन्धित समूहको कोलममा भएको सबै सङ्ख्या जोडेर राख्नु पर्नेछ। साथै प्रतिशत लेखिएको हरफमा जम्मा हरफमा भएको सङ्ख्या कुल उम्मेदवार सङ्ख्याको प्रतिशतमा गणना गरी राख्नु पर्नेछ।

अनुसूची

(दफा ५८ को उपदफा (३) सँग सम्बन्धित)
मत परिणाम विभाजक सूत्र

मत परिणाम विभाजक सूत्र अनुसार प्रत्येक राजनैतिक दलको लागि खसेको मतलाई भाग गर्ने पद्धतिले श्रृङ्खलावद्ध रुपमा भाग गरिनेछ। यस अनुसार प्रत्येक दलले प्राप्त गरेको मत परिणामलाई धेरै भाजकहरूले भाग गरिन्छ (उदाहरण : १.४, ३, ५, ७, ९ आदि) त्यसरी भाग प्राप्त हुने नतिजालाई दलको भागफल (क्योसेन्ट) भनिन्छ। भागफल प्राप्त भएपछि सीट सङ्ख्याहरू ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै सीट नसकिँदासम्म बाँडफाँड गरिनेछ। यसरी बाँडफाँड गर्दा कुनै राजनैतिक दलले जतिसुकै मत प्राप्त गरेको भएतापनि त्यस्तो राजनैतिक दलले सूचीमा सूचीकृत गरेको उम्मेदवार सङ्ख्यामा सीमित रही त्यस्तो राजनैतिक दलले प्राप्त गर्ने सीटको बाँडफाँड गरिनेछ।

उदाहरण : तेह्रवटा सीट सङ्ख्या पाँच वटा राजनैतिक दललाई बाँडफाँड गर्नु परेमा त्यस्ता दलले प्राप्त गरेको मत परिणामको आधारमा देहाय बमोजिम बाँडफाँड गर्नु पर्नेछ :-

भाजक	दल क	दल ख	दल ग	दल घ	दल ङ
	मत सङ्ख्या- ४,००,०००	१,००,०००	२,००,०००	५०,०००	५,५०,०००
१.४	२,८५,७१४/२	७१,४२९/९	१,४२,८५७/४	३५,७१४/	३,९२,८५७/१
३	१,३३,३३३/५	३३,३३३/	६६,६६७/१०	१६,६६७/	१,८३,३३३/३
५	८०,०००/७	२०,०००/	४०,०००/	१०,०००/	१,१०,०००/६
७	५७,१४३/१२	१४,२८६/	२८,५७१/	७,१४३/	७८,५७१/८
९	४४,४४४/	११,१११/	२२,२२२/	५,५५६/	६१,१११/११
११	३६,३६४/	९,०९१/	१८,१४२/	४,५४५/	५०,०००/१३
१३	३०,७६९/	७,६९२/	१५,३८५/	३,८४६/	४२,३०८/
परिणाम	४	१	२	०	६

आज्ञाले,
नरेन्द्रमान श्रेष्ठ
नेपाल सरकारको नि.सचिव

प्रमाणीकरण मिति : २०७०।०२।३१।०६

अनुसूची : २

निर्वाचन आयोग

संविधान सभा सदस्य निर्वाचन, २०७०

पहिलो हुने निर्वाचित हुने निर्वाचनमा निर्वाचित उम्मेदवारहरूको विवरण

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
ताप्लेजुङ	१	भुपेन्द्र थेबे	नेकपा (एमाले)	५५	पु	७४३४	निर्वाचित
		लिलादेवी वोखिम लिम्बू	नेपाली काङ्ग्रेस	४८	म.	७२९५	
ताप्लेजुङ	२	डम्बरध्वज तुम्बाहाम्फे	नेकपा (एमाले)	५५	पु	७०३४	निर्वाचित
		प्रताप प्रकाश हाङगाम	नेपाली काङ्ग्रेस	६०	पु.	४८७४	
पाँचथर	१	गणेश कुमार काम्बाङग	नेकपा (एमाले)	६०	पु	१३०८२	निर्वाचित
		नरेन्द्र कुमार केरुङ	नेपाली काङ्ग्रेस	४१	पु.	११५१८	
पाँचथर	२	भीष्म राज आङदेम्बे	नेपाली काङ्ग्रेस	४९	पु	११८३९	निर्वाचित
		डम्बर सिं सम्बाहाम्फे	नेकपा (एमाले)	५०	पु.	९१७९	
इलाम	१	झलनाथ खनाल	नेकपा (एमाले)	६४	पु	१७३४२	निर्वाचित
		हिमालय कमचार्य	नेपाली काङ्ग्रेस	५८	पु.	१५५२७	
इलाम	२	सुवाशचन्द्र नेम्बाङग	नेकपा (एमाले)	६१	पु	१४९३०	निर्वाचित
		भेषराज आचार्य	नेपाली काङग्रेस	४९	पु.	१२८२८	
इलाम	३	केशव थापा	नेपाली काङ्ग्रेस	५४	पु	१५८६८	निर्वाचित
		टेकबहादुर राई	नेकपा (एमाले)	६४	पु	१३७०७	
झापा	१	रविन कोइराला	नेकपा (एमाले)	४९	पु	१७२२९	निर्वाचित
		विश्व प्रकाश शमा	नेपाली काङ्ग्रेस	४४	पु.	१६५४०	
झापा	२	सुधिर कुमार सिवाकोटी	नेपाली काङ्ग्रेस	६३	पु	१३५५४	निर्वाचित
		पवित्रा निरौला (खरेल)	नेकपा (एमाले)	५०	म.	१२८२५	
झापा	३	कृष्णप्राद सिटौला	नेपाली काङ्ग्रेस	६४	पु	१४३५५	निर्वाचित
		राजेन्द्र प्रसाद लिडदेन	राप्रपा नेपाल	४९	पु.	९२५३	
झापा	४	प्रेमबहादुर गिरी	नेकपा (एमाले)	४८	पु	२२१५९	निर्वाचित
		उद्धव थापा	नेपाली काङ्ग्रेस	५६	पु.	२०१७७	
झापा	५	केशब कुमार बुढाथोकी	नेपाली काङ्ग्रेस	६९	पु	१६५८७	निर्वाचित
		लाल प्रसाद सावा लिम्बू	नेकपा (एमाले)	४६	पु.	१६३४७	
झापा	६	दिपक कार्की	नेकपा (एमाले)	५४	पु	११३२६	निर्वाचित
		राम कुमारी पाडेल	नेपाली काङ्ग्रेस	५६	म.	८२७२	
झापा	७	के.पी. शर्मा ओली	नेकपा (एमाले)	६२	पु	१९२८७	निर्वाचित
		सुरेश कुमार योङगया	नेपाली काङ्ग्रेस	५०	पु.	११०४१	
सङ्खुवाभा	१	तारा मान गुरुङग	नेपाली काङ्ग्रेस	५०	पु	९४१५	निर्वाचित
		हेम राज घिमिरे	नेकपा (एमाले)	५३	पु.	८९४६	
सङ्खुवाभा	२	दिपक खड्का	नेपाली काङ्ग्रेस	४२	पु	११५५२	निर्वाचित
		राजेन्द्र प्रसाद गौतम	नेकपा (एमाले)	५०	पु.	१०९७३	
तेह्रथुम	१	भवानी प्रसाद खापुङग	नेकपा (एमाले)	५२	पु	१५१११	निर्वाचित
		तुलसी सुब्बा	नेपाली काङ्ग्रेस	५९	पु.	१३१०८	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
भोजपुर	२	शेरधन राई	नेकपा (एमाले)	४३	पु	११९२७	निर्वाचित
		सुदन किराँती	एनेकपा (माओवादी)	३५	पु.	७४४४	
धनकुटा	१	टिकाराम चेम्जोङ्ग लिम्बू	नेकपा (एमाले)	४९	पु	१०९५३	निर्वाचित
		अजित नारायण सिहं थापा	नेपाली काङ्ग्रेस	७१	पु.	७४४८	
धनकुटा	२	सुनिलबहादुर थापा	राष्ट्रिय प्रजातन्त्र पार्टी	५४	पु	१००९३	निर्वाचित
		राजेन्द्र कुमार राई	नेकपा (एमाले)	४९	पु.	९६३७	
मोरङ	१	ऋषिकेश पोखरेल	नेकपा (एमाले)	४६	पु	१४०००	निर्वाचित
		आमोद प्रसाद उपाध्याय	नेपाली काङ्ग्रेस	७७	पु.	१०९४०	
मोरङ	२	चण्डिप्रसाद राई	नेकपा (एमाले)	५२	पु	१४५१६	निर्वाचित
		शेखर चन्द्र थापा	नेपाली काङ्ग्रेस	४८	पु.	१११४४	
मोरङ	३	दिलिप खवास गच्छदार	नेपाली काङ्ग्रेस	५२	पु	१२९८४	निर्वाचित
		गुरुप्रसाद बराल	नेकपा (एमाले)	५६	पु.	१२६७४	
मोरङ	४	शिव कुमार मण्डल केवट	एनेकपा (माओवादी)	३८	पु	९३६०	निर्वाचित
		गयानन्द मण्डल गनगाई	नेपाली काङ्ग्रेस	७०	पु.	९३५२	
मोरङ	५	अमृत कुमार अर्याल	नेपाली काङ्ग्रेस	५५	पु	१५२५४	निर्वाचित
		उपेन्द्र यादव	मधेशी जनअधिकार फोरम, नेपाल	५३	पु.	१२५६६	
मोरङ	६	महेश आचार्य	नेपाली काङ्ग्रेस	५९	पु	१२५५२	निर्वाचित
		भक्तिनाथ माझी थारु	मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	५७	पु.	७५६८	
मोरङ	७	डा. शेखर कोइराला	नेपाली काङ्ग्रेस	६२	पु	१२९८२	निर्वाचित
		विजयकुमार गच्छेदार	मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	६०	पु.	१०५६४	
मोरङ	८	चन्द्रबहादुर गुरुङ्ग	नेकपा (एमाले)	६०	पु	१७४०१	निर्वाचित
		रमेशजंग रायमाझी	नेपाली काङ्ग्रेस	४४	पु.	१४३२४	
मोरङ	९	डिगबहादुर लिम्बू	नेपाली काङ्ग्रेस	५०	पु	१५२०२	निर्वाचित
		घनश्याम खतिवडा	नेकपा (एमाले)	५३	पु.	१२९८९	
सुनसरी	१	कृष्ण कुमार राई	नेकपा (एमाले)	६९	पु	१४३८४	निर्वाचित
		चन्द्र प्रसाद श्रेष्ठ	नेपाली काङ्ग्रेस	६८	पु.	१२३३७	
सुनसरी	२	रेवती रमण भण्डारी	नेकपा (एमाले)	४८	पु	१८४७४	निर्वाचित
		बद्री नारायण चौधरी	नेपाली काङ्ग्रेस	६३	पु.	११४४३	
सुनसरी	३	विजय कुमार गच्छेदार	मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	६०	पु	१७५२४	निर्वाचित
		भगवती चाधरी	नेकपा (एमाले)	४२	म.	१७१६२	
सुनसरी	४	सिताराम महतो	नेपाली काङ्ग्रेस	५८	पु	१५२०८	निर्वाचित
		खेमराज पोखरेल	नेकपा (एमाले)	५९	पु.	१०६५३	
सुनसरी	५	उपेन्द्र यादव	मधेशी जनअधिकार फोरम, नेपाल	५३	पु	७२६४	निर्वाचित
		गफार अंसारी मिया	मधेशी जनअधिकार फोरम, नेपाल	४९	पु.	६८८१	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
सुनसरी	६	भिमप्रसाद आचार्य	नेकपा (एमाले)	५४	पु	१४१०१	निर्वाचित
		रामबहादुर बस्नेत	नेपाली काङ्ग्रेस	६६	पु.	११८१४	
सोलुखुम्बु	१	बलबहादुर केसी	नेपाली काङ्ग्रेस	६०	पु	१२४६४	निर्वाचित
		आङ डिमा लामा शेर्पा	नेकपा (एमाले)	६२	पु.	१०१०४	
खोटाङ	१	पाँचकण राई	नेकपा (एमाले)	४८	पु	१०८२४	निर्वाचित
		नरेश कुमार श्रेष्ठ	नेपाली काङ्ग्रेस	५६	पु.	९८४१	
खोटाङ	२	विशाल भट्टराई	नेकपा (एमाले)	४५	पु	१४०३७	निर्वाचित
		विष्णु कुमार राई	नेपाली काङ्ग्रेस	५०	पु.	९१२२	
ओखलढुङ्गा	१	यज्ञराज सुनुवार	नेकपा (एमाले)	४१	पु	१२९४३	निर्वाचित
		बालकृष्ण दाहाल	नेपाली काङ्ग्रेस	४३	पु.	९९४३	
ओखलढुङ्गा	२	रामहरी खतिवडा	नेपाली काङ्ग्रेस	४३	पु	१३९०४	निर्वाचित
		नानी बाबु बुढाथोकी	नेकपा (एमाले)	५३	पु.	८५१०	
उदयपुर	१	डा. नारायण खड्का	नेपाली काङ्ग्रेस	६४	पु	१५३८१	निर्वाचित
		मणिराज उपाध्याय पौडेल	नेकपा (एमाले)	६५	पु.	७२९८	
उदयपुर	२	मञ्जु कुमारी चाधरी	नेकपा (एमाले)	३९	म	७५३४	निर्वाचित
		प्रमिला राई	नेपाली काङ्ग्रेस	५०	म.	७५११	
उदयपुर	३	नारायणबहादुर कार्की	नेपाली काङ्ग्रेस	६५	पु	१२५५०	निर्वाचित
		जगन्नाथ खतिवडा	नेकपा (एमाले)	५१	पु.	९४२२	
सप्तरी	१	मानपुर चौधरी	एनेकपा (माओवादी)	५२	पु	९८४४	निर्वाचित
		सुमनराज प्याकुरेल	नेकपा (एमाले)	५८	पु.	८२४२	
सप्तरी	२	अशोक कुमार मण्डल	एनेकपा (माओवादी)	३६	पु	६०५७	निर्वाचित
		नवल सिकोर साह सुडि	सद्भावना पार्टी	६४	पु.	५६२४	
सप्तरी	३	उमेश कुमार यादव	एनेकपा (माओवादी)	४३	पु	८७४६	निर्वाचित
		शैलेन्द्र प्रसाद साह	मधेशी जनअधिकार फोरम, नेपाल	३७	पु.	६४८७	
सप्तरी	४	ताराकान्त चौधरी	नेकपा (एमाले)	४८	पु	८२१७	निर्वाचित
		दिनेश कुमार यादव	नेपाली काङ्ग्रेस	५२	पु.	६९८५	
सप्तरी	५	तेजुलाल चौधरी	नेपाली काङ्ग्रेस	५१	पु	७९५९	निर्वाचित
		गोविन्दबहादुर न्यौपाने	नेकपा (एमाले)	६३	पु.	७६६३	
सप्तरी	६	सुरेन्द्रप्रसाद यादव	नेपाली काङ्ग्रेस	५५	पु	५८८३	निर्वाचित
		मृगेन्द्र कुमार सिंह यादव	मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	५४	पु.	५६२३	
सिराहा	१	पद्मनारायण चौधरी	नेपाली काङ्ग्रेस	६५	पु	१२१८३	निर्वाचित
		मुनि साह सुडी	एनेकपा (माओवादी)	५७	पु.	८२७७	
सिराहा	२	रामचन्द्र यादव	नेकपा (एमाले)	५२	पु	९८१८	निर्वाचित
		सूर्य नारायण यादव	नेपाली काङ्ग्रेस	६५	पु.	८१३७	
सिराहा	३	सिता देवी यादव	नेपाली काङ्ग्रेस	५७	म	१११४२	निर्वाचित
		प्रमोद कुमार यादव	नेकपा (एमाले)	४२	पु.	७९६४	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
सिराहा	४	राम चन्द्र यादव	नेपाली काङ्ग्रेस	४२	पु	८८०५	निर्वाचित
		राम आतार यादव	नेकपा (एमाले)	५१	पु.	८५६०	
सिराहा	५	पुष्पकमल दाहाल (प्रचण्ड)	एनेकपा (माओवादी)	५८	पु	१५२४४	निर्वाचित
		लिलानाथ श्रेष्ठ	नेकपा (एमाले)	५६	पु.	१४३२३	
सिराहा	६	गणेश कुमार मण्डल	नेपाली काङ्ग्रेस	३५	पु	६३२२	निर्वाचित
		अमरनाथ यादव	एनेकपा (माओवादी)	४३	पु.	५५१२	
दोलखा	१	पार्वत गुरुङ	नेकपा (एमाले)	४५	पु	१६२८१	निर्वाचित
		जिपछिरिङ लामा	नेपाली काङ्ग्रेस	५८	पु.	१२२९८	
दोलखा	२	आनन्दप्राद पोखरेल	नेकपा (एमाले)	५५	पु	१४७०२	निर्वाचित
		ताराबहादुर कोइराला	नेपाली काङ्ग्रेस	५४	पु.	१०६६३	
रामेछाप	१	आङटावा शेर्पा	नेपाली काङ्ग्रेस	६१	पु	१३६१५	निर्वाचित
		लक्ष्मी देवी गुरुङ	एनेकपा (माओवादी)	३४	पु.	९९०३	
रामेछाप	२	श्याम कुमार श्रेष्ठ	एनेकपा (माओवादी)	४२	पु	१४८९८	निर्वाचित
		कैलाश प्रसाद ढुंगेल	नेकपा (एमाले)	५३	पु.	१०६३९	
सिन्धुली	१	गणेश कुमार पहाडी	नेकपा (एमाले)	४४	पु	१०९०१	निर्वाचित
		लेखनाथ दाहाल	एनेकपा (माओवादी)	३७	पु.	८९२६	
सिन्धुली	२	मोहनप्राद बराल	नेपाली काङ्ग्रेस	४५	पु	१३९०५	निर्वाचित
		गंगानारायण श्रेष्ठ	एनेकपा (माओवादी)	४४	पु.	१२३७२	
सिन्धुली	३	हरिबोलप्राद गजुरेल	एनेकपा (माओवादी)	६०	पु	१२७७०	निर्वाचित
		खड्गबहादुर वाइवा	नेपाली काङ्ग्रेस	५६	पु.	९०७०	
धनुषा	१	दिनेशप्रसाद परला यादव	नेपाली काङ्ग्रेस	५२	पु	८८२७	निर्वाचित
		जोग कुमार वरवरिया यादव	स्वतन्त्र	५०	पु.	७९४६	
धनुषा	२	राम कृष्ण यादव	नेपाली काङ्ग्रेस	५१	पु	९३७८	निर्वाचित
		रामचन्द्र मण्डल	एनेकपा (माओवादी)	४०	पु.	७१४४	
धनुषा	३	विमलेन्द्र निधि	नेपाली काङ्ग्रेस	५७	पु	१५०३१	निर्वाचित
		जुली कुमारी महतो	नेकपा (एमाले)	३७	म.	१३५३९	
धनुषा	४	सञ्जय कुमार साह	दभावना पाटी	३७	पु	१२६६६	निर्वाचित
		राम सरोज यादव	नेपाली काङ्ग्रेस	५९	पु.	११४२६	
धनुषा	५	प्रा. डा. चन्द्रमोहन यादव	नेपाली काङ्ग्रेस	५२	पु	११७०५	निर्वाचित
		रघुबिर महासेठ	नेकपा (एमाले)	५१	पु.	१००२३	
धनुषा	६	प्रेम किसोरप्रसाद साह तेली	नेपाली काङ्ग्रेस	६४	पु	७७२५	निर्वाचित
		योग नारायण यादव	नेकपा (एमाले)	४९	पु.	७३५६	
धनुषा	७	शत्रुघन महतो	नेकपा (एमाले)	४३	पु	८८२७	निर्वाचित
		बासुलाल महतो	नेपाली काङ्ग्रेस	५५	पु.	८४९२	
महोत्तरी	१	गिरीराजमणी पोखरेल	एनेकपा (माओवादी)	५६	पु	१०८९५	निर्वाचित
		चिरञ्जीवी हमाल	नेपाली काङ्ग्रेस	५८	पु.	८९११	
महोत्तरी	२	किरण यादव	नेपाली काङ्ग्रेस	४६	म	७३५७	निर्वाचित
		जयनुल राइन	राष्ट्रिय मधेश समाजवादी पार्टी	४७	पु.	५५२१	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
महोत्तरी	३	राम दयाल मण्डल	नेकपा (एमाले)	५५	पु	७८४९	निर्वाचित
		रामचन्द्र तिवारी	नेपाली काङ्ग्रेस	६३	पु.	४८०६	
महोत्तरी	४	चन्देश्वर झा	स्वतन्त्र	५९	पु	३०६२	निर्वाचित
		सुरीता कुमारी साह	सद्भावना पार्टी	४७	म.	२९२७	
महोत्तरी	५	दिपनारायण साह	नेकपा (एमाले)	५९	पु	७२७६	निर्वाचित
		मो. रजी हदर	एनेकपा (माओवादी)	५५	पु.	६९४३	
महोत्तरी	६	सिताराम भण्डारी	नेपाली काङ्ग्रेस	६६	पु	९४८०	निर्वाचित
		भरत प्रसाद साह	एनेकपा (माओवादी)	४१	पु.	७१६२	
सर्लाही	१	शम्भुलाल श्रेष्ठ	एनेकपा (माओवादी)	५२	पु	९४७६	निर्वाचित
		झलनाथ खनाल	नेकपा (एमाले)	६४	पु.	८७९१	
सर्लाही	२	रामचन्द्र चौधरी	नेपाली काङ्ग्रेस	६२	पु	६७०४	निर्वाचित
		सुरेन्द्र कुमार लामा	नेकपा (एमाले)	४६	पु.	६३५९	
सर्लाही	३	हरिप्राद उप्रेती	नेकपा (एमाले)	४६	पु	१२८०८	निर्वाचित
		भरत कुमार थापा	एनेकपा (माओवादी)	३५	पु.	९१०१	
सर्लाही	४	महेन्द्र राय यादव	तराई मधेश दभावना पार्टी नेपाल	७६	पु	११५३४	निर्वाचित
		राजेन्द्र महतो	सद्भावना पार्टी	५५	पु.	८७९०	
सर्लाही	५	जडगिलाल राय	तराई-मधेश लोकतान्त्रिक पार्टी	५०	पु	९७६७	निर्वाचित
		प्रमोद साह	सद्भावना पार्टी	३५	पु.	७७२३	
सर्लाही	६	अमरेश कुमार सिंह	नेपाली काङ्ग्रेस	४३	पु	१७४००	निर्वाचित
		शिव पुजन राय	तराइ मधेश सद्भावना पार्टी नेपाल	४३	पु.	१०३६५	
रसुवा	१	जनार्दन ढकाल	नेकपा (एमाले)	४१	पु	६६२८	निर्वाचित
		प्रेमबहादुर तमाङ	एनेकपा (माओवादी)	३५	पु.	६१९२	
धादिङ	१	धनबहादुर घले	नेकपा (एमाले)	३९	पु	८६६३	निर्वाचित
		तिलक प्रसाद रुवाली	नेपाली काङ्ग्रेस	४४	पु.	७६५६	
धादिङ	२	गुरुप्रसाद बुर्लाकोटी	नेकपा (एमाले)	५७	पु	२०२३६	निर्वाचित
		रामनाथ अधिकारी	नेपाली काङ्ग्रेस	५२	पु.	१८१३६	
धादिङ	३	राजेन्द्रप्राद पाण्डे	नेकपा (एमाले)	५७	पु	२२१९६	निर्वाचित
		शालिक राम जम्कट्टेल	एनेकपा (माओवादी)	४२	पु.	१५६९८	
नुवाकोट	१	अजुन नरसिं के. सी.	नेपाली काङ्ग्रेस	६६	पु	१७३४६	निर्वाचित
		विमला सुवेदी	एनेकपा (माओवादी)	३४	म.	९१४५	
नुवाकोट	२	डा. रामशरण महत	नेपाली काङ्ग्रेस	६२	पु	१८८३१	निर्वाचित
		हित बहादुर तामाङ	एनेकपा (माओवादी)	५०	पु.	१५२३३	
नुवाकोट	३	बहादुर हि लामा (तामाङ)	नेपाली काङ्ग्रेस	४३	पु	१७४९५	निर्वाचित
		नारायण प्राद खतिवडा	नेकपा (एमाले)	५६	पु.	९२७५	
काठमाडौं	१	प्रकाशमान सिंह	नेपाली काङ्ग्रेस	५८	पु	१५१३८	निर्वाचित
		रेणु दाहाल	एनेकपा (माओवादी)	३७	म.	४०६४	
काठमाडौं	२	माधव कुमार नेपाल	नेकपा (एमाले)	६०	पु	२१७४८	निर्वाचित
		प्रतिमा गौतम	नेपाली काङ् ग्रेस	४२	म.	१२४७५	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
काठमाडौँ	३	रामेश्वर फुयाल	नेकपा (एमाले)	५१	पु	१३१०४	निर्वाचित
		चक्र बहादुर ठकुरी	नेपाली काङ्ग्रेस	५८	पु.	१२२४६	
काठमाडौँ	४	गगन कुमार थापा	नेपाली काङ्ग्रेस	३७	पु	२२३३६	निर्वाचित
		निमल कुईकेल	नेकपा (एमाले)	४५	पु.	९१३५	
काठमाडौँ	५	नरहरि आचार्य	नेपाली काङ्ग्रेस	६०	पु	१५३६४	निर्वाचित
		इश्वर पोखरेल	नेकपा (एमाले)	५९	पु.	१४७२३	
काठमाडौँ	६	भिमेन दास प्रधान	नेपाली काङ्ग्रेस	५९	पु	१४१५१	निर्वाचित
		योगेश कुमार भट्टराई	नेकपा (एमाले)	४७	पु.	१२८७४	
काठमाडौँ	७	रामवीर मानन्धर	नेकपा (एमाले)	५०	पु	१३२८९	निर्वाचित
		प्रमिला देवीसिंह डंगोल	नेपाली काङ्ग्रेस	५९	म.	१०४८६	
काठमाडौँ	८	नविन्द्रराज जोशी	नेपाली काङ्ग्रेस	५२	पु	१३७७४	निर्वाचित
		जिवन राम श्रेष्ठ	नेकपा (एमाले)	४८	पु.	६३६७	
काठमाडौँ	९	ध्यानगोविन्द रंजित	नेपाली काङ्ग्रेस	६६	पु	१४४८३	निर्वाचित
		कृष्ण गोपाल श्रेष्ठ	नेकपा (एमाले)	५४	पु.	१३१००	
काठमाडौँ	१०	राजेन्द्र कुमार केसी	नेपाली काङ्ग्रेस	५५	पु	२०३९२	निर्वाचित
		सुरेन्द्र मानन्धर	नेकपा (एमाले)	३९	पु.	१३६१९	
भक्तपुर	१	नारायण मान बिजुक्छे	नेपाल मजदुर किसान पार्टी	७३	पु	२०४४६	निर्वाचित
		कृष्ण लाल भंडेल	नेपाली काङ्ग्रेस	५७	पु.	१२८२६	
भक्तपुर	२	रामेश्वरप्राद ढुङगेल	नेपाली काङ्ग्रेस	५३	पु	२११२१	निर्वाचित
		सुनिल प्रजापती	नेपाल मजदुर किसान पार्टी	४९	पु.	१७४११	
ललितपुर	१	उदयशम्शेर जबरा	नेपाली काङ्ग्रेस	४४	पु	१८५६०	निर्वाचित
		मधु सुदन पौडेल	नेकपा (एमाले)	४९	पु.	१०६८२	
ललितपुर	२	चन्द्र महर्जन	नेपाली काङ्ग्रेस	५९	पु	२३२३१	निर्वाचित
		रोज डंगोल	एनेकपा (माओवादी)	४१	पु.	१२०५९	
ललितपुर	३	मदनबहादुर अमात्य	नेपाली काङ्ग्रेस	६३	पु	२३५६६	निर्वाचित
		रघुजी पन्त	नेकपा (एमाले)	५६	पु.	१२३०८	
काभ्रेपलाञ्चोक	१	तिर्थबहादुर लामा	नेपाली काङ्ग्रेस	४०	पु	१२२७०	निर्वाचित
		सूर्यमान तामाङ दोङ	एनेकपा (माओवादी)	४३	पु.	९७६३	
काभ्रेपलाञ्चोक	२	रामहरि सुवेदी	नेकपा (एमाले)	४८	पु	१३५१०	निर्वाचित
		शिव प्रसाद हुमागाई	नेपाली काङ्ग्रेस	५२	पु.	११०४०	
काभ्रेपलाञ्चोक	३	कन्चन चन्द्र बादे	नेपाली काङ्ग्रेस	४६	पु	१९३९१	निर्वाचित
		गोकुल प्रसाद बाँस्कोटा	नेकपा (एमाले)	४३	पु.	१६७६१	
काभ्रेपलाञ्चोक	४	विदुरप्रसाद सापकोटा	नेकपा (एमाले)	४७	पु	१६७५४	निर्वाचित
		कुमार प्रसाद लामिछाने	नेपाली काङ्ग्रेस	४५	पु.	११७८९	
सिन्धुपाल्चोक	१	मोहनबहादुर बस्नेत	नेपाली काङ्ग्रेस	५५	पु	१५०२१	निर्वाचित
		अरुण प्रसाद नेपाल	नेकपा (एमाले)	५३	पु.	१४९८९	
सिन्धुपाल्चोक	२	अग्नीप्रसाद सापकोटा	एनेकपा (माओवादी)	५६	पु	१२८०८	निर्वाचित
		सुभाष कर्माचार्य	नेकपा (एमाले)	५०	पु.	१२१५८	
सिन्धुपाल्चोक	३	शेरबहादुर तामाङ	नेकपा (एमाले)	४५	पु	१४५२७	निर्वाचित
		पशुपति शम्शेर जब.रा.	राष्ट्रिय प्रजातन्त्र पार्टी	७१	पु.	१२०९०	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
मकवानपुर	१	इन्द्रबहादुर बानिया	नेपाली काङ्ग्रेस	४४	पु	११८८८	निर्वाचित
		अणराज जगामगर	नेकपा (एमाले)	४६	पु.	९५२२	
मकवानपुर	२	सुभाचन्द्र शाह ठकुरी	नेकपा (एमाले)	४७	पु	११७११	निर्वाचित
		नारायण काजी श्रेष्ठ	एनेकपा (माओवादी)	५४	पु.	१०७४०	
मकवानपुर	३	अनन्तप्राद पौडेल	नेकपा (एमाले)	५१	पु	१४२६८	निर्वाचित
		दिपक बहादुर सिंह	राप्रपा नेपाल	५२	पु.	११४६७	
मकवानपुर	४	राजराम स्याङतान	नेकपा (एमाले)	४८	पु	१०९०४	निर्वाचित
		सोनाम सिं स्याङतान	एनेकपा (माओवादी)	४०	पु.	७७८८	
रौतहट	१	माधव कुमार नेपाल	नेकपा (एमाले)	६०	पु	८३६१	निर्वाचित
		अजय कुमार गुप्ता	मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	३९	पु.	८०२३	
रौतहट	२	मो. मुस्ताक आलम	मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	४७	पु	१३४५०	निर्वाचित
		मोहम्मद अफताव आलम	नेपाली काङ्ग्रेस	५१	पु.	१०४०५	
रौतहट	३	प्रभु साह	एनेकपा (माओवादी)	४२	पु	१३००९	निर्वाचित
		रामकिशोर प्रसाद यादव	मधेशी जनअधिकार फोरम, नेपाल	४७	पु.	१०२१०	
रौतहट	४	सत्यनारायण भगत विन	एनेकपा (माओवादी)	४३	पु	१०००८	निर्वाचित
		सरला कुमारी यादव	एनेकपा (माओवादी)	४८	म.	९८१२	
रौतहट	५	सुनील कुमार यादव	नेपाली काङ्ग्रेस	३३	पु	११२६१	निर्वाचित
		वासुदेव प्रसाद राय	नेकपा (एमाले)	५७	पु.	८०७१	
रौतहट	६	राम कुमार भट्टराई	नेकपा (एमाले)	५०	पु	१४३९८	निर्वाचित
		देवप्रसाद तिमल्सिना	नेपाली काङ्ग्रेस	४२	पु.	१३८५६	
बारा	१	रामअयोध्याप्रसाद यादव	नेपाली काङ्ग्रेस	५८	पु	८३३७	निर्वाचित
		रामकिशोर प्रसाद यादव	मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)	४४	पु.	६९७८	
बारा	२	राधेचन्द्र यादव	नेपाली काङ्ग्रेस	७३	पु	८८६७	निर्वाचित
		वाचा राउत अहिर	मधेशी जनअधिकार फोरम, नेपाल	५५	पु.	४५०५	
बारा	३	फरमुल्लाह मंसुर	नेपाली काङ्ग्रेस	५९	पु	१०४५६	निर्वाचित
		विनोद प्रसाद साह	नेकपा (एमाले)	५२	पु.	९४२७	
बारा	४	नजमा खातुन	नेकपा (एमाले)	४५	म	१२३६१	निर्वाचित
		सुनिल कुमार गुप्ता कलवार	नेपाली काङ्ग्रेस	३५	पु.	७३९६	
बारा	५	बलवीरप्रसाद चौधरी	नेकपा (एमाले)	५२	पु	१५८००	निर्वाचित
		उमाकान्त चौधरी	नेपाली काङ्ग्रेस	४६	पु.	१०६७१	
बारा	६	पुरुषोत्तम पौडेल	नेकपा (एमाले)	४९	पु	१६५११	निर्वाचित
		शम्भुबहादुर बुढाथोकी	नेपाली काङ्ग्रेस	४०	पु.	१२१७९	
पर्सा	१	राजेन्द्र अमात्य	नेपाली काङ्ग्रेस	५६	पु	१२४६३	निर्वाचित
		विमल प्रसाद श्रीवास्तव	तराइ-मधेश लोकतान्त्रिक पार्टी	६३	पु.	९२९१	

जिल्ला	नि. क्षे.	उम्मेदवारको नाम	राजनीतिक दल र स्वतन्त्र	उमेर	लिङ्ग	प्राप्त मत	कैफियत
पर्सा	२	विचारी प्रसाद यादव	नेकपा (एमाले)	४७	पु	८७१४	निर्वाचित
		प्रदिप यादव	मधेशी जनअधिकार फोरम, नेपाल	३९	पु.	६७११	
पर्सा	३	राज कुमार गुप्ता	नेकपा (एमाले)	४३	पु	१६१९२	निर्वाचित
		अजय कुमार चौरसिया	नेपाली काङ्ग्रेस	४९	पु.	१२२७५	
पर्सा	४	सुरेन्द्रप्राद चौधरी	नेपाली काङ्ग्रेस	५६	पु	१२९६३	निर्वाचित
		राज कुमार यादव	डग्धीय माजवादी पार्टी, नेपाल	४६	पु.	७१४२	
पर्सा	५	जयप्रकाश थारु	नेकपा (एमाले)	५३	पु	१०४५०	निर्वाचित
		रमेश रिजाल	नेपाली काङ्ग्रेस	५७	पु.	९३०६	
चितवन	१	सुरेन्द्रप्रसाद पाण्डे	नेकपा (एमाले)	५५	पु	१८७६०	निर्वाचित
		राजेन्द्र प्रसाद बुर्लाकोटी	नेपाली काङ्ग्रेस	५४	पु.	१३७४५	
चितवन	२	शेषनाथ अधिकारी	नेपाली काङ्ग्रेस	६९	पु	१७८१०	निर्वाचित
		कृष्ण प्रसाद शर्मा खनाल	नेकपा (एमाले)	५५	पु.	१६८११	
चितवन	३	कृष्णभक्त पोखेल	नेकपा (एमाले)	४६	पु	१५६६१	निर्वाचित
		भिम बहादुर श्रेष्ठ	नेपाली काङ्ग्रेस	७५	पु.	१३२४४	
चितवन	४	सुशील कोइराला	नेपाली काङ्ग्रेस	७४	पु	२०७६०	निर्वाचित
		चित्र बहादुर श्रेष्ठ	एनेकपा (माओवादी)	६०	पु.	१०७३९	
चितवन	५	विक्रम पाण्डे	राष्ट्रिय प्रजातन्त्र पार्टी	६०	पु	१०८५८	निर्वाचित
		दान बहादुर तमाङ	नेकपा (एमाले)	५६	पु.	८४०६	
गोरखा	१	डा. बाबुराम भट्टराई	एनेकपा (माओवादी)	५९	पु	२२८२४	निर्वाचित
		किरण बाबु श्रेष्ठ	नेपाली काङ्ग्रेस	५६	पु.	८९७१	
गोरखा	२	हितराज पाण्डे	एनेकपा (माओवादी)	५९	पु	२०७६१	निर्वाचित
		रविकला शर्मा न्यौपाने	नेपाली काङ्ग्रेस	४८	पु.	७९२९	
गोरखा	३	छमबहादुर गुरुङ	एनेकपा (माओवादी)	३४	पु	१४४४०	निर्वाचित
		हरि बहादुर घले	नेपाली काङ्ग्रेस	५२	पु.	१०३४२	
मनाङ	१	टेकबहादुर गुरुङ	नेपाली काङ्ग्रेस	५८	पु	१५२७	निर्वाचित
		त्रिपल पी गुरुङ	राष्ट्रिय प्रजातन्त्र पाटी	४४	पु.	११९२	
लमजुङ्ग	१	जमिन्द्रमान घले	नेकपा (एमाले)	५१	पु	११३०९	निर्वाचित
		डा. टकराज गुरुङ	नेपाली काङ्ग्रेस	३८	पु.	१०४११	
लमजुङ्ग	२	चन्द्रबहादुर कुँवर	नेपाली काङ्ग्रेस	५३	पु	१४७६५	निर्वाचित
		पृथ्वी सुब्बा गुरुङ	नेकपा (एमाले)	५५	पु.	१४०९३	
कास्की	१	यज्ञबहादुर थापा	नेपाली काङ्ग्रेस	५८	पु	१५८३२	निर्वाचित
		मान बहादुर जि.सि.	नेकपा (एमाले)	५३	पु.	१५५६०	
कास्की	२	शारदा पौडेल	नेपाली काङ्ग्रेस	६१	म	११६६२	निर्वाचित
- निर्वाचन कानुनले संविधानसभामा महिला र परम्परादेखि नै सीमान्तीकृत समूहहरूलाई समावेश गर्ने लक्ष्य लिएको छ, जसले गर्दा सन् २००८ मा यी समुदायको ऐतिहासिक प्रगति हासिल भयो । यी समूहहरूबाट कम सङ्ख्यामा भएको उम्मेदवारीमा प्रतिविम्बित भएझैं कानुनी कमीकमजोरी र राजनीतिक इच्छा दुवैको अभावले गर्दा यी उपलब्धिहरू यस पटक कायम नहुने व्यापक निराशावादिता रहेको छ । आयोगको सबै तहका अधिकारीहरूमध्ये महिलाहरूको सङ्ख्या अत्यन्त कम रहेको देखिएको छ । निर्वाचनको दिन पनि यो प्रस्ट देखियो, किनभने ईयु पर्यवेक्षकहरूले भेटेको मतदान अधिकृतहरू (प्रमुख अधिकृत)मध्ये ११ प्रतिशत र सहायकहरूमध्ये २१ प्रतिशत महिला थिए ।

युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम) नेपाल सरकार र निर्वाचन आयोगको निमन्त्रणामा नेपालमा असोज १८ गतेदेखि उपस्थित छ । मिसनको नेतृत्व युरोपेली संसदकी सदस्य (फ्रान्स), प्रमुख पर्यवेक्षक इभा जोलीले गर्नुभएको छ । समग्रमा ईयु ईओएमले वास्तविक निर्वाचनका लागि गरिएको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं नेपालको कानुनअनुसार समग्र निर्वाचन प्रक्रियाको मूल्याङ्कन गर्न २८ ईयु सदस्य राष्ट्र, नर्वे र स्विट्जरल्यान्डका ११२ पर्यवेक्षकहरूलाई देशभर परिचालन गरेको छ । युरोपेली संसद सदस्य ड्यानिएल भान डेर स्टोएपको नेतृत्वमा रहेको युरोपेली संसदका सदस्यहरूको एक प्रतिनिधिमण्डलले पनि मिसनमा संलग्न भई यस प्रतिवेदनलाई पूर्णतया अनुमोदन गऱ्यो । ईयु ईओएम आफ्ना निष्कर्षहरू निकाल्नमा स्वतन्त्र छ र सन् २००५ अक्टोबरमा संयुक्त राष्ट्रसङ्घमा हस्ताक्षर गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका सिद्धान्तहरूसम्बन्धी घोषणापत्रप्रति यो अडिग छ । ईयु ईओएम निर्वाचनपछिको विकासक्रम तथा परिणामको तालिकीकरणको अवलोकन गर्न यस देशमा रहिरहनेछ र निर्वाचन प्रक्रिया सम्पन्न भएको दुई महिनाभित्र विस्तृत सिफारिससहित रहेको अन्तिम प्रतिवेदन प्रकाशन गर्नेछ । ईयु ईओएमले पर्यवेक्षणका क्रममा गरेको सहयोग र मद्दतका लागि नेपाल

सरकार तथा निर्वाचन आयोग र अन्य नेपाली राज्यअधिकारीहरू, राजनीतिक दल, नागरिक समाज एवं नेपाली जनताप्रति आभार प्रकट गर्न चाहन्छ। ईयु ईओएम नेपालस्थित युरोपियन युनियनको नियोग तथा युरोपियन युनियनका सदस्य राष्ट्रका कूटनीतिक नियोगप्रति पनि यस अवधिभर पुऱ्याएको सहयोगका लागि आभार प्रकट गर्दछ।

प्रारम्भिक निष्कर्ष

पृष्ठभूमि

मङ्सिर ४ गतेको निर्वाचन नेपालमा नयाँ संविधानको मस्यौदा गर्ने कार्यादेश पाएको संविधानसभाका लागि भएको दोस्रो निर्वाचन हो। देशले अङ्गीकार गर्ने सङ्घीयताको प्रकारबारे सदस्यहरू सहमतिमा पुग्न विफल भएपछि अघिल्लो संविधानसभा २०६९ जेठमा विघटन भयो। राजनीतिक स्थिरताको एउटा अवधिपश्चात् एउटा कामचलाउ सरकार – अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भयो जसको एकमात्र कार्यादेश २०७० को संविधानसभा सदस्य निर्वाचन सम्पन्न गर्नु थियो।

संविधानसभामा ६०१ सदस्य रहन्छन्, जसमध्ये ५७५ निर्वाचित र २६ जना निर्वाचनपश्चात् मन्त्रिपरिषद्बाट मनोनीत हुनेछन्। नेपालको अन्तरिम संविधानले ५७५ निर्वाचित सिटका लागि मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेको छ, जसमा २४० जना प्रथम हुने निर्वाचित हुने प्रणालीबाट र बाँकी ३३५ जना समानुपातिक प्रणालीबाट निर्वाचित हुन्छन्। पहिलो हुने निर्वाचित हुने सिटहरूका लागि ६,१२७ जना उम्मेदवार प्रतिस्पर्धी भए भने समानुपातिक सिटका लागि १२२ राजनीतिक दलले आफ्नो सूची पेस गरे।

कानुनी खाका

संविधानसभा निर्वाचनको कानुनी खाकाले नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप लोकतान्त्रिक निर्वाचन सञ्चालनको राम्रो आधार प्रदान गरेको छ। निर्वाचनमा लागु हुने कानुनी प्रावधानहरू धेरैवटा कानुनी दस्तावेजहरूमा पाइन्छ र परिणामस्वरूप निर्वाचन कानुन स्वभावतः खण्डित रहिरहेको छ। कुनै खास विषयसँग सम्बन्धित कानुन के हो भनेर आधिकारिक रूपबाट भन्ने कुरा जटिल हुन सक्छ।

राजनीतिक प्रतिनिधित्वको अधिकारको कुरा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २५ (क) मा उल्लेख छ, जसले प्रत्येक नागरिलाई "स्वतन्त्रतापूर्वक छानिएको प्रतिनिधिमार्फत्....सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने" अधिकारको व्यवस्था गरेको छ। यस अधिकारलाई समानुपातिक वा पहिलो हुने निर्वाचित हुने निर्वाचनको व्यवस्था गर्ने प्रावधानहरूमा पूर्णतया संरक्षण गरिएको छैन। समानुपातिक बन्द सूचीभित्र सफल उम्मेदवार छनोट गर्ने कार्यविधिले मतदाता र तिनका निर्वाचित प्रतिनिधिहरूबीचको सम्बन्धलाई कमजोर पार्दछ। निर्वाचनपछि राजनीतिक दलहरूले बन्द सूचीभित्रको पूर्वनिर्धारित क्रमलाई सम्मान नगरी आफूले जितेको सिट आफ्नो रोजाइअनुसारको उम्मेदवारलाई प्रदान गर्न सक्छन्। तसर्थ, यसले मतदाताको रोजाइलाई उम्मेदवारको नभई राजनीतिक दलको छनोट गर्नेमा मात्र सीमित तुल्याउँछ। पहिलो हुने निर्वाचित हुनेतर्फ, कुनै उम्मेदवारले आफूले प्रतिस्पर्धा गर्ने ठाउँ आफूले मतदान गर्न नाम दर्ता गराएको निर्वाचन क्षेत्र हुनुपर्ने आवश्यकताको अभावले मतदाता र निजको निर्वाचित प्रतिनिधिबीचको सम्बन्धलाई कमजोर बनाउँछ। त्यसबाहेक, कुनै उम्मेदवारलई एकैपटकमा दुईवटा निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धा गर्न अनुमति दिइएको छ। यसले निज दुवै निर्वाचन क्षेत्रमा सफल भएमा राजीनामा दिने र उप–निर्वाचनको सम्भावना निम्त्याउँछ। यसले मतदाताको वास्तविक रोजाइको अवमूल्यन गर्छ र उपनिर्वाचनमा निर्वाचित निजको प्रतिनिधिको कार्यादेशलाई कम बनाउने सम्भावना हुन्छ।

अन्तरिम संविधानले गोप्य मतपत्रबाट मतदान हुनुपर्ने व्यवस्था गरेको छ। तर, मतदाताका लागि सजिलो हुने गरी मार्गदर्शन उपलब्ध नगराइएकाले दृष्टि दुर्बलता भएका मतदाताहरूका लागि गोपनीयता प्रदान गरिएको थिएन। मतदाता शिक्षासम्बन्धी १०,००० पर्चा ब्रेल लिपिमा उपलब्ध गराइएको सन्दर्भमा यो विशेषगरी नराम्रो भएको थियो। कैदीहरूलगायतका अन्य अस्थायी मतदाताहरूका लागि समानुपातिक सिटको निर्वाचनमा सहभागी हुन दिन विशेष व्यवस्था गरिएबाट आयोगद्वारा मतदानको अधिकारलाई उचित ठहऱ्याइएको थियो।

निर्वाचन व्यवस्थापन

निर्वाचन आयोग, नेपाल (आयोग)ले स्वतन्त्र र निष्पक्ष रूपमा काम गरेर समग्र निर्वाचन प्रक्रियामा जनविश्वास हासिल गऱ्यो। आयोगले निर्वाचनको तयारीबारे सरोकारवालाहरूलाई अद्यावधिक जानकारी दिन नियमित पत्रकार सम्मेलन गरी निर्वाचन प्रक्रियामा पारदर्शितामा सुधार गर्नुका साथै जनविश्वास अभिवृद्धि गरेको छ।

सामग्रीहरूको सञ्चालन र ढुवानीसम्बन्धी उल्लेख्य चुनौती र समयको सीमितता हुँदाहुँदै पनि प्राविधिक निर्वाचन तयारी समयमै पूरा भयो। आयोगले मतपत्रको छपाइ तथा निर्वाचन सामग्रीको वितरणजस्ता निर्वाचन प्रक्रियाका मुख्य गतिविधिको सञ्चालनमा दक्षता प्रदर्शन गऱ्यो। निर्वाचन सामग्रीलाई क्षेत्र र जिल्लाहरूमा पुऱ्याउने काम एवं कर्मचारी खटाउने काम समेत निर्वाचनको दिनभन्दा निकै अगाडि पूरा भयो।

प्रशिक्षक प्रशिक्षण गतिविधिहरू देशभरि सञ्चालन गरिए र ईयु पर्यवेक्षकहरूले तिनलाई सन्तोषजनक रहेको मूल्याङ्कन गरे। तर, प्रशिक्षणमा सहभागीहरूमध्ये १० प्रतिशतभन्दा कम महिला रहेबाट ५० प्रतिशत महिला कर्मचारी भर्ना गर्ने आकाङ्क्षासहित आयोगले अङ्गीकार गरेको लैङ्गिक नीति यथार्थमा परिणत भएन।

अस्थायी निर्वाचन कर्मचारीले सामान्यतया निष्पक्ष र स्वतन्त्र रूपबाट काम गरे। मतदान प्रक्रियाको स्वच्छता र पारदर्शिता सुनिश्चित गर्न कार्यविधिहरूले पर्याप्त सुरक्षा प्रदान गरे। एकल निर्वाचन क्षेत्र भएको समानुपातिक निर्वाचनका लागि निर्वाचनका दिन खटिने सरकारी र निर्वाचन कर्मचारी र सुरक्षाकर्मीहरूलाई अस्थायी मतदान गर्न दिइएको थियो, जसले यी मतदाताहरूको मताधिकारबाट वञ्चित हुने स्थितिमा कमी ल्यायो। अस्थायी मतदानको प्रावधान ५० जनाभन्दा बढी दर्ता गरिएका मतदाता रहेका वृद्धवृद्धा रहेको वृद्धाश्रम र कैदीहरूका लागि पनि लागु भयो।

मतदाता दर्ता

आयोगद्वारा घोषणा गरिएअनुसार अन्तिम मतदाता सूचीमा १,२१,४७,८६५ मतदाता रहेका छन्। मतदाता दर्ता गर्ने कार्य कतिपय चरणमा सम्पन्न भएकोमा त्यसमध्ये अन्तिम चाहिँ २०७० भदौमा सम्पन्न भएको थियो। सन् २००८ मा दर्ता भएका मतदाताहरूको तुलनामा अहिलेको निर्वाचनमा दर्ता भएका मतदाताहरूको सङ्ख्यामा करिब ५४ लाखको उल्लेख्य भिन्नता रहेको छ। नेपालमा वि.सं. २०६८ सालमा सम्पन्न राष्ट्रिय जनगणनाको आधारमा पनि मतदान गर्ने जनसङ्ख्या एक करोड ६० लाख पुगेको अनुमान लगाउन सकिन्छ। यी तथ्याङ्कका आधारमा मतदाता दर्ताले सम्भावित नेपाली मतदाताको करिब ७५ प्रतिशत हुने गरी मतदाताको उल्लेख्य अनुपातलाई समेट्यो।

सन् २००८ र २०१३ मा दर्ता भएकाहरूको सङ्ख्यामा आएको भिन्नताका लागि स्वैच्छिक प्रकृतिको मतदर्ता, दर्ता गर्ने योग्यतासम्बन्धी लिइएको बढी कठोर उपाय, दर्ता गर्न स्वयं उपस्थित हुनुपर्ने आवश्यकता, उल्लेख्य बसाइँ सराइ, जिल्लाबाहिर दर्ता गर्ने सुविधाका कारण धेरैपटक नाम समावेश हुने कम सम्भावना तथा जनसङ्ख्याको कम विस्थापनलाई कारण मान्न सकिन्छ। राजनीतिक गतिरोधले उत्पन्न गराएको असन्तुष्टिले गर्दा दर्ता गर्न जाने उत्साहको अभाव पनि एउटा पक्ष भएको हुन सक्छ। साथै, सन् २००८ मा दर्ता भइसकेको आधारमा दर्ता गराउन

दिइएको छोटो अवसरबाहेक यसपटक नागरिकता प्रमाणपत्रबिना योग्य मतदाताहरूले आफ्नो नाम दर्ता गराउन सकेनन् र सीमान्तीकृत समुदायहरूमाझ नागरिकता प्रमाणपत्र कमसँग रहेको छ।

निर्वाचन व्यवस्थापनले भोग्नुपरेको एउटा मुख्य चुनौती भनेको मतदाता परिचयपत्रको प्रावधान थियो। यस्तो परिचयपत्र उपलब्ध गराउने आयोगको स्पष्ट र सार्वजनिक रूपमा सराहना गरिएको निर्णय भए पनि निर्वाचनको दिनसम्म १ करोड २२ लाख मतदाता परिचयपत्र समयमै प्रदान गर्ने कुरा अनिश्चित थियो र मतदान सकिँदासम्म केही बाँडिसकेको थिएन। तर, मतदाता परिचयपत्र नभएकाहरूलाई अन्य दस्तावेज देखाउन छुट दिइएकाले आफ्नो पहिचानका सम्बन्धमा सामान्यतया मतदाताले कठिनाइ नभोगेको ईयु पर्यवेक्षकहरूले जानकारी गराएका छन्।

वि.सं. २०७० सालको निर्वाचनका लागि निर्वाचन क्षेत्रको सीमाको पुनरावलोकन गरिएन। दर्ता गराएका मतदाताहरूको सङ्ख्याअनुसार, प्रति निर्वाचन क्षेत्र मतदाताहरूको औसत सङ्ख्या ५०,६१६ हुन्छ। तर, भक्तपुर जिल्लाको एउटा निर्वाचन क्षेत्रमा रहेको ८२,२१८ मतदाताको सबैभन्दा ठूलो सङ्ख्या र मनाङ जिल्लामा रहेको ४,७९५ मतदाताको सबैभन्दा सानो सङ्ख्यासँगै मतदाताको आकारमा उल्लेख्य भिन्नता रहेको छ। यो भिन्नताले समान प्रतिनिधित्वको मुख्य सिद्धान्तबाट उल्लेख्य विचलन भएको देखाउँछ – जुन सिद्धान्त नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २५ (ख)मा संरक्षित समान मताधिकारको सिद्धान्तमा अभिव्यक्त भएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचनअन्तर्गत मतदाताको सङ्ख्या जति भए पनि प्रति निर्वाचन क्षेत्र संविधानसभाका लागि एकजना सदस्य हुने भएबाट यसको अवमूल्यन भएको छ।

उम्मेदवारको मनोनयन

पहिलो हुने निर्वाचित हुने वा समानुपातिकमा प्रतिस्पर्धा गर्ने उम्मेदवारका रूपमा दर्ता गराउन कुनै अनुचित आवश्यकता थिएन। उम्मेदवारको योग्यताका लागि आवश्यक व्यवस्थालाई कठोरतापूर्वक लागु गरिएको थियो र अयोग्य ठहऱ्याउने कार्य कानुनअनुसार भएको थियो। ती आवश्यकताहरू नेपालले सहमति जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप भए पनि उम्मेदवारमाथि विरोध जनाउने अधिकार उम्मेदवारलाई मात्र रहने गरी सीमित गरिएको थियो र यसले आम जनतालाई आफ्ना सम्भावित प्रतिनिधिमाथि विरोध जनाउने अवसरबाट वञ्चित गरिएको थियो।

समानुपातिक सिटका लागि मनोनयन पेस गरिएकामध्ये नौवटा विरोध उम्मेदवारका लागि गरिएका थिए। तीमध्ये तीनजना आयोगद्वारा अयोग्य ठहऱ्याइए – जसमध्ये एकजना हत्याको दोषी भएकोमा र अन्य दुईजना सार्वजनिक पद धारण गरेकोमा। आयोगले आफ्नै पहलमा थप २९४ जनालाई अयोग्य ठहर गऱ्यो। पहिलो हुने निर्वाचित हुने सिटका लागि कुनै पनि उम्मेदवारविरुद्ध विरोध गरिएको थिएन। तर आयोगले नेपाली नागरिकता नभएको, २५ वर्षभन्दा कम उमेर रहेको र दलको औपचारिक मनोनयनमा नपरेको आधारमा २० जनालाई पनि अयोग्य ठहर गऱ्यो।

निर्वाचन अभियान

उम्मेदवारहले देशभर सक्रियतापूर्वक अभियान सञ्चालन गरेर वाक् तथा भेला हुन पाउने स्वतन्त्रताको राम्रोसँग सम्मान गरिएको थियो। बहसका लागि खुला राजनीतिक वातावरण थियो भने निर्वाचनसँग सम्बन्धित कुनै पनि भेलालाई निषेध गरिएन। स्थानीय राज्यअधिकारीहरूले राजनीतिक दलहरूलाई राम्रोसँग सहयोग गरे र जुलस तथा प्रदर्शनका लागि अनुमति प्रदान गर्नेसम्बन्धमा कुनै पनि उजुरी परेन।

मुख्य राजनीतिक दलहरूको चुनावी अभियानको सुरुवात र घोषणापत्रको प्रकाशनले प्रारम्भमा राजनीतिक मन्तव्यको हार्दिकतापूर्ण स्वर प्रदर्शन गऱ्यो। तर, अभियान तीव्र हुँदै जाँदा हिंसात्मक प्रकृतिका कतिपय घटनाहरू भए जसमा निर्वाचनमा सहभागी दलहरू एवं बहिष्कार गर्ने दल दुवै संलग्न थिए भनियो। त्यस्ता घटनामा व्यक्तिहरूमाथिको

आक्रमण र डरत्रासका घटना एवं सार्वजनिक यातायातमाथिको आक्रमणदेखि दलका गाडीहरू ध्वस्त पार्नेसम्मका कुरा संलग्न थिए । यस्ता गतिविधिहरू निर्वाचन अभियानको अवधिभर जारी रहे पनि अभियान सम्पन्न हुँदा तिनले उल्लेख्य प्रभाव पारेनन् । अभियानका गतिविधिमा भएका केही बाधा अवरोधहरू एकै निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गर्ने प्रतिस्पर्धी उम्मेदवारका गतिविधिका कारण भएका थिए । त्यस्ता कार्यहरू कुनै राजनीतिक दलको रणनीतिको अङ्गभन्दा पनि व्यक्तिगत प्रतिस्पर्धाका कारण भएका थिए ।

निर्वाचन अभियानका गतिविधिहरू अधिकांशतः स्थानीय स्तरमा साना भेलामार्फत् प्रकट भए । उम्मेदवार र राजनीतिक दलहरू घरदैलो कार्यक्रम, साना कोण भेला तथा झण्डा र नारासहितका साना प्रदर्शनजस्ता गतिविधिमार्फत् मतदातासँग निकट सम्पर्क गर्न केन्द्रित थिए । ईयु पर्यवेक्षकहरूका अनुसार अवलोकन गरिएका निर्वाचन कार्यक्रममा छलफल गरिएका मुख्य विषयहरू दलका घोषणापत्र नै थिए र त्यसमा विकेन्द्रीकरण र स्थानीय शासनका मुद्दामा उल्लेख्य जोड दिइएको थियो । यसबाट मतदाताको मुख्य चासोको कुरा यिनै हुन् भन्ने सङ्केत गर्दथ्यो ।

अन्य राजनीतिक दलहरूको तुलनामा एनेकपा (माओवादी)सँग खर्च गर्न स्पष्टतः बढी आर्थिक स्रोत थियो । कतिपय निर्वाचन कार्यक्रममा सहभागी हुन गरिएको हेलिकप्टरको प्रयोग तथा देशको पूर्वबाट पश्चिमसम्म कात्तिक २० देखि २७ गतेसम्म गरिएको चुनावी प्रदर्शन यसका लागि सङ्केत थियो । निर्वाचन अभियानको त्यस्तो गतिविधिमा संलग्न हुने यो एउटा मात्र दल थियो । यो कार्यक्रम आचारसंहिताको उल्लङ्घन हो भन्ने कुरामा जोड दिँदै नेकपा (एमाले) र नेपाली काङ्ग्रेस दुवैले आयोगमा उजुरी दर्ता गरे तर आयोगले उजुरी खारेज गऱ्यो ।

सार्वजनिक अभियान कोषको अभावमा उम्मेदवारहरू आफ्नै आर्थिक स्रोतमा भर पर्छन् । स्वतन्त्र उम्मेदवारहरू र आर्थिक स्रोतको अभाव भएका राजनीतिक दलका उम्मेदवारका लागि अवस्था विशेषगरी नराम्रो थियो किनभने आफ्ना उम्मेदवारहरूलाई बढी आर्थिक सामग्रीको सहयोग गर्न सक्ने प्रमुख राजनीतिक दलहरूको तुलनामा उनीहरूले आफ्नो दलको केन्द्रीय कार्यालयबाट आर्थिक सहयोग पाएनन् ।

निर्वाचन खर्चको नियमन कमजोरसँग गरिएको छ । खर्च गर्ने सीमा तोकिएको भए पनि निर्वाचनपछि खर्चको वक्तव्य पेस गर्नुपर्ने आवश्यकतामा मात्र सुपरिवेक्षण हुन्छ । तर, आचारसंहिता २०७० को मस्यौदामा राजनीतिक दलहरूलाई आफ्नो कोषको स्रोत देखाउनुपर्ने तथा रु. २५,००० भन्दा माथिको सहयोग बैङ्कमार्फत् गर्नुपर्ने आवश्यकतासम्बन्धी प्रावधान समावेश थियो । निर्वाचन खर्चमा बृहत्तर पारदर्शिता लागू गर्ने यो अवसर कार्यान्वयन गरिएन ।

ईयु ईओएमले देशभर ३६६ निर्वाचन कार्यक्रम अवलोकन गऱ्यो । निर्वाचन कार्यक्रमको वातावरण अधिकांशतः शान्त थियो । यी निर्वाचन गतिविधिहरूमा महिलाको सहभागिता अत्यन्त कम अर्थात् १० प्रतिशतभन्दा कम थियो । निर्वाचन अभियानमा, अवलोकनका क्रममा सुरक्षाफौजको उपस्थिति अत्यन्त कम हुनाले यसले हिंसा तर्काउन काम गऱ्यो र एकीकृत निर्वाचन सुरक्षा योजना आफ्नो उद्देश्यमा पर्याप्त रहेको सङ्केत गऱ्यो ।

आमसञ्चार माध्यम

सामान्यतया आमसञ्चार माध्यमले राजनीतिक दलहरूलाई मतदातासम्म आफ्नो सन्देश पुऱ्याउन विविध मञ्च प्रदान गरे । निर्वाचनसम्बन्धी प्रकाशन प्रसारण मुख्यतः एनेकपा (माओवादी), नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका निर्वाचन अभियानसम्बन्धी गतिविधिमा केन्द्रित रहे पनि साना दलका सामग्री प्रकाशन, प्रसारण गर्न पनि उल्लेख्य प्रयास गरिएको थियो । राष्ट्रिय तथा स्थानीय स्तरका रेडियो तथा टिभी स्टेसनहरूले उम्मेदवार र दलका प्रतिनिधिहरू संलग्न भएका विशेष कार्यक्रमहरू प्रसारण गरे । केही राष्ट्रिय समाचारपत्रहरूले आफ्ना विशेष संस्करणहरूमा राजनीतिक दलका घोषणापत्रको विश्लेषणका लागि स्थान दिए । एनडीआई–नेपाल र नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा

आयोजित नौवटा राजनीतिक दलका प्रतिनिधि रहेको एउटा सार्वजनिक बहस कार्यक्रम २०७० कात्तिक १३ गते नेपाल टिभीद्वारा प्रसारण गरियो ।

ईयु निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम)द्वारा कात्तिक २ देखि मङ्सिर ४ गतेसम्म गरिएको १५ वटा राष्ट्रिय आमसञ्चार माध्यमको अनुगमनले निजी तथा सार्वजनिक दुवै प्रसारण माध्यम तथा समाचारपत्रले समानुपातिक रूपबाट समय र स्थान उपलब्ध गराउनुका साथै सामान्यतया तटस्थ स्वरमा समाचार प्रस्तुत गरी निकै सन्तुलित रूपबाट प्रकाशन, प्रसारण गरेको देखायो । अनुगमन अवधिभर राज्यको स्वामित्वमा रहेको रेडियो नेपालले आफ्नो समाचार तथा निर्वानसम्बन्धी कार्यक्रममा एनेकपा (माओवादी)लाई १५ प्रतिशत समय छुट्यायो भने नेपाली काङ्ग्रेसले १३ प्रतिशत र नेकपा (एमाले)ले ११ प्रतिशत समय पाए । नेपाल टिभी १ मा एनेकपा (माओवादी)ले निर्वाचनसम्बन्धी सम्पूर्ण प्रसारणको २१ प्रतिशत, नेपाली काङ्ग्रेसले १९ प्रतिशत र नेकपा (एमाले)ले १७ प्रतिशत समय पाए । सार्वजनिक दैनिक पत्रिका गोरखापत्रले आफ्नो निर्वाचनसँग सम्बन्धित समाचारको १९ प्रतिशत एनेकपा (माओवादी) र नेकपा (एमाले) दुवैलाई तथा १७ प्रतिशत नेपाली काङ्ग्रेसलाई छुट्यायो । ईयुले अनुगमन गरेका १२ वटा निजी आमसञ्चार माध्यमले पनि उल्लेख गरिएको समयमा आफ्नो निर्वाचनसम्बन्धी समाचार प्रकाशन प्रसारणमा उल्लेख्य मात्रामा निष्पक्षता प्रदर्शन गरे, जसमा तीनवटा मुख्य दलले समाचार तथा निर्वाचनसम्बन्धी कार्यक्रममा व्यापक र उचित रूपमा स्थान पाए ।

आयोगको आचारसंहिताका व्यवस्थाअनुसार समानुपातिक सिटमा प्रतिस्पर्धा गर्न पेस गरेको उम्मेदवारको सङ्ख्याको समानुपातिक हुने गरी राष्ट्रिय रेडियो र टिभी दुवैमा निःशुल्क समय उपलब्ध गराइयो । अभियानको अन्तिम सातामात्र आयोगद्वारा यो प्रावधान कार्यान्वयन गरियो र यसबाट १२२ राजनीतिक दलमध्ये ८४ वटाले रेडियो नेपाल र ६२ नेपाल टिभीमा यसको लाभ प्राप्त गरे ।

नेपाली काङ्ग्रेसद्वारा पक्षपाति प्रसारण गरी आचारसंहिता उल्लङ्घन गरेकामा फिल्मी टिभीविरुद्ध आयोगमा औपचारिक उजुरी पेस गरिएको थियो । निर्वाचन गतिविधिको प्रत्यक्ष प्रसारण गरी निजी रेडियो स्टेसनद्वारा उदयपुर र पर्वत जिल्लामा आचारसंहिताको उल्लङ्घन गरेको ईयु पर्यवेक्षकहरूले जानकारी गराए ।

आचारसंहिताको कतिपय पटक उल्लङ्घन तथा निर्वाचन मौन अवधिको उल्लङ्घनपछि आयोगले मङ्सिर ३ गते एबीसी च्यानल टिभी स्टेसनको प्रसारण अन्तरिम रूपमा स्थगित गर्न आदेश जारी गऱ्यो । तर, एबीसी च्यानलले आदेशलाई बेवास्ता गरी प्रसारण जारी राख्यो । आयोगले मौन अवधिको उल्लङ्घन गरेकामा स्टार एफएम तथा १५ वटा दैनिक समाचारपत्र र साप्ताहिक पत्रिकालाई सचेतसमेत गरायो ।

निर्वाचन न्याय

तदर्थ रूपमा हालै स्थापित संविधानसभा अदालतसँग निर्वाचनलाई बदर गराउने उजुरी सुन्ने, मतगणना रद्द गर्ने तथा निर्वाचनसम्बन्धी कसुर हेर्ने क्षेत्राधिकार रहेको छ । निर्वाचन परिणामको वैधतालाई चुनौती दिँदै उजुरी दर्ता गर्ने समयसीमा एवं अदालतले निर्णय सुनाउने अवधि पीडित पक्षलाई समयमै न्यायिक उपचार प्रदान गर्ने सम्बन्धमा उचित रहेका छन् । दुखको कुरा, यी उजुरीहरू राजनीतिक दल र उम्मेदवारहरूबाट मात्र दर्ता गर्न सकिन्छ र यसले आम जनतालाई आफ्ना सम्भावित प्रतिनिधिहरूको योग्यतामाथि चुनौती दिने अवसरबाट वञ्चित गराउँछ ।

निर्वाचनसँग सम्बन्धित विषयहरू सर्वोच्च अदालतले पनि हेर्छ । सर्वोच्च अदालतमा सार्वजनिक हितसँग सम्बन्धित मुद्दालाई हेर्ने अत्यन्त व्यापक क्षेत्राधिकार रहेको छ । निर्वाचनको मितिको घोषणायता निर्वाचनसँग सम्बन्धित सातवटा मुद्दाहरू दर्ता गरिए । यीमध्ये सबैजसो मुद्दाले महिला, अपाङ्गता भएका व्यक्ति तथा विदेशमा छरिएर रहेकाहरूको अधिकारको कथित उल्लङ्घन एवं नकारात्मक मताधिकार हटाएको तथा राष्ट्रिय पर्यवेक्षकहरूका लागि

अनुमतिपत्रसम्बन्धी कठोरतासम्बन्धी आरोप लगाउँदै निर्वाचन स्थगित गर्ने माग गरेका थिए । यीमध्ये कुनै पनि कार्य निर्वाचन प्रक्रिया रोक्ने वा परिवर्तन गर्ने आफ्ना लक्ष्य हासिल गर्नमा सफल भएनन् ।

निर्वाचन आचारसंहिताले आयोगलाई अनुगमन र कार्यान्वयन गर्ने व्यापक अधिकार दिएको भए पनि आचारसंहिताको कार्यान्वयन सबैजसो अनौपचारिक थिए । कसुर गर्नेहरूमाथि कारबाही गर्ने अधिकार कानुनमा व्यापक रूपमा उल्लेख गरिएको छ तर मध्यस्थकारी शैलीको उपाय गरी आचारसंहिता उल्लङ्घन गर्ने अत्यन्त थोरैलाई मात्र कारबाही गरियो । आयोगले साउन ७ देखि मङ्सिर २ गतेसम्मको अवधिमा कुल १८७ उजुरी प्राप्त गऱ्यो र यीमध्ये १४४ वटामा केही कारबाही गरियो । यी मुद्दाहरूमा लिइएको कारबाहीबाट सामान्यतया हिंसाविरुद्ध संयमित हुन र दोहोरिन नदिने प्रतिबद्धता खोजिएको थियो । आचारसंहिताको कानुनी अधिकार भए पनि यसलाई लागु गर्दा दण्डात्मक उपाय अवलम्बन गर्नुभन्दा पनि नैतिक दबाबको प्रयोग गरिएको छ ।

महिला तथा सीमान्तीकृत समूहको सहभागिता

अन्तरिम संविधान २०६३ तथा निर्वाचन कानुनले महिला तथा परम्पराले नै सीमान्तीकृत समूहको समावेशीकरणको लक्ष्यलाई पटकपटक दोहऱ्याए पनि समानुपातिक निर्वाचनमा १०० उम्मेदवारभन्दा बढीलाई मनोनयन गर्ने दलका लागि मात्र यो अनिवार्य थियो । तर, एउटा व्यक्तिले कतिपय अल्पसङ्ख्यकको प्रतिनिधित्व गर्ने भएकाले अन्ततः निर्वाचित हुने सङ्ख्याले समावेशीकरणको लक्ष्यलाई पूरा नगर्ने भएबाट यो नियम समावेशीकरणको उद्देश्य हासिल गर्नमा अपर्याप्त छ । समानुपातिक प्रतिनिधित्वको सूचीमा अपाङ्गता भएका व्यक्तिलाई अनिवार्य समावेश गराउनु पर्दैन ।

सबै मुख्य राजनीतिक दलहरूले सन् २००८ को तुलनामा कम महिलाको मनोनयन गरेकाले पहिलो हुने निर्वाचित हुने निर्वाचनतर्फका ६,१२७ उम्मेदवारमध्ये ६६८ महिला छन् । समानुपातिक प्रतिनिधित्वको निर्वाचनतर्फ ५० प्रतिशत आरक्षित सिटको प्रत्याभूति गरिएको भए पनि कानुनी कमीकमजोरीले सङ्ख्यालाई यसभन्दा घटाउनेछ, किनभने १०० भन्दा कम उम्मेदवार खडा गर्ने दलहरू बाध्यात्मक आरक्षणको व्यवस्था गर्न बाध्य छैनन् । संविधानसभामा ३३ प्रतिशत महिला सुनिश्चित गर्ने प्रयासमा नागरिक समाजले दलहरूले असमान सिट सङ्ख्या जित्दा बिजोर सङ्ख्या महिलालाई छुट्याउनुपर्ने प्रस्ताव गरेको छ । आयोगका सबै तहका अधिकारीहरूमा महिलाहरू अत्यन्त कम सङ्ख्यामा देखिएका छन् । निर्वाचनको दिन पनि यो प्रस्ट देखियो, किनभने ईयु पर्यवेक्षकहरूले भेटेको मतदान अधिकृतहरू (प्रमुख अधिकृत)मध्ये ११ प्रतिशत र सहायकहरूमध्ये २१ प्रतिशत महिला थिए ।

राष्ट्रिय पर्यवेक्षकहरू

समग्रमा आयोगद्वारा अनुमति प्रदान गरिएका ५४ राष्ट्रिय सङ्गठनहरूले २३,४४३ राष्ट्रिय पर्यवेक्षकहरू परिचालन गरे । निर्वाचनका दिन राष्ट्रिय पर्यवेक्षकहरूको उल्लेख्य सङ्ख्यामा भएको उपस्थितिले यस प्रक्रियाको पारदर्शितामा थप बल पुऱ्यायो । राष्ट्रिय पर्यवेक्षकहरूका लागि अनुमतिपत्र प्रदान गर्ने नियममा पुनरावलोकन गरेर तथा देशभर पर्यवेक्षक परिचालन गर्ने तिनको क्षमता न्यून गर्ने ठानिएको आवश्यकतालाई खुकुलो पारेर आयोगले लचकता अपनाएको छ ।

मतदान तथा समापन

ईयु ईओएमले भ्रमण गरेकामध्ये ९४ प्रतिशत मतदान केन्द्रमा मतदानसम्बन्धी क्रियाकलाप सञ्चालन सकारात्मक रहेको मूल्याङ्कन गरियो । अवलोकन गरिएका मतदान केन्द्रमध्ये अधिकांश समयमै वा एक घण्टाभन्दा कम समय ढिलो गरी खुले । मतदान व्यवस्थित र सामान्यतया शान्त वातावरणमा सम्पन्न भयो । अवलोकन गरिएकामध्ये ९६

प्रतिशत मतदान केन्द्रमा राजनीतिक दलका प्रतिनिधिहरू उपस्थित थिए र ६४ प्रतिशत मतदान केन्द्रमा कम्तीमा एकजना राष्ट्रिय पर्यवेक्षक उपस्थित थिए । तर, राजनीतिक दलका प्रतिनिधिहरूले आफ्नो कार्यादेशभन्दा बाहिर गई कार्य गरेका केही घटना देखियो । ईयु पर्यवेक्षकहरूद्वारा भ्रमण गरिएका मतदान केन्द्रमा मतदान प्रक्रिया एकनासले अनुसरण गरिएको थियो भने मतदान कर्मचारीको कार्य अधिकांशतः राम्रो रहेको मूल्याङ्कन गरियो । भ्रमण गरिएका ९७ प्रतिशत मतदान केन्द्रहरूमा मतदानको स्वच्छतालाई पर्याप्त मात्रामा संरक्षण गरिएको थियो र मतदाताको कुशल प्रक्रमण तथा नियन्त्रण र सुरक्षाका उपयुक्त उपायहरूको प्रयोग गरेको देखियो । तसर्थ, ईयु पर्यवेक्षकहरूले निर्वाचन क्रियाकलाप सञ्चालनको समग्र मूल्याङ्कन गऱ्यो । अवलोकन गरिएका ४६ मध्ये ४३ मतदान केन्द्रमा समापन सकारात्मक रहेको मूल्याङ्कन गरियो

यस वक्तव्यको विद्युतीय प्रति मिसनको वेबसाइट www.eueom.eu/nepal2013 मा उपलब्ध छ ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :
***एबरहार्ड लौए,* ईयु ईओएम प्रेस अधिकृत,**
टेलिफोनः *+९७७–९८०११०१९८६ इमेलः* *eberhard.laue@eueomnepal.eu*

युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन – नेपाल २०१३
ट्रेड टावर, भुइँ तला, थापाथली
काठमाडौँ, नेपाल
www.eueom.eu/nepal2013

सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति

सम्पन्न संविधानसभा निर्वाचन २०७० र नेपाली सेनाले निर्वाह गरेको भूमिका

१. नेपालको अन्तरिम संविधान २०६३ अनुरुप नेपाल सरकारको वैधानिक निर्णय बमोजिम गत मंसिर ४ गते सम्पन्न भएको संविधानसभा निर्वाचनमा नेपाली सेना परिचालन भई, 'संविधानसभा निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहीत वातावरणमा सम्पन्न गर्ने नेपाल सरकारको लक्ष्य अनुरुप' नेपाली सेनालाई प्राप्त कार्यादेश नेपाली सेनाले नितान्त इमान्दारीपूर्वक, उत्कृष्ट एवं व्यवसायिक ढंगले सम्पन्न गरेको तथ्य सबै सामु छर्लङ्ग छ । नेपाली सेनाको यस भूमिकालाई नेपाल सरकार, निर्वाचन आयोग, कुटनीतिक क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वतन्त्र पर्यवेक्षक, नागरिक समाज, संचारजगत लगायत संलग्न सबै क्षेत्रबाट समेत प्रसंशा भएको सर्वविदितै छ ।

२. नेपाल सरकारको निर्णयबाट प्राप्त कार्यादेश बमोजिम नेपाली सेनाले आफ्नो जिम्मेवारी इमान्दार एवं कर्तव्यनिष्ट भई पालना गरेको परिप्रेक्षमा केही संचार माध्यम मार्फात निर्वाचनमा धाँधली भएको भन्ने नाममा आधारहीन, तथ्यरहीत एवं भ्रमपूर्ण प्रचारबाजी गरी राष्ट्रिय सेनालाई अनावश्यकरुपमा विवादमा तानी नेपाली सेनाको अराजनैतिक एवं व्यवसायिक चरित्रमाथि प्रहार गर्ने प्रयास एवं प्रचारवाजीप्रति नेपाली सेनाको ध्यानाकर्षण भएको छ । नेपाली सेनाले निर्वाचनमा निर्वाह गरेको निष्पक्ष भूमिकालाई सम्पूर्ण नेपाली जनताले आत्मसात् गरी वास्तविकता बुझेको तथ्यप्रति नेपाली सेना विश्वस्त र गौरवान्वित छ । नेपाली सेना सदैव देश र जनताको सुरक्षाप्रति कटिबद्ध छ ।



Skip to main content | Screen Reader Access | A- A A+

Ministry of External Affairs
Government of India

Login | Download MEA's App | English | हिन्दी | العربية | اردو

Sitemap | Contact | Feedback | Search

Home | About Us | Spokesperson's Office | Documents | Visits | Media Center | E-Citizen/Tenders | Useful Links | What's New

Media Centre

Home › Media Center › Press Releases

Successful conduct of free and fair elections in Nepal

November 19, 2013

The successful conduct of free and fair elections today in Nepal for the Constituent Assembly-cum-Parliament is an important step towards realising Nepal's goal of a democratic and prosperous future. The people of Nepal, political parties, Government and security forces and the Election Commission of Nepal deserve to be congratulated for this achievement. The impressive turnout reflects the faith that the people of Nepal have reposed in the democratic process.

Government of India was happy to extend necessary logistical support for the smooth conduct of elections, in accordance with the request of the Government of Nepal.

India believes that the early promulgation of a new Constitution reflecting the aspirations of the people of Nepal together with progress on the development agenda would contribute to peace, prosperity and stability in Nepal. As a close friend and neighbour, India stands ready to support the Government and people of Nepal in their historic endeavours.

Media Center

- Speeches & Statements
- Press Releases
- Media Briefings
- Photo Gallery
- Media Advisory
- Articles
  - Articles in Indian Media
  - Articles in Foreign Media
- Interviews
- Indian News Media

नेपालमा सम्पन्न निर्वाचनका सम्बन्धमा प्रेस सेक्रेटरीको वक्तव्य

२०७० मंसिर ५

संयुक्त राज्य अमेरिका मंसिर ४ गते सम्पन्न संविधानसभाको चुनावको लागि नेपालका जनतालाई बधाई दिन चाहन्छ । यो चुनाव सन् २००६ मा शुरु भएको शान्ति प्रक्रियामा एक महत्वपूर्ण कदम हो ।

यस्तो किसिमको निर्वाचन नेपालको लागि मात्र नभई द्वन्द्वपश्चात् पुनःनिर्माण र संविधान तथा स्वदेशीय माध्यमबाट विवाद समाधानतर्फ उन्मुख विश्वभरिका जनताका लागि एक कोसेढुङ्गा हो । नेपाली जनताले वर्षौं लामो गृह युद्धको सामना गरे जसमा निर्दोष नागरिक हिंसात्मक अतिवाद र आतङ्कवादको पीडित बने । द्वन्द्वको अन्त्यपछि नेपालले नागरिक समाजको समर्थन र सहयोग, महिला तथा युवा सहभागिताको प्रवद्धन, र सम्पूर्ण नेपाली जनताका सपना र आकाङ्क्षालाई सहयोग पुऱ्याउने खालको बहुलवादी लोकतन्त्र तर्फ महत्वपूर्ण प्रगति हासिल गरेको छ । नेपालका नवनिर्वाचित नेताहरु जब संविधान बनाउने महत्वपूर्ण कार्यमा लाग्नेछन् संयुक्त राज्य अमेरिकाले शान्तिपूर्ण, समृद्ध, समावेशी तथा लोकतान्त्रिक पथतर्फ उन्मुख नेपालको प्रगतिलाई सहयोग गर्नेछ ।

NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

नोभेम्बर २१, २०१३
तत्काल प्रकाशनका लागि
सम्पर्कः काठमाडौंमा, डेबोरा ह्याक्स +९७७-९८५११-६३८१३ वा dhakes@emory.edu; डेविड ह्यामिल्टन +९७७ ९८५४४-४५०५५

नेपालमा निर्वाचन प्रक्रिया राम्रोसँग सम्पन्न भएकोमा कार्टर सेन्टर बधाई ज्ञापन गर्दछ

कार्टर सेन्टरले नेपालमा नोभेम्बर १९ मा सम्पन्न भएको संविधानसभाको निर्वाचन विशेष गरी बहिष्कार गरिरहेका दलहरूले हिंसाद्वारा प्रभावित पार्ने प्रयासहरूका सम्मुख उल्लेखयोग्य रुपमा राम्रोसँग भएको पाएको छ । निर्वाचन आयोग, नेपालले ७० प्रतिशतभन्दा बढी मतदान भएको अनुमान गऱ्यो ।

सेन्टर अझै पनि मतपत्रहरूको गणनालाई पछ्याइरहेको छ र निर्वाचन प्रक्रियाका बाँकी अंशहरूको पर्यवेक्षण गर्नका लागि सेन्टर नेपालभित्रै रहनेछ । अन्तिम परिणाम थाहा पाउन अहिले नै धेरै चाँडो भए पनि मतदाताहरूको छनौटलाई राजनीतिक दलहरूले आत्मविश्वासका साथ स्वीकार गर्ने र विवाद भएको खण्डमा उचित माध्यमबाट त्यसको सम्बोधन गर्नेमा सेन्टर विश्वस्त छ ।

"एनेकपा(माओवादी) ले मतगणना प्रक्रिया बहिष्कार गरेको र आफ्ना दलका प्रतिनिधिहरूलाई अलग गरेको सुन्दा म धेरै दुखी भएको छु," पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले भन्नुभयो । "उनीहरूले निर्वाचनका दिनमा नेपाली मतदाताहरूले व्यक्त गरेको इच्छालाई सम्मान गर्ने कुरामा म विश्वस्त छु । उनीहरू हिंसापूर्ण विरोधबाट टाढा रहनुपर्छ, र म उनीहरूलाई निर्वाचन प्रक्रियालाई जारी राख्न मार्ग प्रशस्त गर्न आग्रह गर्दछु ।"

सन् २००८ मा नेपालले नयाँ सामाजिक व्यवस्था स्थापना गर्नका लागि निर्वाचित प्रतिनिधिहरूमार्फत नयाँ संविधान निर्माण गर्न मतदान गऱ्यो । त्यसको पाँच वर्षभन्दा बढी समयपछि संविधानसभाले आफ्नो कार्य पूरा गर्न नसकेको निराशाका साथ जनताले फेरि दृढ रूपमा बोलेका छन् । कार्टर सेन्टर निर्वाचनका दिन भएको नेपाली जनताको उर्जा र उत्साहको नवीकरणलाई उनीहरूका निर्वाचित प्रतिनिधिहरूले पक्षपाती भिन्नताहरूलाई किनारा लगाउँदै नयाँ संविधान निर्माण गर्न केन्द्रित हुने कार्यमा उपयोग गर्ने आशा गर्दछ । प्रतिनिधिहरूका लागि मतदाताहरूले देखाएको विश्वास उनीहरूले पूरा गर्नुपर्ने जिम्मेवारीहरूसँगै आएको छ । राजनीतिक लडाईमा वृद्धि, गतिरोध तथा असहमतिहरू हुनुको अर्थ नेपालका युवापुस्ता रोजगारीविहीन अवस्थामा रहने वर्षहरू अझ थपिनेछन्, अर्थतन्त्रमा लगानीकर्ताहरूलाई पुनः आश्वस्त तुल्याउन आवश्यक राजनीतिक स्थायित्वको अभाव छ, र राजनीतिक संक्रमणका त्यागहरू निरर्थक भैरहेका छन् ।

कार्टर सेन्टरका पर्यवेक्षकहरूले निर्वाचनको तयारी तथा निर्वाचनका दिनको मतदान प्रक्रियाको सकारात्मक मूल्यांकन गरे । नयाँ बायोमेट्रिक मतदाता पञ्जिका तथा मतदाता परिचयपत्रको प्रयोगले एक व्यक्ति एक मतको सिद्धान्त पालनालाई सुनिश्चित गर्न सहयोग गऱ्यो, यद्यपि प्राविधिक त्रूटिहरूका कारणले केही नागरिकहरूले मतदाता नामावलीमा आफ्नो नाम नपाएका विवरणहरू पनि पाइयो ।

निर्वाचनको दिनमा दलीय प्रतिनिधिहरू तथा घरेलु पर्यवेक्षकहरूको व्यापक उपस्थितिले पारदर्शिता प्रदान गऱ्यो र त्यसले प्रक्रियाको समग्रताप्रति दल, उम्मेदवार तथा मतदाताहरूको विश्वास निर्माण गर्न सहयोग गर्दछ । कार्टर सेन्टर गणनाको अवधिमा पर्यवेक्षकहरूको प्रवेशमा सहजतालाई निरन्तरता दिन निर्वाचन आयोगलाई हौसला प्रदान गर्दछ ।

कार्टर सेन्टरले सन् २००८ भन्दा पछाडि प्रचारप्रसार अभियानमा पनि स्पष्ट सुधार पाएको छ, राजनीतिक दल तथा उम्मेदवारहरूले अधिकांश स्थानमा स्वतन्त्रतापूर्वक प्रचारप्रसार गर्न पाए । अपितु, राजनीतिक दलहरूबीच भौतिक झडपका साथसाथै जनतालाई उनीहरूको लोकतान्त्रिक अधिकारको अभ्यास गर्न नदिनका लागि हिंसाको प्रयोग हुनुहुँदैन । कार्टर सेन्टर सबै दल तथा समूहहरूलाई शान्तिपूर्ण कार्य गर्न र नेपाली नागरिकहरूले राजनीतिक संक्रमणलाई अघि बढाउन तथा नयाँ संविधानका लागि सहमतिमा आउनका लागि देखाएको स्पष्ट इच्छालाई सम्मान गर्न उत्साहित गर्दछ ।

नेपालको निर्वाचन प्रणालीले निर्वाचित निकायमा विविधताको प्रावधान बनाएको छ जसले लिंग, जातीयता वा वर्णका साथसाथै मतदाताहरूको राजनीतिक चाहनालाई पनि व्यापक रूपमा प्रतिनिधित्व गर्दछ । राजनीतिक दलहरूले प्रत्यक्षतर्फको निर्वाचनमा उक्त विविधता प्रकट हुने गरी अझ बढी उम्मेदवारहरूलाई अघि सार्न नसकेकोमा कार्टर सेन्टर दुखी छ । यद्यपि समानुपातिक प्रतिनिधित्वले त्यस कमजोरीलाई केही घटाउनेछ, महिला, युवा तथा ऐतिहासिक रूपमा सिमान्तकृत समूहका इच्छाहरू पनि नयाँ संविधानमा प्रतिबिम्बित हुने सुनिश्चित गर्नका लागि अझ ठूलो प्रतिबद्धता आवश्यक छ ।

कार्टर सेन्टरले सन् २००७ देखि नेपालमा पर्यवेक्षकहरूको एक समूह कायम राखेको छ र निर्वाचन आयोग, नेपाल तथा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित आमन्त्रणपश्चात् २५ सेप्टेम्बर २०१३ मा वर्तमान निर्वाचन पर्यवेक्षण नियोग स्थापना गरेको हो ।

सेन्टरको नियोग पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियात साथीराथाईको नेतृत्वमा थियो । आठ भिन्न देशका बाह्र दीर्घकालीन पर्यवेक्षकहरू निर्वाचनका तयारीहरूको मूल्यांकन गर्न सेप्टेम्बरदेखि नै देशभरी खटिएका थिए । निर्वाचनको दिन कार्टर सेन्टरको तर्फबाट ३१ देशका ६६ जना पर्यवेक्षकहरूले ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरूमा मतदानको पर्यवेक्षण गरे भने ३१ गणना केन्द्रहरूमा समेत पर्यवेक्षण गरे । सेन्टरका पर्यवेक्षकहरूले गणनाको समापन तथा मत तालिकीकरणको मूल्यांकनलाई निरन्तरता दिएका छन् र उनीहरू उजुरीहरूको समाधान तथा निर्वाचन पश्चातको वातावरणको पर्यवेक्षणका लागि नेपालमै रहनेछन् । सबै मूल्यांकनहरू *अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि घोषणपत्र तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरूका लागि आचारसंहिता* तथा नेपालको राष्ट्रिय कानूनी संरचना एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरूमा उल्लेखित प्रजातान्त्रिक निर्वाचनहरूप्रतिका दायित्वहरू अनुरूप भएका हुन् ।

अनुसूची : १२

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालयले दैनिक प्रकाशन गर्ने प्रतिवेदनको नमुना

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान
Citizen's Campaign for Clean Election (CCCE)

दैनिक प्रतिवेदन
मिति : २०७० कात्तिक २७ गते
स्रोत: जिल्लाका नागरिक अभियानका प्रतिनिधिहरू
अन्तिम अपडेट: २३.०० बजे



निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य सकिएको आयोगको भनाइ, हिंसात्मक गतिविधि बढ्दो

संविधानसभा निर्वाचन हुन हप्ता दिन मात्र बाँकी रहँदा निर्वाचन आयोगले निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यहरू सकिएको जनाएको छ । निर्वाचन पर्यवेक्षणका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको टोलीले आफ्ना काम थालिसकेका छन् भने निर्वाचन १३ हजार नेपाली पर्यवेक्षकहरूले निर्वाचन आयोगबाट पर्यवेक्षक परिचयपत्र प्राप्त गरिसकेका छन । यति हुँदाहुँदै पनि मुलुकमा बढिरहेको हिंसात्मक गतिविधि बढ्दो क्रममा छ जसले निर्वाचनमा प्रतिकूल प्रभाव पार्न सक्दछ ।

संविधानसभा निर्वाचन बहिष्कार गर्न आन्दोलनरत् नेकपा-माओवादीलगायतको गठबन्धनले विभिन्न ठाउँठाउँमा हिंसात्मक गतिविधि बढाइरहेको छ भने प्रचारप्रसारमा सक्रिय दलहरू आचारसंहिताको अवमानना गर्न हतोत्साही भएका छैनन् । स्वच्छ निर्वाचनका लागि नागरिक अभियानमा आज प्राप्त सूचनाअनुसार विभिन्न राजनीतिक दलहरूबाट निर्वाचन आचारसंहिता विपरीत ३१ ओटा घटनाहरू भएका छन् । जुम्लामा नेकपा-माओवादीका कार्यकर्ताले नेपाली काङ्ग्रेसका कार्यकर्तालाई कुटपिट गरेको घटना प्राप्त भएको छ भने रोल्पामा नेकपा-माओवादीले निर्वाचन बहिष्कार गर्न स्थानीयलाई आग्रह गर्दै लाठीसहित मार्च पास गरेको छ ।

आमजनतालाई आतङ्कित पार्ने उद्देश्यले विभिन्न ठाउँमा अज्ञात समूहद्वारा बम विस्फोटन गराउने क्रम पनि बढिरहेको छ । सिन्धुलीको कमलामाई नपा-९ को ढुङ्ग्रेवासको २ नं. गेट नजिकै बिहान बम विस्फोट भएको छ । सङ्खुवासभाको मादिराम्बेनीको ओखरबोटे बजारमा आयोजित एमालेको चुनावी कार्यक्रममा अज्ञात समूहले दुई ओटा सुतली बम विस्फोट गराएको छ । संविधानसभा निर्वाचन आचारसंहिता २०७० को परिच्छेद २ को बुँदा नं. २९ ले हात-हतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न नपाइने व्यवस्था गरेको छ ।

निर्वाचनलाई बहिष्कार गर्ने रणनीति लिएका दलहरूलाई समेत यो आचारसंहिता लागु हुने निर्वाचन आयोगले जनाएको छ । सो बुँदा विपरीत बहिष्कार अभियानलाई तीव्रता दिएको नेकपा-माओवादी लगायतको समूहले विभिन्न स्थानमा विस्फोटक पदार्थ राख्ने र स्थानीय बासिन्दालाई त्रसित पार्ने कार्य गरिरहेको छ । विस्फोटक पदार्थ पाइएको ठाउँमा प्रहरी वा सेनाको बम डिस्पोजल टोलीले यस्ता सामग्रीहरू निस्कृय पार्दै आएको छ ।

संविधानसभा सदस्य पदका उम्मेदवारहरूको कार्यक्रममा पनि बम प्रहार गरिएको सूचना अभियानमा प्राप्त भएको छ । दाङमा राष्ट्रिय जनमोर्चाका तर्फबाट क्षेत्रनं. ३ का उम्मेदवार कृष्णा राना र उनको प्रचार टोलीलाई लक्षित गरी बम विस्फोट गरिएको छ । सर्लाहीमा सङ्घीय समाजवादी पार्टी नेपालले चुनावी प्रचार प्रसारको लागि प्रयोग गरेको जीपमा अज्ञात समूहले आगजनी गरेको छ । झापाको बुधवारे गाविस-९ मा निर्वाचनको विरोधमा उत्रेको समूहले बम विस्फोटन गराएको छ । इलाममा मेची राजमार्ग अर्न्तगत इलामको गोदक गाविस-४, पर्वतमा कटुवाचौपारी गाविसस्थित साइकलचोकमा, मोरङको टंकिसिनुवारी गाविसस्थित मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) को संविधानसभा निर्वाचन प्रचारप्रसार कार्यालयअगाडि राखिएका विस्फोटक पदार्थ सेनाले निस्कृय पारेको छ।

धनुषामा क्षेत्रनं. ३ का नेपाली काङ्ग्रेसका उम्मेदवार दिनेशप्रसाद परसैला यादवलाई लक्षित गरी खरिहानी गाविस-७ स्थित मुसरपट्टीमा राखिएको विद्युतीय धरापलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले निस्कृय पारेको छ । कञ्चनपुरको भीमदत्त नपा-४ स्थित खुलामञ्च जाने बाटोमा अज्ञात समूहले राखेको टिएनटी बम नेपाली सेनाको बम डिस्पोजल टोलीले निस्कृय पारेको छ ।

दलहरूद्वारा आचारसंहिता उल्लङ्घन कायमै

समय समयमा प्रतिबद्धता जनाए तापनि राजनीतिक दलहरूबाट आचारसंहिता उल्ल्लङ्घन गर्ने क्रम रोकिएको छैन । संविधानसभा निर्वाचनको आचारसंहिता २०७० को परिच्छेद २ को बुँदानं. ३० ले अरु राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, च्याली, आमसभा, वैठक वा भेला विथोल्न नपाउने व्यवस्था गरेको छ । तर चुनावी अभियानमा

लागेका दलहरूले आचारसंहिताको उल्लेखित बुँदाको उल्लङ्घन गरेका घटनाहरू प्राप्त भएका छन् । धादिङमा निर्वाचन प्रचारप्रसारको क्रममा एमाले र एमाओवादी कार्यकर्तावीच झडप हुँदा एक जना एमाले कार्यकर्ता घाइते भएका छन् ।

निर्वाचन अभियानका सिलसिलामा राजनीतिक दलहरूबाट बालबालिकाको प्रयोग गर्ने क्रम पनि रोकिएको छैन । बालबालिकालाई पैसाको प्रलोभन देखाएर निर्वाचन गतिबिधिमा लगाइएको समाचार समेत प्राप्त भएको छ । निर्वाचन आचारसंहिताको बुँदानं. ३२ ले बालबालिकालाई निर्वाचन अभियानमा लगाउन नपाईने व्यवस्था गरेता पनि बर्दियामा मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) पार्टीले बालबालिकालाई पैसा दिएर पोस्टर टाँस्न लगाएको छ ।

यसैगरी चुनावी अभियानका क्रममा कालिकोटमा ९ वर्षीय सुरेश शाहीलाई एमाओवादीका तर्फबाट प्रत्यक्ष उम्मेदवार महेन्द्र शाहीको सुरक्षार्थ चुनाव प्रचारमा हिँडेका एमाओवादी पूर्व लडाकुहरूले कुटपिट गरेका छन् । बर्दियामा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) पार्टीले सदरमुकाम गुलरियामा निकालेको चुनावी ऱ्यालीमा बालबालिकाको प्रयोग गरेको छ । संविधानसभा निर्वाचन आचारसंहिता २०७० को बुँदा ३५ मा विद्यालय वा विद्यालय हाताभित्र आमसभा तथा चुनावी प्रचार गर्न नपाइने प्रावधान विपरीत ओखलढुङ्गामा नेपाली काङ्ग्रेसले चुनावी प्रचार/प्रसारका क्रममा विद्यालयको प्रयोगलाई निरन्तरता दिएको छ । आज क्षेत्रनं. १ को चुनावी सभामा काङ्ग्रेसले कुन्तादेवी गाविसको सरस्वती माविलाई प्रयोग गरेको छ ।

अनुसूची : १३

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयमा क्रियाशील अभियानकर्मीहरू

१. योगीश खरेल
२. नागेश बढू
३. प्रमीन घिमिरे
४. गणेश भण्डारी
५. विमलचन्द्र शर्मा
६. नीर लामा
७. अनुज केसी
८. स्वर्णिमा भण्डारी
९. राजेश मिश्र
१०. विनोद गौतम
११. निराजन निरौला
१२. सिताराम लम्साल

अनुसूची : १४

मतदान केन्द्र पर्यवेक्षण फारम

संविधानसभा सदस्य निर्वाचन, २०७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालय

मतदान केन्द्र पर्यवेक्षण फाराम (निर्वाचनको दिन)

(यो फारम भरेर इन्सेकको जिल्ला प्रतिनिधि वा यस नागरिक अभियानको संयोजकलाई मतदान कार्य सकिने वित्तिकै पठाउनु होला । जिल्ला प्रतिनिधिले तत्काल क्षेत्रीय कार्यालय र केन्द्रीय सचिवालयमा पठाउनुहोला । यो फारम डिजिटल फारम भरेर info@cleanelection.org वा inseconline@insec.org.np मा पठाउन पनि सक्नुहुनेछ ।)

भाग १: मतदान केन्द्र र मतदाता सम्बन्धी जानकारी:

१. जिल्ला		८. मतदान केन्द्रमा जम्मा मतदाता	महिला	पुरुष	जम्मा
२. निर्वाचन क्षेत्र					
३. गाविस/नपा		९. मतदान केन्द्रमा पठाइएका कुल मतपत्र	१. प्रत्यक्ष निर्वाचन समूह (उम्मेदवार)		
४. मतदान केन्द्रको नाम			२. समानुपातिक समूह (राजनीतिक दल)		
५. मतदान केन्द्र (बुथ) नं.		१०. मतदाताले मतदान गरेका कुल मतपत्र	१. प्रत्यक्ष निर्वाचन समूह (उम्मेदवार)		
			२. समानुपातिक समूह (राजनीतिक दल)		
६. पर्यवेक्षकको नाम थर		११. लैङ्गिक आधारमा भएको मतदान संख्या	महिला	पुरुष	जम्मा
७. संस्था	अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)	१२. बचेका मतपत्र	१. पहिलो हुने निर्वाचित हुने निर्वाचन समूह (उम्मेदवार)		
			२. समानुपातिक समूह (राजनीतिक दल)		

भाग २: निर्वाचनको प्रक्रिया र अन्य विषयवस्तुको लेखा जोखा (कृपया कोष्ठकमा भएका प्रश्नहरु राम्ररी पढ्नुहोस् । उपयुक्त कोठामा (√) चिन्ह लगाउनुहोस् । यदि तपाइले प्रश्नको जवाफ दिन सक्नु हुन्न वा प्रश्न सान्दर्भिक नलागे कोठा खाली राख्नुहोस् । यदि हिंसा वा आनियमितता भएका छन् भने ती कुरालाई फारामको अन्य टिप्पणी भागमा लेख्नुहोस् वा ठाउँ अपुग भएमा छुट्टै पानामा लेख्नुहोस् र यसै फारमसाथ संलग्न गर्नुहोस् ।

	मतदान केन्द्र वरिपरिको वातावरण	छ	छैन
१	के मतदान केन्द्र पायकपर्ने र सार्वजनिक ठाउँमा छ ?		
२	के मतदान केन्द्र वा त्यसका वरिपरि दल वा उम्मेदवारका प्रचार सामाग्रीहरु टाँसिएका छन् ?		
३	के मतदाताालाई मतदानमा असर पर्नेगरि मतदान केन्द्र वपरपरि केही गतिविधि भएका छन् ?		
४	के तपाईंलाई मतदान केन्द्रभित्र प्रवेशगरि पर्यवेक्षण गर्न दिइएको छ ?		
५	के कसैले तपाईंलाई धम्काउने वा दवाव दिने प्रयास गरे ?		
	मतदान शुरु हुनु पहिला	छ	छैन
६	के मतदान केन्द्रमा आवश्यक पर्ने मतदाता नामावली, मतपत्र, मतपेटिका, मसी आदि सामाग्रीहरु यथास्थानमा छन् ?		
७	के मतदान अधिकृतले शिलबन्दी गर्नुअघि रित्तो मतपेटिका दलका प्रतिनिधि, पर्यवेक्षक लगायतलाई देखाएका छन् ?		
८	के मतदान केन्द्रमा दल वा उम्मेदवारका प्रतिनिधिको उपस्थिति रहेको छ ?		
९	के मतदान केन्द्र समयमै (विहान ७ बजे) खुलेको छ ?		
१०	के मतदान केन्द्रमा महिला र पुरुषको लागी छुट्टै लाइन लाग्ने व्यवस्था गरिएको छ ?		

११	के मतदान केन्द्र अपाङ्गमैत्री रहेको छ ?		
	मतदान प्रक्रिया	छ	छैन
१२	के मतदान शुरु गर्दा मतदानकेन्द्र भित्र खटिएका कर्मचारी, दलका तोकिएका प्रतिनिधि र पर्यवेक्षक वा प्रवेशयोग्य व्यक्तिबाहेक अन्य मानिस उपस्थित थिए ?		
१३	के मतदान केन्द्रमा प्रवेश गर्ने र बाहिर निस्कने छुट्टाछुट्टै बाटो बनाइउको छ ?		
१४	के मतदाताहरु लाइमा उभिएर शान्तिपुर्ण वातावरणमा मतदान केन्द्रभित्र प्रवेश गरेका छन् ?		
१५	के मतदाताहरुको नाम रुजु गरेर मात्र मतपत्र प्रदान गरिउको छ ?		
१६	के मतदाताको बायाँ हातको बुढी औंठाको नङमा मतपत्र प्रदान गर्नुअघि मसी लगाइएको छ ?		
१७	के मतदातालाई दिइएको मतपत्रमा मतदान अधिकृतको सही छ ?		
१८	के मतपत्रमा छापमप लगाउन (मतदान गर्न) गोप्यस्थानको व्यवस्था गरिउको छ ?		
१९	के पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचनका लागि दुई वटा छुट्टाछुट्टै मतपत्र एक एक गरि दिइएको छ ? (क) छाप लगाउने छुट्टाछुट्टै गोप्यक क्ष (ख) पहिला हुने निर्वाचित हुने (उम्मेदवार) र दोस्रोमा समानुपातिक (दल)		
२०	के मतदाताले दुबै प्रकारका मतपत्र फरक फरक मतपेटिकामा खसाल्न पाएका छन् ?		
२१	के मतदाता नामावलीमा नाम उल्लेख भएका मतदातालाई मतदान गर्नबाट वञ्चित गराइएको छ ?		
२२	के एकपटक मतदान गरिसकेका मतदाताहरु दोस्रो पटक पनि मतदान गरेका छन् ?		
२३	के निविदा मतपत्रहरु खाममा राखिएको छ ?		
२४	के निविदा मतपत्र मतपेटिकामा खसाल्न दिइएको छ ?		
	मतदान पश्चात्	छ	छैन
२५	के ५ बजे अगावै लाइनमा बसिसकेका मतदातालाई मतदान गर्न दिइयो ?		
२६	के मतदान केन्द्र समयमै (५ बजे) बन्द गरिएको छ ?		
२७	के ५ बजेपछि आएर पनि लाइनमा बसेका मतदातालाई मतदान गर्न दिइएको छ ?		
२८	के मतपेटिका राम्ररी शिलबन्दी गरिएको छ ?		
२९	के प्रयोग नभएका मतपत्रहरु राम्ररी गनेर छुट्टै खाममा शिलबन्दी गरिएका छन् ?		
३०	के मतपत्र बन्द गर्दा मतपत्र खसाल्ने प्वालमा सुरक्षण शिल लगाई मुचुल्का खडा गरियो ?		
	मतपत्रको लेखाजोखा/मिलान		
३१	सही भएर प्रयोगमा नआएका मतपत्रको कुल संख्या		
३२	सही नगरिएको मतपत्रको कुल संख्या		
३३	बिग्रिएका/फिर्ता गरिएका कुल मतपत्रको संख्या		
३४	जम्मा प्रयोग नभएका मतपत्रहरु (प्रश्न नं. ३१+३२+३३)		
३५	जम्मा मतदान गरेका मतदाताको संख्या (निविदा मतपत्र बाहेक)		
३६	कुल निविदा मतपत्र संख्या:		
३७	जम्मा खसेका र नखसेका मतपत्रहरुको संख्या यकिन गर्न प्रश्न नं. ३४, ३५, ३६ को योग निकाल्नुहोस्		
३८	के प्राप्त कुल मतपत्रको गणना प्रश्न नं. ३७ को योगसँग मिलेको छ ?		
मतदान प्रक्रियाको समग्र लेखाजोखा तथा पर्यवेक्षकको मूल्याङ्कन			
निर्देशन: आफुले अनुगमन गरेको केन्द्रमा भएको मतदान प्रक्रियासँग मेल खाने कोठामा (√) लगाउने			
राम्रो- मतदानको बेला कुनैपनि अनियमितता भएन			
मध्यम- अनियमितताका छिटफुट घटना भए			
नराम्रो- अनियमितताका थुप्रै घटना भए जसले निर्वाचन प्रक्रियालाई नै राम्ररी असर पारे			
ज्यादै नराम्रो- अनियमितताका घटनाहरु प्रशस्त घटे जसले यो केन्द्रको निर्वाचन अर्थहिन छ			
भाग ३: अन्य टिप्पणी			
निर्देशन: आफुले पर्यवेक्षण गरेको केन्द्रमा आचार संहिता विपरित घटनाहरु र गतिविधिहरु भएमा त्यसको विस्तृत विवरण उल्लेख गर्नुहोला । यस पृष्ठमा विवरण नअटाएमा अर्को पाना पनि थप्न सक्नुहुनेछ ।)			

पर्यवेक्षकको नाम, थर: :
पर्यवेक्षक परिचय पत्र नं:
हस्ताक्षर :
मिति: :

संविधानसभा निर्वाचन २०७० : केही झलकहरू

निर्वाचन पर्यवेक्षणमा अधिकारकर्मीहरू, काठमाडौँ

निर्वाचनको संक्षिप्त प्रतिवेदन निर्वाचन आयोगमा बुझाउँदै स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका संयोजक सुबोधराज प्याकुरेल

विराटनगरमा मतगणनाको पर्यवेक्षण गर्दै अधिकारकर्मीहरू

सार्वजनिक सुनुवाइ कार्यक्रममा संविधानसभा सदस्यका उम्मेदवार तथा अधिकारकर्मीहरू

धनगढीमा मतगणनाको पर्यवेक्षण गर्दै स्वदेशी तथा विदेशी पर्यवेक्षकहरू

डोटीमा मतदान केन्द्रको पर्यवेक्षण गर्दै अधिकारकर्मी

जुम्ला तथा काठमाडौँका मतदान केन्द्रमा मतदानका लागि उपस्थित मतदाताहरू

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान

सचिवालय

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार

पोस्ट बक्स २७२६, काठमाडौँ, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np; www.inseconline.org